# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **शरद्चन्द्र शर्मा भट्टराईका समालोचनाको अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको परिपूर्तिका प्रयोजनका लागि प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

## १.३ विषयपरिचय

शरद्चन्द्र शर्मा भट्टराई (१९८७-२०५९) नेपाली समालोचनाका क्षेत्रमा खोजअन्वेषणपरक समालोचकका रूपमा स्थापित व्यक्तित्व हुन् । **बसाइँ परिचय** ( २०१९) बाट समालोचनाका क्षेत्रमा प्रवेश गरेका शर्माको समालोचनायात्रा चार दशकभन्दा लामो रहेको छ । यिनका समालोचनात्मक ग्रन्थहरू निम्नलिखित छन्: **बसाइँ परिचय** (२०१९), **रसिकको लगन एक अध्ययन** (२०२२), **बाह्र फूल एक गुच्छा** (२०२८), **नाटक; एकाङ्की विचरण** (२०३३), **नेपाली साहित्यको इतिहास** ( माध्यमिक काल २०३७), **प्राचीन गद्याख्यान** (२०४२), **नेपाली वाङ्मय केही खोजी केही व्याख्या** (२०४४), **कवि बाबुराम आचार्य र उनका कविता** (२०४७), **माध्यमिक नेपाली गद्याख्यान** (२०५०), **खोजी अनि व्याख्या** (२०५६), **ओझेलमा परेकाहरू** (२०५६) र **सानो चिनारी नरदेव पाण्डेको** (२०६०) । यी कृतिहरूबाहेक उनका समालोचनात्मक फुटकर लेखहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । उनका सम्पादनमा दुई दर्जन जति पुस्तकहरू प्रकाशित भएका छन् ।

शरद्चन्द्र शर्मा भट्टराईले असुरक्षाका कारण नष्ट भएर जान लागेका नेपाली साहित्यका सामग्रीहरूलाई अन्वेषण गर्ने, समीक्षण गर्ने, सम्पादन र संरक्षण गर्ने कामसमेत गरेका छन् । नेपाली भाषामा रचित प्राचीन तथा माध्यमिक कालका स्रष्टाका विशेष गरी अचर्चित र लोपोन्मुख सामग्रीहरूलाई खोजेर पाठक समक्ष ल्याउने प्रयत्नमा जुटेका शर्मा नेपाली समालोचनाको क्षेत्रमा शोधखोजमूलक प्रवृत्तिबाट बढी प्रभावित भएर अन्वेषणमूलक समालोचनाको इतिहासमा उच्च व्यक्तित्व ठहरिएका छन् । प्रस्तुत शोधपत्र यिनै साधक शरद्चन्द्र शर्मा भट्टराईको समालोचनाकारिताको अध्ययन र मूल्याङ्कनमा केन्दित रहेको छ ।

## १.४ शोधसमस्या

शरद्चन्द्र शर्मा भट्टराईका समालोचनाका बारेमा कुनै न कुनै रूपमा अध्ययन भएको भए तापनि समालोचनाकारिताको विशिष्ट अध्ययन भएको छैन । यही परिप्रेक्ष्यमा उनको समालोचनात्मक अध्ययनको आवश्यकतालाई देखाइएको छ । उनका समालोचनाको विशिष्ट अध्ययन गरी समालोचनाकै मूल्याङ्कनमा प्रस्तुत शोधपत्र निम्नलिखित समस्याहरूमा केन्द्रित रहेर शोधकार्य सम्पन्न गरिएको छ :

- शरद्चन्द्र शर्मा भट्टराईका जीवनीका विभिन्न पक्षहरूले समालोचना लेखनमा केकस्तो प्रेरणा र प्रभाव पारेका छन् ?
- शरद्चन्द्र शर्मा भट्टराईको समालोचना लेखन कसरी बिस्तारित भएको छ ?
- शरद्चन्द्र शर्मा भट्टराईका समालोचनात्मक प्रवृत्तिहरू के-के हुन् ?
- नेपाली समालोचना परम्परामा शरद्चन्द्र शर्मा भट्टराईको स्थान र योगदान के-कस्तो रहेको छ ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रको प्रमुख उद्देश्य शरद्चन्द्र शर्मा भट्टराईका समालोचनाको गहन विश्लेषणात्मक अध्ययन र मूल्याङ्कन गर्नु हो । यसैले प्रस्तुत शोधपत्रका उद्देश्यहरू यसप्रकार छन् :

- शरद्चन्द्र शर्मा भट्टराईका जीवनीका विभिन्न पक्षहरूले समालोचना लेखनमा पारेको प्रभाव र प्रेरणाको निरूपण गर्ने,
- शरद्चन्द्र शर्मा भट्टराईको समालोचना लेखनलाई बिस्तारमा केलाउने,
- शरद्चन्द्र शर्मा भट्टराईका समालोचनात्मक प्रवृत्तिहरूको निरूपण गर्ने,
- नेपाली समालोचना परम्परामा शरद्चन्द्र शर्मा भट्टराईको स्थान र योगदानलाई तुलनात्मक रूपमा केलाउने ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली समालोचनाको विकास र बिस्तार गर्नमा शरद्चन्द्र शर्मा भट्टराईले निकै ठूलो योगदान पुऱ्याएका छन् । उनका बारेमा कुनै न कुनै रूपमा अध्ययन भए तापनि समालोचनाको अध्ययनको समग्रतलाई भने पूर्ण रूपले समेट्न सकेका छैनन् । नेपाली साहित्य र समालोचनाको इतिहास लेखनका क्रममा केही विद्वानहरूले सीमित पक्षबाट उनको योगदानको सामान्य चर्चा गरेका छन्, जसको कालक्रमिक समीक्षा यसप्रकार छ :

- त्रि.वि.पा.वि.केन्द्रका प्रकाशक वासुदेव त्रिपाठी, जगन्नाथ जोशी र शिवगोपाल रिसाल (२०३७) ले **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल) को 'प्रकाशकीय' शीर्षकमा शरद्चन्द्र शर्मा भट्टराईले एउटा कालखण्डलाई लिएर लेखेको यो ग्रन्थ प्रथम प्रयासका रूपमा रहेको चर्चा गरेका छन् ।
- साझा प्रकाशनका प्रकाशक (२०४२) ले **प्राचीन गद्याख्यान**को 'प्रकाशकीय' शीर्षकमा शरद्चन्द्र शर्मा भट्टराईले प्राचीन तथा माध्यमिक कालका प्रशस्त लेखक र कृतिसम्बन्धी नयाँ नयाँ सामग्रीहरू उपलब्ध गराइदिएको तथ्यलाई प्रष्ट्याएका छन् ।
- ने.रा.प्र.प्र. का प्रकाशक माधवप्रसाद घिमिरे (२०४४) ले **नेपाली वाङ्मय केही खोजी केही व्याख्या** को 'प्रकाशकीय' शीर्षकमा नेपाली साहित्यको

माध्यमिक कालका अनेक महत्त्वपूर्ण प्रसङ्गहरूमा शरद्चन्द्र शर्मा भट्टराईको प्रयास उल्लेख्य भएको बताएका छन् ।

- मोहनराज शर्मा (२०४६) ले **नेपाली साहित्यको इतिहास**मा आधुनिक कालका समालोचकहरूमा शरद्चन्द्र शर्मा भट्टराईको विशेष रुचि ऐतिहासिक समालोचनातर्फ भएको उल्लेख गर्दै उनका प्रकाशित समालोचना पुस्तकहरूमा **नेपाली साहित्यको इतिहास** (२०३७) र **नेपाली वाङ्मय केही खोजी केही व्याख्या** (२०४४) बढी महत्त्वपूर्ण भएको बताएका छन् ।
- बाबुराम आचार्य शतवार्षिकी मूल समारोह समिति (२०४८) ले **कवि बाबुराम आचार्य र उनका कविता** को 'प्रकाशकीय' शीर्षकमा शरद्चन्द्र शर्मा भट्टराईका प्रयासले बाबुराम आचार्य कविका रूपमा नेपाली साहित्यमा चिनिएको तथ्यलाई औँल्याएको छ ।
- विप्लव ढकाल (२०४९) ले **भोजपुरको साहित्यिक रूपरेखा** नामक कृतिमा शरद्चन्द्र शर्मा भट्टराई भोजपुरमा रहँदा नाटक लेखन र मञ्चन गरेर त्यहाँको साहित्यिक गतिविधिमा थप योगदान दिएको भन्ने मात्र उल्लेख गरेका छन् ।
- रविमान लमजेल (२०५०) ले **कोशी अञ्चलको साहित्यिक इतिहास** नामक कृतिमा पनि शरद्चन्द्र शर्मा भट्टराईको साहित्यिक योगदानको मात्र चर्चा गरेका छन् ।
- ने.रा.प्र.प्र का निर्देशक कृष्णचन्द्रसिंह प्रधान (२०५०) ले **माध्यमिक नेपाली गद्याख्यान** नामक कृतिको 'मन्तव्य' शीर्षकमा शरद्चन्द्र शर्मा भट्टराई माध्यमिक कालका साहित्यिक सामग्रीको खोज गर्न परिश्रमपूर्वक लागेको बताएका छन् ।
- तारानाथ शर्मा (२०५१) ले **नेपाली साहित्यको इतिहास** नामक कृतिमा शरद्चन्द्र शर्मा भट्टराईका समालोचनात्मक पुस्तकहरूमा **बसाइँ परिचय** (२०१९), **नाटक; एकाङ्की विचरण** (२०३३), **नेपाली साहित्यको इतिहास** (

माध्यमिक काल २०३७) र **प्राचीन गद्याख्यान** (२०४२) को मात्र नाम दिँदै शरद्चन्द्र पुराना लेखकहरू प्रतिको चाखले गर्दा मोतीराम युगका रचनाहरूको लामो व्याख्या प्रस्तुत गर्न पुगेको ठहर गरेका छन् ।

- घटराज भट्टराई (२०५१) ले **प्रतिभै प्रतिभा र नेपाली साहित्य** नामक कृतिमा अन्वेषण शरद्चन्द्र शर्मा भट्टराई गल्ली गल्ली चहारेर होस् कि सम्पर्क सूत्र पत्ता लगाएर होस्, आफ्नो गोजीको पैसा सकेर होस् कि घरपरिवारको वेवास्ता गरेर होस्, आफूले पत्ता लगाउन चाहेका कुरा पत्ता लगाएरै छाड्छन् । नेपाली साहित्यको पुरानो काललाई राम्ररी बुभ्ने काममा उनको स्तरीय योगदान छ (पृ. ४१४) भनी सामान्य टिप्पणी गरेका छन् ।
- कमलमणि दीक्षित (२०५१) ले **जुही** पत्रिकामा शरद्चन्द्र शर्मा भट्टराई नेपाली साहित्यको इतिहाससम्बन्धी खोजअनुसन्धानमा सक्रियतापूर्वक लागिपरेको उल्लेख गर्दै उनीबाट भविष्यमा विशेष योगदानको अपेक्षा गरेका छन् ।
- ज्ञानेन्द्र विवश (२०५१) ले साप्ताहिक **सुरुचि** पत्रिकाको 'अनुसन्धान विधामा समर्पित सर्जक' शीर्षकअन्तर्गत शरद्चन्द्र शर्मा भट्टराई अनुसन्धान क्षेत्रमा समर्पित रहेको उल्लेख गर्दै उनको सामान्य चिनारी प्रस्तुत गरेका छन् ।
- खगेन्द्र भण्डारी (२०५२) ले **युगसम्वाद** साप्ताहिकमा 'अनुभव र विचार' शीर्षकअन्तर्गत शरद्चन्द्र शर्मा भट्टराईको साहित्यिक योगदानको सामान्य चर्चा गरेका छन् ।
- कपिल घिमिरे (२०५१) ले **मधुपर्क** को 'सङ्क्षेपमा' शीर्षकअन्तर्गत शरद्चन्द्र शर्मा भट्टराईको साहित्यिक योगदानको उल्लेख गर्दै **माध्यमिक नेपाली गद्याख्यान** (२०५०) मा उनलाई मदन पुरस्कार प्रदान गरिनु युक्तिसङ्गत ठहऱ्याएका छन् ।
- ऋषिराम आचार्य (२०५३) ले त्रि.वि. नेपाली केन्द्रीय विभागको अप्रकाशित शोधपत्र **शरद्चन्द्र शर्मा भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व**मा उनका समालोचनाको सामान्य चर्चा गरेका छन् ।

- घनश्याम कँडेल (२०५५) ले **नेपाली समालोचना** नामक कृतिमा विशेष गरेर माध्यमिक कालीन साहित्यबारे शरद्चन्द्र शर्मा भट्टराईका खोजले नेपाली साहित्य-भण्डारको संवृद्धिमा उल्लेखनीय सघाउ पुऱ्याएको ठहर गरेका छन् ।
- साझा प्रकाशनका प्रकाशक (२०५६) ले **ओझेलमा परेकाहरू** नामक कृतिको प्रकाशकीय शीर्षकमा शरद्चन्द्र शर्मा भट्टराईका कृतिको प्रकाशनले नेपाली साहित्यमा नयाँ सूचना थप गर्नुका साथ नेपाली साहित्यलाई नयाँ प्रकाशमा राख्ने काम गरेको बताएका छन् ।
- नरेन्द्रराज प्रसाई (२०५७) ले **नेपाली साहित्यका समालोचक र समालोचना** नामक कृतिमा समालोचना क्षेत्रका सिद्धहस्त व्यक्तित्व शरद्चन्द्र शर्मा भट्टराईले ऐतिहासिक कृतिहरूका विषयमा यथेष्ट समालोचना गरेको (पृ. १२६) बताएका छन् ।
- कृष्णचन्द्रसिंह प्रधान (२०५८) ले **साझा समालोचना** नामक कृतिमा माध्यमिक कालको बिन्दु बनाएर यसैबाट प्रोत्साहित, उत्कर्षित र केन्द्रित साधक शरद्चन्द्र शर्मा भट्टराईको साधना, खोजीनिधिबाट नेपाली समालोचनालाई मनग्य योगदान भएको (पृ. ३३) औँल्याएका छन् ।
- ने.रा.प्र.प्र. का प्रकाशक (२०५८) ले **खोजी अनि व्याख्या** नामक कृतिको 'प्रकाशकीय' शीर्षकमा शरद्चन्द्र शर्मा भट्टराईले खोजी अनि व्याख्यामा विभिन्न क्षेत्रका, विभिन्न विधाका, विभिन्न विषय र प्रकृतिका लेखहरूलाई सङ्कलित गरेको बताएका छन् ।
- साझा प्रकाशनका प्रकाशक (२०६०) ले **सानो चिनारी नरदेव पाण्डेको** नामक कृतिको 'प्रकाशकीय' शीर्षकमा अनुसन्धाता शरद्चन्द्र शर्मा भट्टराईका माध्यमिक कालका उल्लेखनीय प्रतिभाको व्यक्तित्व र कृतित्वबारे लेखिएको स्तरीय अनुसन्धानात्मक कृतिले आंशिक रूपमा भए पनि नेपाली वाङ्मयमा योगदान पुऱ्याएको बताएका छन् ।

- राजेन्द्र सुवेदी (२०६१) ले **समालोचना सिद्धान्त र नेपाली समालोचना** नामक कृतिमा अन्वेषणमूलक समालोचनाका फाँटमा शरद्चन्द्र शर्मा भट्टराईको स्थान चुनौतिरहित र स्थिर बन्न पुगेको कुरा औँल्याएका छन् ।
- नेत्र एटम (२०६१) ले **समालोचनाको स्वरूप** नामक कृतिमा शरद्चन्द्र शर्मा भट्टराईको **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल) बढी महत्त्वपूर्ण भएको बताएका छन् ।
- बाबुराम अधिकारी (२०६१) ले **समालोचना सिद्धान्त र नेपाली समालोचना** नामक कृतिमा प्राचीन तथा माध्यमिक कालीन नेपाली साहित्यकै अन्वेषणपरक समालोचनामा शरद्चन्द्र शर्मा भट्टराईको विशेष योगदान रहेको स्वीकारेका छन् ।

यसरी शरद्चन्द्र शर्मा भट्टराईका बारेमा जे जति तथ्य लेखिएका छन्, यी लेखिएका तथ्यलाई पूर्वकार्य मान्दा उनका समालोचनाको विशिष्ट अध्ययन गर्न आवश्यक छ ।

## १.७ अध्ययनको औचित्य

प्रस्तुत शोधपत्रको अध्ययनबाट नेपाली समालोचनाका क्षेत्रमा शरद्चन्द्र शर्मा भट्टराईलाई चिनाउने प्रयास गरिएको छ । यसै क्रममा नेपाली समालोचनाको विकासमा उनले दिएको योगदानलाई व्यवस्थित रूपले प्रस्तुत गरिएको छ । उनका समालोचनाका बारेमा आजसम्म पूर्णतया अध्ययन हुन नसकेको कुरा पूर्वकार्यको विवरणबाट प्रष्ट भएको सन्दर्भले यस शोधकार्यमा उनको समग्र समालोचनाको अध्ययन, विश्लेषण र मूल्याङ्कन व्यवस्थित रूपमा गरिएको छ । उनका बारेमा अध्ययन तथा अनुसन्धान गर्न चाहनेहरूलाई समेत वस्तुगत जानकारी प्राप्त गर्नका लागि उपयोगी हुने भएकाले यसको अध्ययन औचित्यपूर्ण छ । यसका साथै त्रि.वि.मा.सा.शा.सं. अन्तर्गत स्नातक र स्नातकोत्तर तहको नेपाली पाठ्यक्रममा उनलाई समालोचकका रूपमा अध्ययन गर्ने विद्यार्थीहरू र भविष्यका विद्यावारिधीका

अध्येताहरूलाई समेत आधार सामग्री हुने भएकाले यस शोधकार्यको औचित्यलाई स्थापित गरेको छ ।

## १.८ अध्ययनको सीमाङ्कन

शरद्चन्द्र शर्मा भट्टराईलाई समालोचकका रूपमा मात्र अध्ययन गरिएकाले उनका साहित्यिक कृति (कथा, कविता, निबन्ध, उपन्यास र नाटक) अप्रकाशित कृति र सम्पादित कृतिहरूलाई अध्ययनका सीमा मानिएको छ ।

## १.९ शोधविधि

### १.९.१ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधपत्र तयार गर्दा सामाग्री सङ्कलनका लागि मूलतः पुस्तकालयीय विधि प्रयोग गरिएको छ, अंशतः सम्बन्धित विषयका विद्वान्हरूसँग सम्पर्क, शरद्चन्द्र शर्मा भट्टराईका घरपरिवारसँग भेटवार्ताजस्ता विधि अपनाइएको छ ।

### १.९.२ विश्लेषणविधि

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा सामग्री विश्लेषणका क्रममा वर्णनात्मक, विश्लेषणात्मक र विवरणात्मक विधिको अनुशरण गरिएको छ भने मूल्याङ्कनका क्रममा ऐतिहासिक र तुलनात्मक विधि अपनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

शरद्चन्द्र शर्मा भट्टराईका समालोचनाको विविध पक्षहरूको जानकारी दिने प्रयास गरिएकाले यस शोधपत्रमा निम्नलिखित परिच्छेद र आवश्यकता अनुसारका विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ :

परिच्छेद एक : शोधपत्रको परिचय

परिच्छेद दुई : शरद्चन्द्र शर्मा भट्टराई र उनको समालोचनायात्रा

परिच्छेद तीन : शरद्चन्द्र शर्मा भट्टराईका समालोचनाको विश्लेषण

परिच्छेद चार : शरद्चन्द्र शर्मा भट्टराईका समालोचनात्मक प्रवृत्तिहरू

परिच्छेद पाँच : नेपाली समालोचना परम्परामा शरद्चन्द्र शर्मा भट्टराईको स्थान र योगदानको तुलनात्मक मूल्याङ्कन

परिच्छेद छ : उपसंहार तथा निष्कर्ष

**सन्दर्भसामग्री सूची**

# दोस्रो परिच्छेद

## शरद्चन्द्र शर्मा भट्टराई र उनको समालोचनायात्रा

### २.१ शरद्चन्द्र शर्मा भट्टराईको सङ्क्षिप्त परिचय

शरद्चन्द्र शर्मा भट्टराईको जन्म पिता कृष्णप्रसाद भट्टराई र माता गुप्तकुमारीको कोखवाट दसौँ सन्तानका रूपमा वि.सं. १९८७ साल कार्तिक ८ गते टङ्गाल गौह्रीधारा, काठमाडौँमा भएको थियो । उनी भोजपुरमा छँदा वि.सं. २०११ सालमा कमला राईसँग अन्तर्जातीय विवाह गरेका थिए । शर्माको निधन २०५९ असोज २३ गते भएको थियो ।

शरद्चन्द्र शर्मा भट्टराईको अक्षरारम्भ ६ वर्षको उमेरमा आफ्ना पिताबाट भएको थियो । अक्षरारम्भपछिको अध्ययनमा उनलाई दाजुहरूको ठूलो सहयोग मिल्यो । जलेश्वरमा बस्दा विहारी शिक्षक सुवेश चौधरीसँग ट्युसन पढेर उनले संस्कृत, हिन्दी, अङ्ग्रेजी, नेपाली भाषाका अतिरिक्त गणित र सामाजिक शिक्षासम्बन्धी प्रारम्भिक शिक्षा प्राप्त गरेका थिए । काठमाडौँ बस्दा वि.सं. १९९६ सालमा उनले रानीपोखरी संस्कृत पाठशालामा भर्ना भई सात-आठ महिना पढेका थिए । आफ्ना बाबुको इच्छाअनुसार उनले वि.सं. २००२ सालमा राजराजेश्वरी उच्चाङ्गल विद्यालय, सुरसन्ड मुजफ्फरपुरमा कक्षा सातमा भर्ना भई २००४ सालमा आठ कक्षा उत्तीर्ण गरेका थिए । वि.सं. २००४ सालको अन्त्यतिर श्री पद्म हाइस्कुल, भक्तपुरमा कक्षा नौमा भर्ना भई नियमित विद्यार्थीको रूपमा वि.सं. २००६ सालमा माध्यमिक तहको शिक्षा द्वितीय श्रेणीमा पूरा गरेका थिए ।

शरद्चन्द्र शर्मा भट्टराईले उच्चशिक्षा हासिल गर्ने क्रममा वि.सं. २००७ साल वैशाखमा त्रिचन्द्र कलेजमा आई.ए. मा भर्ना भई नियमित विद्यार्थीका रूपमा २००८

सालमा उक्त तह उत्तीर्ण गरेका थिए । आर्थिक स्थिति कमजोर रहेकाले बिहानबेलुका ट्युसन पढाउँदै उनले त्रिचन्द्र कलेजबाटै नियमित छात्रका रूपमा वि.सं. २०१० सालमा पूरा गरे तापनि वि.सं. २०१४ सालमा मात्र उक्त तह पास गरेको देखिन्छ । उनले नेपाली विषयबाट वि.सं. २०१९ सालमा स्नातकोत्तर उपाधि द्वितीय श्रेणीमा पूरा गरेका थिए ।

शरद्चन्द्र शर्मा भट्टराईले वि.सं. २०१० देखि २०१७ सम्म 'विद्योदय मा.वि.' भोजपुरमा नेपाली तथा भूगोल शिक्षकका रूपमा र पछि प्रधानाध्यापकका रूपमा काम गरेका थिए । उनले २०१८ सालमा 'विजय मेमोरियल स्कुल' डिल्लीबजार र 'शान्ति विद्यागृह' लैनचौरमा शिक्षकका रूपमा केही समय अध्यापन गरेका थिए । उनी वि.सं. २०१८ देखि २०३० सम्म सरकारी विद्यालय 'भानु माध्यमिक विद्यालय' (दरबार स्कुल) काठमाडौँमा भूगोल विषय-शिक्षकका रूपमा स्थायी पदमा कार्यरत थिए । त्यस्तै, उनले २०२० देखि सरस्वती क्याम्पस, लैनचौरमा प्राध्यापन गर्न थालेका थिए । २०२३ सालदेखि २०२७ सम्म भक्तपुर क्याम्पसमा समेत आंशिक रूपमा प्राध्यापन गरेका थिए । सरस्वती क्याम्पसमा प्राध्यापन गर्दै जाँदा वि.सं. २०३८ देखि सह-प्राध्यापकको रूपमा उनको पदोन्नति भएको थियो । वि.सं. २०५० मा उनले सह-प्राध्यापककै रूपमा उमेरको हदले अवकाश पाएका थिए । सेवानिवृत्त भएपछि पनि उनले पद्मकन्या क्याम्पसमा स्नातकोत्तर तहमा प्राध्यापन गरेको जानकारी पाइन्छ ।

शरद्चन्द्र शर्मा भट्टराईले परीक्षा सुधार शाखामा काजमा रहँदा वि.सं. २०२७।२।१८ देखि २०२७।५।१८ सम्म राष्ट्रिय शिक्षा संस्थान नयाँ दिल्लीमा शैक्षिक मूल्याङ्कन पाठ्यक्रम शिक्षण कार्यक्रम विषयमा तीन महिने तालिम गरेका थिए । २०३३ सालमा युनेस्कोद्वारा सञ्चालित पुस्तक उत्पादन तालिममा पनि उनी सहभागी भएका थिए । त्यस्तै उनले त्रि.वि. द्वारा वि.सं. २०३६ सालमा सञ्चालित अनुसन्धान प्रविधि गोष्ठीलगायत विभिन्न गोष्ठीहरूमा भाग लिएका थिए ।

शिक्षा विभाग, माध्यमिक शिक्षा शाखाद्वारा सञ्चालित तराईका हाई तथा मिडिल स्कुलका नेपाली नजान्ने शिक्षकहरूका लागि दिइने तालिममा शरद्‌चन्द्र शर्मा भट्टराई २०२३ सालको मीन पचासमा प्रमुख प्रशिक्षकका रूपमा जनकपुर गएका थिए । त्यसैगरी, उनले सोही कार्यक्रममा २०२४ सालको मीन पचासमा पनि भद्रपुरमा प्रशिक्षण दिएका थिए । उनी २०२९ चैत्रमा सञ्चालित आन्तरिक मूल्याङ्कन कार्यशाला गोष्ठी भद्रपुर र धुलावारीमा ५-५ दिन प्रशिक्षक रहेका थिए । परीक्षा उपशाखामा काजमा रहँदा उनले शैक्षिक मूल्याङ्कन कार्यशालामा प्रमुख प्रशिक्षकका रूपमा मोरङ, झापा, सप्तरी, धनकुटा, भोजपुर, इलाम आदि जिल्लामा काम गरेका थिए । उनी त्रि.वि. द्वारा सञ्चालित शिक्षण तथा मूल्याङ्कनसम्बन्धी गोष्ठी र कार्यशालामा राजविराज, विराटनगर, भद्रपुर र इलाम क्याम्पसमा समेत प्रशिक्षक भएर गएका थिए ।

विद्यार्थी जीवनमा विद्यार्थी हक हितका लागि वर्गीय सङ्गठन अखिल नेपाल विद्यार्थी फेड्रेसनमा २००७ देखि २०१० सम्म शरद्‌चन्द्र शर्मा भट्टराईले सक्रिय सदस्यको रूपमा काम गरेका थिए । उनी सामान्यतया वामपन्थी विचारधाराबाट प्रभावित भएको हुँदा राजनीतिक पार्टी प्रतिबन्धित भएको अवस्थामा पनि रमेश विकल, अमीरबहादुर श्रेष्ठ आदि साथीहरूसँग मिलेर नेपाल कम्युनिष्ट पार्टीअन्तर्गत चाबहिल सिफल इलाकाको सेल सेक्रेटरीका रूपमा (२००८-२०१०) सक्रिय थिए । त्यस्तै, उनले २०२० देखि २०२३ सम्म नेपाल शिक्षक सङ्घ साठमाडौं जिल्ला समितिको कार्यकारिणीमा रहेर काम गरेका थिए । उनले २०२० देखि २०३० सम्म नेपाल भौगोलिक समाजको सदस्य भएर पनि काम गरेका थिए ।

शरद्‌चन्द्र शर्मा भट्टराईले सैनध्वज-नन्दकुमारी गुठी, झपट पुरस्कार गुठी र सिताराम साहित्य प्रतिष्ठानमा स्थापनाकालदेखि नै सदस्यको रूपमा र बाल साहित्य समाजमा आजीवन सदस्यका रूपमा काम गरेका थिए । विद्यार्थीकालदेखि नै नेपाली भाषा र साहित्यको सेवा गर्दै आएका शर्माले आफ्नो सिङ्गो जीवनकाल नै भाषा र साहित्य सेवामा अर्पित गरेका छन् । उनले नेपाली साहित्यको हरेक विधामा कलम

चलाएका छन् । उनका साहित्यिक रचना विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । उनले निबन्ध, कथा, कविता, एकाङ्कीको रचना थुप्रै गरेका छन् । उनका प्रकाशित रचनाहरूमध्ये निबन्धको स्थान प्रमुख रहेको छ । उनका प्रकाशित निबन्धहरूमा- 'आदर्श बालक' (२००६, **आँखा**, वर्ष १ अङ्क ४), 'घरपाठशाला' (२००६ गो.प.), 'मेल' (२००७, आँखा वर्ष १, अंक ८), 'विद्यार्थी र राजनीति' (२००९ आव्हान वर्ष १ अंक १), 'चिनियाँ विवह कानुन' (२०१३, नौलो पाइलो, वर्ष १ अंक ३), 'नेपाल बर्मा सम्बन्ध' (२०१९, गो.प) , 'पत्याऊ नपत्याऊ' (२०२९, जागरण वर्ष १ अंक २८), 'संस्मरण भोजपुरको सम्झना' (२०४५) आदि पर्दछन् । उनका प्रकाशित कथाहरूमा 'भीम र हनुमान' (अनु. २०४४ जिज्ञासा) मात्र देखिन्छ । यसैगरी उनको एउटा मात्र एकाङ्की 'वनमहोत्सव' (२०१३, नौलो पाइलो वर्ष १ अंक १) मा प्रकाशित भएको थियो । यसरी उनका प्रकाशित र अप्रकाशित रूपमा रहेका साहित्यिक रचनाहरूले नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा सेवा पुऱ्याएका छन् ।

भाषा र साहित्य सेवाको क्रमलाई अगाडि बढाउन शरद्चन्द्र शर्मा भट्टराईको शिक्षक तथा प्राध्यापक व्यक्तित्वले पनि महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । उनले शिक्षक तथा प्राध्यापकको माध्यमबाट विभिन्न विद्यालय र क्याम्पसमा नेपाली भाषा र साहित्यसम्बन्धी शिक्षण गरेर आफ्नो सिङ्गो जीवन भाषा र साहित्य सेवामा अर्पित गरेको देखिन्छ । जीवनका विभिन्न आरोह-अवरोहका क्रममा उनले जे जति कार्य गरेका छन् ती सबै नेपाली भाषा र साहित्यको उन्नतिका निम्ति गरेका छन् ।

भाषा र साहित्यको सेवा गरेवापत् शरद्चन्द्र शर्मा भट्टराई विभिन्न पुरस्कारबाट सम्मानित छन् । सर्वप्रथम उनले अन्तर विद्यालय निबन्ध प्रतियोगिता ( वि.सं. २००६) र अन्तर कलेज निबन्ध प्रतियोगिता (वि.सं. २००९) मा स्वर्णपदक प्राप्त गरेका थिए । वि.सं. २०१८ मा उनले स्नातकोत्तर तहको प्रथम खण्ड उत्तीर्ण गरेपछि द्वितीय खण्डमा 'भारत छात्रवृत्ति' पुरस्कार पाएको देखिन्छ । उनले साहित्यकार झपटबहादुर राणाका प्रकाशित तथा अप्रकाशित निबन्धहरूको सम्पादन गरेवापत् **झपट निबन्धावली** (२०४२) सम्पादित कृतिमा झपट पुरस्कार पाएका

थिए । त्यस्तै, नेपाली गद्याख्यान साहित्यको खोज अनुसन्धान गरेवापत् **माध्यमिक नेपाली गद्याख्यान** (२०५०) अनुसन्धानमूलक कृतिमा मदन पुरस्कारसमेत प्राप्त गरेका थिए ।

## २.२ समालोचना लेखनमा प्रेरणा र प्रभाव

शरद्चन्द्र शर्मा भट्टराईले सुरसण्डमा पढ्दा त्यहाँको खुल्ला वातावरणमा विभिन्न पत्रपत्रिका र हिन्दीका जासुसी, तिलस्मी उपन्यास पढ्दा उनमा त्यसको गहिरो प्रभाव परेको थियो । त्यहाँ पढ्ने क्रममा उनले थुप्रै कविता, कथा, लेख निबन्ध र लघु उपन्याससमेत लेखेका थिए ।

शरद्चन्द्र शर्मा भट्टराईलाई लेखनमा प्रथमतः घरबाटै प्रेरणा मिलेको देखिन्छ । उनका पिता कृष्णप्रसादको नेपालका साहित्यकारहरूसँग व्यक्तिगत सम्बन्ध थियो । घरमा साहित्यकारको आवत जावतले गर्दा उनमा त्यसको गहिरो प्रभाव परेको छ । पिता कृष्णप्रसाद एवम् दाजु कृष्णमुरारी र वैकुण्ठले गजल, कविता र दैनिकी लेख्ने गर्थे । त्यसबाट समेत प्रभावित भएर वि.सं. २००४ सालदेखि उनले पनि कथा, दैनिकी र निबन्ध लेख्न थालेका थिए । श्री पद्म हाईस्कुल भक्तपुरमा पढ्दा त्यहाँका गुरुहरूको प्रेरणा एवम् काठमाडौँबाट स्कुल पत्रिकाका रूपमा २००४ सालदेखि छापिन थालेको 'आँखा पत्रिका समेतको प्रभावबाट उनलाई आफ्ना रचनाहरू छपाउन प्रेरणा मिलेको थियो । २००६ सालमा कुनै एकदिन लक्ष्मीप्रसाद देवकोटाकहाँ जाँदा देवकोटाले उनको नाम सोधेको स्मरण गर्दै भन्छन् :

*एकदिन उहाँले मेरो थर सोध्नुभयो किनकि त्यसबेला सम्म म मेरो थर उल्लेख नगरी शर्मा मात्र लेख्ने गर्थे । मैले भट्टराई थर भएको बताएपछि उहाँले भन्नुभयो । वङ्गालका एकजना प्रसिद्ध लेखक शरदचन्द्र चट्टोपाध्य झैँ तिमी पनि शरद्चन्द्र भट्टोपाध्य बन्नुपर्छ ; वास्तवमा उहाँसँग बिताएका ती क्षण आनन्दप्रद थिए* (भण्डारी; २०५२:४)।

देवकोटासँगको सम्पर्कबाट उनलाई लेखनमा थप प्रेरणा मिलेको पाइन्छ । २००६-१० का बीचमा प्रशस्त लेख रचनाहरू प्रकाशित हुनुले उनमा परेको प्रेरणा तथा प्रभाव स्पष्ट हुन्छ ।

वि.सं. २०१० सालको अन्त्यतिर भोजपुर गएदेखि लेखन र प्रकाशनको वातावरणदेखि टाढा भएकोले शरद्चन्द्र शर्मा भट्टराईको लेखनमा शिथिलता आएको देखिन्छ । भोजपुरमा बस्दाको समयमा उनका जम्मा दुई लेख र एउटा एकाङ्की प्रकाशित भएका थिए । त्यहाँ बस्दा उनलाई लेखनमा प्रेरणा दिनेहरूमा बालकृष्ण पोखेल र आनन्ददेव भट्ट थिए । २००८ देखि १० तिर शरद्चन्द्र शर्मा भट्टराई, पोषण पाण्डे, रमेश विकल, भवानी भिक्षु आदिको मनमिल्दो समूह थियो । त्यो समूह बीच दुई तीन वर्षसम्म आपसी भेटघाट गर्दै समकालीन लेखन-प्रभाव र प्रवृत्तिबारे व्यापक विचार मन्थन साथ एक अर्कालें रचनामाथि टिप्पणी गर्ने गर्दथे (आचार्य; २०५३:१४-१५)। यस कार्यबाट पनि शर्मालाई लेखनमा थप प्रेरणा र प्रभाव मिलेको छ ।

शरद्चन्द्र शर्मा भट्टराईले नेपाली विषयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेपछि उनको लेखनमा तीव्रता आएको देखिन्छ । नेपाली विषयको अध्ययन र त्यसले पारेको प्रभावबाट उनलाई लेखनमा थप प्रेरणा मिलेको हो । उनले स्नातकोत्तर तह पूरा गरेपछि नेपाली विषयमा प्राध्यापन गर्न थालेका थिए । प्राध्यापनकै क्रममा उनलाई तत्कालीन विद्यार्थीहरूको मागले गर्दा क्याम्पस स्तरका पाठ्यपुस्तक तथा सहायक पाठ्यपुस्तक लेख्न वाध्य हुनुपर्‍यो, फलस्वरूप उनले सुरुमा प्रायोगिक समालोचना (बसाइँ परिचय २०१९, नाटक; एकाङ्की विचरण २०३३) मा कलम चलाएका थिए ।

शरद्चन्द्र शर्मा भट्टराईलाई लेखनमा प्रभाव र प्रेरणा दिनमा उच्चस्तरका प्राज्ञिक संस्थाहरू त्रि.वि.पा. विकास केन्द्र र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान पर्दछन् । वि.सं. २०३३ साल जेठ ८ गते नेपाली मूल विषयका कतिपय विधाका कठिनाई हटाउने उद्देश्यले सम्वृद्ध विषयमा केही पाठ्यपुस्तकहरू लेखाउने आयोजनाअन्तर्गत

विचारविमर्श गर्न र निर्णय लिन त्रि.वि.पा. विकास केन्द्रले उपत्यकाका सम्बन्धित विषयका ११ जना शिक्षकहरूलाई निम्त्याएको थियो, जसमा उनी पनि समावेश भएका थिए । उक्त दिनको बैठकले दिएको परामर्श र पा.वि. केन्द्रको निर्णय अनुसार **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल) लेख्ने जिम्मा उनलाई दिइएको थियो (शर्मा भट्टराई; २०३७:क) । यो जिम्मेवारी उनका लागि प्रेरणाका रूपमा रह्यो । उनले उक्त ग्रन्थ तयार गरेपछि उत्साह बढाइदिने मूल्याङ्कनकर्ता वासुदेव त्रिपाठी, जगन्नाथ जोशी र शिवगोपाल रिसाल थिए, जसले प्रकाशनका निम्ति तत्कालै सिफारिस गरेका थिए । **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल २०३७) मूलतः साहित्यको इतिहास भए पनि यो ग्रन्थ तयार गर्दा उनलाई व्यापक अध्ययन र अनुसन्धान गर्नुपरेको थियो । यसले गर्दा यो कृतिको प्रकाशन भएपछि उनका एकपछि अर्को गर्दै खोज अनुसन्धानमूलक समालोचना देखापरेका हुन् ।

वि.सं. २०४८/०४९ मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले विद्वदवृत्तिअन्तर्गत पुस्तक लेख्न विभिन्न शीर्षक दिएको थियो । विद्वदवृत्तिअन्तर्गत दिएका विषयमा 'नेपालको माध्यमिक कालीन गद्याख्यान' भन्ने शीर्षक पनि परेको थियो । यो शीर्षक शरद्चन्द्र शर्मा भट्टराईको अनुसन्धान र चाखका क्षेत्रसँग सम्बन्धित विषय थियो । यसैले उनले आफ्ना खोजीबाट प्राप्त जानकारी र अध्ययनलाई जनसमक्ष राख्न पाउने सुयोग मिल्नसक्ने ठानी सो विद्वद्वृतिका निम्ति प्रस्तावसहितको आवेदन दिएका थिए । उनको प्रस्ताव स्वीकृत पनि भयो र यथासमयमा उनले बुझाएको पाण्डुलिपि ग्रन्थले मुद्रणावसर पनि पायो । प्रज्ञा-प्रतिष्ठान जस्तो गरिमामय संस्थाले विद्वद्वृति प्रदान गर्नु र पुस्तक यथाशीघ्र प्रकाशित गरिदिनुले शर्माको उत्साह निकै बढेको थियो । ग्रन्थ तयार गर्दा विभिन्न रायसल्लाह दिएर उनलाई कृष्णचन्दसिंह प्रधान एवम् विद्वान समालोचक वासुदेव त्रिपाठीले थप उत्साह र प्रेरणा प्रदान गरेका थिए (शर्मा, भट्टराई; २०५०: ग-घ) ।

शरद्चन्द्र शर्मा भट्टराईलाई लेखनमा प्रेरणा र प्रभाव मिल्नु विभिन्न पुरस्कारबाट सम्मानित हुनु पनि हो । वि.सं. २००६ सालमा उनले अन्तर हाईस्कुल

निबन्ध प्रतियोगितामा सुवर्ण पदक प्राप्त गरेका थिए । विद्यालयस्तरको निबन्ध प्रतियोगितामा सुवर्ण पदक पाउन सफल भएपछि उनमा निकै उत्साह बढेको थियो । यस्तै, लेखनकै क्रममा उनले वि.सं. २००९ सालमा पनि अन्तर कलेज निबन्ध प्रतियोगितामा प्रथम भएर सुवर्ण पदक प्राप्त गरेका थिए । विद्यालय र क्याम्पस स्तरका यी दुई प्रतियोगितामा प्रथम सुवर्ण पदक प्राप्त गर्दा उनलाई निकै हौसला बढेको थियो, जसको कारणले उनले सिङ्गो जीवन नै लेखनमा खर्च गरेको पाइन्छ । वि.सं. २०४२ सालमा झपटबहादुर राणाका निबन्धहरूको सम्पादन गरेवापत् शर्माले झपट पुरस्कार प्राप्त गरेका थिए । यस पुरस्कारबाट पनि उनलाई लेखनमा थप उत्साह मिलेको देखिन्छ, जसको परिणामस्वरूप उनले थुप्रै साहित्यिक कृतिको सम्पादन गरेका छन् । यस्तै, वि.सं. २०४८/०४९ को प्रज्ञा-प्रतिष्ठानको विद्वद्वृत्तिअन्तर्गत शर्माले माध्यमिक नेपाली गद्याख्यान नामक ग्रन्थ तयार पारेका थिए । शर्माले तयार पारेको उक्त ग्रन्थ **माध्यमिक नेपाली गद्याख्यान** ले २०५० सालको मदन पुरस्कार प्राप्त गऱ्यो । यो पुरस्कार उनका लागि निकै चुनौतिपूर्ण रह्यो, किनकि यसको प्रकाशन भएपछि उनले 'खोजि अनि व्याख्या' (२०५६), **ओझेलमा परेकाहरू** (२०५६), **सानो चिनारी नरदेव पाण्डेको** (२०६०) जस्ता महत्त्वपूर्ण ऐतिहासिक समालोचनात्मक ग्रन्थहरू प्रकाशन गर्नुका साथै एक दशकमा उनले थुप्रै अनुसन्धानमूलक फुटकर लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित गरेका छन् ।

शरद्चन्द्र शर्मा भट्टराईलाई लेखनमा प्रभाव र प्रेरणा प्रदान गर्नुमा विभिन्न प्रकाशक सङ्घसंस्था र पत्रपत्रिकाको पनि उल्लेखनीय भूमिका रहेको पाइन्छ । उनको समालोचना लेखनलाई प्रथमत उत्साह प्रदान गर्ने निजि स्तरको प्रकाशक संस्था एजुकेशनल इन्टरप्राइजेज, महाँकाल हो । यस संस्थाले वि.सं. २०१९ सालमा उनको **बसाइँ परिचय** नामक समालोचना पुस्तिका प्रकाशन गरिदिएर उनलाई समालोचना लेखनतर्फ सार्वजनिक गरिदिएको थियो, जसको कारणले उनले जीवनभर नै समालोचना लेखनलाई निरन्तरता दिए । यस्तै, शर्माका समालोचना प्रकाशन गर्ने निजि स्तरकै रत्न पुस्तक भण्डारले पनि प्रेरणा दिएको थियो । शर्माको

मूल समालोचना लेखनलाई बढी उत्साह प्रदान गर्ने त्रि.वि.पा.वि. केन्द्र, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, झपट पुरस्कार गुठी, मदन पुरस्कार गुठी आदि उच्चस्तरका सङ्घसंस्थाको उल्लेखनीय भूमिका रहेको देखिन्छ । यस्तै, शर्माका समालोचनात्मक लेखहरू विभिन्न विद्यालय र महाविद्यालयबाट निकालिने वार्षिक मुखपत्रमा प्रकाशित भएको पाइनुले शैक्षिक संस्थाहरू पनि प्रेरकको रूपमा रहेका देखिन्छन् । यसरी विभिन्न सङ्घसंस्था, विद्यालय र क्याम्पसले शर्माका समालोचनाहरू एकपछि अर्को प्रकाशन गरिदिँदा उनको लेखनमा निकै तीव्रता आएको हो ।

शरद्चन्द्र शर्मा भट्टराईको समालोचना लेखनको प्रेरकका रूपमा विभिन्न पत्रपत्रिकाको पनि उल्लेखनीय भूमिका रहेको पाइन्छ । उनका समालोचना प्रकाशित गरिदिएर लेखनमा उत्साह बढाइदिने प्रमुख पत्रिकाहरू **आँखा, गोरखापत्र, भारती, आव्हान, परोपकार, नौलो पाइलो, साहित्य, सरस्वती, जागरण, प्रकाश-पिण्ड, परिवेश, भारद्वाज, जिज्ञासा, प्रज्ञा, गरिमा, नेपाली, मधुपर्क, समष्टि, भोजपुर, उन्नयन, बालसाहित्य, मिर्मिरे, नेपाल, भट्टराई वंशदर्पण, राष्ट्रभाषा, रश्मि, कान्तिपुर, समीक्षा शोध धर्म, समकालीन साहित्य** आदि हुन् ।

## २.३ शरद्चन्द्र शर्मा भट्टराईको समालोचनायात्रा

शरद्चन्द्र शर्मा भट्टराईको समालोचनायात्रा चार दशकभन्दा लामो रहेको छ । उनले वि.सं. २०१९ सालमा बसाइँ परिचय नामक पुस्तकाकार समालोचनात्मक कृति प्रकाशन गरी नेपाली समालोचनामा आफ्नो यात्रा प्रारम्भ गरेका हुन् । उनले प्रारम्भमा प्रायोगिक समालोचनामा कलम चलाएका थिए र पछि साहित्येतिहासपरक खोज अनुसन्धानमूलक समालोचनातर्फ आफूलाई केन्द्रित गरेका थिए । उनको सिङ्गो समालोचनायात्रालाई अध्ययन सुविधाको हिसावले विभिन्न चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ :

- पहिलो चरण (२०१९-२०३६)
- दोस्रो चरण (२०३७-२०४९)
- तेस्रो चरण (२०५०-२०६०)

### २.३.१ पहिलो चरण (२०१९ - २०३६)

शरद्चन्द्र शर्मा भट्टराईको समालोचनायात्रा वि.सं. २०१९ बाट प्रारम्भ भएको थियो । वि.सं. २०१९ मा **बसाइँ परिचय** नामक समालोचनात्मक पुस्तकाकार कृति प्रकाशन गरी उनले सुरुमा प्रायोगिक समालोचनामा कलम चलाएका थिए । उनको यो प्रायोगिक समालोचना मूलत : वि.सं. २०३६ सम्म कायम रहेको थियो । उनले यस चरणमा विशेषगरी कृतिपरक समालोचना लेखेका छन् । उनले वि.सं. २०१९ सालमा नेपाली विषयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेपछि र आफू प्राध्यापन क्षेत्रमा समर्पित भएपछि तत्कालीन विद्यार्थीहरूको मागलाई पूर्ति गर्ने उद्देश्यले विभिन्न तहका नेपाली विषयका पाठ्यपुस्तकको सहायक सामग्रीका रूपमा समालोचना लेखेको पाइन्छ । यसचरणमा उनका पुस्तकाकार रूपमा रहेका समालोचनात्मक कृतिहरू यसप्रकार छन् : **बसाइँ परिचय** (२०१९), **रसिकको लगन एक अध्ययन** (सह.ले.२०२२), **भिखारी सहायक** (२०२४), **नेपाली पद्य सङ्ग्रह** (भाग १-२) **को सहायक** (स.ले. २०२४), **नेपाली गद्य सङ्ग्रहको सहायक** (स.ले.२०२४), **बाह्र फूल एक गुच्छा** (स.ले.२०२५) र **नाटक; एकाङ्की विचरण** (२०३३) आदि ।

शरद्चन्द्र शर्मा भट्टराईका पुस्तकाकार समालोचनात्मक कृतिहरूमा **बसाइँ परिचय** (२०१९), **भिखारी सहायक** (२०२४), **नाटक; एकाङ्की विचरण** (२०३३) मौलिक समालोचना हुन् भने **रसिकको लगन एक अध्ययन** (२०२२), **नेपाली पद्य सङ्ग्रहको सहायक** (२०२४), **नेपाली गद्य सहायक** (२०२४), र **बाह्र फूल एक गुच्छा** (२०२५) सहलेखन गरिएका मौलिक समालोचनात्मक पुस्तक हुन् । यस्तै, उनका यस चरणमा विभिन्न

समालोचनात्मक फुटकर लेखहरू विभिन्न पत्रपत्रिकामा समेत प्रकाशित भएका पाइन्छन् । उनका यस चरणमा प्रकाशित भएका फुटकर समालोचनात्मक लेखहरूको सूची यसप्रकार रहेको छ –

- मेघदूत एक परिचय, २०१९ 'गो.प.'
- कवि नेपाली एक परिचय, २०२० 'गो.प.'
- नेपाली भाषा र भानुभक्त, २०२० 'गो.प.'
- नाटकमा आधुनिकता इब्सन र रिमाल, २०२८ 'सरस्वती'
- अभिशप्त साहित्यसेवी शम्भुप्रसाद ढुङ्गयाल, २०३६ 'सरस्वती'
- व्यक्तिस्तुति धारा माध्यमिक कालको सन्दर्भमा, २०३७ 'सरस्वती'

शरद्चन्द्र शर्मा भट्टराई यस चरणमा क्याम्पस तहका नेपाली पाठ्यक्रमसँग सम्बन्धित सामग्री तथा सहायक सामग्रीहरूको लेखन र सहलेखनमा संलग्न भएको पाइन्छ । यस चरणमा उनका महत्त्वपूर्ण पुस्तकाकार कृति **बसाइँ परिचय** (२०१९) र **नाटक; एकाङ्की विचरण** (२०३३) नै हुन् । यस चरणमा उनी अन्य क्षेत्रमा भन्दा साहित्यिक कृति विश्लेषणमा बढी केन्द्रित भएको पाइन्छ । **बसाइँ परिचय** (२०१९) लीलबहादुर क्षेत्रीको **बसाइँ उपन्यास**को विभिन्न कोणले विवेचना गरिएको समालोचनात्मक पुस्तिका हो । यस्तै, **रसिकको लगन एक अध्ययन** (२०२२) अच्छा राई रसिकको उपन्यास **लगन** को लेखकद्वय शरद्चन्द्र शर्मा भट्टराई र प्रा.चूडामणि रेग्मीले विभिन्न कोणले व्याख्या विवेचना गरेको समालोचनात्मक पुस्तिका हो । **भिखारी सहायक** (२०२४) उनले एक्लै विश्लेषण गरेको महाकवि लक्ष्मीप्रसाद देवकोटाको भिखारी कविता सङ्ग्रहको समालोचकीय पुस्तिका हो **। नेपाली पद्य सङग्रहको सहायक  र नेपाली गद्य सङ्ग्रहको सहायक** (२०२४) सहलेखन गरिएका विभिन्न नेपाली पद्य ( कविता) र गद्यमाथि प्रकाश पारिएका विश्लेषणात्मक समालोचनात्मक

पुस्तिका हुन् । **बाह्र फूल एक गुच्छा** (२०२५) लेखकद्वय शरद्चन्द्र शर्मा भट्टराई र तीर्थराम झाले प्रविणता प्रमाणपत्र तहको अनिवार्य नेपालीको लागि राखिएका कथा, एकाङ्की, नाटक, उपन्यास र व्याकरणको संयुक्त रूपमा विश्लेषण गरिएको समालोचनात्मक पुस्तिका हो । यस पुस्तिकामा शरद्चन्द्र शर्मा भट्टराईले कथा, एकाङ्की, नाटक र उपन्यासको व्यापक विवेचना प्रस्तुत गरेका छन् भने तीर्थराम झाले व्याकरण र बोधसम्बन्धी लेखेका छन् । नाटक; एकाङ्की विचरण (२०३३) मा शरद्चन्द्र शर्मा भट्टराईले मुकुन्द इन्दिरा नाटक, चौतारा लक्ष्मीनारायण नाटक, कोही किन बर्बाद होस् नाटक, खैराँती माष्टर एकाङ्की, घरको मायाँ एकाङ्की र मनको बन्धन एकाङ्कीको विभिन्न कोणबाट विश्लेषण गरेका छन् । उपर्युल्लिखित प्रायोगिक समालोचनात्मक कृतिहरूको विस्तृत अध्ययन र विश्लेषण कृति विश्लेषणका क्रममा गरिने छ ।

शरद्चन्द्र शर्मा भट्टराईले यस चरणमा ६ ओटा शीर्षकमा फुटकर समालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशन गरेका छन् । 'मेघदूत एक परिचय' (२०१९), कृतिपरक समालोचनात्मक लेख हो भने 'नेपाली भाषा र भानुभक्त' (२०२०) भानुभक्तका विषयमा लेखिएको लेख हो । 'नाटकमा आधुनिकता इब्सन र रिमाल' (२०२८) लेखमा उनले नर्वेका हेनरिक इब्सन र नेपालीका गोपालप्रसाद रिमालका नाटकहरू बीच तुलना गर्दै विवेचना गरेका छन् । 'अभिशप्त साहित्यसेवी शम्भुप्रसाद ढुङ्ग्याल' ( २०३६) र 'व्यक्तिस्तुतिधारा माध्यमिक कालको सन्दर्भमा' (२०३६) उनका साहित्यइतिहाससम्बन्धी लेखिएका समालोचनात्मक फुटकर लेख हुन् । यी लेखमार्फत् उनी खोजअन्वेषण तर्फ लागेको देखिन्छ ।

### २.३.२ दोस्रो चरण (२०३७ - २०४९)

शरद्चन्द्र शर्मा भट्टराईको समालोचनायात्राको दोस्रो चरण वि.सं. २०३७ सालबाट सुरु भएको हो । वि.सं. २०३७ सालमा **नेपाली साहित्यको**

**इतिहास** (माध्यमिक काल) नामक समालोचनात्मक ग्रन्थ प्रकाशन गरी उनी शोधखोजमूलक साहित्येतिहासपरक समालोचना लेखनतर्फ लागेका हुन् । यो चरण गुणात्मक तथा परिमाणात्मक दृष्टिले महत्त्वपूर्ण छ । प्रथम चरणमा नै उनले प्राथमिक तथा माध्यमिककालीन साहित्यको इतिहाससँग सम्बन्धित कृति तथा कृतिकारहरूका बारेमा कलम चलाएका थिए तापनि उनले इतिहासपरक समालोचकका रूपमा ख्याति यसै चरणबाट प्राप्त गरेका हुन् । यस चरणमा उनका पुस्तकाकार रूपमा प्रकाशित भएका समालोचनात्मक ग्रन्थहरू यस प्रकार छन् – **नेपाली साहित्यको इतिहास** ( माध्यमिक काल २०३७), **प्राचीन गद्याख्यान** (२०४२), **नेपाली वाङ्मय केही खोजी केही व्याख्या** (२०४४), **कवि बाबुराम आचार्य र उनका कविता** ( २०४७) ।

नेपाली साहित्यको इतिहास लेखनमा माध्यमिक कालका सामग्रीहरूलाई व्यापक रूपमा समेटेर लेखिएको **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल २०३७) पहिलो पुस्तकाकार कृति हो । जसमा शरद्चन्द्र शर्मा भट्टराईको विषयवस्तुसम्बन्धी विस्तृत ज्ञान र अध्ययनशीलता स्पष्ट देख्न सकिन्छ । उनले माध्यमिक कालको नामाङ्कन र सीमाङ्कन, सामाजिक परिवेश, त्यस कालमा प्रयुक्त विधा र प्रवृत्तिहरूमाथि विस्तृत रूपमा प्रकाश पारेका छन् । त्यस्तै, माध्यमिक कालीन प्रमुख प्रवृत्तिहरू र प्रतिभाहरू बारे पनि तथ्यपूर्ण अध्ययन प्रस्तुत गरेका छन् । यसरी प्रस्तुत कृति तयार गर्दा लेखकको गहन अध्ययन र विश्लेषणात्मक क्षमता प्रदर्शित भएको छ । विषयवस्तुको व्यापकता र प्रमाणिक तथ्यले कृतिलाई निकै गहकिलो बनाएको छ । प्राज्ञदेखि लिएर विद्यार्थीहरूसमेतलाई उत्तिकै उपयोगी यस पुस्तकले नेपाली साहित्यको इतिहास लेखन परम्परामा विशिष्ट स्थान राख्न सफल भएको छ । उनको **प्राचीन गद्याख्यान** (२०४२) नेपाली साहित्यको इतिहासमा प्राचीन गद्यआख्यानहरूको विशद् तथा प्रामाणिक विवेचना प्रस्तुत गरिएको पहिलो पुस्तकाकार कृति हो । त्यसकारण नेपाली

साहित्यका थुप्रै साहित्यिक इतिहासकारहरूले उक्त कृतिलाई नै आधार ग्रन्थको रूपमा प्रयोग गर्दै आएका हुनाले यस ग्रन्थको महत्त्वपूर्ण स्थान रहेको छ । **नेपाली वाङ्मय केही खोजी केही व्याख्या** (२०४४) नामक ग्रन्थमा उनका २०३८ देखि २०४२ साल भित्र विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका अनुसन्धानमूलक समालोचनात्मक २८ ओटा लेखहरूलाई सङ्कलन गरिएको छ । नेपाली साहित्यको इतिहाससँग सम्बन्धित ऐतिहासिक सामग्रीहरूको खोजअनुसन्धान गरेर प्रामणिक तथ्यसहित कतिपय भ्रमहरूको खण्डन गरी उनले यस पुस्तकमा आफ्नो अनुसन्धाता व्यक्तित्वको परिचय दिएका छन् । **कवि बाबुराम आचार्य र उनका कविता** (२०४७) नामक सानो पुस्तक बीस पृष्ठमा संरचित छ । यसमा उनले बाबुराम आचार्य इतिहासकार र समालोचक मात्र नभएर कवि पनि भएको ऐतिहासिक तथ्यमाथि प्रामाणिक रूपमा प्रकाश पारेका छन् । उनले बाबुराम आचार्यका कविताहरूको खोजी गरेर उनको कवि व्यक्तित्वको परिचय दिएका छन् ।

वि.सं. २०३७ देखि २०४९ सम्ममा शरद्चन्द्र शर्मा भट्टराईका अनुसन्धानमूलक लेखहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । उनका यस अवधिमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका अनुसन्धानमूलक समालोचनात्मक लेखहरूको सूची यसप्रकार छ- ‘रोचक संस्मरणको प्रतिविम्वमा पारसमणि प्रधान’ (२०३९), ‘जीवनाथ कविबारे केही कुरा’ (२०३९), ‘कमल दीक्षित : प्रशंसा र टिप्पणी’ (२०३९), ‘गोर्खा भाषा प्रकाश समिति बारेको पूर्जी’ (२०४१), ‘गिरिशवल्लभ र प्रारब्धदर्पण’ (२०४२), ‘सन्त शशिधर र वीरशाली पन्त’ (२०४३), ‘इण्डिया अफिस लाइब्रेरीका केही नेपाली पुस्तक’ (२०४३), ‘शिवदत्तलाई चिन्न खोज्दा’ (२०४४), ‘गोरखापत्र अघिका नेपाली पत्रपत्रिका’ (२०४४), ‘अल्पज्ञात दामोदर प्याकुर्‍याल’ (२०४४), ‘प्रेमसागर दवाडी : एक परिचय’ (२०४४), ‘गोर्खा संसारका कवि र कविता’ (२०४५), ‘तीर्थप्रसाद आचार्यबारे थप कुरा’ (२०४५), ‘एक कृति

तीन अनुकृति' (२०४५), 'नेपाली भूकम्प काव्य एक सर्वेक्षण' (२०४५), 'हरिदासका दुई कृति' (२०४५), 'नेपाली बालशिक्षा र साहित्यको प्रारम्भिक प्रचेष्ठा' (२०४६), 'प्रल्हाद भक्ति कथाको प्रकाशन साल' (२०४६), 'शम्भुप्रसादको आख्यानकारिता' (२०४१), 'मोतीराम भट्टको बालाजी वर्णन' ( २०४७), 'नेपालीमा वङ्गला स्रोतका आख्यान' (२०४७), 'नेपालीका दुई नेवार कवि : सिद्धिदास र जोगवीर' (२०४७), 'विज्ञापन मोतीराम भट्ट' ( २०४७), 'शम्भुका दृष्टिमा मोती' (२०४८), 'उषाचरित्रको समर्पण र देवीप्रसाद' (२०४८), 'कवि वीरेन्द्रकेशरी अर्याल र उनका कविता' (२०४८), 'बिर्सिएका पुराना कवि र कविता' (२०४८), 'आत्मपरिचयको आलोकमा चक्रपाणिका कृतिहरू' (२०४८), 'श्रीरङ्ग शर्मा भट्टराई' (२०४९), 'स्वर्गीय कवि लेखकहरूको सङ्क्षिप्त परिचय' (२०४९), 'मोतीराम भट्टका थप समस्यापूर्ति' (२०४९), 'गिरिशवल्लभ जोशीको सत्यनाग चरित्र नाटक' ( २०४९) आदि । यी समालोचनात्मक फुटकर लेखहरू पनि अनुसन्धानमूलक र खोजपरक छन् । अन्वेषक शर्मा गल्ली-गल्ली चाहरेर होस् कि सम्पर्क सूत्र पत्ता लगाएर होस्, आफ्नो गोजीको पैसा सकेर होस. कि घरपरिवारको वेवास्ता गरेर होस्, आफुले पत्ता लगाउन चाहेको कुरा पत्ता लगाएरै छाड्छन् । नेपाली साहित्यका निकै गौँडा गल्छेँडा उनले पत्ता लगाएका छन् । नेपाली साहित्यको पुरानो काललाई राम्ररी बुझ्ने काममा उनको स्तरीय योगदान छ । माथिका समालोचनात्मक कृति/लेखभित्र उनको यस्तै यस्तै योगदान रहेको छ (भट्टराई घटराज; २०५१ : ४१४) ।

शरद्चन्द्र शर्मा भट्टराईले प्राथमिक तथा माध्यमिक कालीन साहित्यसँग सम्बन्धित सामग्रीहरूको खोजअनुसन्धान गरी ऐतिहासिक समालोचनाका आधारमा विश्लेषण गरेका छन् तसर्थ यस चरणमा अन्य समालोचनात्मक प्रवृत्ति भन्दा खोजअनुसन्धानमूलक ऐतिहासिक समालोचनात्मक प्रवृत्ति नै उनको मूल प्रवृत्ति रहेको छ ।

### २.३.३ तेस्रो चरण (२०५० - २०६० सम्म)

शरद्चन्द्र शर्मा भट्टराईको समालोचनायात्राको तेस्रो चरण वि.सं. २०५० देखि २०६० सम्मको अवधि हो । यो चरण उनको समालोचना लेखनको चरमोत्कर्षता प्राप्तिको चरण हो  किनभने वि.सं. २०५० मा उनको **माध्यमिक नेपाली गद्याख्यान** नामक समालोचनात्मक कृतिले मदन पुरस्कारसमेत प्राप्त गरेको थियो । मदन पुरस्कारबाट पुरस्कृत भएकोले यस चरणको छुट्टै महत्त्व छ । उनका द्वितीय चरणमा देखापरेका मूल प्रवृत्तिहरू तृतीय चरणमा आइपुग्दा परिपाक अवस्थामा पुगेका पाइन्छन् फलत उनका कृति साहित्य अनुसन्धानका क्षेत्रमा सर्वोत्कृष्ट ठहरिन्छन् । यस चरणका उनका समालोचनात्मक पुस्तकाकार कृतिहरू यसप्रकार छन् – **माध्यमिक नेपाली गद्याख्यान** (२०५०), **खोजी अनि व्याख्या** (२०५६), **ओझेलमा परेकाहरू** (२०५६), **सानो चिनारी नरदेव पाण्डेको** (२०६०) ।

**माध्यमिक नेपाली गद्याख्यान** (२०५०) नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट शरद्चन्द्र शर्मा भट्टराईलाई विद्वद्वृत्तिका निम्ति लेख्न लगाइएको खोज अनुसन्धानमूलक समालोचनात्मक कृति हो । नेपाली साहित्यको माध्यमिक कालमा विकसित तथा संमृद्ध विधा गद्याख्यानका बारेमा ज्यादै कम अध्ययन र अनुसन्धान भइरहेको परिप्रेक्ष्यमा उनले प्राथमिक तथा माध्यमिक कालीन गद्याख्यानसम्बन्धी विभिन्न सामग्रीहरूलाई देश-विदेशबाट खोजेर व्यवस्थित र प्रामाणिक रूपमा प्रस्तुत गरेका छन् । विभिन्न कालखण्ड वा समग्रमा नेपाली साहित्यको प्रामाणिक इतिहास लेखनसमेत नभएको स्थितिमा एउटा विधा र त्यो पनि माध्यमिक कालखण्डलाई मात्र समेटेर लेखिएको विधागत इतिहाससँग सम्बन्धित तीनसय छ पृष्ठको यो पुस्तक नेपाली साहित्यको इतिहासमा प्रथम तथ्यपूर्ण पुस्तकाकार कृति हो । **खोजी अनि व्याख्या** (२०५६) नेपाल राजकीय पज्ञा-प्रतिष्ठानबाटै प्रकाशित भएको हो । यसमा उनले वि.सं.२०३६ देखि लिएर

२०५३ सम्ममा विभिन्न समयमा लेखेका र विभिन्न तिथिमितिमा 'मधुपर्क', 'गोरखापत्र', 'समकालीन साहित्य', 'गरिमा', 'उन्नयन', 'कान्तिपुर' आदिमा प्रकाशित पनि भइसकेका विभिन्न विषय र प्रकृतिका ३८ ओटा लेखहरू उनले आफै जागर चलाएर खोजमोल गरी सङ्कलित पारेर केही आवश्यक संशोधन र परिमार्जनसाथ ग्रन्थरूपमा प्रस्तुत गरेका हुन् । **ओफेलमा परेकाहरू** (२०५६) नामक कृतिमा प्राथमिक काल र विशेषत : माध्यमिक कालमा आफ्नो समयमा योगदान भएर पनि बिर्सन थालिएका स्रष्टाहरूलाई चिनाउने प्रयास भएको छ । कुनैबेला प्रसिद्धिको शिखरमा पुगेका र समयको अन्तरालमा ओफेलमा पर्न आएकाहरू र प्रतिभा एवम् सिर्जन सौष्ठव सम्पन्न भएर पनि सधैँ ओफेलमा परेका स्रष्टा-साधकहरूका बारे शोधखोज चलाएर उनीहरूका कृति र व्यक्तित्वलाई पुनर्जीवित गराउने प्रयासमा आएको प्रस्तुत कृति नेपाली भाषा र साहित्यको इतिहासमा महत्त्वपूर्ण स्वीकृति हो । यस कृतिको प्रकाशनले नेपाली साहित्यमा नयाँ सूचना थप गर्नुका साथ नेपाली साहित्यलाई नयाँ प्रकाशमा राख्ने काम गरेको छ । यस खोजपरक पुस्तकको प्रस्तुतिले ओफेलमा परेकाहरूका कृतिको परिचय दिँदै उनीहरूका स्रष्टा व्यक्तित्वलाई चिनाउने र साहित्यिक इतिहासमा स्थापित गर्ने साँचो प्रयास गरेको छ । **सानो परिचय नरदेव पाण्डेको** (२०६०) उनले नरदेव पाण्डेका बारेमा तयार पारेको सानो पुस्तिका हो । यस कृतिमा मोतीराम भट्टका जीवनीलेखक नरदेव पाण्डेलाई चिनाउने प्रयास गरिएको छ ।

वि.सं. २०५० देखि २०६० को दशकमा शरद्चन्द्र शर्मा भट्टराईका अनुसन्धामूलक समालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । उनका यस दशकमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका अनुसन्धानमूलक समालोचनात्मक लेखहरूको सूची यसप्रकार छ - 'मोतीदेवी प्रसङ्गको लहरो' (२०५०), 'एक अचर्चित साहित्यसेवी शिवप्रताप थापा' (२०५०), 'साहित्यानुसन्धान : विकासक्रम, समस्या र समाधान' (

२०५०), 'बैजनाथ सेढाइँलाई नबिसौँ' (२०५०), 'नेपाली वाङ्मयको विकासमा लामिछाने बन्धुहरूको योगदान' (२०५०), 'शालीग्राम गौतम : एक विस्मृत व्यक्तित्व' (२०५०), 'ओझेलमा परेका विष्णुचरण श्रेष्ठ' (२०५०), 'साहित्यसेवी भैरवप्रसाद' (२०५०), 'अशोक सुन्दरीको अप्रकाशित भूमिका' ( २०५०), 'भारत जीवनका नेपाली सामग्रीहरू' (२०५०), 'पुण्यनाथलाई पनि सम्झौँ' (२०५१), 'नेपालीमा अरबी फारसी स्रोतका आख्यान' (२०५१), 'रेवतीप्रसादको अधुरो चिनारी' (२०५१), 'गोरखापत्रका प्रथम सम्पादक : साधुराम देवकोटा' (२०५१), 'चानक भाषा श्लोकको अपहरण' (२०५१), 'कपिलमुनि शिवाकोटी र उनको मनिषाकर नीति' (२०५१), 'गजल लेखन परम्परा र दुई अचर्चित गजलकार' (२०५१), 'सुक्ति-सिन्धु अघिका कविता सङ्ग्रहहरू' (२०५१), 'आण्डर्सनका काथानुवाद बारेको भ्रम निवारण' ( २०५१), 'गद्याख्यानको विकासमा गोरखापत्रको योगदान' (२०५२), 'आचार्य बन्धुबारे केही कुरा' (२०५२), 'भोजराज पाण्डेलाई नबिसौँ' (२०५२), 'मोतीमित्र तेजबहादुर राना' (२०५२), 'विस्मृत हुनलागेका डमरुवल्लभ' ( २०५२), 'कवि तीर्थराज पाण्डेको नालीबेली' (२०५२), 'मोतीराम भट्टको मृत्युमा शोक कविता' (२०५२), 'छविलाल सुरी : एक परिचय' (२०५२), 'गरेका र गर्नुपर्ने कुरा' (२०५२), 'काशी र उदय' (२०५२), 'मोतीरामको एउटा प्रतिबन्धित रचना' (२०५३), 'काशीका नेपालीका प्रेस' (२०५३), 'सवाई परम्परा जर्मनीका लडाइँको सवाई' (२०५८), 'नेपाली किताब प्रकाशन र खपतको इतिहास' (२०५४), 'केवलानन्द र उनका कृतिबारे' ( २०५६), 'एकेडेमी स्थापनाबारे ओझेलमा परेका तथ्य' (२०५६), 'मेरो लण्डन राजतिलक यात्रा : यात्रा साहित्यको कोसेढुङ्गा' (२०५८) आदि ।

शरद्चन्द्र शर्मा भट्टराईले केही कृतिकार र कृतिहरूसित सम्बन्धित समालोचनाहरू पनि लेखेका छन् तापनि यिनको समालोचना बढी मात्रामा साहित्यको इतिहाससँग सम्बन्धित छ । यिनले प्राचीन तथा माध्यमिक कालीन साहित्यसित सम्बन्धित ऐतिहासिक सामग्रीको परिश्रमपूर्वक खोज

गरेका छन् । विशेष गरेर माध्यमिक कालीन साहित्यबारे यिनका खोजले नेपाली साहित्य भण्डारको संवृद्धिमा उल्लेखनीय रूपमा सघाउ पुऱ्याएको छ । ऐतिहासिक कालखण्डकै वर्णन-विश्लेषणमा बढी केन्द्रित भएकाले यिनका समालोचनाहरूमा कृतिविशेषको सूक्ष्म विवेचन नपाइनु पनि स्वाभाविकै हो तापनि समष्टिमा यिनले पुराना साहित्यकारबारे जुन जानकारी दिएका छन् त्यो प्रशंसनीय छ । सङ्क्षेपमा प्राचीन तथा माध्यमिक कालीन नेपाली साहित्यसँग सम्बन्धित सत्य तथ्यको खोजी र सरल भाषामा वर्णनात्मक किसिमले तिनको प्रस्तुति शरद्चन्द्र शर्मा भट्टराईका विशेषता हुन् (कँडेल; २०५५:१२६-१२७) ।

शरद्चन्द्र शर्मा भट्टराईबाट नेपाली भाषामा रचित प्राचीन तथा माध्यमिक कालका सामग्रीहरूलाई शोधखोज गरेर पाठक समक्ष ल्याउने, सम्पादन र समीक्षण गर्ने, विश्लेषण र मूल्याङ्कन गर्ने जस्ता कार्यहरू भएका छन् । प्राचीन समयका स्रष्टाका विशेषगरी अचर्चित र लोपोन्मुख सामग्रीलाई खोजेर पाठकसमक्ष ल्याउने प्रयत्नमा जुटेका शर्मा नेपाली समालोचनाको शोधखोजमूलक प्रवृत्तिबाट बढी प्रभावित रहेका छन् । सूर्यविक्रम ज्ञवाली, बाबुराम आचार्य, कमल दीक्षित, ईश्वर बराललगायतका अन्वेषकहरूकै पक्षमा सार्थक बनेका शर्मा अन्वेषणमूलक समालोचनाको इतिहासमा उच्च धरोहर बनेका छन् । तर्क र तथ्यका आधारमा वस्तुको प्राप्तिलाई ठम्याउने र निष्कर्षसम्म पुग्ने शर्मा नेपाली साहित्यको ऐतिहासिक सामग्रीको विवेचनापूर्ण अन्वेषण कार्यमा अत्यन्त सबल देखिन्छन् । विद्यार्थीहरूका लागि उपयोगी हुने सहायक सामग्री तयार गर्ने क्रममा **बसाइँ परिचय** (२०१९), **रसिकको लगन एक अध्ययन** (२०२३) **नाटक; एकाङ्की विचरण** (२०३३) जस्ता सामग्री पनि प्रकाशित छन् । अनुसन्धानात्मक मूल्यमा आधारित लेखहरू लगायतका फुटकर सामग्री र अन्य पत्रपत्रिकामा छरिएर बसेका शोधखोज तथा यथार्थमूलक एवम् प्रायोगिक समालोचनाले शर्माका समीक्षा चेतलाई गति प्रदान गरेको छ । तथ्यको स्थापना गरेर मात्र आफ्नो निर्णय

दिने शर्मा सम्वेग र प्रभावभन्दा बढी वस्तुगत सत्यमा अडेका समालोचक सिद्ध भएका छन् (सुवेदी; २०६१:१७३) । यी तथ्यका आधारमा शरद्चन्द्र शर्मा भट्टराईलाई निम्नानुसार अध्ययन गरिनु उपयुक्त हुन्छ :

- शरद्चन्द्र शर्मा भट्टराई सूर्यविक्रम ज्ञवाली, रामकृष्ण शर्मा, बाबुराम आचार्य, कमल दीक्षित, ईश्वर बरालकै परम्परा अघि बढाउने अन्वेषक हुन् ।
- उनी प्राचीन र माध्यमिककालीन साहित्यका सामग्रीलाई अन्वेषण गरेर संरक्षण गर्ने समीक्षक हुन् ।
- उनी तिथिमिति र तथ्यहरूका आडमा अडेर साहित्यको अन्वेषण र समीक्षण गर्ने समालोचक हुन् ।
- सम्पादक तथा समीक्षक दुवै व्यक्तित्व देखिने शरद्चन्द्र शर्मा भट्टराई नेपाली साहित्यको इतिहासका आधिकारिक व्यक्तित्व हुन् ।

यिनै बुँदा र तथ्यका आधारमा निष्कर्षसम्म पुग्ने शरद्चन्द्र शर्मा भट्टराई नेपाली समालोचनाको यस पछिल्लो चरणमा प्रमुख व्यक्तित्व मध्येका एक हुन् । अन्वेषणमूलक समालोचनाका फाँटमा उनको स्थान महत्त्वपूर्ण छ ।

## २.४ शरद्चन्द्र शर्मा भट्टराईका प्रकाशित कृतिहरूको कालक्रमिक सूची

| क्र.स. | विधा | फुटकर लेख/ पुस्तकाकार कृति | प्रकाशन साल | स्रोत | वर्ष | अङ्क |
|---|---|---|---|---|---|---|
| १ | निबन्ध | आदर्श बालक | २००६ | आँखा | १ | ४ |
| २ | निबन्ध | घर पाठशाला | २००६ | गोरखापत्र | - | - |
| ३ | हास्य | खित्का | २००६ | भारती | १ | १० |
| ४ | निबन्ध | भन्ज्याङ्को चौतारी | २००७ | भारती | २ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | निबन्ध | यस्तो किन ? | २००७ | गोरखापत्र | - | - |
| ६ | निबन्ध | मेल | २००७ | आँखा | १ | ८ |
| ७ | निबन्ध | जुँगेदाइलाई जवाफ | २००८ | गोरखापत्र | - | - |
| ८ | निबन्ध | गोरखापत्र किन यस्तो | २००८ | गोरखापत्र | - | - |
| ९ | निबन्ध | विद्यार्थी र राजनीति | २००९ | आव्हान | १ | १ |
| १० | निबन्ध | शिक्षा पुरानो र नयाँ | २०१० | परोपकार | १ | १ |
| ११ | निबन्ध | वीरवाला जोन अफ आर्क | २०१० | परोपकार | १ | ५ |
| १२ | कथा | बाटो खोजेथ्ये | २०१० | आव्हान | १ | २ |
| १३ | एकाङ्की | वन महोत्सव | २०१३ | नौलो पाइलो | १ | १ |
| १४ | निबन्ध | चिनियाँ विवाह कानून | २०१३ | नौलो पाइलो | १ | ३ |
| १५ | समालोचना | बसाइँ परिचय (पुस्तक) | २०१९ | - | - | - |
| १६ | निबन्ध | नेपाल वर्मा सम्बन्ध | २०१९ | गोरखापत्र | - | - |
| १७ | समालोचना | 'मेघदूत' एक परिचय | २०१९ | गोरखापत्र | - | - |
| १८ | समालोचना | कवि नेपाली एक परिचय | २०२० | गोरखापत्र | - | - |
| १९ | समालोचना | नेपाली भाषा र भानुभक्त | २०२० | गोरखापत्र | - | - |
| २० | पुस्तक परिचय | 'निम्तो' बारे | २०२० | साहित्य | - | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | समालोचना | (स.ले.) रसिकको लगन एक अध्ययन (पुस्तक) | २०२२ | - | - | - |
| २२ | समालोचना | भिखारी सहायक (पुस्तक) | २०२४ | | | |
| २३ | पाठ्यपुस्तक | वैज्ञानिक आविष्कार (भाग १-३) | २०२४ | | | |
| २४ | समालोचना | (स.ले.) नेपाली पद्य सङ्ग्रह (भाग१-२) को सहायक ( पुस्तक) | २०२४ | | | |
| २५ | समालोचना | (स.ले.) नेपाली गद्य सङ्ग्रह (भाग१-२) को सहायक ( पुस्तक) | २०२४ | | | |
| २६ | समालोचना | (स.ले.) बाह्र फूल एक गुच्छा (पुस्तक) | २०२५ | | | |
| २७ | पाठ्यपुस्तक | (स.ले.) सामाजिक शिक्षा ( भाग १-३) (पुस्तक) | ? | | | |
| २८ | पाठ्यपुस्तक | (स.ले.) नयाँ सामाजिक शिक्षा (भाग १-३) (पुस्तक) | ? | | | |
| २९ | पाठ्यपुस्तक | (स.ले.) हाम्रो सामाजिक शिक्षा (भाग १-२) (पुस्तक) | ? | | | |
| ३० | पाठ्यपुस्तक | शिक्षक निर्देशन पुस्तिका ( पुस्तक) | २०२७ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१ | लेख | शिक्षा र मूल्याङ्कन | २०२७ | गोरखापत्र | | |
| ३२ | लेख | परीक्षा केही त्रुटि केही सुधार | २०२८ | गोरखापत्र | | |
| ३३ | निबन्ध | पत्याऊ नपत्याऊ | २०२९ | जागरण | १ | २८ |
| ३४ | समालोचना | नाटकमा आधुनिकता इब्सन र रिमाल | २०२८ | सरस्वती | | ६ |
| ३५ | समालोचना | नाटक; एकाङ्की विचरण (पुस्तक) | २०३३ | | | |
| ३६ | कार्यपत्र | मूल्याङ्कन विधि अनिवार्य नेपालीका परिप्रेक्ष्यमा | २०३४ | | | |
| ३७ | लेख | 'नेपाल परिचय' अध्ययनको पृष्ठभूमि उद्देश्य र महत्त्व | २०३५ | पा.वि. | २ | ४ |
| ३८ | लेख | त्रि.वि. मूल्याङ्कन पद्धत्ति : केही व्याख्या केही सुझाव | २०३५ | पा.वि. | १ | २ |
| ३९ | समालोचना | अभिशप्त साहित्यसेवी शम्भुप्रसाद ढुङ्ग्याल | २०३६ | सरस्वती | | |
| ४० | समालोचना | व्यक्तिस्तुति धारा माध्यमिक कालको सन्दर्भमा | २०३६ | सरस्वती | | ६ |
| ४१ | समालोचना | नेपाली साहित्यको इतिहास (माध्यमिक काल), (पुस्तक) | २०३७ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४२ | समालोचना | रोचक संस्मरणको प्रतिविम्बमा पारसमणि प्रधान | २०३९ | प्रकाशपिण्ड | १२ | |
| ४३ | समालोचना | जीवनाथ कविबारे केही कुरा | २०३९ | परिवेश | | |
| ४४ | समालोचना | कमल दीक्षित : प्रशंसा र टिप्पणी | २०३९ | परिवेश | | |
| ४५ | लेख | १९४७ सालतिरको शैक्षिक व्यवस्था | २०४० | भारद्वाज | १ | २ |
| ४६ | लेख | एक पुरानो पञ्जापत्र | २०४० | भारद्वाज | १ | ३ |
| ४७ | समालोचना | गोर्खा भाषा प्रकाश समिति बारेको पूर्जी | २०४१ | भारद्वाज | १ | ६ |
| ४८ | समालोचना | मोतीकृष्ण कम्पनी र पाशुपत छापाखाना : केही जानकारी | २०४१ | गोरखापत्र | | |
| ४९ | लेख | वीरशमशेर कालको तालीम खाना | २०४१ | भारद्वाज | १ | ४-५ |
| ५० | समालोचना | कवि उमकान्त त्रिपाठी | २०४१ | जिज्ञासा | २ | |
| ५१ | लेख | सरस्वती ब. क्याम्पसमा मानविकी तथा सामाजिक शास्त्र पक्ष | २०४२ | सरस्वती | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५२ | समालोचना | गिरीशबल्लभ र प्रारब्ध-दर्पण | २०४२ | जिज्ञासा | | ३ |
| ५३ | लेख | १९९१ अघिका गोरखापत्रका केही सेवीहरू | २०४२ | गोरखापत्र | | |
| ५४ | लेख | राणाशासन-पूवार्द्धका केही शैक्षिक तथ्य | २०४२ | प्रज्ञा | १४ | ३ |
| ५५ | समालोचना | प्राचीन गद्याख्यान (पुस्तक) | २०४२ | | | |
| ५६ | निबन्ध | (सम्पा.)झपट निबन्धावली | २०४२ | | | |
| ५७ | समालोचना | सन्त शशिधर र वीरशाली पन्त | २०४३ | जिज्ञासा | | ४ |
| ५८ | समालोचना | प्राचीन दुई अचर्चित नेपाली नाटक | २०४३ | प्रज्ञा | १५ | १ |
| ५९ | समालोचना | इन्डिया अफिस लाइब्रेरीका केही नेपाली पुस्तक | २०४३ | गरिमा | ४ | ९ |
| ६० | समालोचना | शिवदत्तलाई चिन्न खोज्दा | २०४४ | प्रज्ञा | १६ | १ |
| ६१ | समालोचना | विदाई कविता झपटको होइन | २०४४ | नेपाली | | ११३ |
| ६२ | समालोचना | गोर्खा भारत जीवनको रहस्य | २०४४ | गोरखापत्र | | |
| ६३ | समालोचना | गोरखापत्र अघिका नेपाली पत्रपत्रिका | २०४४ | प्रज्ञा | १६ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६४ | समालोचना | अल्पज्ञात दामोदर प्याकुऱ्याल | २०४४ | मधुपर्क | २० | ९ |
| ६५ | समालोचना | प्रेमसागर दवाडी : एक परिचय | २०४४ | समष्टि | १२ | १ |
| ६६ | कथा | भीम र हनुमान (अनुवाद) | २०४४ | जिज्ञासा | | ५ |
| ६७ | समालोचना | नेपाली वाङ्मय केही खोजी केही व्याख्या (पुस्तक) | २०४४ | | | |
| ६८ | समालोचना | नेपाल र यसका निवासी ( पुस्तक) | २०४४ | | | |
| ६९ | उपन्यास | (सम्पा.) प्रारब्धदर्पण (पुस्तक) | २०४४ | | | |
| ७० | संस्मरण | भोजपुरको सम्झना | २०४५ | भोजपुर | | |
| ७१ | समालोचना | 'गोर्खा संसार' का कवि र कविता | २०४५ | प्रज्ञा | १७ | २ |
| ७२ | समालोचना | तीर्थप्रसाद आचार्यबारे थप कुरा | २०४५ | गरिमा | ७ | २ |
| ७३ | समालोचना | एक कृति तीन अनुकृति | २०४५ | उन्नयन | १ | २ |
| ७४ | समालोचना | नेपाली भू-कम्प काव्यः एक सर्वेक्षण | २०४५ | समष्टि | | १६ |
| ७५ | लेख | जयपृथ्वीबहादुरको 'अक्षराङ्क शिक्षा र बालबोध' | २०४५ | गोरखापत्र | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७६ | समालोचना | हरिदासका दुई कृति | २०४५ | मधुपर्क | २१ | ११ |
| ७७ | समालोचना | नेपाली बालशिक्षा र साहित्यको प्रारम्भिक प्रचेष्ठा | २०४६ | बालसाहित्य | २ | |
| ७८ | समालोचना | प्रल्हाद भक्ति कथाको प्रकाशन साल | २०४६ | मधुपर्क | २२ | ७ |
| ७९ | समालोचना | शम्भुप्रसादको आख्यानकारिता | २०४१ | गरिमा | ८ | ४ |
| ८० | समालोचना | (स.ले.) आशुकवि शम्भुप्रसादको परिचय (पुस्तक) | २०४६ | | | |
| ८१ | समालोचना | (स.सम्पा.) प्राचीन नेपाली पद्य (पुस्तक) | २०४६ | | | |
| ८२ | समालोचना | मोतीराम भट्टको 'बालाजी वर्णन' | २०४७ | मधुपर्क | २३ | ४ |
| ८३ | समालोचना | नेपालीमा बङ्गला स्रोतका आख्यान | २०४७ | गरिमा | ८ | ९ |
| ८४ | समालोचना | नवयुगको सूत्रपातको रूपमा प्रकाशन योजना | २०४७ | मिर्मिरे | | ४८ |
| ८५ | समालोचना | (स.सम्पा.) प्राचीन नेपाली गद्य (पुस्तक) | २०४७ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८६ | लेख | बाबुराम आचार्य र उनका कविता (पुस्तक) | २०४७ | | | |
| ८७ | समालोचना | नेपालीका दुई नेवार कवि: सिद्धिदास र जोगवीर | २०४७ | प्रज्ञा | | ७२ |
| ८८ | समालोचना | विज्ञापन मोतीराम भट्ट | २०४७ | गोरखापत्र | | |
| ८९ | समालोचना | शम्भुका दृष्टिमा मोती | २०४८ | गोरखापत्र | | |
| ९० | समालोचना | उषाचरित्रको समर्पण र देवीप्रसाद | २०४८ | मधुपर्क | २३ | १२ |
| ९१ | समालोचना | कवि वीरेन्द्रकेशरी अर्याल र उनका कविता | २०४८ | नेपाल | २२ | ११ |
| ९२ | समालोचना | बिर्सिएका पुराना कवि र कविता | २०४८ | मधुपर्क | २४ | ४ |
| ९३ | समालोचना | आत्मपरिचयको आलोकमा चक्रपाणिका कृतिहरू | २०४८ | उन्नयन | | ६ |
| ९४ | समालोचना | श्रीरङ्ग शर्मा भट्टराई | २०४९ | भट्टराई वंश दर्पण | | |
| ९५ | समालोचना | स्व.कवि लेखकहरूको सङ्क्षिप्त परिचय | २०४९ | राष्ट्रभाषा | २ | |
| ९६ | समालोचना | मोतीराम भट्टका थप समस्यापूर्ति | २०४९ | रश्मि | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९७ | समालोचना | गिरिशवल्लभ जोशीको सत्यनागचरित्र नाटक | २०४९ | प्रज्ञा | २१ | ७६ |
| ९८ | समालोचना | (स. सम्पा.) आदिकवि भानुभक्ताचार्यको जीवनचरित्र (पुस्तक) | २०४९ | | | |
| ९९ | भूमिका | दुई कुरा | २०५० | अं.रा.सं. | | |
| १०० | समालोचना | मोतीदेवी प्रसङ्गको लहरो | २०५० | कान्तिपुर | | |
| १०१ | समालोचना | एक अचर्चित साहित्यसेवी शिवप्रताप थापा | २०५० | कान्तिपुर | | |
| १०२ | समालोचना | साहित्यानुसन्धान : विकासक्रम, समस्या र समाधान | २०५० | मधुपर्क | २६ | ५ |
| १०३ | समालोचना | वैजनाथ सेढाइँलाई नबिसौं | २०५० | कान्तिपुर | | |
| १०४ | समालोचना | नेपाली वाङ्मयको विकासमा लामिछाने वन्धुहरूको योगदान | २०५० | कान्तिपुर | | |
| १०५ | समालोचना | शालीग्राम गौतम : एक विस्मृत व्यक्तित्व | २०५० | कान्तिपुर | | |
| १०६ | समालोचना | ओफेलमा परेका विष्णुचरण श्रेष्ठ | २०५० | कान्तिपुर | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०७ | समालोचना | साहित्यसेवी भैरवप्रसाद | २०५० | गोरखापत्र | | |
| १०८ | समालोचना | 'अशोक सुन्दरी' को अप्रकाशित भूमिका | २०५० | कान्तिपुर | | |
| १०९ | लेख | 'भारत जीवन'का नेपाल सामग्रीहरू | २०५० | समीक्षा शोधधर्म | | २ |
| ११० | समालोचना | पुण्यनाथलाई पनि सम्झौं | २०५१ | कान्तिपुर | | |
| १११ | समालोचना | नेपालीमा अरबी फारसी स्रोतका आख्यान | २०५१ | गरिमा | १२ | ५ |
| ११२ | समालोचना | रेवतीप्रसादको अधुरो चिनारी | २०५१ | कान्तिपुर | | |
| ११३ | लेख | गोरखापत्रका प्रथम सम्पादकः साधुराम देवकोटा | २०५१ | गोरखापत्र | | |
| ११४ | समालोचना | चानक भाषा श्लोकको अपहरण | २०५१ | कान्तिपुर | | |
| ११५ | समालोचना | कपिलमुनि शिवाकोटी र उनको मनिषाकर नीति | २०५१ | कान्तिपुर | | |
| ११६ | समालोचना | गजल लेखन परम्परा र दुई अचर्चित गजलकार | २०५१ | प्रज्ञा | २३ | |
| ११७ | समालोचना | 'सुक्ति-सिन्धु' अघिका कविता सङ्ग्रहहरू | २०५१ | मधुपर्क | २७ | ७ |
| ११८ | लेख | आन्डर्सनका | २०५१ | कान्तिपुर | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कथानुवादबारेको भ्रम निवारण | | | | |
| ११९ | समालोचना | गद्याख्यानको विकासमा गोरखापत्रको योगदान | २०५२ | गोरखापत्र | | |
| १२० | समालोचना | आचार्य बन्धुबारे केही कुरा | २०५२ | गोरखापत्र | | |
| १२१ | लेख | ९५ औं वर्ष प्रवेशाङ्क | २०५२ | गोरखापत्र | | |
| १२२ | समालोचना | भोजराज पाण्डेलाई नबिसौं | २०५२ | कान्तिपुर | | |
| १२३ | कविता | (सम्पा.) जोग मण्डलीका कवि र कविता (पुस्तक) | २०५२ | | | |
| १२४ | समालोचना | मोतीमित्र तेजबहादुर राना | २०५२ | नेपाली | | १४३ |
| १२५ | समालोचना | विस्मृत हुन लागेका डमरुवल्लभ | २०५२ | गरिमा | १३ | १० |
| १२६ | समालोचना | कवि तीर्थराज पाण्डेको नालीबेली | २०५२ | कान्तिपुर | | |
| १२७ | समालोचना | मोतीराम भट्टको मृत्युमा शोक कविता | २०५२ | गोरखापत्र | | |
| १२८ | लेख | गरेका र गर्नुपर्ने कुरा | २०५३ | गोरखापत्र | | |
| १२९ | लेख | काशी र उदय | २०५३ | का.स्मृ.ग्र. | | |
| १३० | समालोचना | मोतीरामको एउटा प्रतिबन्धित रचना | २०५३ | समकालीन साहित्य | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३१ | समालोचना | छविलाल सुरी : एक परिचय | २०५२ | नेपाल | १८ | ३ |
| १३२ | समालोचना | काशीका नेपालीका प्रेस | २०५३ | गरिमा | १५ | १ |
| १३३ | इतिहास | (स.सम्पा.) बुइँगलको एउटा बाकस | २०५३ | | | |
| १३४ | इतिहास | (स.सम्पा.) अर्को एउटा बुइँगल | २०५३ | | | |
| १३५ | लेख | (स.ले.) नेपाली किताब प्रकाशन र खपतको इतिहास | २०५४ | नेपाली | | १५१ |
| १३६ | लेख | एकेडेमी स्थापनाबारे ओझेलमा परेका तथ्य | २०५६ | समकालीन साहित्य | ९ | ३ |
| १३७ | समालोचना | केबलानन्द र उनका कृतिबारे | २०५६ | नेपाली | १६० | |
| १३८ | समालोचना | सवाई परम्परा; 'जर्मनीका लडाइँको सवाई' | २०५८ | प्रज्ञा | ३२ | |
| १३९ | समालोचना | मेरो लण्डन राजतिलक यात्राः यात्रा साहित्यको कोसेढुङ्गा | २०५८ | समकालीन साहित्य | ११ | ३ |
| १४० | समालोचना | खोजी अनि व्याख्या ( पुस्तक) | २०५६ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४१ | समालोचना | ओझेलमा परेकाहरू (पुस्तक) | २०५६ | | | |
| १४२ | समालोचना | सानो चिनारी नरदेव पाण्डेको (पुस्तक) | २०६० | | | |

# तेस्रो परिच्छेद

# शरद्चन्द्र शर्मा भट्टराईका समालोचनात्मक कृतिहरूको विश्लेषण

## ३.१ पृष्ठभूमि

नेपाली समालोचनाको आधुनिक कालमा गहन भूमिका खेल्ने समीक्षक शरद्चन्द्र शर्मा भट्टराई (१९८७-२०६०) नेपाली समालोचनाको इतिहासमा साहित्यिक सामग्रीको शोधखोजपरक समालोचकका रूपमा स्थापित व्यक्तित्व हुन् । नेपाली समालोचनामा आफ्नो विशिष्ट पहिचान कायम राख्न सफल शर्मा भट्टराईले समालोचनाका अतिरिक्त नेपाली साहित्यका विभिन्न विधामा हात हालेका छन् । उनी साहित्य लेखनबाट भन्दा बढी समालोचना लेखनबाट परिचित छन् । वि.सं. २०१९ सालपछिका समयमा समालोचना लेखन क्षेत्रमा प्रवेश गरेका शर्माका समालोचनात्मक कृतिहरू यस प्रकार छन् - **बसाइँ परिचय** (२०१९), **रसिकको लगन एक अध्ययन** (२०२२), **भिखारी सहायक** (२०२४), **बाह्र फूल एक गुच्छा** (२०२५), **नाटक;एकाङ्की विचरण** (२०३३), **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल २०३७), **प्राचीन गद्याख्यान** (२०४२), **नेपाली वाङ्मय केही खोजी केही व्याख्या** (२०४४) **कवि बाबुराम आचार्य र उनका कविता** (२०४७), **माध्यमिक नेपाली गद्याख्यान** (२०५०), **खोजी अनि व्याख्या** (२०५६), **ओभ्रेलमा परेकाहरू** (२०५६) र **सानो चिनारी नरदेव पाण्डेको** (२०६०) । उनका यी पुस्तकाकार कृतिबाहेक फुटकर लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । समालोचनाका अतिरिक्त सम्पादित पुस्तकहरू, सहसम्पादित पुस्तकहरू र सम्पादित पत्रिकाहरू पनि प्रकाशमा आएका छन् । असुरक्षाका कारणले नष्ट भएर जान लागेका नेपाली साहित्यका सामग्रीहरूलाई अन्वेषण गर्ने, सम्पादन र समीक्षण गर्ने र संरक्षण गर्ने क्रममा कशघ (कमल दीक्षित, शरद्चन्द्र शर्मा भट्टराई र घटराज भट्टराई) को

सहसम्पादनमा **फेरी अर्को बुइँगल**, **बुइँगलको बाकस**जस्ता सामग्रीहरू पनि प्रकाशित भएका छन् । त्यस्तै, समीक्षक शर्माले लेखेका आफ्ना एवम् अरू साहित्यकारहरूका विभिन्न विधाका साहित्यिक भूमिका र मन्तव्यहरूमा समेत अत्यन्त गहन समीक्षात्मक टिप्पणीहरू पाइन्छन् ।

## ३.२ शरद्चन्द्र शर्मा भट्टराईका समालोचनात्मक कृतिहरूको वर्गीकरण

जुनसुकै कृतिको वर्गीकरण गर्दा कृतिगत वैशिष्ट्यका आधारमा गर्ने गरिन्छ । कृतिगत विशेषता भित्रै लेखकको प्रवृत्ति र विशेषता पनि छिपेको हुन्छ । शरद्चन्द्र शर्मा भट्टराईका समग्र कृतिभित्र विभिन्न विशेषताहरू रहेका छन् र ती विशेषता उनका समालोचकीय विशेषताहरू हुन् । निहित विशेषताका आधारमा उनका समालोचनात्मक पुस्तकाकार कृतिहरूको वर्गीकरण यसप्रकार गरिएको छ ।

### ३.२.१ कृतिपरक समालोचनात्मक पुस्तकाकार कृति

#### ३.२.१.१ कृतिपरक समालोचना पद्धति

कृतिपरक समालोचना पद्धति कृतिलाई समालोचनाको मूल आधार मानेर गरिने समालोचना पद्धति हो । समालोचनाका क्रममा समालोचकले कृतिलाई सम्पूर्ण वस्तुका रूपमा लिन्छ । कृतिमा मात्र केन्द्रित रहेर त्यस कृतिको समीक्षा समालोचना गर्दछ । कृति विश्लेषणका क्रममा यस समालोचना पद्धतिले कृतिबाहेकका सम्पूर्ण पक्षलाई अलग गरी निरपेक्ष रूपमा कृतिको विश्लेषण गर्दछ (एटम; २०६१:२१८) । यस किसिमको समालोचना गर्दा कृतिले पारेको प्रभावका आधारमा व्याख्या, विश्लेषण र मूल्याङ्कन गरिन्छ, यसलाई प्रायोगिक समालोचना पनि भन्ने गरिन्छ ।

#### ३.२.१.२ शरद्चन्द्र शर्मा भट्टराईका कृतिपरक समालोचना

शरद्चन्द्र शर्मा भट्टराईले सुरुमा कृतिपरक समालोचनामा कलम चलाएका थिए । उनले वि.सं.२०१९ सालमा नेपाली विषयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेपछि र आफू प्राध्यापन क्षेत्रमा समर्पित भएपछि तत्कालीन

विद्यार्थीहरूको मागलाई पूर्ति गर्ने उद्देश्यले विभिन्न तहका नेपाली विषयका पाठ्यपुस्तकको सहायक सामग्रीका रूपमा समालोचना लेखेका छन् । उनले लेखेका कृतिपरक समालोचना नेपाली साहित्यका सबैजसो विधा (उपन्यास, कथा, कविता, नाटक, एकाङ्की) सँग सम्बन्धित छन् । उनका कृतिपरक समालोचनामा कृतिको व्यापक व्याख्या र विश्लेषणसहित मूल्याङ्कन गरिएको छ । उनका वि.सं. २०१९ देखि २०३३ सम्ममा लेखिएका कृतिपरक समालोचनात्मक पुस्तकाकार कृतिहरू यसप्रकार छन् :

- बसाइँ परिचय (२०१९)
- रसिकको लगन एक अध्ययन (२०२२)
- भिखारी सहायक (२०२४)
- बाह्र फूल एक गुच्छा (२०२५)
- नाटक; एकाङ्की विचरण (२०३३)

## ३.२.२ साहित्यिक इतिहासपरक खोजअनुसन्धानमूलक समालोचनात्मक पुस्तकाकार कृति

### ३.२.२.१ साहित्य इतिहासपरक समालोचना पद्धति

कुनै पनि साहित्यकार र उसको साहित्यिक कृतिको मूल्याङ्कन इतिहासका सापेक्षतामा गर्ने पद्धति साहित्योतिहासपरक समालोचना पद्धति हो । यस समालोचना पद्धतिमा विश्वास गर्नेहरूका अनुसार कुनै पनि कृति र कृतिकारको महत्त्व र योगदान इतिहासका सापेक्षतामा हेरिनु पर्दछ । इतिहास एक सतत् यात्रा हो, प्रत्येक प्रतिभा त्यसै इतिहासका एक थप इँटा हुन् । त्यसैले, व्यक्ति इतिहासमा आएर आफ्नो पहिचान प्रस्तुत गर्दछ । त्यही सिद्धान्तका आधारमा कृतिको स्थान निर्धारण गरिनुपर्छ भन्ने यस समालोचना पद्धतिको मान्यता रहन्छ (एटम; २०६१:२१८) । साहित्यका विभिन्न विधाहरू छन् । साहित्यकारको कुनै कृतिको मूल्याङ्कन गर्दा त्यस विधामा त्यसपूर्व आएका सम्पूर्ण कृतिहरूलाई हेरी तिनीहरूले बोकेका प्रवृत्ति र छाडेको

प्रभावलाई हेरी समालोच्य कृतिलाई विश्लेषण गर्नुपर्दछ र परम्पराका सापेक्षतामा त्यसको स्थान निर्धारण गर्नुपर्दछ । यसै सिद्धान्तका आधारमा गरिने समालोचनालाई साहित्येतिहासपरक समालोचना पद्धत्ति भनिन्छ ।

#### ३.२.२.२ शरद्चन्द्र शर्मा भट्टराईका साहित्येतिहासपरक समालोचना

शरद्चन्द्र शर्मा भट्टराईले वि.सं. २०३७ देखि साहित्येतिहासपरक खोजअनुसन्धानमूलक समालोचना लेखनतर्फ लागेका हुन् । यस पछाडिको सिङ्गो समालोचनायात्राभरी नै साहित्येतिहासपरक खोजअनुसन्धानमूलक थुप्रै समालोचनात्मक कृतिहरू लेखेका छन् । उनका साहित्येतिहासपरक समालोचना बढी मात्रामा प्राचीन तथा माध्यमिक कालखण्डसित सम्बन्धित छन् । उनका वि.सं. २०३७ देखि २०५६ सम्ममा लेखिएका साहित्येतिहासपरक खोजअनुसन्सानमूलक समालोचनात्मक पुस्तकाकार कृतिहरू यसप्रकार छन् -

- **नेपाली साहित्यको इतिहास 'माध्यमिक काल'** (२०३७)
- **प्राचीन गद्याख्यान** (२०४२)
- **नेपाली वाङ्मय केही खोजी केही व्याख्या** (२०४४)
- **माध्यमिक नेपाली गद्याख्यान** (२०५०)
- **खोजी अनि व्याख्या** (२०५६)

### ३.२.३ साहित्यिक स्रष्टापरक खोजअनुसन्धानमूलक समालोचनात्मक पुस्तकाकार कृति

#### ३.२.३.१ साहित्यिक स्रष्टापरक समालोचना पद्धति

साहित्य सर्जकलाई स्रष्टा भनिन्छ अथवा जसले साहित्यको रचना गर्दछ त्यसलाई स्रष्टा भनिन्छ । स्रष्टालाई मूल आधार बनाएर गरिने समालोचना पद्धतिलाई स्रष्टापरक समालोचना पद्धति भनिन्छ । स्रष्टापरक समालोचना भनेको सिर्जनाको सापेक्षतामा सर्जकलाई हेर्ने र सिर्जनाकारको अध्ययनबाट कृतिको अनुशीलन गर्ने विधि हो (अधिकारी; २०६१:२७) ।

साहित्य मूलतः सर्जकको वैयक्तिक भावना, जीवनका भोगाइ, सुख-दुःख, हाँसो र आँशुको अभिव्यक्ति हो । तिनै भावनालाई भाषाका माध्यमबाट सिर्जनामा व्यक्त गरिएको हुन्छ । सर्जकले आफूलाई कृतिबाट जतिसुकै अलग राख्न खोजे पनि र रचनालाई जतिसुकै निर्वैयक्तिक बनाउन खोजे पनि भोगाइकै अभिव्यक्तिकै रूपमा आएको हुन्छ (एटम; २०६१:२१७) । त्यसैले कृतिलाई विश्लेषण गर्दा र अझ त्यसभित्रको वास्तविकतालाई बुझ्न खोज्दा स्रष्टालाई बुझ्नु आवश्यक हुन्छ भन्ने मान्यता स्रष्टापरक समालोचना पद्धतिले राख्दछ ।

### ३.२.३.२ शरद्चन्द्र शर्मा भट्टराईका साहित्यिक स्रष्टापरक समालोचना

शरद्चन्द्र शर्मा भट्टराईले आफ्नो समालोचनायात्रामा साहित्यिक स्रष्टापरक खोजअनुसन्धानमूलक समालोचना पनि लेखेका छन् । उनका साहित्यिक स्रष्टापरक समालोचनात्मक कृतिमा प्राचीन काल र विशेषतः माध्यमिक कालमा आफ्नो समयमा योगदान भएर पनि बिर्सन थालिएका स्रष्टाहरूलाई चिनाउने प्रयास भएको छ । कुनै समयमा प्रसिद्धिको शिखरमा पुगेका र समयको अन्तरालमा ओझेलमा पर्न आएका प्रतिभाहरू एवम् सिर्जन सौष्ठव सम्पन्न भएर पनि सधैँ ओझेलमा परेका स्रष्टासाधकहरूबारे शोधखोज चलाएर उनीहरूका कृति र स्रष्टाव्यक्तित्वलाई पुनर्जीवित गराउने प्रयासमा आएका उनका स्रष्टापरक कृतिहरू नेपाली भाषा साहित्यको इतिहासमा महत्त्वपूर्ण स्वीकृति हुन् । उनका साहित्यिक स्रष्टापरक कृतिका प्रकाशनले नेपाली साहित्यमा नयाँ सूचना थप गर्नुका साथ नेपाली साहित्यलाई नयाँ प्रकाशमा राख्ने काम गरेका छन् । उनका खोजपरक पुस्तकका प्रस्तुतिले ओझेलमा परेकाहरूका कृतिको परिचय दिँदै उनीहरूका स्रष्टा व्यक्तित्वलाई चिनाउने र साहित्यिक इतिहासमा स्थापित गर्ने साँचो प्रयास गरेका छन् । उनका साहित्यिक स्रष्टापरक खोजअनुसन्धानमूलक समालोचनात्मक पुस्तकाकार कृतिहरू यसप्रकार छन् -

- **कवि बाबुराम आचार्य र उनका कविता** (२०४७)
- **ओझेलमा परेकाहरू** (२०५६)
- **सानो चिनारी नरदेव पाण्डेको** (२०६०)

यसरी शरद्चन्द्र शर्मा भट्टराईको समालोचनात्मक पुस्तकाकार कृतिहरूलाई कृतिगत विशेषताका आधारमा वर्गीकरण गरेर हेर्दा कृतिपरक समालोचनात्मक पुस्तकाकार कृति, साहित्य इतिहासपरक खोजअनुसन्धानमूलक समालोचनात्मक पुस्तकाकार कृति र साहित्यिक स्रष्टापरक खोजअनुसन्धानमूलक समालोचनात्मक पुस्तकाकार कृति गरी तीन भागमा विभाजन गर्न सकिन्छ । उनका समालोचकीय पुस्तकाकार कृतिको अध्ययन गर्दा कालक्रमिकताका आधारमा नभई यही कृतिगत वर्गीकरणका आधारमा विश्लेषण गरिएको छ ।

## ३.३ शरद्चन्द्र शर्मा भट्टराईका कृतिपरक समालोचनात्मक पुस्तकाकार कृतिको विश्लेषण

### ३.३.१ *बसाइँ परिचय* (२०१९) को विश्लेषण

#### ३.३.१.१ कृतिगत विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराईको समालोचकीय लेखन यात्रा यसै **बसाइँ परिचय** (२०१९) बाट सुरु भएको हो । यो नै उनको प्रथम प्रकाशित समालोचनात्मक पुस्तकाकार कृति हो । एडुकेशनल इन्टरप्राइजद्वारा प्रकाशित **बसाइँ परिचय** (२०१९) मा लीलबहादुर क्षेत्रीको सामाजिक उपन्यास **बसाइँ** (२०१४) को विविध कोणबाट विवेचना गरिएको छ ।

तत्कालीन समयमा पाठ्यपुस्तकसम्बन्धी सहायक सामग्री तयार गर्ने उद्देश्यले यो पुस्तिका लेखिएको थियो । यस सम्बन्धमा लेखकको भनाई 'दुईकुरा' शीर्षकमा भनिएको छ- *नेपाली भाषाका पाठ्यपुस्तकहरूको समीक्षाग्रन्थहरूको अभाव छ भन्ने कुरा सुविदित तथ्य हो । विद्यार्थीहरूको*

*कठिनाइ कम गर्ने प्रयासमा (या भनौँ आफ्नै लहडमा) इण्टरणको नेपाली पाठ्यक्रममा रहेको एक सानो उपन्यास (बसाइँ) बारे केही कोर्दा कोर्दै यो पुस्तिका जन्म्यो* (शर्मा भट्टराई; २०१९: क) ।

शरद्चन्द्र शर्मा भट्टराईद्वारा लेखिएको **बसाइँ परिचय**मा निम्नलिखित शीर्षकहरू छन् - 'साहित्यमा उपन्यासको स्थान', 'नेपाली उपन्यास : बसाइँ', 'बसाइँको कथावस्तु', 'चरित्रहरू', 'उद्देश्य या वीज' 'देशकाल तथा वातावरण', 'शैली भाषा आदिमा विचार', 'उपन्यासमा कथोपकथन' ।

'साहित्यमा उपन्यासको स्थान' शीर्षकमा उपन्यास साहित्यसँग हाम्रो परिचय यूरोपतिर बाट नै भएको हो भन्दै शरद्चन्द्र शर्मा भट्टराईले सत्यको विविध रूपको चित्रणद्वारा मानवजीवनलाई स्वस्थ, उदात्त बनाउन मद्दत गर्ने एक सशक्त रसिलो साधन उपन्यास पुरानो समयमा महाकाव्यको जुन स्थान थियो आज एक सफल उपन्यासको समाजमा उही महत्त्वपूर्ण स्थान रहेको विचार व्यक्त गरेका छन् । उनले कुनै पनि उपन्यासको महत्त्वको मूल्याङ्कन चाहिँ तत्त्वको विचारबाट, चरित्रचित्रण (पात्र), कथोपकथन, उद्देश्य (वीज), देशकाल अनि शैली, भाषाको उपयुक्तताको विवेचनाको आधारमा नियालेर मात्र गर्न सकिने धारणा पनि यस शीर्षकमा व्यक्त गरेका छन् ।

शरद्चन्द्र शर्मा भट्टराईले 'बसाइँ परिचय' का अन्य शीर्षकहरू औपन्यासिक तत्त्वका आधारमा राखेका छन् । जसमा 'बसाइँको कथावस्तु' शीर्षकमा बसाइँ उपन्यासको कथावस्तुलाई सारसङ्क्षेपमा उतारिएको छ । चरित्रचित्रण पनि उपन्यासमा भएजस्तै किसिमले गरिएको छ । बसाइँ लेखनको उद्देश्य, बसाइँको देशकाल तथा वातावरण, **बसाइँ उपन्यास**मा प्रयुक्त भाषाशैलीको चर्चा गर्दै उपन्यासले भन्न खोजेको कुरालाई 'उपन्यासमा कथोपकथन' शीर्षकमा सविस्तार व्याख्या गरिएको छ ।

'नेपाली उपन्यास : बसाइँ' शीर्षकमा रूपमती (१९९१) देखि प्रारम्भ भएको सामाजिक मौलिक उपन्यासको परम्परा विकसित हुदै आएको भए पनि स्तरीय उपन्यासको कमी खट्किएको उल्लेख छ । हृदयचन्द्रसिंहको 'स्वास्नी मान्छे' देखि रवीन्द्र मोक्तानको 'वरको भोको भूत' सम्म सत्ताइसओटा उपन्यासहरूको चर्चा गर्दै नेपाली जनजीवन र वातावरणको चित्रणमा **बसाइँ** उपन्यास सफल भएको धारणा व्यक्त गरिएको छ ।

#### ३.३.१.२ निष्कर्ष

शरद्चन्द्र शर्मा भट्टराईले लीलबहादुर क्षेत्रीको **बसाइँ** उपन्यासको औपन्यासिक तत्त्वका आधारमा सरल र सरस भाषामा विश्लेषण गरेर उपन्यासको मर्मलाई छर्लङ्ग पारिदिएका छन् । तत्कालीन समयमा **बसाइँ** को सामान्य चर्चा मात्र हुने गरेको अवस्थामा उनले पुस्तकाकार रूपमै समालोचनात्मक कृति तयार पार्नु उल्लेखनीय कार्य हो ।

### ३.३.२ *रसिकको लगन एक अध्ययन* (२०२२) को विश्लेषण

#### ३.३.२.१ कृतिगत विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराई र चूडामणि रेग्मीद्वारा संयुक्त रूपमा लेखिएको 'रसिकको लगन एक अध्ययन' नामक समालोचनात्मक कृति वि.सं. २०२२ सालमा रत्न पुस्तक भण्डारबाट प्रकाशित भएको थियो । विशेषतः तत्कालीन स्नातक तहका विद्यार्थीहरूको मागलाई लिएर पाठ्यपुस्तकको सहायक पुस्तिकाका रूपमा लेखिएको कुरा यस पुस्तकको प्रस्तावनामा जनाइएको भए तापनि अच्छा राई रसिक र उनको उपन्यासको अध्ययन गर्ने जो सुकैका लागि पनि उत्तिकै उपयोगी देखिन्छ । १०८ पृष्ठमा संरचित यस

पुस्तकमा अच्छा राई रसिक (१९८५-२००९) को सामाजिक उपन्यास **लगन** (२०२१) को औपन्यासिक तत्त्वका आधारमा विश्लेषण तथा मूल्याङ्कन गरिएको छ ।

पुस्तकको प्रारम्भमा उपन्यासको सैद्धान्तिक पक्षमा चर्चा परिचर्चा गरिएको छ । जसमा, 'उपन्यासको उत्पत्ति र विकास', 'उपन्यासको परिभाषा', 'उपन्यासको किसिम', 'उपन्यास र साहित्यका अरू विधा' (कथा र उपन्यास, उपन्यास र नाटक, उपन्यास र इतिहास) बीच तुलना गर्दै उपन्यासका तत्त्वहरूको समेत निरूपण गरिएको छ । त्यसपछि वि.सं. २००७ सालभित्र लेखिएका आधुनिक नेपाली उपन्यासहरूको सामान्य चर्चा गर्दै **लगन** उपन्यासको मूल्याङ्कन तथा स्थान निर्धारण गरिएको छ । लेखकद्वयले लगनको मूल्याङ्कनलाई 'नेपाली उपन्यासमा लगन' शीर्षकमा निम्नलिखित बुँदामा यसरी प्रस्तुत गरेका छन् -

- *यो उपन्यास क्रान्तिकारी भावनाले र जाति सुधारका भावनाले ओतप्रोत छ । यसभन्दा बढी कुरा अरू उपन्यासमा पाइँदैन ।*
- *लगनमा दार्जिलिङको वातावरणलाई सम्पूर्ण रूपमा देखाउन कोशिश गरिएको छ र वास्तवमा रूपनारायण र वाङदेलका उपन्यासहरूमा भन्दा विस्तृत एवम् स्पष्ट छ ।*
- *यो आदर्शोन्मुख उपन्यास हो । यसमा जस्तो दृढ चरित्र र कर्तव्यपरायण नायक अरूमा छैनन् ।*
- *वीर चरित्रबाहेक त्यस समयसम्मका उपलब्ध उपन्यासहरूमा सबैभन्दा ठूलो आकारमा लगन नै छ । २० वर्षको युवकले सानै उमेरमा यति ठूलो उपन्यास लेखेर धैर्य एवम् प्रतिभाको परिचय दिएका छन् (शर्मा भट्टराई र रेग्मी; २०२३:१४) ।*

'अच्छा राई रसिक : जीवनी र कृति' शीर्षकमा लेखकद्वयले वि.सं. १९८५ असोज २६ गते दार्जिलिङमा जन्मिएर २० वर्षको मात्र आयु पाएका

एक असाधारण प्रतिभा अच्छा राई रसिकको जीवनी र बहुआयामिक व्यक्तित्वमाथि प्रकाश पारेका छन् । त्यस्तै, रसिकले लेखेका दुई उपन्यासका अतिरिक्त सम्वाद, चिट्ठी, कविता, निबन्ध र समालोचनाहरूको विश्लेषण गर्दै उनको भाषिक शैली र सामर्थ्यको उद्‌घाटन गरिएको छ । 'लगन कथा र कथानक' शीर्षकमा उपन्यासको कथावस्तुलाई सारसङ्क्षेपमा जस्ताको तस्तै उतारिएको छ । 'चरित्रचित्रण' शीर्षकमा उपन्यासमा प्रयुक्त पात्रपात्राहरूको चिनारी दिइएको छ । 'कथोकथन' शीर्षकमा उपन्यासले भन्न खोजेको कुरालाई व्यक्त गरिएको छ । 'देशकाल, शैली र उद्देश्य' शीर्षकमा लगन लेख्दाको समय-परिस्थिति, लगनमा प्रयुक्त भाषा र लगन लेख्नुको उद्देश्यमाथि सामान्य चर्चा गरिएको छ । 'लगन एक सर्वेक्षण' शीर्षकमा लगन उपन्यासको चर्चा परिचर्चाको निष्कर्ष निकालिएको छ । उक्त शीर्षकका कोणबाट 'लगन' उपन्यासको व्याख्या विवेचना गर्दै सबल दुर्बल पक्षमाथि प्रकाश पारिएको छ । पाठ्यपुस्तकको सहायक सामग्री भएकाले अन्त्यमा सम्भावित प्रश्नहरू समावेश गरेर यस कृतिलाई परीक्षामुखी बनाउने प्रयत्न गरिएको छ ।

### ३.३.२.२ निष्कर्ष

शरद्‌चन्द्र शर्मा भट्टराई र चूडामणि रेग्मीले अच्छा राई रसिकको 'लगन' उपन्यासको औपन्यासिक तत्त्वका आधारमा सरल र सरस भाषामा विश्लेषण गरेर उपन्यासको मर्मलाई छर्लङ्ग पारिदिएका छन् । लेखकद्वयले लगन उपन्यासको विश्लेषण गर्ने क्रममा उपन्यासको सैद्धान्तिक पक्षको चर्चा परिचर्चा गर्दै उपन्यास र साहित्यका अरू विधा बीच तुलना गरेर उपन्यासको महत्त्वलाई प्रकाश पारेका छन् । उनीहरूले यस कृतिमा अच्छा राई रसिकको जीवनी र बहुआयामिक व्यक्तित्वमाथि प्रकाश पार्दै उनले लेखेका उपन्यासका अतिरिक्त उनका सम्वाद, चिट्ठी, कविता, निबन्ध र समालोचनाको विश्लेषण गर्दै उनको भाषिक शैली र प्रस्तुतीकरण सामर्थ्य

उच्च रहेको निष्कर्ष निकालेका छन् । यसर्थले रसिकको लगन एक अध्ययन कृतिपरक समालोचना हुँदाहुँदै पनि उपन्यासको सैद्धान्तिक पक्ष र रसिकको समग्र साहित्यिक व्यक्तित्वलाई चिन्न चाहने सबैलाई यो कृति उपयोगी नै छ । तत्कालीन समयमा **लगन** उपन्यासको सामान्य चर्चा हुने गरेको स्थितिमा लेखकद्वयले सिङ्गो पुस्तकाकार रूपमै समालोचनात्मक कृति तयार गरेर उपन्यासको मर्म बोधलाई छर्लङ्ग पार्नु उल्लेखनीय कार्य हो ।

### ३.३.३ *बाह्र फूल एक गुच्छा* (२०२५) को विश्लेषण

#### ३.३.३.१ कृतिगत विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराई र तीर्थराम झाद्वारा संयुक्त रूपमा लेखिएको **बाह्र फूल एक गुच्छा** नामक समालोचनात्मक कृति वि.सं.२०२५ सालमा रत्न पुस्तक भण्डार काठमाडौँबाट प्रकाशित भएको थियो । विशेषत : तत्कालीन प्रविणता प्रमाणपत्र तहको अनिवार्य नेपालीको सहायक पाठ्यपुस्तकका रूपमा लेखिएको कुरा प्रस्तावनामा लेखद्वयले नै उल्लेख गरेका छन् । यसमा विभिन्न कृतिहरूको समीक्षा शरद्चन्द्र शर्मा भट्टराईले गरेका छन् भने व्याकरण तर्फको लेखन तीर्थराम झाले गरेका छन् । जसमा शरद्चन्द्र शर्मा भट्टराईका समीक्षाहरू 'नासो कथा सङ्ग्रहको प्रकाश', 'बसाइँ उपन्यास' को विश्लेषण, 'मुकुन्द इन्दिरा' नाटकको विश्लेषण, 'नवरत्न कथा सङ्ग्रह' को विश्लेषण हुन् ।

शरद्चन्द्र शर्मा भट्टराईले नासो शीर्षकमा सुरुमा 'कथाको परिभाषा', 'कथाको विकास', 'कथाका आवश्यक तत्त्वहरू' को परिचय दिएका छन् । 'कथाकार मैनाली' शीर्षकमा गुरूप्रसाद मैनालीको चिनारी दिइएको छ । 'नासोको सामान्य परिचय र शीर्षक' मा नासो कथाको परिचय दिँदै यसको शीर्षकीकरणमाथि प्रकाश पारिएको छ । अन्त्यमा नासोको कथासार सारांशमा दिइएको छ । 'छिमेकी' शीर्षकमा छिमेकी कथाको सामान्य परिचय दिँदै छिमेकी कथाको सारांश दिइएको छ । प्रायश्चित कथाको परिचयात्मक

सारांश दिइएको छ । पापको परिणाम कथाको सारांश दिइएको छ । त्यस्तै, 'परालको आगो' कथाको विभिन्न कोणको समीक्षा गर्दै कथाको सारांश दिइएको छ । 'अभागी कथा', 'शहीद कथा' र 'कर्तव्य' कथाको परिचयात्मक सारांश दिइएको छ । 'कर्तव्य' र 'प्रत्यागमन' कथाको तुलनात्मक अध्ययन गर्दै प्रत्यागमन र चिताको ज्वाला कथाको सारांश दिइएको छ । उनले गुरूप्रसाद मैनालीका 'चिताको ज्वाला' र 'प्रेमसम्बन्धी अरू कथा' बारे तुलनात्मक अध्ययन गर्दै मैनालीका प्रेमसम्बन्धी सबै कथाका नायिकाहरू चिताको ज्वाला नजिक पुगेका छन् वा नायिकाहरूले आत्महत्या गर्न विवश छन् भन्ने कुराको निष्कर्षसमेत निकालेका छन् ।

शरद्चन्द्र शर्मा भट्टराईले रुद्रराज पाण्डेले लेखेका विभिन्न पाँचओटा एकाङ्कीको सङ्ग्रह 'हाम्रो गौरव' को विभिन्न कोणले विश्लेषण गरेका छन् । उनले 'हाम्रो गौरव एकाङ्की सङ्ग्रह एक परिचय' नामक मूल शीर्षक राखेर यसका विभिन्न उपशीर्षकमा यस सङ्ग्रहको चर्चा गरेका छन् । सुरुमा लेखकको परिचय दिइएको छ । 'नेपालमा वीरपूजाको परम्परा' उपशीर्षकमा नेपालमा विभिन्न समयमा चर्चाको शिखरमा पुगेका वीरहरूको गुणगान इतिहासमा गरिँदै आएको तथ्यलाई उजागर गरिएको छ । 'एकाङ्की नाटकबारे चर्चा' उपशीर्षकमा समग्र एकाङ्कीको निष्कर्ष दिइएको छ । लिच्छवि, मल्ल, शाहवंशका गरी जम्मा ५ चरित्रहरू राजा नरेन्द्रदेव, राजा जयस्थिति मल्ल, महारानी चन्द्रप्रभा, वीरङ्गना शूरप्रभा र राजकुमार बहादुर शाहको उज्ज्वल चरित्रलाई स्पष्ट पार्न यो एकाङ्की सङ्ग्रह निकै नै सफल भएको ठहर उनको छ । अन्त्यमा पाँचओटा एकाङ्कीहरूको पाठलाई समावेश गरिएको छ । जसमा, पहिलो एकाङ्की : राजा नरेन्द्रदेव, दोस्रो एकाङ्की : जयस्थिति मल्ल, तेस्रो : चन्द्रप्रभा, चौथो : शूरप्रभा र पाँचौंमा बहादुर शाह पर्दछन् ।

शरद्चन्द्र शर्मा भट्टराईले नाटककार विजय मल्लको एकाङ्की 'कोही किन बर्बाद होस्' को विभिन्न कोणले विश्लेषण गरेका छन् । कोही किन

बर्बाद होस् (नाटक) एक परिचय' शीर्षकमा एकाङ्कीको व्यापक विश्लेषण गरिएको छ । 'नाटककार विजय मल्ल एक चिनारी' शीर्षकमा एकाङ्कीकारका रूपमा विजय मल्ललाई चिनाउँदै उनका नाटक तथा एकाङ्कीहरूले नेपाली समाजको चित्रण गर्न सफल भएको तथ्यलाई प्रकाश पार्दै नाट्य जगत्मा विजय मल्लको स्थान उच्च रहेको धारणा राखिएको छ । 'कोही किन बर्बाद होस् सामान्य चिनारी' शीर्षकमा एकाङ्कीको कथावस्तुलाई सारांशमा जस्ताको तस्तै प्रस्तुत गरिएको छ । चरित्रचित्रण एकाङ्कीमा प्रयुक्त भएजस्तै किसिमले गरिएको छ ।

शरद्चन्द्र शर्मा भट्टराईले लीलबहादुर क्षेत्रीको सामाजिक उपन्यास **बसाइँ** को छोटो परिचयात्मक विश्लेषण गर्दै उपन्यासमा प्रयुक्त पात्रपात्राहरूको पनि छोटो परिचय दिएका छन् । उनले 'मुकुन्द इन्दिरा' ( नाटक) को परिचय दिँदै नेपाली नाट्य परम्परामा बालकृष्ण समको स्थान उच्च रहेको निष्कर्ष निकालेका छन् । यस्तै, उनले रुद्रराज पाण्डेको ऐतिहासिक कथा सङ्ग्रह 'नवरत्न' का कथाहरूको परिचयात्मक टिप्पणी गरेका छन् । यसमा उनले नवरत्नका कथाहरू 'राज्यवती', 'राजेन्द्रलक्ष्मी देवी', 'श्री राजराजेश्वरी', 'कालु पाँडे', 'विराङ्गना पद्मिनी', 'जयमल र पत्ता', 'जोहरावाई र पन्नाधाई', 'महाराणा प्रताप', 'वीर दुर्गादास राठौर' को परिचयात्मक टिप्पणी गर्दै नेपाल र भारतको इतिहासमा यी वीरहरूको स्थान उच्च रहेको तथ्यलाई प्रकाश पार्दै रुद्रराजको नवरत्न कथा सङ्ग्रहले ऐतिहासिक वीरहरूको गरिमालाई उच्च पारिदिएको निष्कर्ष दिएका छन् ।

### ३.३.३.२ निष्कर्ष

**बाह्र फूल एक गुच्छा** तत्कालीन प्रवीणता प्रमाणपत्र तहको पाठ्यपुस्तकअन्तर्गत विभिन्न विधाका कृतिहरूको विश्लेषण गरेर तयार

पारिएको सहायक पाठ्यपुस्तक हो । नेपाली साहित्यका विभिन्न विधाका कृतिहरूको विश्लेषण गरेर एउटै पुस्तकाकार रूपमा प्रस्तुत गरिएकोले **बाह्र फूल एक गुच्छा** शीर्षक राखिएको हो । यस कृतिमा शरद्चन्द्र शर्मा भट्टराईले कथा, नाटक र उपन्यास सिद्धान्तको जानकारी दिँदै यिनका तत्त्वहरूको समेत निरूपण गरेका छन् । उनले नेपाली साहित्यमा कथा, नाटक र उपन्यासको विकासक्रमका बारेमा पनि चर्चा गरेका छन् । विभिन्न विधाका साहित्यिक स्रष्टाहरूलाई चिनाउँदै उनीहरूका साहित्यिक योगदानका बारेमा पनि व्यापक चर्चा गरिएकोले यो पुस्तक कृतिपरक समालोचना हुँदाहुँदै पनि ओजस्वी बन्न पुगेको छ । उनले कृति विश्लेषण गर्ने क्रममा कृतिलाई विभिन्न शीर्षक र उपशीर्षकमा राखेर विश्लेषण गरेका छन् । यसले गर्दा उनको समालोचना उच्चस्तरको छ ।

### ३.३.४ *नाटक : एकाङ्की विचरण* (२०३३) को विश्लेषण

#### ३.३.४.१ कृतिगत विश्लेषण

एडुकेशनल इन्टरप्राइजद्वारा प्रकाशित **नाटक; एकाङ्की विचरण** (२०३३) शरद्चन्द्र शर्मा भट्टराईको प्रायोगिक समालोचनात्मक कृति हो । २४३ पृष्ठमा संरचित यस पुस्तकलाई पाँच खण्ड र आवश्यकता अनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरिएको छ । प्रत्येक खण्डमा एक-एकओटा मूल शीर्षक राखेर उपशीर्षकमा विभाजन गरिएको छ र यस ग्रन्थलाई 'विश्लेषणात्मक अध्ययन' पनि भनिएको  छ ।

खण्ड एकमा 'नाट्य विधा एक चिनारी' मूल शीर्षक राखेर 'नाटकको उत्पत्ति र विकास', 'पूर्वी र पश्चिम नाटकः तुलनात्मक अध्ययन', 'संस्कृतको नाट्यपरम्परा', 'नेपालमा नाट्यपरम्परा' र 'नाटकका परिभाषा र तत्वहरू' जस्ता उपशीर्षक राखिएको छ । यस खण्डमा नाटकको सैद्धान्तिक पक्षमाथि चर्चा गरिएको छ । जसमा, पूर्व तथा पश्चिममा नाटकको उत्पत्तिसम्बन्धी मान्यता र विकासमाथि प्रकाश पार्दै पूर्वी र पश्चिमी नाटकहरूको

तुलनात्मक अध्ययन प्रस्तुत गरिएको छ । संस्कृत तथा नेपाली नाटक लेखन परम्परामाथि पनि प्रकाश पारिएको छ । नाटकमा कथानक र कथावस्तु, पात्र र चरित्र, अभिनय कथोपकथन, रस र उद्देश्यलाई प्रमुख तत्त्व स्वीकार्दै सैद्धान्तिक रूपमा व्याख्या विश्लेषण गरिएको छ ।

खण्ड दुईमा 'मुकुन्द इन्दिरा एक चिनारी' मूल शीर्षक राखेर 'नाटककार सम व्यक्तित्व र कृतित्व', 'मुकुन्द इन्दिरा सरसर्ती हेर्दा', 'नाटकको कथासार', 'मुकुन्द इन्दिरामा चरित्रचित्रण', 'मुकुन्द इन्दिराले दर्शाएको देश, काल र समाज', 'मुकुन्द इन्दिरामा उद्देश्य पक्ष' जस्ता उपशीर्षक राखिएको छ । यस खण्डमा बालकृष्ण समको बहुआयामिक व्यक्तित्व र कृतित्वमाथि प्रकाश पार्दै उनको सामाजिक पद्य नाटक 'मुकुन्द इन्दिरा' (१९८४) लाई नाटकीय तत्त्वका आधारमा विश्लेषण गरिएको छ । उक्त नाटकमा कतिपय सबल पक्ष हुँदाहुँदै पनि दुर्बल वा कमजोरी पनि भएको मूल्याङ्कन प्रस्तुत गरिएको छ ।

खण्ड तीनमा 'कोही किन बर्बाद होस् एक चिनारी' मूल शीर्षकमा 'नाटककार विजय मल्ल एक चिनारी', 'कोही किन बर्बाद होस् नयाँ नाटकका रूपमा', 'कथानक निर्माण', 'चरित्र चित्रण' जस्ता उपशीर्षक राखिएको छ । यस खण्डमा आधुनिक नाटककार विजय मल्लको सामान्य चिनारी दिँदै उनको बहुचर्चित नाटक **कोही किन बर्बाद होस्** का सबल पक्षमाथि टिप्पणी गर्दै नयाँ नाटकका रूपमा चिनारी दिइएको छ । उनको यस विश्लेषणले उक्त नाटकको मर्म बुझ्नमा समेत सघाउ पुऱ्याएको छ ।

शरद्चन्द्र शर्मा भट्टराईले खण्ड चारमा 'चौतारा लक्ष्मीनारायण' मूल शीर्षकमा भीमनिधि तिवारीको परिचय दिँदै 'चौतारा लक्ष्मीनारायण नाटकको कथासार', 'ऐतिहासिक पृष्ठभूमि', 'नाटकले दर्शाएको देश, काल र समाज' (राजनीतिक अवस्था, दरबारी जीवन, सर्वसाधारणको जीवन, युगानुकुल लोक-विश्वास, परराष्ट्र सम्बन्ध), 'प्रमुख चरित्रहरू' र 'नाटकका

अन्य तत्त्वहरू' (दृष्यात्मकता, कथोकथन/शैली, रस, उद्देश्य) जस्ता उपशीर्षक राखेर भीमनिधि तिवारीको ऐतिहासिक नाटक 'चौतारा लक्ष्मीनारायण' (२०२४) को कथासार दिँदै नाटकीय तत्त्वहरूका आधारमा व्याख्या-विश्लेषणसहित उक्त नाटकका सबल तथा दुर्बल पक्षमाथि प्रकाश पारेका छन् ।

खण्ड पाँचमा 'एकाङ्की विचरण' मूल शीर्षक राखिएको छ । 'एकाङ्की नाटक एक चिनारी' उपशीर्षकमा शरद्चन्द्र शर्मा भट्टराईले एकाङ्की नाटक नाटककै जातिको एउटा विधा हो, नाटक जस्तै यो पनि अभिनेय र रङ्गठवस्तु मानिने (शर्मा भट्टराई; २०३३:१९२) बताएका छन् । यसरी एकाङ्कीको सैद्धान्तिक चिनारीका साथै एकाङ्कीको उत्पत्ति र विकासमाथि छोटो चर्चा गरिएको छ । त्यसपछि हृदयचन्द्रसिंह प्रधानको 'खैराती मास्टर' एकाङ्की र भीमनिधि तिवारीका 'घरको माया' र 'मनको बन्धन' एकाङ्कीको व्याख्या विश्लेषणसहित मूल्याङ्कन गरिएको छ ।

### ३.३.४.२ निष्कर्ष

शरद्चन्द्र शर्मा भट्टराईको **नाटक; एकाङ्की विचरण** (२०३३) अन्तिम कृतिपरक सामालोचनात्मक पुस्तक हो । यस पुस्तकमा उनले पूर्व तथा पश्चिममा नाटकको उत्पत्तिसम्बन्धी मान्यता र विकासमाथि प्रकाश पार्दै पूर्वी र पश्चिमी नाटकहरूको तुलनात्मक अध्ययन प्रस्तुत गरेका छन् । यस्तै, संस्कृत तथा नेपाली नाटक लेखन परम्परामाथि पनि प्रकाश पारेका छन् । उनले नाटकका आवश्यक तत्त्वहरूको सैद्धान्तिक रूपमा व्याख्या विश्लेषण गरेकाले एकातर्फ नाट्य विधासम्बन्धी आवश्यक तत्त्वहरूको सैद्धान्तिक पक्षको जानकारी लिन चाहने सबैलाई यो कृति उपयोगी छ भने अर्कोतर्फ नेपालीमा ख्यातिप्राप्त नाटककार बालकृष्ण समको पद्य नाटक **मुकुन्द इन्दिरा**, विजय मल्लको नाटक **कोही किन बर्बाद होस्**, भीमनिधि तिवारीको ऐतिहासिक नाटक **चौतारा लक्ष्मीनारायण,** हृदयचन्द्रसिंह प्रधानको

एकाङ्की **खैराती मास्टर**, भीमनिधि तिवारीका दुईओटा एकाङ्की **घरको माया** र **मनको बन्धन** जस्ता चर्चित नाटक तथा एकाङ्कीहरूको व्यापक विश्लेषण गरिदिएकाले तत्कालीन नाटक-एकाङ्कीसम्बन्धी समालोचनात्मक कृतिहरू ज्यादै कम लेखिएको स्थितिमा उपर्युक्त नाटक तथा एकाङ्कीको जानकारी लिने सबैलाई उत्तिकै उपयोगी छ । उनले वि.सं. २०१९ सालदेखि प्रायोगिक समालोचनामा कलम चलाएका भए तापनि प्रस्तुत कृतिमा आइपुग्दा परिपक्व दृष्टिकोणसहित कृतिहरूको विश्लेषण गरेका छन् ।

### ३.३.५ कृतिपरक समालोचनात्मक कृतिको तुलनात्मक मूल्याङ्कन

शरद्चन्द्र शर्मा भट्टराईका कृतिपरक समालोचकीय पुस्काकार कृतिहरू **बसाइँ परिचय** (२०१९), **रसिकको लगन एक अध्ययन** (२०२२), **बाह्र फूल एक गुच्छा** (२०२८) र **नाटक; एकाङ्की विचरण** (२०३३) हुन् । उनका यी सबै समालोचकीय पुस्तकहरू विभिन्न समयका प्रवीणता प्रमाणपत्र तहदेखि स्नातक तहसम्मका नेपाली विषयका पाठ्यपुस्तकका सहायक सामग्रीहरू हुन् । उनको एकल लेखनमा **बसाइँ परिचय** (२०१९) र **नाटक; एकाङ्की विचरण** (२०३३) तयार भएका हुन् भने **रसिकको लगन एक अध्ययन** र **बाह्र फूल एक गुच्छा** संयुक्त रूपमा तयार पारिएका हुन् । **बसाइँ परिचय** (२०१९) उनको पहिलो समालोचकीय कृति हो । यसमा उनले लीलबहादुर क्षेत्रीको सामाजिक उपन्यास **बसाइँ**को विभिन्न कोणले विश्लेषण गरेका छन् । **रसिकको लगन एक अध्ययन** (२०२२) शरद्चन्द्र शर्मा भट्टराई र चूडामणि रेग्मीको संयुक्त प्रयासमा तयार पारिएको समालोचकीय पुस्तक हो । यसमा पनि लेखकद्वयले अच्छा राई रसिकको उपन्यास **लगन** को विभिन्न कोणले विश्लेषण गरेका छन् । **बाह्र फूल एक गुच्छा** (२०२८) शरद्चन्द्र शर्मा भट्टराई र तीर्थराम झाद्वारा संयुक्त रूपमा तयार पारिएको समालोचकीय पुस्तक हो । यो पुस्तक तत्कालीन प्रवीणता प्रमाणपत्र तहको अनिवार्य नेपालीको सहायक पाठ्यपुस्तकका रूपमा लेखिएको थियो । यसमा

शरद्चन्द्र शर्मा भट्टराईले धेरै कृतिहरूको समीक्षा गरेका छन् । यस्तै **नाटक; एकाङ्की विचरण** (२०३३) उनको एकल लेखन हो । यसमा उनले नाट्य विधाको चिनारीदेखि लिएर नेपालीका चर्चित नाटक **मुकुन्द इन्दिरा**, **कोही किन बर्बाद होस्** र **चौतारा लक्ष्मीनारायण**को विभिन्न कोणले विश्लेषण र मूल्याङ्कन गरेका छन् ।

समालोचकीय गुणवत्ताका दृष्टिले यी कृतिहरू कमजोर रहे तापनि तत्कालीन समयमा पाठ्यवस्तुका सामग्रीहरू अत्यन्त न्यून लेखिएको परिप्रेक्ष्यमा यी कृतिहरू विद्यार्थीहरूका लागि भने महत्त्वपूर्ण स्वीकृति हुन् ।

## ३.४ शरद्चन्द्र शर्मा भट्टराईका साहित्येतिहासपरक समालोचनात्मक पुस्तकाकार कृतिको विश्लेषण

### ३.४.१ *नेपाली साहित्यको इतिहास (माध्यमिक काल)* (२०३७) को विश्लेषण

#### ३.४.१.१ कृतिगत विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराईको साहित्य इतिहासपरक खोजअनुसन्धानमूलक समालोचना लेखनको थालनी यसै **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल २०३७) बाट सुरु भएको हो । यद्यपि, यसभन्दा अगाडि उनले केही साहित्यको इतिहाससम्बन्धी फुटकर लेखहरू लेखेका थिए तर मूलरूपमा उनको साहित्येतिहासमूलक समालोचना लेखनको परिपक्वता यसै कृतिको लेखनबाट भएको हो । **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल २०३७) त्रि.वि.पा.वि. केन्द्रबाट प्रकाशन गरिएको हो । यस सम्बन्धमा उनले भन्नैपर्ने केही कुरा शीर्षकमा यसरी व्यक्त गरेका छन् - *कुरा २०३३ साल जेठ २८ गतेको हो । नेपाली (मूल) विषयका कतिपय विधाका अध्ययन-अध्यापनका क्षेत्रमा अनुभव गरिएका कठिनाइ हटाउने उद्देश्यले सम्बद्ध विषयमा केही पाठ्पुस्तकहरू लेखाउने आयोजनाअन्तर्गत विचार-विमर्श गर्न र निर्णय लिन त्रि.वि.पा.वि. केन्द्रले उपत्यकाका सम्बन्धित विषयका ११ जना शिक्षकहरूलाई निम्त्याएको थियो । यसलाई एउटा संयोग नै भन्नुपर्छ, सो*

*बैठकमा म पनि सम्मिलित थिए । उक्त दिनको बैठकले दिएको परामर्श र पा.वि.केन्द्रको ठहरअनुसार 'नेपाली साहित्यको इतिहास (माध्यमिक काल खण्ड) लेख्ने कार्यको अभिभारा मेरो काँधमाथि आइपऱ्यो* (शर्मा भट्टराई; २०३७ : क) ।

शरद्चन्द्र शर्मा भट्टराईले नेपाली साहित्यको माध्यमिक कालका सामग्रीहरूलाई एकत्रित गरी तयार पारेको यस पुस्तकबाट उक्त युगको अध्ययनमा पर्याप्त सघाउ पुगेको छ । ३९६ पृष्ठमा संरचित यस पुस्तकलाई उनले ६ ओटा परिच्छेद तथा विभिन्न शीर्षक र आवश्यकता अनुसारका उपशीर्षकहरूमा विभाजन गरेका छन् ।

शरद्चन्द्र शर्मा भट्टराईले **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल २०३७) नामक ग्रन्थको पहिलो परिच्छेदमा 'नेपाली साहित्यको कालविभाजन : पूर्व प्रयास र आधारहरू' मूल शीर्षक राखेर विभिन्न तीनओटा उपशीर्षकमा विभाजन गरेका छन् । जसमा, 'कालविभाजनको आवश्यकता' पहिलो उपशीर्षक हो । उनले यस उपशीर्षकमा कम्तीमा पनि दुई - तीन सय वर्षका अन्तरालमा फैलिएको विकासशील नेपाली साहित्यको इतिहासलाई एकैबाजि सिङ्गो रूपमा हेर्न गाह्रो पर्ने भएकोले विभिन्न काल - खण्डमा विभाजन गरेर अध्ययन गर्नुपर्ने धारणा व्यक्त गरेका छन् । दोस्रो उपशीर्षक 'साहित्येतिहास लेखन र कालविभाजनका पूर्व प्रयासहरू' मा उनले नेपाली साहित्यको इतिहास लेखन परम्परामा वि.सं. २०३७ सालसम्म साहित्यिक इतिहासको कालविभाजनसम्बन्धी विभिन्न विद्वान्हरूले गरेका प्रयासहरूको विस्तृत विवरण दिएका छन् । जसमा, उनले नेपाली साहित्यको प्रथम ऐतिहासिक चेतनाको झिल्को चाहिँ भानुभक्त आचार्यका जीवनी लेखक मोतीराम भट्टबाट सुरु भएको तथ्यलाई स्वीकार्दै उनीपछिका विभिन्न व्यक्तिहरूले दिएका कालविभाजन सम्बधी मतमतान्तरको टिकाटिप्पणी गर्दै खोजअनुसन्धानको परम्परालाई दीनानाथ सापकोटा, सूर्यविक्रम ज्ञवाली,

बाबुराम आचार्य, धनबज्र बज्राचार्य अनि चितरञ्जन नेपाली, कमल दीक्षित, विपिनदेव ढुङ्गेल, बालकृष्ण पोखरेल, मोहनप्रसाद खनाल, जगदीशचन्द्र रेग्मी, पूर्णप्रकाश नेपाल, दयाराम संभव, काशीनाथ तमोर, शरद्चन्द्र शर्मा भट्टराई, घटराज भट्टराई, रमा शर्मा, शिव रेग्मी आदि अहिले र उहिलेका उत्साही व्यक्तिहरूले पसीना बगाएर अघि नबढाएका भए नेपाली साहित्येतिहासको आजको जति सम्पन्नता र विस्तीर्णता प्राप्त गर्न नसक्ने धारणा व्यक्त गरेका छन् । उनले तेस्रो उपशीर्षक 'कालविभाजनका आधार'मा साहित्येतिहासमा कालविभाजन र नामाङ्कन गर्ने धेरै आधार हुनसक्ने धारणा राख्दै जसमा, निम्नलिखित आधार लिएर कालविभाजन गर्दा उपयुक्त हुने बताएका छन् -

- *प्रख्यात शासक र तिनका नामका आधारमा जस्तै - पृथ्वी युग, भिक्टोरिया युग, हर्षबर्द्धन युग ।*
- *लोकनायक र तिनको प्रभाव-परिधिका आधारमा, जस्तै - सन्त ज्ञानदिलदास युग, तुलसी युग, गान्धी युग ।*
- *साहित्यिक नेता तथा तिनका प्रभावका आधारमा, जस्तै - मोतीयुग, कालिदास युग, चौरस युग ।*
- *साहित्यिक मूलभाव, चेतना वा प्रवृत्तिका आधारमा, जस्तै - शृङ्गार वा रीतियुग, जागरण-सुधारण युग ।*
- *ऐतिहासिक कालक्रमको आधारमा, जस्तै - प्राथमिक, माध्यमिक, सङ्क्रमण र आधुनिक युग (शर्मा भट्टराई; २०३७:१८) ।*

साहित्यको इतिहासलाई माथिका वा तीभन्दा पनि भिन्न जेजस्ता आधारमा विभाजित गर्न सम्भव र उपयुक्त भए पनि उनले नेपाली साहित्यको इतिहासलाई चाहिँ माथिका मध्ये पछिल्लो निर्विशेष ऐतिहासिक कालक्रमकै आधारमा बाड्न उपयुक्त हुन्छ भन्दै सबै काललाई तिनका

विशिष्ट शासक, लोकनायक एवम् साहित्य नायकका नामका आधारमा नाम दिन मिल्दैन भने ती आधार जति नै आकर्षक भए पनि हाम्रा साहित्यका लागि ग्राह्य हुन नसक्ने धारणा व्यक्त गर्दै त्रिभुवन विश्वविद्यालयका नेपाली पाठ्यक्रमले स्वीकारेको चर्चित प्रणालीलाई नै अङ्गाल्न खोजेका छन् ।

शरद्चन्द्र शर्मा भट्टराईले यस ग्रन्थको दोस्रो परिच्छेदमा 'माध्यमिक काल: नामाङ्कन र सीमाङ्कन' मूल शीर्षक राखेर दुईओटा उपशीर्षकमा विभाजन गरेका छन् । जसमा 'माध्यमिक कालको नामाङ्कन' पहिलो उपशीर्षक हो । उनले यस उपशीर्षकमा माध्यमिक कालको समय निर्धारणका सम्बन्धमा चर्चा गर्दै मोटामोटी रूपमा माध्यमिक काल विक्रमाव्दको बीसौँ शताब्दीको चौथो दशकको समाप्तिदेखि सोही शताब्दीको सातौँ दशकको अधाआधीतकको अर्थात् सं.१९४० देखि १९७४ का बीचको कालावधिमा रहेको धारणा व्यक्त गरेका छन् । उनले यस कालको मूल प्रवृत्ति शृङ्गारलाई मानेर यसको खास प्राबल्य यही अवधिका बीचमा रहेकोले माध्यमिक कालको नामाङ्कन भएको बताएका छन् । दोस्रो उपशीर्षक 'माध्यमिक कालको सीमाङ्कन'मा उनले सुरुको केही समय पूर्वकालिक भक्तिधाराको चर्को प्रभावबाट मुक्त नभई भक्तिरसमा पनि रमरमिएकै रूपमा देखापरेको माध्यमिक काल पछाडि आउने केही समयमा चाहिँ बुद्धिवाद, रोमाञ्च, प्रकृति एवम् जागरण-सुधारमुखी आधुनिक कालको पूर्वरङ्गको सङ्केत दिने रूपमा रङ्गिन थालेकोले वि.सं. १९७४ सम्मलाई यस कालको सीमाङ्कन गर्नुपरेको धारणा राखेका छन् ।

उनले यस ग्रन्थको तेस्रो परिच्छेदमा 'माध्यमिक कालीन परिवेश' मूल शीर्षक राखेर विभिन्न ८ ओटा उपशीर्षकमा विभाजन गरी यस सम्बन्धमा व्यापक अनुसन्धान गरेका छन् । जसमा, माध्यमिक कालको साहित्यको विकासमा तत्कालीन परिवेशले पारेको प्रभावका सम्बन्धमा व्यापक विश्लेषण गरिएको छ । वि.सं. १९४० देखि १९७४ सम्मको सामाजिक

परिवेशलाई राजनीतिक, आर्थिक, सांस्कृतिक, शैक्षिक र प्रकाशन गतिविधिका आधारमा विश्लेषण गरिएको छ । नेपालको इतिहासमा माध्यमिक काललाई सामाजिक र राजनीतिक परिवेशका आधारमा हेर्दा त्यस समयमा जहानीयाँ एकतन्त्री राणाशासन जो विलासी जीवनसँग प्रत्यक्ष जोडिएको थियो । राणाहरूको विलासिताको कारणले गर्दा त्यतिखेरको साहित्यको विकास पनि सोही किसिमले हुनु स्वाभाविक हो भन्ने निष्कर्ष निकाल्दै यस कालमा धेरै शृङ्गारका रचनाहरू रचिएका हुन् । यसकालमा शृङ्गारकै केन्द्रीयता रहनु भनेको त्यतिखेरको राजनीतिक अवस्था नै हो । तत्कालीन समयमा जनतालाई सर्वसुलभ किसिमको शैक्षिक गतिविधि थिएन । जसलेगर्दा चेतनाको विकास पनि कम भएको थियो । चेतनाको विकासको कमी र राणाहरूका हितभन्दा बाहिरका गतिविधिमा समेत रोक लगाएकाले माध्यमिक कालको केन्द्रीयतामा यही शृङ्गारले नै मुख्य स्थान पाएको कुरा पुष्टि गर्दै यस धाराको अन्त्यसम्म आइपुग्दा केही चेतनामूलक साहित्यको विकास हुन थालेको तथ्यमाथि प्रकाश पारिएको छ ।

यस ग्रन्थको 'चौथो परिच्छेदमा' माध्यमिक कालीन साहित्यका विभिन्न विधाका धारा र उपधाराहरूको विश्लेषण गरिएको छ । माध्यमिक कालका मूल विधाहरूमा कविता, गद्य र नाटक रहेको स्वीकार्दै ती विधाहरूमा प्रयुक्त विभिन्न धारा र उपधाराहरूमाथि विस्तृत रूपमा प्रकाश पारिएको छ । समग्र साहित्यलाई एउटा वृक्षसँग तुलना गर्दै साहित्यका शाखा-प्रशाखा विधा एवम् उपविधा हुने तथ्यलाई अगाडि सारिएको छ । माध्यमिक कालीन पद्यको मूल धारा : शृङ्गार रहेको र अन्य अरू धाराहरूमा भक्ति धारा, शासक स्तुति धारा, सामाजिक सांस्कृतिक जागरण धारा रहेको तथ्यमाथि प्रकाश पारिएको छ । उनले यस परिच्छेदमा 'माध्यमिक कालीन गद्याख्यानहरूको स्वरूप'का बारेमा पनि व्यापक चर्चा गरेका छन् । गद्यअन्तर्गत, कथा, उपन्यास, लेख, निबन्धादि, जीवनी-आत्मजीवनी, यात्रा वृत्तान्त र समालोचनालाई राखिएको छ । उनले मध्यकालीन कथात्मक

साहित्यको विकासबारे चर्चा गर्दै यस कालका कथाहरूको वर्गीकरणसमेत गरेका छन् । उनले आख्यान र उपाख्यानको चर्चा गर्ने क्रममा प्राथमिक कालीन गद्याख्यानलाई स्रोत, विषय एवम् प्रवृत्तिका आधारमा वर्गीकरण गरेका छन् । स्रोतका आधारमा माध्यमिक कालका गद्याख्यानमा संस्कृतमूलक धार्मिक पौराणिक गद्याख्यान, पुराणस्रोत भिन्न नैतिक-औपदेशिक एवम् रमाख्यान परम्पराका आख्यानहरू, कौतुक, साहस, शृङ्गार एवम् प्रेम प्रसङ्गका अरबी-फारसी-उर्दूमूलका अतिरञ्जनात्मक आख्यान, सामाजिक, ऐतिहासिक एवम् जासूसी-परिप्रेक्ष्यका बंगालीमूलक रमाख्यानहरू, अङ्ग्रेजीमूलक आख्यानहरू र मौलिकताको प्रचेष्ठालाई झल्काउने केही नेपाली गद्याख्यान गरी वर्गीकरण गरेका छन् । मौलिकताको प्रचेष्ठालाई झल्काउने माध्यमिक कालका गद्याख्यानहरूमा वीरसिक्का, महेन्द्रप्रभा र वीरचरित्रलाई राखेका छन् । उनले वीरसिक्काले माध्यमिक काललाई हाँकेको, महेन्द्रप्रभा मौलिकताको आभाले प्रदीप्त पहिलो उपन्यास भएको र वीरचरित्रः स्थानियताको रङ्ग दिने पहिलो उपन्यास भएको मानेका छन् । उनले माध्यमिक कालीन औपन्यासिक प्रवृत्तिलाई बुँदागत रूपमा प्रस्तुत गरेका छन्- *शिल्पका दृष्टिले आख्यायिकाको रूपबाट अलग भई आख्यानले अझै पनि आधुनिक अर्थको उपन्यासको स्वरूप पाइनसक्नु, संस्कृत एवम् फारसी-उर्दुमूलक उपाख्यान-किस्सा-गल्पकै प्रायः अनुवाद एवम् अनुकरण भइरहनु, स्थानपात्र, अवस्था, उद्देश्य एवम् निष्कर्ष आदिका विषयमा प्रकाश पार्न नाटकमा सुत्रधारले झैँ लेखकले स्वकथनबाट रहस्यहरूको उद्घाटन गर्नु, वर्णनप्रधान शैली अङ्गाल्नु, आफ्नै परिवेश, घटना, चरित्र र समस्यामा आधारित कथावस्तुको नितान्त अभाव हुनु, अधिकांश आख्यानमा विदेशी वा विराना परिवेशकै चित्रण हुनु, सामान्य मानिसको सट्टा अभिजात वर्गका मानिसले नै गद्याख्यानहरूमा बढी स्थान पाउनु, प्रायः उपदेश, सुधार र मनोरञ्जन तर्फ नै उद्देश्य केन्द्रित हुन जानु, वस्तुपरक सामाजिकता एवम् मानवी पक्ष प्राय : अपेक्षित हुनु, उद्दीपक रूपमा प्रकृतिको चित्रण हुनु, चरित्र*

*चित्रणमा आन्तरिक सूक्ष्मताको अभाव हुनु, कथानकको सङ्गठन सुगठित विकसित र सन्तुलित हुन नसक्नु, निम्न बौद्धिक स्तरका पाठककै रुचि र मागका आपूर्तिको लक्ष्य बनाएर उपदेश, शृङ्गार, रोमाञ्चप्रधान कथानक निर्माण गर्ने प्रवृत्तिबाट प्रकाशकहरू अभिप्रेरित हुनु, ईश्वरीय बरदान अनुकम्पा एवम् कोप, जोगी-सन्यासी-फकीरका आशीर्वाद, मार्गदर्शन एवम् श्राप; भूत-राक्षस-जीन आदिका सहयोग, खिचल्याइँ तथा बिरोधबाट कथामा अनुकुल प्रतिकुल उतारचढाउ ल्याउने अनेकौँ कथानक रूढिहरू यस कालभरि नै कायम रहनु* (शर्मा भट्टराई; २०३७:१६३-१६४-१६५) । उनले यस परिच्छेदमा माध्यमिक कालमा निबन्धको विकास भएको चर्चा गरेका छन् । उनले माध्यमिक कालमा गद्यका रूपमा लेखन भएको तथ्यलाई उजागर गर्दै साहित्येत्तर गद्य निबन्धादि रचना र साहित्यिक मूल्यका निबन्धादि गद्य रचना गरी २ भागमा विभाजन गरेका छन् । साहित्येत्तर गद्य निबन्धादि रचनामा पाठ्यपुस्तकका रूपमा गद्य-रचना र व्यावहारिक विषयका गद्य रचनाहरूलाई समेटिएको छ । यस्तै, साहित्यिक मूल्यका निबन्धादि गद्य रचनाहरूमा पुस्तक रूपका निबन्धादि गद्य प्रबन्ध, पत्रपत्रिकामा प्रकाशित निबन्धको उल्लेख गरिएको छ । गद्यका अन्य उपविधाहरूमा यस कालमा जीवनी र आत्मजीवनी, यात्रा वृत्तान्त र समालोचनासमेत लेखन भएको उल्लेख गरिएको छ । यस परिच्छेदमा उनले माध्यमिक कालीन नाट्य-विधा र त्यसका धारा उपधाराहरूको समेत चर्चा गरेका छन् । मोतीराम भट्टलाई नेपाली नाट्यः रङ्गमञ्चका अग्रणी पुरुष मान्दै पहलमानसिंह स्वाँरले अटलबहादुरमार्फत् माध्यमिक कालमा विद्रोही नाट्य धाराको प्रवर्तन गरेको तथ्यलाई प्रकाश पारिएको छ । यस कालका प्रमुख नाट्य धाराहरूमा उर्दु-हिन्दीमूलक नाट्यधारा र विद्रोही नाट्यधारा गरी विभाजन गरिएको छ । उनले नेपालमा र दार्जिलिङमा भएको नाटकको विकासबारे पनि चर्चा गरेका छन् ।

यस ग्रन्थको 'पाँचौ परिच्छेदमा' माध्यमिक कालका प्रमुख प्रवृतिहरूको विस्तृत रूपमा प्रकाश पारिएको छ । माध्यमिक कालमा मूलरूपमा शृङ्गारिक धाराको विकास भएको चर्चा गरिएको छ । माध्यमिक कालको सुरुमा पद्य क्षेत्रमा प्राथमिक कालीन शृङ्गारिक चेष्ठा यथावत रहे पनि यस कालको विकाससँगै शृङ्गारिकताले उत्कर्षता प्राप्त गरेको उनको ठहर छ । माध्यमिक कालका प्रायजसो पद्यहरूमा शृङ्गारिक प्रवृत्ति देखिन्छ, यस्ता शृङ्गारिक पद्यहरूमा बाह्रमासे र ऋतुवर्णनका शृङ्गारिक कविता, जातीय काव्य र गजलहरूमा शृङ्गारिकता, नारी सौन्दर्यको स्थूल वर्णनपरक शृङ्गारिक कविता रहेको उनको ठहर छ । यस कालमा शृङ्गारिक धारा सँगसँगै देखिएका धार्मिक-पौराणिक भक्ति तथा अध्यात्म धारा, नीति एवम् उपदेश धारा, व्यक्ति स्तुति धाराको चर्चा गर्दै यी धाराका प्रवृत्तिहरूको निरूपण गरिएको छ ।

यस ग्रन्थको 'छैठौँ परिच्छेद' माध्यमिक कालका प्रमुख प्रतिभाहरूको चिनारीमा खर्चिएको छ । जसमा, माध्यमिक कालका विशेष चर्चित प्रतिभाहरू र अन्य केही रचनाकारहरू र उनका कृतिहरूको परिचय दिइएको छ । उनले माध्यमिक कालका विशेष चर्चित प्रतिभाहरूमा राजीवलोचन जोशी (१९०५ - १९६८), होमनाथ खतिवडा (१९११ - १९८४), काशीनाथ आचार्य दीक्षित (१९८१-१९९४), शिखरनाथ सुवेदी (१९२१-२००५), लक्ष्मीदत्त पन्त (१९२२-१९६२), मोतीराम भट्ट (१९२३-१९५३), चिरञ्जीवी पौड्याल (१९२४-१९९७), हरिहर आ.दी. (१९२४-१९९७), गिरीशवल्लभ जोशी (१९२४-१९८०), तीर्थराज पाण्डे (१९२९-१९७९), सदाशिव शर्मा अधिकारी (१९३१-१९८३), कुलचन्द्र गौतम (१९३२-२०१५), जयपृथ्वीबहादुर सिंह (१९३४-१९९७), पहलमानसिंह स्वाँर (१९३५-१९९१), कृष्णप्रसाद रेग्मी (१९४०-१९८५), तारानाथ शर्मा नेपाल (१९४४-२०३२), शम्भुप्रसाद ढुङ्गेल (१९४६-१९८६), रामप्रसाद सत्याल (१९३५ -२०३४) र पद्मनाथ सापकोटा (१९४८-१९७३) लाई राखेका छन् । यी स्रष्टाहरूको माध्यमिक कालीन

साहित्यका विकासमा रहेको विशिष्ट योगदानको चर्चा गर्दै यिनका कृति र व्यक्तित्वको परिचय दिइएको छ । यस्तै, माध्यमिक कालमा आफ्नो योगदान भएर पनि बिर्सन थालिएका केही साहित्यिक स्रष्टाहरूको परिचय दिइएको छ । जसमा यस किसिमका स्रष्टाहरूमा अमरसिंह थापा, अमृत सिंजापति, इन्द्रमान राई, ईश्वरीराज पन्त, उमाकान्त त्रिपाठी, कपिलमुनि सिवाकोटी, काशीनाथ सुवेदी, कृष्णचन्द्र अर्याल, कृष्णनाथ सिग्देल, कुञ्जविलास गौतम, केदारशमशेर थापा, केदारनाथ खतिवडा, गम्भीरध्वज शाहा, गोपिनाथ लोहनी, पादरी गङ्गाप्रसाद प्रद्यान, धनप्रसाद अर्याल, छविकान्त आचार्य, जनकलाल ढुङ्ग्याल, जगन्नाथ सेढाइँ, जगन्नाथ पौड्याल, जगन्नाथ गुरागाँइ, टङ्कराज पन्त, टीकाराम - दीनानाथ वाग्ले, टीकाराम-धनञ्जय, तीर्थप्रसाद आचार्य, तुलसीप्रसाद भट्टराई, दलबहादुर क्षेत्री, दामोदर प्याकुरेल, दानराज लामिछाने, दिलसिंह चाम्लिङ राई, देवराज लामिछाने, देवदत्त शर्मा, दुर्गानाथ उपाध्याय, दुर्गादेवी आचार्यणी, देवीप्रसाद सापकोटा, देवीराम सापकोटा, देवीराम पौड्याल, नरदेव पाण्डे, नरेन्द्रनाथ रिमाल, नित्यानन्द सिग्द्याल, पूर्णानन्द भट्टराई, पूर्णानन्द यति (परमहंस), प्रतिमान, प्रेमप्रसाद भट्टराई, प्रेमसागर दवाडी, बहादुरसिंह बराल, विष्णुधर गोतामे, भगवत् कुमारी पाण्डे, भुवनप्रसाद ढुङ्ग्याल, भैरवप्रसाद अर्याल, भोजराज भट्टराई, मनरथ पाध्य दाहाल, डा.मणिराम बर्मा, मानसिंह ठाकुर, मोतीलाल श्रेष्ठ, मीनबहादुर राणा, मोदिनीप्रसाद रेग्मी, योगविक्रम राणा, रङ्गनाथ शर्मा ( रिसाल), रमाकान्त बराल, रमानाथ आचार्य, रामकुमार नेपाल, रत्न शर्मा रिजाल, राधानाथ लोहनी, रामदिल उपाध्याय, रुद्रप्रसाद उपाध्याय ढकाल, रेवतीरमण न्यौपाने, लक्ष्मीकान्त भट्टराई, लक्ष्मीनिधि जोशी, शिवपाणि गौतम, शोभाकान्त शर्मा, शेरसिंह राणा, सिद्धिनाथ शर्मा (प्याकुरेल), हरिदयाल सिंह हमाल, हरिप्रसाद उपाध्याय (नेपाल), हरिहर दाहाल भट्ट, हरिविक्रम थापा, हरिहर शर्मा (लामिछाने), हरिप्रसाद शर्मा (भट्टराई), हाजिरमान राई, हेमबल्लभ पाँडेको नाम र कृतिको उल्लेख गरिएको छ ।

#### ३.४.१.२ निष्कर्ष

नेपाली साहित्यको इतिहास लेखनमा माध्यमिक कालका सामग्रीहरूलाई शरद्चन्द्र शर्मा भट्टराईबाट विस्तृत रूपमा समेटेर लेखिएको यो पहिलो पुस्तकाकार कृति हो । जसमा उनको विषयवस्तुसम्बन्धी विस्तृत ज्ञान र अध्ययनशीलता स्पष्ट देखिन्छ । उनले समग्र नेपाली साहित्यको कालविभाजनका पूर्व प्रयासहरूलाई आधार मानेर साहित्येतिहासको कालविभाजन गरेका छन् । उनले गरेको साहित्येतिहासको कालविभाजन आधिकारिक र प्रामाणिक छ । उनले माध्यमिक कालको नामाङ्कन र सीमाङ्कन, माध्यमिक कालीन साहित्यलाई प्रभाव पार्ने तत्कालीन सामाजिक परिवेश, माध्यमिक कालमा प्रयुक्त प्रमुख विधाहरू र प्रयुक्त प्रमुख विधाहरूका प्रवृत्तिहरूमाथि विस्तृत रपमा प्रकाश पारेका छन् । त्यस्तै, उनले माध्यमिक कालका सबै विधाका प्रतिभाहरूबारे पनि तथ्यपूर्ण अध्ययन प्रस्तुत गरेका छन् । यसरी प्रस्तुत कृति **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल) तयार गर्दा उनको प्रशस्त अध्ययन र विश्लेषणात्मक क्षमता प्रदर्शित भएको छ । विषयवस्तुको व्यापकता र प्रामाणिक तथ्यले कृतिलाई निकै गहकिलो बनाएको छ । सरल भषामा लेखिएको यस कृतिमा विषयवस्तुको व्यापकता छ । तसर्थ, प्राज्ञदेखि लिएर विद्यार्थीहरूसमेतलाई उत्तिकै उपयोगी यस पुस्तकले नेपाली साहित्यको इतिहास लेखन परम्परामा विशिष्ट स्थान राख्न सफल भएको छ ।

### ३.४.२ *प्राचीन गद्याख्यान* (२०४२) को विश्लेषण

#### ३.४.२.१ कृतिगत विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराईको **प्राचीन गद्याख्यान** (२०४२) साझा प्रकाशनबाट प्रकाशित भएको हो । १६८ पृष्ठमा संरचित यस कृतिमा गद्याख्यानको इतिहासमाथि प्रकाश पारिएको छ । यसमा प्राचीन नेपाली गद्याख्यानसम्बन्धी बाह्रओटा अनुसन्धानात्मक लेखहरू सङ्गृहीत छन् । ती

मध्ये ६ ओटा लेखहरू २०४२ भन्दा अगाडि नै विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका र बाँकी ६ ओटा लेखहरू यसै सङ्ग्रहमा पहिलोपटक प्रकाशित भएका छन् ।

नेपालीमा 'बैताल-कथा' को परम्परा शीर्षक लेखमा शरद्चन्द्र शर्मा भट्टराईको अनुसन्धानबाट नेपालीमा बैताल-कथाको पहिलो रूपान्तकार गौरीशङ्कर पण्डित भएको कुरा पत्ता लागेको छ । वेतालले विक्रमादित्यलाई अड्को फुकाउनु पर्ने गरी सुनाएका पच्चीस कथाहरूको सङ्ग्रह नै संस्कृतमा 'बैताल पञ्चविंशतिका' को नामले प्रसिद्ध छ । उनले त्यसलाई नेपालीमा सर्वप्रथम गौरीशङ्कर पण्डितले वि.सं. १८५५ मा 'बेताल पचीस' को नाममा रूपान्तरण गरेका हुन् भनी प्रमाण प्रस्तुत गरेका छन् । यद्यपी, यसभन्दा अगाडि नेपालीमा वैताल कथाको रूपान्तरण १८९३ लाई मानिएको थियो । उनका खोज अनुसन्धानबाट नेपालीमा वैताल कथाको परम्पराको इतिहास केही लम्बिन पुगेको छ ।

शरद्चन्द्र शर्मा भट्टराईले 'महाज्ञान मुद्रा कथाहः नेपालीको एउटा प्राचीन आख्यान' शीर्षक लेखमा एउटा अचर्चित आख्यानको विवेचना गरेका छन् । मुद्रानामक राक्षसले उसकी गर्भवती पत्नी मुद्रावतीको दोहद इच्छा पूरा गर्न गरेको प्रयासलाई नैं कथात्मक स्वरूप प्रदान गरिएको 'महाज्ञान मुद्रा कथाहा' का नेपाली मूल लेखक अज्ञात रहे पनि उक्त कथाको प्रथम प्रतिलिपि लक्ष्मीनारायण जोशीले वि.सं. १८५८ मा गरेका थिए भनी उनले यस कथाको ऐतिहासिकताको खोजी गरेका छन् ।

'अमृतानन्दः नेपालीका पुराना लेखक' शीर्षक लेखमा उनले अमृतानन्द त्रिरत्न सौन्दर्य गाथाका लेखक सुन्दरानन्द वाणाका दाजु भएका र नेपालीमा उनको 'पचीस वेताल' (वि.सं.१८६८) प्राप्त भएको उल्लेख गरेका छन् । लेखको अन्त्यमा उनले 'पचीस वेताल' कथाका सुरु र अन्त्यका पाठ नमूना साभार प्रस्तुत गरेका छन् ।

'उदायानन्द अर्ज्यालका थप दुई सम्भावित कृति' लेखमा शरद्चन्द्र शर्मा भट्टराईले 'वेतालपचीसी र पृथ्वीन्द्रोदय' का लेखक उदयानन्द अर्ज्यालले 'वीरशिखा' आख्यान र 'दशकुमार चरित भाषा' पनि लेखेको तथ्यमाथि विभिन्न प्रमाणका आधारमा पुष्टि गरेका छन् ।

'पहिलो प्रकाशित स्वस्थानी र त्यसको शोधक' लेखमा उनले पहिले नै लेखिएका छओटा स्वस्थानीसम्बन्धी पुस्तकहरूको पाठ मिलाएर हरिहर शर्मा लामिछानेले संशोधनसहित वि.सं. १९४२ मा सर्वप्रथम 'श्री स्वस्थानी परमेश्वरी कथाहा' नामबाट प्रकाशित गरेको तथ्य सप्रमाण प्रस्तुत गरेका छन् ।

शरद्चन्द्र शर्मा भट्टराईले 'पिनासको कथाका विभिन्न रूप' लेखमा पिनासको कथालाई एउटा प्राचीन कथा मानेका छन् । पिनासको कथाले समय-समयमा आफ्नो आकार र स्वरूप बदल्दै आएको छ । प्राचीन कालदेखि माध्यमिक कालसम्म धेरै लेखकहरूले 'पिनासको कथा' लेखेको पाइए पनि वि.सं. १८६५-७० तिर प्रतिलिपि गरिएको एउटा 'पिनासको कथा' का केही अंश प्रस्तुत गरेर उनले भाषिक आधारमा त्यसलाई निकै पुरानो भएको कुरा दर्शाएका छन् ।

उनले 'लालहीराको कथाहा को कथा' शीर्षक लेखमा उक्त कथा नेपाली प्रेमाख्यान परम्पराको एउटा प्राचीन गद्याख्यान भएको कुरा सिद्ध गरेका छन् । उनले यस कथाको स्रोत लेककथा नै भएको उल्लेख गर्दै यसले लिखित रूप प्राथमिक कालमा पाए पनि मुद्रण हुन माध्यमिक काल पर्खनु परेको यथार्थलाई देखाएका छन् । उनको अनुसन्धानबाट 'लालहीराको कथाहा' लाई सर्वप्रथम नेपालीमा लिखित रूप दिने लेखक विष्णुपद उपाध्याय र मुद्रित रूप दिने चाहिँ हरिहर शर्मा भएको कुरा पत्ता लागेको छ ।

'मधुमालती कथा को कथा' लेखमा उनले मधुमालती कथाको स्रोत नेपाली लोक कथापरम्पराको पुरानो आख्यानलाई मानेका छन् । यस कथाका पछिल्ला शोधक सदाशिव शर्मा, प्रकाशक शिवप्रसाद र राधोराम भएको उल्लेख गरेका छन् ।

'बत्तीस पुतली कथा किम्बा सिंहासन बतीसी' लेखमा उनले राजा विक्रमादित्यका न्याय, पराक्रम, बुद्धि र दानशीलतालाई आधार बनाएर लेखिएका लोक आख्यान नै उपर्युक्त कथा स्रोत मानेका छन् । अज्ञात व्यक्तिले वि.सं. १८६९ मा प्रतिलिपि गरेको 'दात्रिशंत पुतलिका कथाहा' नै प्राप्त पहिलो कथा भए पनि त्यसभन्दा पहिले नै उक्त कथाको अस्तित्व भएको प्रमाणित गरेका छन् । उनले पाटनका दैवज्ञहर्ष नरसिंहले गरेको 'बतीस पुतली' कथाको प्रतिलिपि (१९२८) लाई दोस्रो ठहऱ्याएका छन् ।

'चौरपञ्चाशिका भाषाको परम्परा' शीर्षक लेखमा उनले एघारौं शताव्दीका काश्मिरी कवि विल्हणको पचास श्लोके संस्कृत शृङ्गार काव्य चौरपञ्चाशिकाको नेपाली अनुवाद 'चौरपञ्चाशिका भाषा' का बारेमा चर्चा गरेका छन् । प्राथमिक कालमा पतञ्जलि गजुऱ्यालले १९०४-५ तिर उक्त काव्यलाई नेपालीमा अनुवाद गरेको उल्लेख छ । त्यसपछि पनि विभिन्न ज्ञात अज्ञात व्यक्तिले अनुवाद गरेका र माध्यमिक कालीन शृङ्गारिक साहित्यमा विशिष्ट भूमिका रहेको प्रष्ट पार्दै उनले लेखको अन्त्यमा १९०९ तिरका एक अज्ञात लेखकले अनुवाद गरेको 'चौरपञ्चाशिका' को सुरु र अन्त्यका केही अंश साभार गरेका छन् ।

'बहत्र सुघाको कथाहा' शीर्षक लेखमा उनले प्राचीन आख्यान र त्यहाँ वर्णित चरित्रमाथि प्रकाश पारेका छन् । वृहत्कथा, पञ्चतन्त्र, हितोपदेश, सुकसप्तति जस्ता संस्कृतका कथामा सुगा-मैनाका संवादका माध्यमबाट मानव चरित्रहरू प्रस्तुत गरिएको छ । ती आख्यानबाट प्रभावित भई नेपालीमा पनि धेरै आख्यानकारहरूले आफ्ना आख्यानमा सुगा-मैनाहरूलाई

स्थान दिएको चर्चा 'बहत्र सुधाको कथाहा' शीर्षक लेखमा गरिएको छ । आजसम्म प्राप्त पुरानो सामग्रीका आधारमा उनले यसको अस्तित्व १८८०-९० तिरै रहेको अड्कल गरेका छन् । उनले हरिहर शर्माले 'शुकबहत्तरी' लाई १९५० सालमा मुद्रित रूप दिएको कुरा उल्लेख गरेका छन् ।

'वीरचरित्र सम्मको नेपाली गद्याख्यानः एक सर्वेक्षण' शीर्षक लेखमा उनले अहिलेसम्म प्राप्त प्रथम लिखित गद्याख्यान शक्तिबल्लभ अर्यालको 'महाभारत विराटपर्व' (१८२७ नै भएको मानेका छन् । उनले महाभारत विराटपर्व देखि प्रारम्भ भएको नेपाली गद्याख्यानको विकासमा विभिन्न प्रतिभाले योगदान दिएको एवम् गिरीशबल्लभ जोशीको 'वीरचरित्र' सम्म आइपुग्दा नेपाली आख्यान प्रशस्त मौलाउन पुगेको तथ्यमाथि विस्तृत विवेचना प्रस्तुत गरेका छन् ।

### ३.४.२.३ निष्कर्ष

शरद्चन्द्र शर्मा भट्टराईले **प्राचीन गद्याख्यान** (२०४२) नामक अनुसन्धानमूलक कृतिमा प्राचीन नेपाली गद्याख्यानहरूको प्राचीनता र प्राचीन गद्याख्यानकारहरूबारे कालक्रमिक रूपमा विस्तृत र प्रमाणिक विवेचना प्रस्तुत गरेका छन् । गद्याख्यान र गद्याख्यानकारहरूको प्राचीनताको प्रामाणिकतालाई सिद्ध गर्ने क्रममा उनले पूर्ववर्ती अध्येताहरूको भ्रमपूर्ण मतको खण्डन गर्दै सवल प्रमाण र तर्कहरू प्रस्तुत गरेका छन् । उनको यस किसिमको प्रामाणिक खोजले कृतिलाई तथ्यपूर्ण र आधिकारिक बनाउनमा मद्दत पुऱ्याएको छ । पुस्तकको अन्त्यमा परिशिष्ट 'अ' अन्तर्गत 'गोर्खा वंशावली भित्रका सत्सङ्गको वर्णन भयाको कथाहा', 'राजप्रपर्वैको व्यहोराको एउटा षिसा', का कथालाई साभार प्रस्तुत गरेका छन् । त्यस्तै; 'वैताल पच्चीसी', 'महाज्ञान मुद्रा कथाहा', 'वीरशिखा', 'शुकबहत्तरी', 'लालहीराको कथाहा' र 'मधुमालतीको कथा'का आदि र अन्त्यका अंश साभार प्रस्तुत गरेर सम्बद्ध कथाहरूको अध्ययनमा सघाउ पुऱ्याएका छन् । परिशिष्ट 'आ'

अन्तर्गत उनले सतासीओटा प्राचीन नेपाली गद्याख्यानहरूलाई तालिकाद्वारा कालक्रमिक रूपमा शीर्षक, समय, लेखक र प्रतिलिपिकार अनि सामग्रीको स्रोतसमेत खुलाएर प्रस्तुत गरेका छन् । त्यस्तै, मिति उल्लेख नभएका चौबीसओटा गद्याख्यानहरूको सूची पनि दिएका छन् । यसले गर्दा उनको यो कृति गद्याख्यानको इतिहासमा एउटा कोसेढुङ्गा नै सावित भएको छ ।

निचोडमा भन्न सकिन्छ कि शरद्चन्द्र शर्मा भट्टराईको **प्राचीन गद्याख्यान** (२०४२) नेपाली साहित्यको इतिहासमा प्राचीन गद्याख्यानहरूको विशद् तथा प्रामाणिक विवेचना प्रस्तुत गरिएको पहिलो पुस्तकाकार कृति हो । त्यसकारण उनको यस कृतिलाई नेपाली साहित्यका थुप्रै साहित्यिक इतिहासकारहरूले आधार ग्रन्थको रूपमा प्रयोग गर्दै आएका हुनाले यस ग्रन्थको महत्त्वपूर्ण स्थान रहेको छ ।

### ३.४.३ *नेपाली वाङ्मय : केही खोजी केही व्याख्या* (२०४४) को विश्लेषण

#### ३.४.३.१ कृतिगत विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराईको **नेपाली वाङ्मय : केही खोजी केही व्याख्या** नामक अनुसन्धानमूलक कृति वि.सं. २०४४ सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भएको थियो । २७२ पृष्ठमा संरचित यस कृतिमा उनले वि.सं. २०३८ देखि २०४२ सालभित्र विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका समालोचनात्मक तथा अनुसन्धानमूलक २८ ओटा लेखहरूलाई सङ्कलन गरेका छन् । उनले यी लेखहरूलाई पनि प्रमुख साहित्यकारहरू र निश्चित समयखण्डलाई समेट्ने गरी विभिन्न शीर्षकअन्तर्गत राखेर निम्नलिखित चार खण्डमा छुट्याएका छन् -

खण्ड एक - पुराना लेखक र तिनका कृति

खण्ड दुई - मोती युगको सेरोफेरो

खण्ड तीन - लेखनाथ युगको सेरोफेरो

खण्ड चार - विविध

### ३.४.३.१.१ खण्ड एकअन्तर्गतका लेखहरूको विश्लेषण

शरद्‌चन्द्र शर्मा भट्टराईले यस ग्रन्थको खण्ड एकमा 'पुराना लेखक र तिनका कृति' मूल शीर्षक राखेर विभिन्न समयमा लेखेका प्राचीन कालका स्रष्टा र तिनका कृतिहरूको विश्लेषणलाई समेटेका छन् ।

'पहिला भक्तकवि इन्दिरसको गोपीरक्षा' शीर्षकको लेख वि.सं. २०४१ सालको **जिज्ञासा**मा प्रकाशित भएको थियो । उनले यस लेखमा अव्जनाभ ओझाको हो भन्ने गरिएको 'गोपीरक्षा' उनको नभएर गोपीकास्तुतिका रचयिता इन्दिरसको रचना भएको तथ्यलाई सिद्ध गर्न विभिन्न प्रमाण प्रस्तुत गरेका छन् । अव्जनाभ ओझा उक्त कृतिका रचयिता नभएर शोधक तथा प्रकाशक मात्र भएको कुरा उनले अनुसन्धानबाट पत्ता लगाएका छन् । उनले लेखको अन्त्यमा 'गोपीरक्षा' का ३६ ओटा श्लोक साभार प्रस्तुत गरेका छन् ।

'इन्दिवरको परिचयको पृष्ठभूमिमा इन्दिरस' शीर्षकको लेख वि.सं. २०४० सालको **प्रज्ञा** पत्रिकामा प्रकाशित भएको थियो । यस लेखमा इतिहासमा प्रसिद्ध ज्योतिर्विद वालकृष्ण रेग्मी (जोशी) का छोरा इन्दिवर रेग्मी (जोशी) नै इन्दिरस भएको उनको तर्क छ । उनले आफ्ना तर्कलाई पुष्टि गर्न यस लेखमा ऐतिहासिक तथ्यहरू प्रस्तुत गरेका छन् । उनले तथ्यहरूलाई तर्क र यथार्थमा प्रष्ट्याएका छन् । उनका अहिलेसम्मका यथार्थहरू खण्डित नभएकाले प्रस्तुत लेख अनुसन्धानमूलक र ऐतिहासिक नै छ ।

'जीवनाथ कविबारे केही कुरा' शीर्षक लेख वि.सं. २०३९ माघ महिनाको **परिवेश** पत्रिकामा प्रकाशित भएको थियो । यस लेखमा योगी नरहरिनाथले 'ऐतिहासिक कविता' शीर्षक नाम दिएर इतिहास प्रकाश (अङ्क; १, २०१२) मा छपाएको कविताबाट जीवनाथका बारेमा सर्वप्रथम जानकारी

दिएको उल्लेख गर्दै शरद्चन्द्र शर्मा भट्टराईले अहिले उनका अरू रचनाहरू पनि प्राप्त भएको तथ्य प्रस्तुत गरेका छन् । उनले लेखको अन्त्यमा गोर्खा निर्गुण भजन (१९२२) मा छापिएको 'राग काफी' साभार प्रस्तुत गरेर जीवनाथका कृतित्वमाथि प्रकाश पारेका छन् ।

'योगी अम्बर गिरिबारे थप जानकारी' लेख वि.सं. २०४१ को **प्रज्ञा** पत्रिकामा प्रकाशित भएको थियो । शरद्चन्द्र शर्मा भट्टराईले राष्ट्रिय अभिलेखालयको माइक्रो फिल्म शाखामा अध्ययन गर्दा योगीका 'अष्टावक्र संहिता भाषा' (१८६७) र 'गीता भाषा' (१९०५) देखेको आधारमा यस लेखमा यी दुई कृतिहरूको परिचय दिएका छन् ।

'भानुभक्तको कथित शृङ्गारिक श्लोक' लेख वि.सं. २०४० मार्ग महिनाको **मधुपर्क**मा प्रकाशित भएको थियो । शरद्चन्द्र शर्मा भट्टराईले यस लेखमा 'विन्ति एक म गर्दछु सुन प्रिय । प्रीति निरन्तर रहोस् । तहाँको मन पिँजरा म मुनियाँ ये चालु सदरकाल रहोस् ।' भन्ने कवितांशलाई भानुभक्तको भनिए पनि मोतीराम भट्टले नै थपेको तथ्यलाई विभिन्न प्रमाणका आधारमा सिद्ध गरेका छन् ।

'पतञ्जलि गजुऱ्यालका कृतिबारे सानो पुर्पच्छे' लेख वि.सं. २०४० मार्ग महिनाको **भारद्वाज** पत्रिकामा प्रकाशित भएको थियो । यस लेखमा शरद्चन्द्र शर्मा भट्टराईले पतञ्जलि गजुऱ्याल, भानुभक्त र मोतीरामका बीचका सबैभन्दा सशक्त कवि भएको धारणा व्यक्त गरेका छन् । मृत्युपछि उनका रचनाहरू हिनामिना भएको चर्चा गर्दै पछि प्राप्त रचनाहरूको जानकारी दिने क्रममा 'जैमिनी भारत भाव सारार्थ बालुन गीत' हरिविक्रम थापाको नाममा छापिएको तथ्यमाथि प्रकाश पारेका छन् ।

'कस्यापिको रहस्य : केही शङ्का केही समाधान' शीर्षकको लेख वि.सं.२०४० मार्गको भारद्वाजमा प्रकाशित भएको थियो । यस लेखमा

शरद्चन्द्र शर्मा भट्टराईले **श्लोक सङ्ग्रह** (१९५६) मा 'कस्यापि' को छद्नाम भित्र लुकेर रहेका कविहरूका बारेमा चर्चा गरेका छन् । उनले **श्लोक सङ्ग्रह**भित्र कस्यापिको नाममा रहेका दश श्लोकमा आठओटा पृथ्वी वीरविक्रमका भए पनि गणेश स्तुतिपरक श्लोक भने पतञ्जली गजुऱ्यालका भएका र तरकारीको वर्गीकरण गरिएको एउटा श्लोक अन्य कुनै वेनामी कविको भएको तर्क पेश गरेका छन् ।

### ३.४.३.१.२ खण्ड दुईअन्तर्गतका लेखहरूको विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराईले यस ग्रन्थको खण्ड दुईमा 'मोतीयुगको सेरोफेरो' मूल शीर्षक राखेर यस खण्डमा विभिन्न समयमा लेखेका मोतीराम भट्ट र उनका समकालीन युगका अरू स्रष्टाहरूसँग सम्बन्धित लेखहरूलाई समेटेका छन् ।

'बहुभाषाका ज्ञाता मोतीराम भट्ट र क्वाँटीभाषे कविताको परम्परा' शीर्षक लेख **मोतीस्मृत ग्रन्थ** २०३९ मा परेको लेख हो । उनले यस लेखमा मोतीराम भट्टको बहुभाषा ज्ञानको सामान्य पृष्ठभूमि दिँदै भट्टको विभिन्न भाषाहरूको मिसोट गरी क्वाँटी भाषे स्फुट कविता रच्ने प्रवृत्तिको जानकारी दिएका छन् । यस्तो प्रवृत्ति शम्भुप्रसादमा पनि रहेको उल्लेख गर्दै उनले लेखको अन्त्यमा नेपाली र संस्कृत मिश्रित, नेपाली, संस्कृत र नेवारी मिश्रित, नेपाली, संस्कृत र अङ्ग्रेजी मिश्रित, नेवारी, वङगाली र फारसी मिश्रित, हिन्दी र मैथीली भाषा मिश्रित मोतीराम भट्टका कविताहरूको नमूना दिएका छन् ।

वि.सं. २०३९ को पारिजात पत्रिकामा प्रकाशित भएको 'मोतीराम भट्ट र उनको पुस्तक सङ्ग्रह' शीर्षकको लेखमा उनले अध्ययनशील मोतीराम भट्टसँग विभिन्न भाषाका प्रशस्तै पुस्तकहरू रहेका र उनको मृत्युपछि उनकी आमाले सुब्बा मरीचिमानसिंह मार्फत् नेपाल लाइब्रेरीमा दिएको जानकारी

मोतीराम भट्टका जीवनी लेखक नरदेव पाण्डेले दिए अनुसार उक्त सङ्ग्रहमा कुन-कुन र कस्ता पुस्तक थिए भन्नेकुरा थप प्राप्त प्रमाणका आधारमा जानकारी दिएका छन् ।

'मोतीराम भट्टको तीजको कथा' लेख वि.सं. २०३९ माघको **रूपरेखा** पत्रिकामा प्रकाशित भएको थियो । उनले यस लेखमा मोतीराम भट्टले शृङ्गारिक मात्र नभएर भक्ति तथा नीति चेतनापरक रचनाहरू पनि रचेको चर्चा गर्दै 'पञ्चक-प्रपञ्चक' (१९४४) सँग गाभिएर प्रकाशित भएको तेह्र श्लोकको 'तीजको कथा' र 'मोतीराम भट्टका फुटकर कविताहरू' नामक राष्ट्रिय अभिलेखालयमा राखिएका लेखोटमा रहेको १९ श्लोके 'हरितालिका तीजका कथा' को तुलनात्मक अध्ययन प्रस्तुत गरेका छन् । उनले लेखको अन्त्यमा मोतीराम भट्टको 'हरितालिका ब्रतकथा'का १९ श्लोक साभार प्रस्तुत गरेका छन् ।

वि.सं. २०३९ चैत्रको **साङ्ग्रिला** पत्रिकामा प्रकाशित भएको 'मोतीराम कालीन नेपाली प्रकाशकहरू' शीर्षक लेखमा शरद्चन्द्र शर्मा भट्टराईले प्रकाशनको क्षेत्रमा पहिला देखापरेका व्यक्ति र साहित्यिक पुस्तकहरू प्रकाशन गर्ने पहिला व्यक्ति पनि मोतीराम भट्ट नै हुन् भन्ने भ्रमपूर्ण अड्कल गरिएको मान्यतालाई विभिन्न प्रामाणिक तथ्यका आधारमा खण्डन गर्दै मोतीराम भट्ट भन्दा अगाडि प्रकाशन भएका साहित्यिक कृतिहरूको खोज गरी प्रस्तुत गरेका छन् । उनका खोज अनुसार १९३२ सालमा ढुङ्गे छापा पद्धतिबाट छापिएको 'बुद्धिचानक नेपाली भाषा' पहिलो मुद्रित साहित्यिक कृति भएको तथ्य पत्ता लागेको छ । उनले मोतीराम कालीन नेपाली प्रकाशक र प्रकाशनहरूका बारेमा ऐतिहासिक अध्ययन प्रस्तुत गरेका छन् ।

'मोतीकृष्ण कम्पनी र पाशुपत छापाखाना : केही जानकारी' शीर्षकको लेख वि.सं. २०६१।६।६ को गोरखापत्रमा प्रकाशित भएको थियो । यस लेखमा उनले 'मोतीकृष्ण कम्पनी' र 'पाशुपत छापाखाना' को स्थापनाका उद्देश्य र

त्यसका कार्यहरूबारे विस्तृत जानकारी दिँदै यस सम्बन्धमा देखिएका विभिन्न भ्रमपूर्ण कुराहरूलाई प्रामाणिक रूपमा खण्डन गरेका छन् । उनले लेखको अन्त्यमा उक्त छापाखानाले १९५० सालमा छापेको 'ठहिँटी आढत' को सूचीपत्र र गणेशस्तोत्रसहित विज्ञापन पत्रका केही अंश प्रस्तुत गरी ऐतिहासिक तथ्यहरूमाथि प्रकाश पारेका छन् ।

'मोतीयुगका अर्का एक मोती' लेख वि.सं. २०४० को **नेपाली** पत्रिकाको अङ्क ९७ मा प्रकाशित भएको थियो । उनले यस लेखमा मोतीराम भट्टभन्दा १६ वर्ष जेठा र पछिसम्म जीवित रहेका प्युठान बजार निवासी मोतीलाल श्रेष्ठ र उनको 'ज्ञान भजन' (१९७१) का बारेमा विस्तृत जानकारी दिएका छन् । उनले लेखको अन्त्यमा श्रेष्ठका दुईओटा नेपाली भजन साभार प्रस्तुत गरेका छन् ।

'कवि उमाकान्त त्रिपाठी र उनको वैकुण्ठ लहरी' शीर्षकको लेख वि.सं. २०४१ असोजको **जिज्ञासा** पत्रिकाको अङ्क २ मा प्रकाशित भएको थियो । यस लेखमा उनले मोतीराम भट्टका समकालीन कवि उमाकान्त त्रिपाठी र उनको एकमात्र रचना 'वैकुण्ठ लहरी' (१९४८) का सम्बन्धमा खोजपूर्ण विश्लेषणात्मक अध्ययन प्रस्तुत गरेका छन् ।

वि.सं. २०४१ असोजको **जिज्ञासा** पत्रिकाको अङ्क २ मा प्रकाशित भएको 'माध्यमिक कालका प्रतिभा गिरीशवल्लभ जोशी र नेपाली वाङ्मयलाई उनको देन' शीर्षक लेखमा शरद्चन्द्र शर्मा भट्टराईले माध्यमिक कालका विशिष्ट प्रतिभा गिरीशवल्लभ जोशी (१९२४-८०) उपन्यासकार मात्र नभएर धेरै विधामा कलम चलाउने बहुमुखी प्रतिभा भएको तथ्यलाई उद्घाटन गरेका छन् । गिरीशवल्लभ जोशी पेशाले वैद्य भए पनि आख्यानकार, कवि, नाटककार, निबन्धकार र चित्रकार भएको तथ्यमाथि विस्तृत जानकारी दिँदै उनले लेखको अन्त्यमा गिरीशवल्लभको चिना-

टिपोटको अंश, शैक्षिक प्रमाणपत्र र चन्द्र शमशेरबाट प्राप्त बैधकसम्बन्धी सदनको पनि साभार प्रस्तुत गरेका छन् ।

'गिरीशवल्लभ जोशीको अविवेचित उपन्यास प्रारब्धदर्पणको प्रतिविम्ब' शीर्षकको लेख वि.सं. २०३८ को **पारिजात** पत्रिकाको अङ्क १३ मा प्रकाशित भएको थियो । उनले यस लेखमा गिरीशवल्लभ जोशीका 'वीरचरित्र' बाहेक अन्य दुई उपन्यास 'प्रारब्धदर्पण' र 'बहादुर चरित्र' भएको उल्लेख गर्दै मदन पुरस्कार गुठीको पुस्तकालयमा रहेको हस्तलिखित 'प्रारब्धदर्पण' को बाह्य संरचना, कथानक, उद्देश्य आदिका बारेमा जानकारी दिँदै रचनाकालको निर्धारणसमेत गरिदिएका छन् ।

### ३.४.३.१.३ खण्ड तीनअन्तर्गतका लेखहरूको विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराईले यस ग्रन्थको खण्ड तीनमा 'लेखनाथ युगको सेरोफेरो' मूल शीर्षक राखेर विभिन्न काल खण्डमा लेखेका लेखनाथ पौड्याल र उनका समकालीन स्रष्टाहरूसँग सम्बन्धित लेखहरूलाई समेटेका छन् ।

'मधुकर पनि लेखनाथ पौड्यालकै छद्मनाम' शीर्षक लेख वि.सं. २०३९ फागुनको **मधुपर्क**मा प्रकाशित भएको थियो । उनले यस लेखमा लेखनाथले कुनै समयमा 'प्रेमान्धचकोर', 'चकोर' र 'मधुकर' को छद्मनाममा कविता छपाएको पुष्टि गर्दै लेखको अन्त्यमा 'कविराज' कविताका नौओटा पद्य साभार प्रस्तुत गरेका छन् ।

'कविता युद्धको परम्परामा लेखनाथ र शम्भुप्रसाद' शीर्षकको लेख वि.सं.२०४०-४१ को **नेपाल** पत्रिकाको चैत्र-वैशाख अङ्कमा प्रकाशित भएको थियो । उनले यस लेखमा लेखनाथ र शम्भुप्रसादका बीचमा चलेका कविता युद्धमा ती दुवै कविका सबल र दुर्बल पक्ष तथा कविता मान्यतासम्बन्धी प्रशस्त सूचना प्राप्त भएको चर्चा गर्दै लेखको अन्त्यमा लेखनाथ पौड्यालको

'भूतनाथ भर्त्सना भङ्गकारी' शीर्षकको एकसय सत्र श्लोके कवितालाई उद्धृत गरेका छन् ।

'लुक्नु किन कवे । परमित्र' शीर्षकको लेख वि.सं. २०४० को **साङ्ग्रिला** पत्रिकाको अङ्क ६ मा प्रकाशित भएको थियो । उनले यस लेखमा तत्कालीन समयमा दुई साँढे जस्ता कवि लेखनाथ पौड्याल र शम्भुप्रसाद ढुङ्ग्यालले एक अर्कालाई होच्याउने व्यङ्ग्य गर्ने गरेको प्रयासको चर्चा गरेका छन् । शम्भुप्रसादले लेखनाथप्रति गरेका व्यङ्ग्यात्मक कविता सबै प्राप्त नभएको तथ्य उल्लेख गर्दै उनले 'त्यो मऱ्यो' (चन्द्रिका १।३ - १९६३) र अन्य सातओटा नेपाली र ६ ओटा हिन्दीका श्लोक साभार प्रस्तुत गरेर लेखनाथप्रति शम्भुप्रसादको केकस्तो दृष्टिकोण थियो भन्ने कुरा प्रष्ट पारेका छन् ।

'अभिशप्त साहित्यसेवी : कृष्णचन्द्र अर्याल' शीर्षकको लेख वि.सं. २०३९ चैत्रको **रूपरेखा** पत्रिकामा प्रकाशित भएको थियो । यस लेखमा उनले 'सुन्दरी' (१९६३-६५), 'सूक्तिसिन्धु' (१९७४) मा 'प्रोषित-भतृकाको विरह' लिएर देखा परेका कृष्णचन्द्र अर्यालको जीवनी र साहित्यिक व्यक्तित्वसम्बन्धी विस्तृत अध्ययन प्रस्तुत गरेका छन् ।

'हिन्दी उपन्यास गृहलक्ष्मी र त्यसको प्रभाव नासो एवम् रूपमतीमा' शीर्षकको लेख सर्वप्रथम वि.सं. २०२८ को **पारिजात** पत्रिकाको अङ्क ११ मा प्रकाशित भएको थियो । उनले यस लेखमा हिन्दीका प्रसिद्ध उपन्यासकार गोपालराम गहमरी (१९२३-२००३) को सामाजिक उपन्यास 'गृहलक्ष्मी' ( १९६९) को प्रभाव गुरूप्रसाद मैनालीको 'नासो' (१९९२) कथा र रुद्रराज पाण्डेको 'रूपमती' (१९९१) उपन्यासमा कुनै न कुनै रूपमा परेको पुष्टि गरेका छन् ।

### ३.४.३.१.४ खण्ड चारअन्तर्गतका लेखहरूको विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराईले यस ग्रन्थको खण्ड चारमा विभिन्न समयमा लेखेका र प्रकाशनसमेत भैसकेका विविध विषयका अनुसन्धानमूलक लेखहरूलाई समेटेका छन् ।

'नेपाली भाषाका केही प्राचीन ग्रन्थहरू' वि.सं. २०४० आषाढको गरिमा पत्रिकामा प्रकाशित भएको थियो । उनले यस लेखमा राष्ट्रिय अभिलेखालयमा रहेका विविध विषयसँग सम्बन्धित साठीओटा लेखोट ग्रन्थहरूको नाम, रचनाकार, प्रतिलिपिकार समय र पृष्ठसङ्ख्या जनाएर उक्त ग्रन्थहरूका बारेमा सामान्य जानकारी दिएका छन् ।

'जङ्गबहादुर कालीन नाचगानको प्रसङ्ग दर्शाउने केही प्रसङ्ग' शीर्षकको लेख वि.सं. २०३९ को **रत्न रेकर्डिङ्को स्मारिका**मा प्रकाशित भएको थियो । उनले यस लेखमा थापाथली दरबारमा १९०५ सालदेखि नै नाचगानसम्बन्धी तालिमखाना खुलिसकेको र त्यहाँका वस्दात, कलाकारहरूको खर्चसम्बन्धी विवरण दिएका छन् । जङ्गबहादुरको समयमा नै नेपालमा रसरङ्ग र विलासिताले जरो गाडिसकेको ऐतिहासिक तथ्यमाथि प्रकाश पारेका छन् ।

'चन्द्र पत्रिकाको छोटो कैरन' शीर्षकको लेख वि.सं. २०३८ को **प्रज्ञा** पत्रिकाको अङ्क ३५ मा प्रकाशित भएको थियो । उनले यस लेखमा चन्द्र (१९७१) साहित्यिक मासिक पत्रिका प्रकाशनको पृष्ठभूमि, उद्देश्य र यस पत्रिकाको योगदानका बारेमा विस्तृत चर्चा गरेका छन् । **चन्द्र**का बाह्रवटै अङ्कमा प्रकाशित भएका रचनाहरूको विषयसूची दिएर उक्त पत्रिकासँग सम्बन्धित भ्रमहरूको खण्डन गर्दै उनले ऐतिहासिक तथ्यहरूमाथि प्रकाश पारेका छन् ।

'बुइँगलका केही छद्मनाम : केही शङ्का केही समाधान' शीर्षकको लेख वि.सं. २०३८ को **मधुपर्क**को अङ्क १ मा प्रकाशित भएको थियो । उनले यस लेखमा **बुइँगल** (२०३४) मा छद्मनाममा रहेका केही कविहरूको वास्तविक नाम पत्ता लगाउने प्रयास गरेका छन् ।

'बुइँगलका केही उपनाम : केही शङ्का केही समाधान' शीर्षकको लेख वि.सं. २०३८ माघ ३ को **गोरखापत्र**मा प्रकाशित भएको थियो । उनले यस लेखमा **बुइँगल** (२०३४) भित्रै उपनाम मात्र रहेका कविहरूको यथार्थ नाम पत्ता लगाउने प्रयास गरेका छन् ।

'नेपालीमा हिन्दीको प्रभाव : परम्परा र हिन्दीका केही पुराना लेखक शीर्षक लेख' वि.सं. २०४० को **परिवेश वाङ्मय विशेषाङ्क**मा प्रकाशित भएको थियो । उनले यस लेखमा भौगोलिक, व्यापारिक, धार्मिक तथा साँस्कृतिक सम्बन्धका माध्यमबाट विशेषतः मल्लकालदेखि नै हिन्दी वा पक्की बोलीको प्रभाव नेपाली साहित्यमा पर्दै आएको तथ्यमाथि प्रकाश पारेका छन् । योगनरेन्द्र, भूपतीन्द्र, प्रकाश मल्लदेखि माध्यमिक कालका मोतीराम भट्ट, रामप्रसाद सत्याल, शम्भुप्रसाद ढुङ्ग्याल लगायतका थुप्रै लेखकहरूले हिन्दी भाषामा कलम चलाएको विवरण प्रस्तुत गरेका छन् ।

'१९९१ साल अघिका गोरखापत्रका केही सेवीहरू' शीर्षकको लेख वि.सं. २०४२।१।२९ को **गोरखापत्र**मा प्रकाशित भएको थियो । उनले यस लेखमा वि.सं. १९५८ देखि १९९१ सम्म **गोरखापत्र**को स्तरीयता र विकासमा विशेष योगदान दिने साधकहरूमा साधुराम देवकोटा, चिरञ्जीवी पौड्याल, उदयदेव पाण्डे, वीरेन्द्रकेशरी अर्ज्याल, नरेन्द्रकेशरी अर्ज्याल, कृष्णचन्द्र अर्ज्याल, हरिप्रसाद शर्मा, हरिराम पाध्या र नूतनराजको परिचय दिएका छन् ।

### ३.४.३.२ निष्कर्ष

शरद्चन्द्र शर्मा भट्टराईको **नेपाली वाङ्मय केही खोजी केही व्याख्या** (२०४४) नामक साहित्येतिहासपरक खोजअनुसन्धानमूलक समालोचनात्मक कृति प्राचीन तथा माध्यमिक कालखण्डसित सम्बन्धित विभिन्न लेखहरूको सङ्ग्रह हो । यस सङ्ग्रहमा उनका वि.सं. २०३८ देखि २०४२ सालभित्र विभिन्न पत्रपत्रिकामा प्रकाशन भैसकेका लेखहरू सङ्गृहीत छन् । उनले यस ग्रन्थको पहिलो खण्डमा प्राथमिक कालका कवि लेखकहरूका बारेमा थप जानकारी दिँदै उनीहरूका कतिपय दुर्लभ तथा अचर्चित कृतिहरूमाथि प्रकाश पारेका छन् । प्राचीन कालका कतिपय स्रष्टाका रचनाहरू अर्कैका नाममा छापिएको तथ्यलाई अगाडि सार्दै उनले ती कृति र कृतिकारका बारेमा तथ्यपूर्ण प्रामाणिक जानकारी दिएका छन् । जसले गर्दा प्राचीन नेपाली साहित्यमा देखिएका भ्रमहरूको निराकरण भएको छ । प्राचीन समयमा आफ्नो विशिष्ट योगदान भएर पनि बिर्सन थालिएका कतिपय स्रष्टाहरूको उनले खोज गरेका छन् । उनका खोजबाट प्राचीन नेपाली साहित्यको संवृद्धिमा बल पुगेको छ । उनले यस ग्रन्थको खण्ड दुईमा माध्यमिक कालका विशिष्ट प्रतिभा मोतीराम भट्टका बारेमा लेखेका लेखहरूलाई समेटेका छन् । मोतीराम भट्टसँग सम्बन्धित केही अज्ञात तथ्यहरूको जानकारी दिइएकाले गर्दा मोतीराम भट्टका बारेमा जानकारी लिन चाहने सबैलाई यो कृति उपयोगी बन्न पुगेको छ । यस खण्डमा माध्यमिक कालका साधकहरू मोतीलाल श्रेष्ठ, उमाकान्त त्रिपाठी र गिरीशवल्लभ जोशीका बारेमा गरिएको अध्ययन अनुसन्धानले कृतिलाई ऐतिहासिकता बनाएको छ । ग्रन्थको खण्ड तीनमा लेखनाथ र शम्भुप्रसादका बारेमा विस्तृत रूपमा प्रकाश पार्दै उनीहरूले एक अर्काप्रति कवितामार्फत् गर्ने गरेका व्यङ्ग्यलाई प्रस्तुत गरिएको छ, जसबाट यी दुई कविको कवित्वशक्ति के कति थियो भन्ने कुराको जानकारी मिल्दछ । खण्ड चारमा विविध विषय र प्रकृतिका अनुसन्धानमूलक लेखहरू छन् । उनले यस

खण्डमा विभिन्न विषय र प्रकृतिका लेखमार्फत् जुन जानकारी दिएका छन्, ती लेखहरूबाट प्राचीन लेखोट ग्रन्थ, जङ्गबहादुर कालीन नेपाली नाटकको विकास, नेपाली भाषाका पत्रिका चन्द्र र गोरखापत्र, बुइँगलका केही छद्मनाम र उपनामका कविहरूको चिनारी र हिन्दी भाषाको साहित्यले प्राचीन कालदेखि हालसम्म नेपाली भाषाका साहित्यमा पारेको प्रभावका बारेमा स्पष्ट जानकारी मिल्दछ । यसरी उनले नेपाली साहित्यको इतिहाससँग सम्बन्धित ऐतिहासिक सामग्रीहरूको खोज अनुसन्धान गरी प्रामाणिक तथ्यसहित कतिपय भ्रमहरूको खण्डन गरी यस ग्रन्थमा आफ्नो अनुसन्धाता व्यक्तित्वको जुन परिचय दिएका छन्, त्यसले उनको खोज अनुसन्धाता व्यक्तित्वको गरिमालाई उच्च सावित गरेको छ ।

## ३.४.४ *माध्यमिक नेपाली गद्याख्यान* (२०५०) को विश्लेषण

### ३.४.४.१ कृतिगत विश्लेषण

**माध्यमिक नेपाली गद्याख्यान** (२०५०) नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट शरद्चन्द्र शर्मा भट्टराईलाई विद्वद्वृत्तिका निम्ति लेख्न लगाइएको खोज अनुसन्धनमूलक समालोचनात्मक कृति हो । यस कृतिले वि.सं २०५० को मदन पुरस्कार प्राप्त गरेको थियो । नेपाली साहित्यको माध्यमिक कालमा विकसित तथा संमृद्ध विधा गद्याख्यानका बारेमा ज्यादै कम अध्ययन र अनुसन्धान भइरहेको परिप्रेक्ष्यमा उनले प्राथमिक तथा माध्यमिक कालीन गद्याख्यानसम्बन्धी विभिन्न सामग्रीहरूलाई देश विदेशबाट खोजेर व्यवस्थित र प्रामाणिक रूपमा यस कृतिमा प्रस्तुत गरेका छन् । विभिन्न कालखण्ड वा समग्रमा नेपाली साहित्यको प्रामाणिक इतिहास लेखनसमेत नभएको स्थितिमा एउटा विधा र त्यो पनि माध्यमिक कालखण्डलाई मात्र समेटेर लेखिएको विधागत इतिहाससँग सम्बन्धित तीन सय छ पृष्ठको यो पुस्तक नेपाली साहित्यको इतिहासमा प्रथम तथ्यपूर्ण

पुस्तकाकार कृति हो । उनले यस कृतिलाई विभिन्न नौओटा परिच्छेद र आवश्यकता अनुसारका शीर्षक र उपशीर्षकहरूमा विभाजन गरेका छन् ।

परिच्छेद एक - गद्याख्यानसम्बन्धी सैद्धान्तिक चिनारी

परिच्छेद दुई - नेपाली संस्कृतिमा आख्यानपरम्परा र नेपाली आख्यान साहित्यको लोक पृष्ठभूमि

परिच्छेद तीन - नेपाली आख्यानसाहित्यको विकासयात्रा र कालविभाजन

परिच्छेद चार - प्रारम्भिक नेपाली आख्यानसाहित्य

परिच्छेद पाँच - माध्यमिक कालीन गद्याख्यानको कालक्रमिक रूपरेखा

परिच्छेद छ - स्रोत, स्वरूप र विषयका दृष्टिले माध्यमिक कालको गद्याख्यान

परिच्छेद सात - माध्यमिक कालका आख्यानकार र तिनका कृतिहरू

परिच्छेद आठ - माध्यमिक कालीन आख्यानका विषयवस्तुगत र रूपगत प्रवृत्तिहरू

परिच्छेद नौ - नेपाली आख्यानपरम्परामा माध्यमिक कालीन योगदान

### ३.४.४.१.१ परिच्छेद एकअन्तर्गतका लेखको विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराईले यस ग्रन्थको प्रथम परिच्छेदमा 'गद्याख्यानसम्बन्धी सैद्धान्तिक चिनारी' मूल शीर्षक राखेका छन् । उनले गद्याख्यानको सैद्धान्तिक पक्षमाथि प्रकाश पार्दै सर्वप्रथम साहित्य र त्यसका

भेदोपभेद केलाउँदै आख्यानको स्वरूप र स्थान पहिल्याउने काम गरेका छन् । त्यसपछि उनले आख्यानका प्रमुख तत्त्वहरू (परिवेश वा देशकाल, घटना-व्यापार, कथावस्तु र कथानक, पात्र वा चरित्र) को सैद्धान्तिक परिचय दिएका छन् । उनले आख्यानमा यी तत्त्वहरूको अनिवार्यतालाई स्वीकारेका छन् । आख्यानको परम्पराप्रति ध्यानदिँदै उनले आख्यानको विकासकथालाई समेत देखाएका छन् । अलिखित आख्यान परम्परा नै वास्तवमा लिखित शिष्ट आख्यानको आदिस्रोत भएको सत्यलाई तथ्यपूर्ण ढङ्गले अघि सारेका छन् । त्यस्तै, विभिन्न आधारमा लोककथाको वर्गीकरण पनि तार्किक रूपमा गरेका छन् । आख्यानको विकासको चर्चा गर्दै पूर्वीय तथा पश्चिमी मान्यतासमेत राखिएकाले तुलनात्मक र ऐतिहासिक अध्ययन गर्न यो कृतिले सहज बनाइदिएको छ । कथाबारे पूर्वीय दृष्टिकोण देखाउन त्यससम्बन्धी मान्यतालाई पनि उनले मसिनोगरी केलाएका छन् । यसरी उनले प्रथम परिच्छेदमा स-साना उपशीर्षक राखेर गद्याख्यानसम्बन्धी विविध पक्षमाथि सैद्धान्तिक रूपमा व्याख्या विश्लेषण गरेका छन् ।

### ३.४.४.१.२ परिच्छेद दुईअन्तर्गतका लेखको विश्लेषण

'नेपाली संस्कृतिमा आख्यान परम्परा र नेपाली आख्यान साहित्यको लोकपृष्ठभूमि' मूल शीर्षकमा उनले नेपाली संस्कृतिमा परापूर्व कालदेखि नै चल्दै आएको आख्यान परम्परालाई कालक्रमिक र शृङ्खलित रूपमा प्रस्तुत गरेका छन् । त्यस्तै, उनले नेपाली आख्यान साहित्यको पृष्ठभूमिलाई केलाउँदै लोकपरम्परासम्म पुग्ने प्रयास गरेका छन् । उनले नेपाली समाजमा परापूर्वकालदेखि नै लोकप्रिय आख्यान साहित्यले नेपाली संस्कृतिमा पारेको प्रभाव र त्यसको पृष्ठभूमिलाई विस्तृत रूपमा विश्लेषण गरेका छन् ।

### ३.४.४.१.३ परिच्छेद तीनअन्तर्गतका लेखको विश्लेषण

'नेपाली आख्यानसाहित्यको विकास यात्रा र कालविभाजन' मूल शीर्षकमा उनले प्राचीन नेपाली गद्यसाहित्य विशेषत : वंशावली, चरित्र र

गाथालाई कथा र उपन्यास दुवैको आदि स्रोतका रूपमा लिएका छन् । उनले गद्याख्यानको कालविभाजन तथा सीमाङ्कन तथ्यपूर्ण हुनुपर्ने कुरामा जोड दिँदै कालविभाजन तथा सीमाङ्कनबारे भएका पूर्व प्रयासहरूको विस्तृत विवरण दिएका छन् । उनले गद्याख्यानको इतिहासलाई निम्नलिखित कालखण्डमा विभाजन गरेका छन् -

- *पृष्ठभूमि काल- अज्ञात-अतीतदेखि वि.सं. १८२६ सम्म ।*
- *प्राचीन वा प्राथमिक काल - वि.सं. १८२७ देखि वि.सं. १९४१ सम्म ।*
- *माध्यमिक काल - वि.सं. १९४२ देखि १९९० सम्म ।*
- *आधुनिक काल - वि.सं. १९९१ देखि हालसम्म* (शर्मा भट्टराई; २०५०:७६)

उनले नेपाली आख्यानसाहित्यको इतिहासमा अहिलेसम्मको खोजीले दर्शाएअनुसार लेखकको नाम र रचना मितिसमेत जनाइएको पहिलो गद्याख्यान शक्तिवल्लभ अर्ज्यालको 'महाभारत विराटपर्व' (१८२७) भन्दा अगाडि मौखिक रूपमा आख्यान र सरोटको परम्परा मिलेको हुँदा भविष्यका खोजले 'विराटपर्व' भन्दा अगाडि लेखिएका रचनाहरू पाइने सम्भावना कायमै रहेकाले गद्याख्यानको इतिहासलाई पृष्ठभूमि कालमा राख्नुपर्ने धारणा व्यक्त गरेका छन् । गद्याख्यानको लिखित साक्ष्य पाइएको मितिदेखि प्रारम्भिक काल सुरु भएको धारणा राख्दै उनले यस कालको पूर्व सीमा शक्तिवल्लभ रचित 'महाभारत विराटपर्व' (१८२७) लाई मानेका छन् भने प्रारम्भिक कालको उत्तर सीमा १९४० सालमा लगाउने एकमात्र महत्त्वपूर्ण आधार नेपाली आख्यानको लेखोटको युग यही विन्दुमा समाप्त हुनुलाई मानेका छन् । यस्तै, माध्यमिक कालीन गद्याख्यानको विकास प्रारम्भिककालिक आख्यानकै अनुवांशिकताको जगमा भएको तथ्यलाई अगाडि सार्दै उनले रामायण र स्वस्थानी प्रकाशनका साथ माध्यमिक कालको सुरुवात भएको मानेका छन् । यी दुई कृतिलाई आदर्श मानेर गद्य एवम् पद्यमा आख्यानहरू लेख्ने

समानान्तर धारा चलेको हो भन्ने उनको धारणा छ । नेपाली गद्याख्यानको आधुनिक काल सामाजिक यथार्थ परिवेशयुक्त 'सुमती' एवम् 'रूपमती' उपन्यास र 'शारदा' पत्रिकामार्फत छोटा मौलिक कथा देखापर्न थालेको समय अर्थात् १९९१ साल उप्रान्तको समयमा कथा र उपन्यास स्पष्ट दुई विधाहरूमा शाखायित भएका थिए । यसै आधारबाट गद्याख्यानको आधुनिक काल सुरु भएको हो भन्ने उनको ठहर छ । यसरी उनले तेस्रो परिच्छेदमा नेपाली गद्याख्यानको इतिहासलाई वैज्ञानिक ढङ्गले कालविभाजन गरेर सीमाङ्कनसमेत गरी आख्यान साहित्यको व्यापक अध्ययन अनुसन्धान गरेका छन् ।

### ३.४.४.१.४ परिच्छेद चारअन्तर्गतका लेखको विश्लेषण

'प्रारम्भिक नेपाली आख्यान साहित्य' यस परिच्छेदको मूल शीर्षक हो । उनले यस  परिच्छेदमा प्ररम्भिक नेपाली गद्याख्यानका लिखित रूपको चर्चा गर्दै स्रोत र विषयका आधारमा वैज्ञानिक ढङ्गले वर्गीकरण गरेका छन् । प्रारम्भिक कालका गद्याख्यानका मुख्य स्रोत , मौखिक परम्परामा हुर्किएका लोककथा रूपका आख्यान, संस्कृतका आख्यान, हिन्दी र अङ्ग्रेजी भाषाका नगन्य आख्यान गरी उनले स्रोतगत वर्गीकरण गरेका छन् । यस्तै उनले विषयका आधारमा धार्मिक, पौराणिक धारामा वर्गीकरण गर्दै रामायणमा आधारित आख्यान, महाभारतमा आधारित आख्यान, पुराण कथामा आधारित आख्यान गरी वर्गीकरण गरेका छन् । यस्तै विषयकै आधारमा औपदेशिक नैतिक आख्यान, कौतुहल-रोमाञ्चमुखी रमाख्यान गरी प्रारम्भिक कालीन गद्याख्यानलाई तीन तहमा छुट्टाएका छन् । उनले अन्त्यमा प्राथमिक कालीन गद्याख्यानहरूको समग्रमा मूल्याङ्कन गर्दै उपलब्धिहरूमाथि प्रकाश पारेका छन् ।

### ३.४.१.५ परिच्छेद पाँचअन्तर्गतका लेखको विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराई यसै परिच्छेदबाट नै ग्रन्थले सङ्केत गरेको विषयतर्फ प्रवेश गरेका छन् । 'माध्यमिक कालीन गद्याख्यानको कालक्रमिक रूपरेखा' शीर्षकमा उनले माध्यमिक कालीन गद्यलाई पूर्व तथा उत्तर माध्यमिक काल भनी विभाजन गरेका छन् । उनले माध्यमिक कालका गद्याख्यानको विकास यात्रामा देखापरेका उपलब्धि, अनुपलब्धि र त्यसमा प्रभाव पार्ने कारक तत्त्वहरूबारे प्रकाश पार्दै प्राथमिक कालीन गद्याख्यान र माध्यमिक कालीन गद्याख्यानको स्रोतहरूमा संस्कृतको परम्परागत स्रोत, लोकपरम्परा स्रोतबाहेक अरबी, फारसी, उर्दू, हिन्दी, वङ्गाली एवम् अङ्ग्रेजी र सो मार्फत यूरोपेली स्रोतका आख्यान स्रोत मुख्य रूपमा देखापरेका र मौलिक आख्यानको प्रणयन पनि भईरहेको तथ्यलाई स्पष्ट पारेका छन् ।

### ३.४.४.१.६ परिच्छेद छअन्तर्गतका लेखको विश्लेषण

'स्रोत, स्वरूप र विषयका दृष्टिले माध्यमिक कालको गद्याख्यान' मूल शीर्षकमा उनले बाह्य र आन्तरिक स्रोतका आख्यानहरूका भेदोपभेदको उल्लेख गर्दै स्वरूप र विषयका दृष्टिले धार्मिक-पौराणिक धारा, नैतिक औपदेशिक धारा र मनोरञ्जनपरक धारामा विभाजन गरी प्रामाणिक विवरणात्मक सूचीसमेत प्रस्तुत गरेका छन् । उनले स्वरूपका दृष्टिले प्राथमिक काल र पूर्व माध्यमिक कालमा खासै भिन्नता नभएको चर्चा गर्दै उत्तरमाध्यमिक कालमा भने कथा र उपन्यासका पूर्वरूप प्राप्त हुन थालेको तथ्यमाथि प्रकाश पारेका छन् ।

### ३.४.४.१.७ परिच्छेद सातअन्तर्गतका लेखको विश्लेषण

'माध्यमिक कालका आख्यानकार र तिनका कृतिहरू' मूल शीर्षकमा उनले माध्यमिक कालीन आख्यान र आख्यानकारहरूका बारेमा विस्तृत जानकारी दिएर अध्ययनलाई फराकिलो पार्ने प्रयत्न गरेका छन् । उनले यस परिच्छेदमा माध्यमिक कालीन गद्याख्यानमा विशेष योगदान दिने चौधजना

प्रतिनिधि आख्यानकारहरू देवराज लामिछाने, हरिहर शर्मा लामिछाने, चिरञ्जीवी पौड्याल, शिवदत्त सिद्याल, गङ्गाप्रसाद प्रधान, गिरीशवल्लभ जोशी, हरिहर आ.दी., नरदेव पाण्डे, सदाशिव शर्मा अधिकारी, रामप्रसाद सत्याल, चक्रपाणि चालीसे, शम्भुप्रसाद ढुङ्ग्याल, वैजनाथ जोशी सेढाइँ, पद्मनाथ सापकोटाको परिचय दिँदै यिनका रचनबारे विस्तृत जानकारी दिएका छन् । यस्तै उनले उक्त कालखण्डमा २१ जना सामान्य आख्यानकारहरू गङ्गाधर शास्त्री द्रविड, रामकृष्ण वर्मा, शिखरनाथ सुवेदी, जयपृथ्वीबहादुर सिंह, तीर्थराज पाण्डे, भैरवप्रसाद अर्ज्याल, अमरसिंह थापा, कृष्णचन्द्र अर्ज्याल, पहलमानसिंह स्वाँर, तारानाथ शर्मा नेपाल, गम्भीरध्वज शाह, शिवप्रताप थापा, नित्यानन्द सिग्द्याल, ऋषिबहादुर मल्ल, अम्बालिका देवी, पारसमणि, प्रधान, भक्तवीर थापा, वेदनाथ आचार्यको परिचय दिँदै यिनका कृतिहरूको नामोल्लेख गरेका छन् ।

### ३.४.४.१.८ परिच्छेद आठअन्तर्गतका लेखको विश्लेषण

'माध्यमिक कालीन गद्याख्यानका विषयवस्तुगत र रूपगत प्रवृत्ति' मूल शीर्षकमा उनले माध्यमिक कालीन गद्याख्यानलाई विषयवस्तुगत प्रवृत्ति र रूपतात्विक प्रवृत्तिका आधारमा विश्लेषण तथा मूल्याङ्कन गरेका छन् । विषयवस्तुगत प्रवृत्तिअन्तर्गत प्राथमिक कालीन भावधाराकै परम्परामा धार्मिक पौराणिक, नीति उपदेशपरक, लोककथात्मक रोमाञ्चक भावधारा र नयाँ भावधारामा कौतुहल प्रधान तिलस्मी-जासुसी र गौँणरूपमा सामाजिक विषयवस्तुगत प्रवृत्ति रहेको उल्लेख गरेका छन् । उनले माध्यमिक कालीन गद्याख्यानहरू आयामका दृष्टिले लघुतम, लघु, मध्यम, र वृहत्तम आदि भएको चर्चा गर्दै रूपतात्विक प्रवृत्तिअन्तर्गत वर्णनात्मकता, कथयिता-श्रावयिता-शृङखला, कथामा उपकथा घुसाउने पञ्चतन्त्रीय प्रणाली आदिका आधारमा वर्गीकरण तथा विश्लेषण गरेका छन् । त्यस्तै, रूपतात्विक शैलीमा

मङ्गलाचरण, संवादात्मकताको अधिक्य, रचनाको शीर्षकमा हुने विकल्पात्मकता आदि प्रवृत्तिसमेत रहेको उल्लेख गरेका छन् ।

### ३.४.४.१.९ परिच्छेद नौअन्तर्गतका लेखको विश्लेषण

'नेपाली गद्याख्यान परम्परामा माध्यमिक कालीन योगदान' मूल शीर्षकमा उनले गद्याख्यानको इतिहासमा आधुनिक कालको पृष्ठभूमि बनेको माध्यमिक कालले नेपाली साहित्यको इतिहासमा के कस्तो योगदान दिएको छ भन्ने सम्बन्धमा व्यापक व्याख्या विश्लेषण गरेका छन् । उनले नेपाली गद्याख्यान परम्परामा माध्यमिक कालीन योगदानलाई निम्नलिखित उपशीर्षकमा स्पष्ट पारेका छन् - *स्रोतमा विस्तार, विषयमा विविधीकरण, प्रवृत्तिमा फेरबदल, शिल्पमा परिवर्तन, स्थानीय चित्रणतर्कको उन्मुखता, अनुवाद रूपान्तरण, अनुकूलताबाट मौलिकतातर्फको प्रचेष्ठा, छपाईको सुविधाबाट प्रचार प्रसारमा योग, पत्रपत्रिकामार्फत् आख्यानलाई योगदान, पाठ्यपुस्तकमार्फत विकासमा योगदान, गद्यको परिष्कार, पठन रुचिमा वृद्धि र पाठक सङ्ख्यामा बढोत्तरी* (शर्मा भट्टराई; २०५०:२६३) । यसरी उनले यी बुँदाहरूका आधारमा समग्र माध्यमिक कालीन योगदानवारे विभिन्न कोणबाट व्याख्या विश्लेषणसहित वस्तुपरक मूल्याङ्कन गरेका छन् ।

### ३.४.४.२ निष्कर्ष

नेपाली साहित्यको माध्यमिक काल अझै अँध्यारोमा छ । गद्यपद्य, साहित्यका अनेक विधा अनुसन्धेय छन् । यस्तै अभावमध्ये माध्यमिक कालमा गद्याख्यानहरूको के कस्तो स्थिति थियो ? भन्ने कुरा खोजपूर्ण रूपमा माध्यमिक नेपाली गद्याख्यान नामक कृतिमा प्रस्तुत गरिएको छ । परिच्छेद एकमा गद्याख्यानसम्बन्धी सैद्धान्तिक चिनारी विस्तृत रूपमा दिएको छ । त्यस्तै परिच्छेद दुईमा नेपाली सँस्कृतिमा आख्यान परम्परा र नेपाली आख्यान साहित्यको लोकपृष्ठभूमि केलाउने प्रयास गरिएको छ । परिच्छेद तीनमा नेपाली आख्यान साहित्यको विकासयात्रा र कालविभाजन प्रस्तुत गरिएको छ

भने चार परिच्छेदमा प्रारम्भिक आख्यान साहित्यको चर्चा छ । परिच्छेद पाँचमा माध्यमिक कालीन गद्याख्यानको कालक्रमिक रूपरेखामा प्रकाश पारिएको छ भने परिच्छेद छ मा स्रोत, स्वरूप तथा विषयका दृष्टिले माध्यमिक कालको आख्यानको विश्लेषण गरिएको छ । परिच्छेद सातमा माध्यमिक कालका आख्यानकार र तिनका कृतिहरूको परिचय दिइएको छ । परिच्छेद आठमा माध्यमिक कालीन गद्याख्यानका विषयवस्तुगत तथा रूपगत प्रवृत्तिहरूको विश्लेषण गरी केलाउने काम भएको छ । परिच्छेद नौ मा नेपाली गद्याख्यान परम्परामा माध्यमिक कालीन योगदान भनी निष्कर्ष निकालिएको छ ।

यसरी नौ ओटा परिच्छेदमा माध्यमिक नेपाली गद्याख्यानबारे खोजपूर्ण रूपमा विशद चर्चा गरिएको छ । कथा, उपन्यास जुनसुकै लोकप्रिय रचना हुन् अनेक स्रोतबाट नेपालीमा आएर नेपाली जनजीवनलाई गद्य पढ्न प्रेरित गर्न आख्यान साहित्यले ठूलो भूमिका खेलेको छ । स्वस्थानी ब्रतकथा, वीरसिक्का, हात्तीमताइको कथा, गुलवकाबलीको कथा, सुकबहत्तरी, बेताल पच्चीसी, लालहीराको कथा, तोतामैनाको कथा, सुनकेशरी रानीको कथा आदि थुप्रै आख्यान नेपाली जनजीवनमा प्रसिद्ध छन् । यसमा आख्यान खोजी-खोजी सर्वसाधारणले पढ्ने गर्छन् । तर यी कथा कुन स्रोतबाट नेपालीमा आएका हुन् ? कसले नेपालीमा रूपान्तरित गरेका हुन् ? कुन समयमा नेपालीमा लेखिएका हुन् ? यस्ता आख्यानहरूको के -कस्तो मूल्य र मान्यता छ ? यस्ता प्रश्नहरूको उत्तर खोज्नुपऱ्यो भने यही पुस्तक पढे हुन्छ ।

हुनत अनुसन्धान भन्ने कुरा एकै व्यक्तिले गरेर पूर्ण हुने होइन । खोज्दै र विश्लेषण गर्दै जाँदा नयाँनयाँ तथ्य पत्ता लाग्दै जान्छन् । सुधार पनि यथासम्भव हुँदै जान्छ । यस प्रकारको अध्ययनको आधार ग्रन्थ नभएका बेला एउटा आधार ग्रन्थ तयार भएको छ । यस ग्रन्थको तयारीमा त्रिभुवन विश्वविद्यालय, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको सहयोग रहेको छ ।

सहयोगले मात्र काम हुँदैन लगनशील भएर लाग्ने व्यक्ति पनि चाहिन्छ । शरद्चन्द्र शर्मा भट्टराईको लगनशीलताले तयार भएको प्रस्तुत ग्रन्थ उच्च शिक्षाका विद्यार्थीहरूका लागि मात्र नभई जिज्ञासु सबैका लागि केही यथार्थ र खोजले गर्दा निकै उपयोगी देखापर्छ ।

माध्यमिक कालीन आख्यानमा प्राथमिक कालीनभन्दा नवीन प्रवृत्तिहरू बदलिँदै जानु, शिल्पमा परिवर्तन हुनु, स्थानीय चित्रणमा पनि अगाडि बढ्नु, अनुवाद, रूपान्तरण, अनुकूलताबाट मौलिकतातर्फ आख्यान अगाडि बढ्नु, छपाई सुविधाबाट प्रचार प्रसारमा बढी योगदान मिल्नु, पत्रपत्रिकामार्फत् पनि आख्यानहरूको प्रचार हुनु, पाठ्यपुस्तकबाट पनि आख्यानको विकासमा सहयोग पुग्नु, गद्यको परिष्कार हुँदै जानु, आख्यानप्रति रुचि बढ्नु र पाठकहरू बढ्दै जानु जस्ता मुलभूत प्रवृत्ति माध्यमिक कालीन गद्याख्यानमा रहेको कुराको निष्कर्ष शर्माले आफ्नो शोधग्रन्थमा निकालेका छन् ।

माध्यमिक कालीन नेपाली आख्यानकारहरूमा देवराज लामिछाने, हरिहर शर्मा, चिरञ्जीवी पौडेल, शिवदत्त, गङ्गाप्रसाद प्रधान, गिरीशवल्लभ जोशी, हरिहर आ. दी., नरेन्द्रदेव पाण्डे, शदाशिव शर्मा, रामप्रसाद सत्याल, चक्रपाणि चालीसे, शम्भुप्रसाद ढुङ्ग्याल, वैजनाथ जोशी, पद्मनाभ सापकोटा, गङ्गाधर शास्त्री, रामकृष्ण वर्मा, शिखरनाथ सुवेदी, जयपृथ्वीबहादुर सिंह, तिर्थराज पाण्डे, कपिलदेव, तीर्थप्रसाद आचार्य, दामोदरराज पण्डित, भैरवप्रसाद अर्याल, अमरसिंह थापा, कृष्णचन्द्र अर्याल, पहलमानसिंह स्वाँर, तारानाथ नेपाल, गम्भीरध्वज शाह, शिवप्रसाद शमशेर थापा, नित्यानन्द, अम्बालिकादेवी, पारसमणी प्रधान, भक्तवीर थापा, वेदनाथ आचार्य आदिले दिएको योगदानको चर्चा यसमा छ ।

अनुसन्धानात्मक प्रस्तुत ग्रन्थमा गद्याख्यानसम्बन्धी सैद्धान्तिक चिनारी प्रस्तुत गर्दै प्राचीनकालदेखि लोकमा चल्दै आएका लोकाख्यानदेखि लिएर वि.सं.१९९० पूर्वका सम्पूर्ण नेपाली गद्याख्यानलाई विभिन्न कोणवाट

विश्लेषण गरिएको छ । यस कृतिको प्रकाशन पूर्व नेपाली साहित्यमा आख्यानसम्बन्धी सामान्य अध्ययन मात्र भएको थियो । यसमा माध्यमिक कालका सबैजसो गद्याख्यानकार र तिनीहरूका कृतिको विस्तृत अध्ययन प्रस्तुत गरिएको छ । नेपाली गद्याख्यान विधाको वैज्ञानिक ढङ्गले कालविभाजन गर्दै स्रोत, विषय र स्वरूपका दृष्टिले समेत विभाजन गरेर देखाइएको छ । कतिपय आख्यानको स्रोत, अनुवादक र लेखकका बारेमा रहेका भ्रमहरूसमेतको निराकरण गरिएको छ । कृतिका अन्त्यमा परिशिष्ट भाग दुईअन्तर्गत १९४२ सालदेखि १९९० सम्मका आख्यानकार र तिनका आख्यान अनि सोही समयावधिमा विभिन्न पत्र-पत्रिकामा प्रकाशित गद्याख्यानको सूचीसमेत कालक्रमिक रूपमा दिइएको छ । यस कृतिको प्रकाशनले नेपाली साहित्यका इतिहास लेखक तथा आख्यान साहित्यमा अझै विस्तृत अध्ययन गर्न चाहने अनुसन्धातालाई धेरै आधार सामग्री प्रदान गरेकाले यसको महत्त्वपूर्ण स्थान रहेको छ ।

## ३.४.५. *खोजी अनि व्याख्या* (२०५६) को विश्लेषण

### ३.४.५.१ कृतिगत विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराईको **खोजी अनि व्याख्या** नामक अनुसन्धानमूलक कृति वि.सं. २०५६ सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भएको हो । २४२ पृष्ठमा संरचित यस कृतिमा उनले वि.सं. २०४३ देखि २०५३ सालभित्र विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका अनुसन्धानमूलक तथा समालोचनात्मक ३८ ओटा लेखहरूलाई सङ्कलन गरेका छन् । उनले यी ३८ ओटा लेखहरूलाई पनि प्रमुख साहित्यकार र निश्चित समय-खण्डलाई समेट्ने गरी विभिन्न शीर्षकअन्तर्गत राखेर निम्नलिखित चार खण्डमा छुट्याएका छन् ।

खण्ड 'क'	मोतीराम भट्टको सेरोफेरो

खण्ड 'ख'		शम्भुप्रसाद ढुङ्गेलको सेरोफेरो

खण्ड 'ग'		पत्रपत्रिका एवम् पुस्तक प्रकाशनको इतिहास

खण्ड 'घ'		विविध

**३.४.५.१.१ खण्ड कअन्तर्गतका लेखहरूको विश्लेषण**

शरद्चन्द्र शर्मा भट्टराईले यस ग्रन्थको खण्ड 'क' मा 'मोतीराम भट्टको सेरोफेरो' मूल शीर्षक राखेर विभिन्न समयमा लेखेका मोतीराम भट्टसँग सम्बन्धित लेखहरूलाई समेटेका छन् ।

'मोतीराम भट्टको बालाजी वर्णन' शीर्षकको लेख वि.सं. २०४७ भदौको **मधुपर्क**को अङ्क २५५ मा प्रकाशित भएको थियो । उनले यस लेखमा मोतीराम भट्टको लुप्त रूपमा रहेको बालाजी वर्णन कवितालाई खोज गरेर विश्लेषणसहित प्रस्तुत गरेका छन् । 'उषा चरित्रको समर्पण र देवीप्रसाद' शीर्षकको लेख वि.सं. २०४८ वैशाखको **मधुपर्क**को अङ्क २६३ मा प्रकाशित भएको थियो । उनले यस लेखमा मोतीराम भट्ट आफूले लेखेका रचनाहरू अरूलाई समर्पण गर्ने तथ्यलाई स्पष्ट पारेका छन् । 'प्रल्हाद भक्ति कथाको प्रकाशन साल' शीर्षकको लेख वि.सं. २०४६ मार्गको **मधुपर्क**को २४६ औँ अङ्कमा प्रकाशित भएको थियो । उनले यस लेखमा मोतीराम भट्टको प्रल्हाद भक्ति कथाको प्रकाशन सालका बारेमा विश्वस्त र अकाट्य कुरामाथि पनि प्रश्न वा उपशङ्का उठेको र १९४९ साललाई प्रकाशन वर्षको रूपमा स्थापित गर्न खोजिएको हुँदा द्विविधा र भ्रमको सिर्जना हुन नजाओस् भनेर सत्य तथ्यको मण्डन गरेका छन् । 'विज्ञापन मोतीराम भट्ट' शीर्षकको लेख वि.सं. २०४७ मार्ग १ को **गोरखापत्र**मा प्रकाशित भएको थियो । उनले यस लेखमा मोतीराम भट्टले १९४५ भन्दा अगाडि नै लेखेको कविता 'विज्ञापन'को खोज गरी विश्लेषण गरेका छन् । यस लेखमा ६ ओटा श्लोकमा संरचित कवितामा भट्टले पुस्तक प्रकाशन गर्ने, अन्वेषण गर्ने, पुस्तक पसल, आढत

एवम् छापाखाना खोल्ने जस्ता कार्यको वर्णन गरेको जानकारी दिइएको छ । 'मोतीराम भट्टका थप समस्यापूर्ति' शीर्षकको लेख वि.सं. २०४९ को **रश्मि**को पाँचौँ अङ्कमा प्रकाशित भएको थियो । उनले यस लेखमा श्यामजीप्रसाद अर्ज्यालको **सङ्ग्रह किताब**मा रहेका मोतीराम भट्टका तीनओटा 'भारी विपत्मा पऱ्याँ' सम्बन्धी तीन, 'छाती उघारी दिइन् : सम्बन्धी दुई', र 'मैले गऱ्या मै मरुँसम्बन्धी एक' समस्यापूर्तिको खोज गरी प्रस्तुत गरेका छन् । 'शोक कविता : मोतीराम भट्टको मृत्यु'मा शीर्षकको लेख वि.सं. २०५२ मार्ग ९ को **गोरखापत्र**मा प्रकाशित भएको थियो । उनले यस लेखमा माध्यमिक कालका विशिष्ट प्रतिभा मोतीराम भट्टको मृत्युमा शोक कविता **भारतजीवन** (१३।३०, १९५३ भाद्रपक्ष शुक्ल चन्द्रबार) मा शोक । शोक ॥ महाशोक ॥। शीर्षकमुनि नेपालीका पाँच श्लोक छापिएको पाइएको चर्चा गरेका छन् । यस कविताका रचयिता अज्ञात रहेको तथ्यलाई अगाडि सार्दै उनले शैलीका आधारमा नरदेव पाण्डे नै हुनसक्ने अड्कल गरेका छन् । 'मोतीरामको एउटा प्रतिबन्धित रचना' शीर्षकको लेख वि.सं. २०५३, **समकालीन साहित्य**को असोज को २३ औँ अङ्कमा प्रकाशित भएको थियो । उनले यस लेखमा नेपाली साहित्यको इतिहासमा माध्यमिक कालको प्रवर्तन गर्ने श्रेय पाएका मोतीराम भट्ट पनि तत्कालीन शासकका दृष्टिमा अवाञ्छित हुन पुगेका रहेछन् र उनको रचना पनि प्रतिबन्धनमा परेको रहेछ भन्ने अहिलेसम्म अचर्चित रहेको र प्रकाश नपारिएको 'कालमहिमा' कविताको प्रसङ्गलाई उल्लेख गरेका छन् ।

### ३.४.५.१.२ खण्ड खअन्तर्गतका लेखहरूको विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराईले यस ग्रन्थको खण्ड 'ख' मा शम्भुप्रसाद ढुङ्ग्यालसँग सम्बन्धित लेखहरूलाई समेटेका छन् ।

'अभिशप्त साहित्यसेवी शम्भुप्रसाद ढुङ्गेल' शीर्षकको लेख वि.सं. २०३६ को **सरस्वती** पत्रिकामा प्रकाशित भएको थियो । उनले यस लेखमा

माध्यमिक कालका विशिष्ट प्रतिभा शम्भुप्रसादको जीवनवृतलाई स्पष्ट्याउँदै उनका कविता, गजल र नाटकका सम्बन्धमा प्रकाश पारेका छन् । 'विदाई कविताः झपटको होइन' शीर्षकको लेख वि.सं. २०४४ को **नेपाली** पत्रिकाको अङ्क ११३ मा प्रकाशित भएको थियो । उनले यस लेखमा झपटको भनिएको विदाई कविता शम्भुप्रसाद ढुङ्ग्यालको वीरवल विलासको ८१-८४ पृष्ठमा भएको तथ्यलाई अगाडि सार्दै भ्रमपूर्ण मतको खण्डन गरेका छन् । 'शम्भुप्रसादको आख्यानकारिता' शीर्षकको लेख वि.सं. २०४६ चैत्रको **गरिमा**को ८८ औँ अङ्कमा प्रकाशित भएको थियो । उनले यस लेखमा आँशुकविको उपाधि पाएका शम्भुप्रसाद ढुङ्ग्यालले कविताका अलवा आख्यान पनि प्रशस्त लेखेको चर्चा गर्दै उनका संस्कृत स्रोतका अनुदित आख्यान, लोककथा स्रोतका आख्यान र अरबी स्रोतका आख्यानहरूको चिनारी दिएका छन् । 'अशोक सुन्दरीको अप्रकाशित भूमिका' शीर्षकको लेख वि.सं. २०५० पौष २४को **कान्तिपुर** पत्रिकामा प्रकाशित भएको थियो । उनले यस लेखमा अशोकसुन्दरी नाटकमा चारजना प्रबन्धकहरूको नाम राखिएको तथ्यलाई स्पष्ट पारेका छन् । यस्तै, अशोकसुन्दरी विभिन्न नामका लेखकहरूको भएको हुनसक्ने भ्रमपूर्ण अड्कलको खण्डन गर्दै उनले १९७२-७३ सालमा शम्भुप्रसाद ढुङ्गेलले लेखेका चिठीहरूका चाङमा उनैको हस्ताक्षरमा पाइएको अशोकसुन्दरीको भूमिकाबाट सो नाटक उनकै हो भन्ने कुरा प्रमाणित गरेका छन् । 'शम्भुका दृष्टिमा मोती' शीर्षकको लेख वि.सं. २०४८ भाद्र २२ को **गोरखापत्र**मा प्रकाशित भएको थियो । उनले यस लेखमा शम्भुप्रसाद ढुङ्गेलले मोतीराम भट्टलाई एउटा आदर्श पुरुषको रूपमा लिएको र मोतीराम कै अनुशरण गरेर आफूलाई स्थापित गरेको तथ्यलाई स्पष्ट पारेका छन् । साथै उनले यस लेखमा शम्भुप्रसादले मोतीराम भट्टका सम्बन्धमा प्रस्तुत गरेका विभिन्न उद्गारहरू र 'मोतीराम वर्णन' शीर्षकको कवितालाई साभार स्वरूप प्रस्तुत गरेका छन् ।

### ३.४.५.१.३ खण्ड गअन्तर्गतका लेखहरूको विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराईले यस ग्रन्थको खण्ड 'ग' मा विभिन्न समयमा लेखेर प्रकाशन गरेका नेपाली पत्रपत्रिका एवम् पुस्तक प्रकाशनको इतिहाससँग सम्बन्धित लेखहरूलाई समेटेका छन् ।

'इन्डिया अफिस लाइब्रेरीका केही नेपाली पुस्तक' शीर्षक लेख वि.सं. २०४३ भदौ २ को **गरिमा**को ४५ औँ अङ्कमा प्रकाशित भएको थियो । उनले यस लेखमा नेपालका पुस्तकालयमा नपाइएका कतिपय पुराना नेपाली पुस्तक विदेशी पुस्तकालयमा पाइएको स्पष्ट पार्दै इन्डिया अफिस लाइब्रेरीमा रहेका बाह्रओटा पुस्तकको खोज गरी जानकारी दिएका छन् । 'नवयुगको प्रकाशनको सूत्रपातको रूपमा प्रकाशन-योजना' शीर्षकको लेख वि.सं. २०४७ मार्गको **मिर्मिरे** पत्रिकाको ८५ औँ अङ्कमा प्रकाशित भएको थियो । उनले यस लेखमा माध्यमिक काललाई नवयुगको सूत्रपातका रूपमा लैजानका लागि पुस्तक प्रकाशनको योजनालाई मानेका छन् । माध्यमिक कालीन साहित्यको विकासका निम्ति राज्य र व्यक्तिका तर्फबाट स्थापना भएका विभिन्न प्रकाशन संस्थाहरूको विशिष्ट योगदान रहेको तथ्यलाई अगाडि सार्दै उनले गोरखा भाषा प्रकाशिनी (१९७०) ले पुस्तक प्रकाशन गर्ने योजनाका बारेमा स्पष्ट पारेका छन् । 'काशीका नेपालीका प्रेस' वि.सं. २०५३ पौषको **गरिमा**को १६९ औँ अङ्कमा प्रकाशित भएको थियो । उनले यस लेखमा नेपाली साहित्यको इतिहासमा माध्यमिक कालमा नेपालबाट विभिन्न कारणले काशी प्रवासिएका नेपालीहरूको प्रेसका सम्बन्धमा प्रकाश पारेका छन् । 'काशी र उदय' शीर्षकको लेख वि.सं. २०५३ जेठको **काशीबहादुर श्रेष्ठ स्मृति ग्रन्थ**मा प्रकाशित भएको थियो । उनले यस लेखमा काशीमा जन्मिएका काशीबहादुर श्रेष्ठको साहित्यिक व्यक्तित्वको परिचय दिँदै १९९३ माघदेखि एक्लैले वनारसबाट निकालेका नेपाली भाषाको जीवित पत्रिकाहरूमा सबैभन्दा पुरानो देखिएको **उदय** पत्रिकाको चर्चा गरेका छन् ।

'गोरखापत्र अघिका नेपाली पत्रपत्रिका' शीर्षकको लेख वि.सं. २०४४ चैत्रको **प्रज्ञा** पत्रिकाको ६१ औं अङ्कमा प्रकाशित भएको थियो । उनले यस लेखमा नेपाली पत्रकारिताको इतिहासलाई अनुसन्धान गर्दै गोरखापत्र अघिका नेपालभित्र र नेपालबाहिरबाट निस्किएका पत्रपत्रिकाको खोज गरेका छन् । 'गोर्खा भारत जीवनको रहस्य' वि.सं. २०४४ चैत्र ६ को **गोरखापत्र**मा निस्किएको थियो । उनले यस लेखमा भारत जीवनको भाग ८ अङ्क २७, मिति भाद्रपद कृष्ण १२ चन्द्रवारको पृष्ठ ८ मा छापिएको विज्ञापित सूचनामा एक महिनादेखि उक्त साप्ताहिक पत्र छापिन थालेको छ भनिएको आधारमा यो पत्रिका १९४८ को श्रावणदेखि नै प्रकाशित हुन थालेको कुरा प्रमाणित गरेका छन् । 'भारतजीवनका नेपाल-सामग्रीहरू' शीर्षकको लेख वि.सं. २०५० चैत्रको **समीक्षा शोध धर्म**को अङ्क २ मा प्रकाशित भएको थियो । उनले यस लेखमा हिन्दी भाषाको पत्रिका भारत जीवनले सूचनात्मक समाचार, नेपाली पुस्तकहरूको विज्ञापन र विविध विषयका सम्पादकीयहरू प्रकाशित गरेको तथ्यलाई स्पष्ट पारेका छन् । 'गद्याख्यानको विकासमा गोरखापत्रको योगदान' शीर्षकको लेख वि.सं. २०५२ वैशाख २४ को **गोरखापत्र**मा प्रकाशित भएको थियो । उनले यस लेखमा वि.सं.१९५८ देखि १९९० सम्म **गोरखापत्र**मा प्रकाशित भएका विभिन्न व्यक्तिले लेखेका र वेनामी विभिन्न स्रोतका अनूदित आख्यानहरूको कालक्रमिक विवरण दिँदै गद्याख्यानको विकासमा गोरखापत्रले दिएको योगदानमा प्रकाश पारेका छन् । 'गरिएका र गर्नुपर्ने कुरा' शीर्षकको लेख वि.सं. २०५३ वैशाख २४ को **गोरखापत्र**मा प्रकाशित भएको थियो । उनले यस लेखमा गोरखापत्र संस्थानको स्थापनादेखि हालसम्मको विकासका सम्बन्धमा चर्चा गरेका छन् । 'नेपाली प्रकाशन इतिहास : विशेष चर्चा काशीको' शीर्षक लेख वि.सं. २०५४ असारको **नेपाली** पत्रिकाको अङ्क १५१ मा प्रकाशित भएको थियो । उनले यस लेखमा वनारसमा नेपालीहरूबाट प्रकाशन व्यवसाय अहिलेसम्मको खोजीले सम्वत् १९३२ मा छापिएको बुद्धिचानक नेपाली

भाषादेखि सुरु भएको चर्चा गर्दै नेपालीबाट प्रकाशन संस्थाका रूपमा खोलिएका सबैजसो कम्पनीको उल्लेख गरेका छन् । यी प्रकाशन संस्थाहरूबाट माध्यमिक कालमा थुप्रै नेपाली पुस्तकहरू प्रकाशन भएको विवरण दिएका छन् ।

### ३.४.५.१.४ खण्ड घअन्तर्गतका लेखहरूको विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराईले यस ग्रन्थको खण्ड 'घ' मा विभिन्न समयमा लेखेका विविध विषय र प्रकृतिका खोजअनुसन्धानमूलक समालोचकीय लेखहरूलाई समेटेका छन् ।

'व्यक्तिस्तुति धारा : माध्यमिक कालको सन्दर्भमा' शीर्षकको लेख वि.सं. २०३६ श्रावणको **सरस्वती** पत्रिकामा प्रकाशित भएको थियो । उनले यस लेखमा प्राथमिक कालदेखि चलिआएको व्यक्ति-स्तुति-धारा माध्यमिक कालमा तत्कालीन शासकलाई नरिझाएसम्म र निजबाट अनुमति नपाएसम्म साहित्यका पुस्तकसमेत प्रकाशित गर्न नसकिने सो जमानामा चाहेर भन्दा पनि नचाहेरै आफ्ना काव्यमा शासकस्तुति घुसाउनु पर्ने बाध्यात्मक स्थिति रहेको चर्चा गर्दै माध्यमिक कालमा व्यक्ति-स्तुति धाराका कवि लेखक र तिनका कृतिहरूको जानकारी दिएका छन् । 'नेपाली भूकम्प काव्य : एक सर्वेक्षण' शीर्षकको लेख वि.सं.२०४५ असोजको **समष्टि** पत्रिकाको अङ्क १६ मा प्रकाशित भएको थियो । उनले यस लेखमा नेपाली साहित्यको इतिहासमा माध्यमिक र आधुनिक कालको पूर्वार्द्धमा लेखिएका विभिन्न सवाई छन्दका कविता र कविकारका बारेमा जानकारी दिएका छन् । 'आत्मपरिचयको आलोकमा चक्रपाणिका कृतिहरू' शीर्षकको लेख वि.सं. २०४८ को **उन्नयन**को अङ्क ६ मा प्रकाशित भएको थियो । उनले यस लेखमा चक्रपाणि चालीसे स्वयंले लेखेको आत्मपरिचयमा रहेका कृति र यसमा नपरेका कतिपय कृतिको चर्चा गरेका छन् । 'प्राचीन दुई अचर्चित नेपाली नाटक' शीर्षकको लेख वि.सं. २०४३ असोजको **प्रज्ञा** पत्रिकाको ५३

औँ अङ्कमा प्रकाशित भएको थियो । उनले यस लेखमा प्राचीन कालका तर हालसम्म चर्चामा आउन नसकेका दुईओटा नेपाली नाटक **हनुमन्नाटक** ( वि.सं.१८०) र **प्रवोधचन्द्रोदय** नाटक (वि.सं. १९२१) को विश्लेषण गरेका छन् । 'एक कृति : तीन अनुकृति' शीर्षकको लेख वि.सं. २०४६ फाल्गुणको 'उन्नयन' पत्रिकाको अङ्क २ मा प्रकाशित भएको थियो । उनले यस लेखमा बङ्गालीका सर्वाधिक लोकप्रिय उपन्यासकार बङ्किमचन्द्र चट्टोपाध्यायको उपन्यास **हिरण्मयी चरित्र किंवा युगलाङगुलीय**लाई माध्यमिक कालका तीनजना प्रतिभा प्रसमान पधानले **हिरण्मयी चरित्र**का नामले, गम्भीरध्वज शाहले **युगलाङगुलीय**का नामले र लक्ष्मीनन्दन शर्मा चालिसेले **एक जोर औँठी**का नामले भावानुवाद गरेको र यी तीनवटै उपन्यासको विषयवस्तु एउटै भएको तथ्यलाई स्पष्ट पारेका छन् । 'रोचक संस्मरणको प्रतिविम्बमा पारसमणि प्रधान' शीर्षकको लेख वि.सं. २०३९ माघको **प्रकाशपिण्ड**मा प्रकाशित भएको थियो । उनले यस लेखमा रोचक संस्मरण (सन् १९६९) लाई संस्मरणात्मक रचनाहरूको एउटा प्रतिनिधि सङ्ग्रह मानेर त्यसैको प्रतिविम्बमा देखापर्ने संस्मरणकार पारसमणि प्रधानको कर्मठ जीवनका स्मृतिमा झुल्किएका केही संस्मरणहरूका स्वरूपका झलक प्रस्तुत गरेका छन् । 'गिरीशवल्लभ र प्रारब्धदर्पणको मन्तव्य' शीर्षकको लेख वि.सं. २०४२ को **जिज्ञासा**को अङ्क ३ मा प्रकाशित भएको थियो । उनले यस लेखमा गिरीशवल्लभ जोशी र उनको प्रारब्धदर्पण उपन्यासको विश्लेषण गर्दै प्रारब्धदर्पणको उपसंहार रूपको गिरीशवल्लभ जोशीको मन्तव्यलाई सामान्य वर्ण-विन्यासीय परिवर्तनका साथ प्रस्तुत गरेका छन् । गिरीशवल्लभको 'सत्यनाग चरित्र नाटक' शीर्षकको लेख वि.सं. २०४९ माघको **प्रज्ञा** पत्रिकाको ७६ औँ अङ्कमा प्रकाशित भएको थियो । उनले यस लेखमा अहिलेसम्म अचर्चित रहेको गिरीशवल्लभ जोशीको **सत्यनाग चरित्र** नाटकका बारेमा जानकारी दिएका छन् । 'नेपालीमा बङ्गला स्रोतका आख्यान' शीर्षकको लेख वि.सं. २०४७ भाद्रको **गरिमा** पत्रिकाको ९३ औँ अङ्कमा प्रकाशित भएको

थियो । उनले यस लेखमा बङ्गला स्रोतका आख्यानको अनुवादलाई विभिन्न चरणमा विभाजन गरेर प्रस्तुत गरेका छन् । 'नेपालीमा अरबी-फारसी स्रोतका आख्यान' शीर्षकको लेख वि.सं. २०५१ वैशाखको **गरिमा**को १३७ औँ अङ्कमा प्रकाशित भएको थियो । उनले यस लेखमा माध्यमिक कालमा अरबी-फारसी स्रोतबाट नेपालीमा अनूदित भएका आख्यानहरूको विवरण दिएका छन् । नेपालीमा बालशिक्षा र साहित्य विकासको प्रारम्भिक प्रचेष्टा शीर्षकको लेख वि.सं. २०४६ को **बालसाहित्य**को अङ्क २ मा प्रकाशित भएको थियो । उनले यस लेखमा प्राचीन तथा माध्यमिक कालका बालसाहित्यसम्बन्धी कृतिको विवरण प्रस्तुत गरेका छन् । उनले यस लेखमा माध्यमिक कालका वि.सं. १९७४ सम्मका अर्थात् सूक्तिसिन्धुको प्रकाशनभन्दा अगाडिका कवि समागममा आधारित, जीर्णोद्धार प्रयत्नमा आधारित, पत्रपत्रिकामा आधारित र पाठ्यपुस्तकीय प्रयोजनमा आधारित रहेका कविता सङ्कलनबारे विस्तृत विवरण प्रस्तुत गरेका छन् । 'चानक भाषा श्लोकको अपहरण' शीर्षकको लेख वि.सं. २०४५ को **कान्तिपुर** श्रावण १ मा प्रकाशित भएको थियो । उनले यस लेखमा राजीवलोचन जोशीको 'बुद्धिचानक भाषा श्लोक' जगन्नाथ पौडेलले अपहरण गरेर आफ्नो नाममा प्रकाशन गरेको चर्चा गर्दै यी दुवैका कविताको तुलना गरेर उक्त श्लोक सङ्ग्रह राजीवलोचनकै भएको तथ्यलाई स्पष्ट पारेका छन् । 'जयपृथ्वीबहादुर सिंहका दुई रचना' शीर्षकको लेख वि.सं. २०४५ चैत्र १९ को **गोरखापत्र**मा प्रकाशित भएको थियो । उनले यस लेखमा जयपृथ्वीबहादुर सिंहले पाठ्यपुस्तक रूपमा तयार गरेका **अक्षराङ्क शिक्षा** र **बालबोध**को चर्चा गरेका छन् । 'राणाशासन पूर्वार्द्धका केही शैक्षिक तथ्य' शीर्षकको लेख वि.सं. २०४२ चैत्रको **प्रज्ञा** पत्रिकाको अङ्क ५३ मा प्रकाशित भएको थियो । उनले यस लेखमा वि.सं. १९२५ देखि १९५८ सम्म नेपालमा स्थापना भएका पाठशाला र शिक्षकहरूका बारेमा जानकारी दिएका छन् । 'साहित्यानुसन्धान : विकासक्रम, समस्या र समाधान' शीर्षकको लेख वि.सं. २०५० असोजको **मधुपर्क**को २९२ औँ अङ्कमा प्रकाशित भएको थियो ।

उनले यस लेखमा साहित्य अनुसन्धानका सम्बन्धमा चर्चा गर्दै अनुसन्धानका क्षेत्रमा भएका व्यक्तिगत र संस्थागत प्रयासहरूको उल्लेख गरेका छन् ।

### ३.४.४.३.२ निष्कर्ष

शरद्चन्द्र शर्मा भट्टराईले समय-समयमा लेखेका र पत्रपत्रिकाहरूमा प्रकाशित गराएका महत्त्वपूर्ण लेखहरू नबिर्सिउन्, नहराउन् र खोज्नेहरूलाई दुःख नहोस् भन्ने मनसायले तिनलाई सङ्कलित गरी ग्रन्थरूपमा प्रकाशमा ल्याउँदै जाने योजनाअन्तर्गत सङ्ग्रहकै शृङ्खलाका कडीमा **खोजी अनि व्याख्या** (२०५६) प्रकाशित भएको हो । अन्वेषक विश्लेषक भट्टराईले यस ग्रन्थमा विभिन्न क्षेत्रका, विभिन्न विधाका, विभिन्न विषय र प्रकृतिका लेख सङ्कलित गरेका छन् । तिनलाई विषय र प्रकृति अनुरूप चार खण्डमा विभाजित गरेर प्रस्तुत गरेका छन् । सोअनुसार यसमा चार खण्ड छन् । यसको पहिलो खण्ड 'क' मा उनी मोतीराम भट्टको र दोस्रो खण्ड 'ख' मा शम्भुप्रसाद ढुङ्गेलको सेरोफेरोमा घुमेका छन्, यसको तेस्रो खण्ड 'ग' मा उनले पत्रपत्रिका एवम् पुस्तक प्रकाशनको इतिहास र चौथो खण्ड 'घ' मा विविध शीर्षकअन्तर्गत विभिन्न विषय, व्यक्ति र कृतिको चर्चा एवम् व्याख्या गरेका छन् र साहित्यानुसन्धानका सन्दर्भमा उनले त्यसको विकासक्रम प्रस्तुत गर्दै समस्या र तिनका समाधानका उपायहरू पनि सुल्भाउने प्रेरणादायी प्रयास गरेका छन् । आफ्ना यी लेखहरूमा उनले विदित र अविदित वा ज्ञात विषयमा रहेका मतभिन्नता, विवाद र भ्रमको निराकरण गर्ने स्तुत्य प्रयास गरेका छन् । यी विशेषताहरूले गर्दा यो ग्रन्थ प्राचीन साहित्यको इतिहासका साथै केही आधुनिक समस्यासमेतमा रुचि लिने नेपाली साहित्यका प्रत्येक अध्येता र शोधार्थीहरूका लागि अति उपयोगी, र सङ्ग्रहणीय छ ।

### ३.४.६ समग्र कृतिगत मूल्याङ्कन

शरद्चन्द्र शर्मा भट्टराईले समालोचकका रूपमा ख्याति साहित्य इतिहासपरक खोजानुसन्धानमूलक समालोचना लेखनबाट प्राप्त गरेका हुन् । विशेष गरी प्राचीन तथा माध्यमिक कालसँग सम्बन्धित रहेर कलम चलाउन रमाउने शर्माको नेपाली साहित्यको इतिहास लेखनमा माध्यमिक कालका सामग्रीहरूलाई व्यापक रूपमा समेटेर लेखिएको **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल २०३७) पहिलो पुस्तकाकार कृति हो । जसमा उनको विषयवस्तुसम्बन्धी विस्तृत ज्ञान र अध्ययनशीलता स्पष्ट रहेको छ । उनले यस कृतिमा माध्यमिक कालको नामाङ्कन र सीमाङ्कन, सामाजिक परिवेश, त्यसकालमा प्रयुक्त विधा र प्रवृत्तिहरूमाथि विस्तृत रूपमा प्रकाश पारेका छन् । त्यस्तै, माध्यमिक कालीन प्रमुख प्रवृत्तिहरू र प्रतिभाहरूबारे पनि तथ्यपूर्ण अध्ययन प्रस्तुत गरेका छन् । प्रस्तुत कृति तयार गर्दा लेखकको गहन अध्ययन र विश्लेषण क्षमता प्रदर्शित भएको छ । विषयवस्तुको व्यापकता र प्रामाणिक तथ्यले कृतिलाई निकै गहकिलो बनाएको छ । प्राज्ञदेखि लिएर विद्यार्थीहरूसमेतलाई उत्तिकै उपयोगी यस पुस्तकले नेपाली साहित्यको इतिहास लेखन परम्परामा विशिष्ट स्थान राख्न सफल भएको छ । उनको **प्राचीन गद्याख्यान** (२०४२) नामक कृति नेपाली साहित्यको इतिहासमा प्राचीन गद्याख्यानहरूको विशद् तथा प्रामाणिक विवेचना प्रस्तुत गरिएको पहिलो पुस्तकाकार कृति हो । त्यसकारण नेपाली साहित्यका थुप्रै साहित्यिक इतिहासकारहरूले उक्त कृतिलाई नै आधार ग्रन्थको रूपमा प्रयोग गर्दै आएका हुनाले यस ग्रन्थको पनि महत्त्वपूर्ण स्थान रहेको छ । यस्तै उनको **नेपाली वाङ्मय केही खोजी केही व्याख्या** (२०४४) नामक ग्रन्थमा नेपाली इतिहाससँग सम्बन्धित ऐतिहासिक सामग्रीहरूको खोज अनुसन्धान गरेर प्रामाणिक तथ्यसहित कतिपय भ्रमहरूको खण्डन गरी उनले यस पुस्तकमा आफ्नो अनुसन्धाता व्यक्तित्वको परिचय दिएका छन् । नेपाली साहित्यको माध्यमिक कालमा विकसित तथा संवृद्ध विधा गद्याख्यानका

बारेमा ज्यादै कम अध्ययन र अनुसन्धान भइरहेको परिप्रेक्ष्यमा उनले **माध्यमिक नेपाली गद्याख्यान** (२०५०) नामक कृतिमा प्राथमिक तथा माध्यमिक कालीन गद्याख्यानसम्बन्धी विभिन्न सामग्रीहरूलाई देश विदेशबाट खोजेर व्यवस्थित र प्रामाणिक रूपमा प्रस्तुत गरेका छन् । विभिन्न कालखण्ड वा समग्रमा नेपाली साहित्यको प्रामाणिक इतिहास लेखनसमेत नभएको स्थितिमा एउटा विधा र त्यो पनि माध्यमिक कालखण्डलाई मात्र समेटेर लेखिएको विधागत इतिहाससँग सम्बन्धित तीनसय छ पृष्ठको यो पुस्तक नेपाली साहित्यको इतिहासमा प्रथम तथ्यपूर्ण पुस्तकाकार कृति हो । **खोजी अनि व्याख्या** (२०५६) मा उनले अविदित र विदितको यात्रा गरेर कतै नयाँ तथ्यहरूको उद्घाटन गरेका छन्, कतै विदित वा ज्ञात विषयमा रहेका मतभिन्नता, विवाद र भ्रमको निराकरण गर्ने स्तुत्य प्रयास गरेका छन् । यी विशेषताहरूले गर्दा यो ग्रन्थ प्राचीन साहित्यको इतिहासका साथै केही आधुनिक समस्यासमेतमा रुचि लिने नेपाली साहित्यका प्रत्येक अध्येता र शोधार्थीहरूका लागि अतीव उपयोगी छ ।

शरद्चन्द्र शर्मा भट्टराईका उल्लिखित साहित्येतिहासपरक खोज अनुसन्धानमूलक सबै कृतिहरू प्राचीन तथा माध्यमिक कालसँग सम्बन्धित छन् । उनले यी सबै कृतिहरूमा प्राचीन तथा माध्यमिक कालका कतिपय लुप्त भैसकेका सामग्रीहरूलाई खोजेर प्रस्तुत गरेका छन् । उनले नेपाली साहित्यको इतिहासमा देखिएका कतिपय भ्रमहरूको निरूपण यी कृतिहरूमार्फत् गरेका छन् जसलेगर्दा उनका साहित्येतिहासपरक कृतिहरू तथ्यपूर्ण र प्रामाणिक बनेका छन् । कुनैपनि कुराको निर्णय दिनुपर्दा उनले त्यसको आधिकारिक पुष्टिसहित दिएका छन्, तसर्थ उनका कृतिहरू आधुनिक समालोचनाको इतिहासमा उच्च सावित भएका छन् र भइरहने पनि छन् ।

## ३.५ शरद्चन्द्र शर्मा भट्टराईका साहित्यिक स्रष्टापरक समालोचनात्मक पुस्तकाकार कृतिको विश्लेषण

### ३.५.१ *कवि बाबुराम आचार्य र उनका कविता* (२०४७) को विश्लेषण

#### ३.५.१.१ कृतिगत विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराईको **कवि बाबुराम आचार्य र उनका कविता** (२०४७) नामक साहित्यिक स्रष्टापरक अनुसन्धात्मक कृति इतिहास शिरोमणि बाबुराम आचार्य शतवार्षिक समितिद्वारा प्रकाशित भएको हो । बीस पृष्ठमा संरचित यस कृतिमा उनले बाबुराम आचार्य इतिहासकार र समालोचक मात्र नभएर कवि पनि भएको ऐतिहासिक तथ्यमाथि प्रामाणिक रूपमा प्रकाश पारेका छन् । उनले बाबुराम आचार्यका कविताहरूको खोजी गरेर उनको कवि व्यक्तित्वको परिचय दिएका छन् ।

'रसिक समाज' द्वारा सञ्चालित 'सुन्दरी' (१९६३) पत्रिकामा बाबुराम आचार्यका 'मानिनी विलास' कविता र संस्कृत तथा नेपालीमा छापिएका समस्यापूर्ति अनि फुटकर कविताहरूसमेत प्रकाशित भएका हुँदा बनारसमा बस्दा उनी 'रसिक समाज'सँग संलग्न रहेका हुनसक्ने ठहऱ्याइएको छ । त्यस्तै जोगवीरसिंह कंसाकार (मच्छिन्द्र बहाल) को बैठकमा हुने गरेको कवि समागम (१९६५-७३) मा चक्रमाणि, दीपकेश्वर, पुण्यनाथ, लेखनाथ, शम्भुप्रसाद, श्यामजीप्रसाद आदि कविहरूसँग बाबुराम आचार्य पनि जाने गरेको तथ्य उक्त बैठकमा रहेको ठानिएको 'सङ्ग्रह किताब' मा उनका कविता पनि प्राप्त भएका हुँदा उनले कविता रच्दै गरेको पुष्टि गरिएको छ ।

सूक्तिसिन्धु र मकैपर्वले उब्ज्याएको त्रासद वातावरण, अनुदार शासकहरूबाट आउने खप्की र १९७६ पछि ऐतिहासिक अध्ययनतिर आचार्यको रुचि मोडिनाको कारणले कविता लेखनबाट टाढिएका हुनसक्ने ठानिएको छ । काव्यशास्त्रको अध्ययन र कविता अभ्यासबाटै **तुलनात्मक सुन्दरकाण्ड** (२००२) तथा **पुराना कवि र कविता** (२००३) जस्ता समीक्षा

ग्रन्थ र अनेकौँ साहित्यिक विवेचनापरक लेखहरू उनीबाट लेखिन सम्भव भएको कुरा शरद्चन्द्र शर्मा भट्टराईले पुष्टि गरेका छन् ।

पुस्तकको अन्त्यमा परिशिष्ट एक र दुईमा बाबुराम आचार्यका पहिले नै प्रकाशित भएका कविता र परिशिष्ट एकअन्तर्गत **सुन्दरी** (१/२, १९६३) मा प्रकाशित 'मानिनी विलास' का बीसओटा पद्य दिइएको छ । उक्त पत्रिकाकै लीला ३,४,६,७ (१९६३) मा प्रकाशित समस्यापूर्ति र नेपाली तथा संस्कृतका फुटकर पद्य परिशिष्ट दुईमा दिइएको छ । परिशिष्ट तीन 'अ' मा जोगवीरसिंहको बैठकमा रहेको सङ्ग्रह किताबको सरौटबाट लिइएका कविताहरू दिइएको छ । परिशिष्ट तीनकै 'आ' अन्तर्गत भने शम्भुप्रसाद ढुङ्गेल र श्यामजीप्रसाद अर्ज्यालका हस्ताक्षरमा सङ्कलित कविताहरू छन् ।

### ३.५.१.२ निष्कर्ष

शरद्चन्द्र शर्मा भट्टराईको साहित्यिक स्रष्टापरक खोज अनुसन्धानमूलक पहिलो पुस्तकाकार कृति **कवि बाबुराम आचार्य र उनका कविता** (२०४७) हो । उनले यस कृतिमा इतिहासकार र समालोचकका रूपमा मात्र प्रसिद्धि पाएका बाबुराम आचार्यका कविताहरूको खोज गरेर उनी कवि पनि भएको तथ्यलाई सप्रमाण प्रस्तुत गरेका छन् । उनले बाबुराम आचार्यको कविता यात्राको उल्लेख गर्दै प्रकाशित र दुर्लभ प्राय : अप्रकाशित कविताहरू सार्वजनिक गरेर आचार्यको ओझेलमा परेको कवि व्यक्तित्वमाथि प्रकाश पारेका छन् । यसरी आफ्नो युगमा कविताको क्षेत्रमा विशिष्ट योगदान भएर पनि समयको अन्तरालसँगै बिर्सन थालिएका साहित्य साधक बाबुराम आचार्यका कविताका पाटाहरूलाई प्रकाश पारिएकोले यो कृति पनि नेपाली समालोचनाको खोजअनुसन्धान परम्परामा विशिष्ट सावित भएको छ ।

### ३.५.२ *ओझेलमा परेकाहरू* (२०५६) को विश्लेषण

### ३.५.२.१ कृतिगत विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराईको **ओझेलमा परेकाहरू** नामक अनुसन्धानमूलक साहित्यिक स्रष्टापरक समालोचनात्मक कृति वि.सं. २०५६ सालमा साझा प्रकाशनबाट प्रकाशित भएको हो । २३४ पृष्ठमा संरचित यस कृतिमा उनले वि.सं. २०४३ देखि २०५२ सालभित्र विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका साहित्यिक स्रष्टापरक ३० ओटा लेखहरूलाई सङ्कलन गरेका छन् । यस सङ्ग्रह भित्रका लेखहरूमा प्राचीन तथा माध्यमिक कालमा आफ्नो समयमा योगदान भएर पनि समयको अन्तरालसँगै बिर्सनथालिएका साहित्य साधकहरूको परिचय दिइएको छ ।

'सन्त शशिधर र वीरशाली पन्त' शीर्षकको लेख वि.सं. २०४३ असोजको **जिज्ञासा** पत्रिकाको अङ्क ४ मा प्रकाशित भएको थियो । उनले यस लेखमा प्राचीन कालका सन्त शशिधर र वीरशाली पन्त बारेका कतिपय भ्रमपूर्ण कुराहरूको खण्डन गरी तथ्यपूर्ण सामग्रीका आधारमा उनीहरूको व्यक्तित्व र कृतित्वको सम्बन्धमा प्रकाश पारेका छन् । 'हरिदास र उनका दुई कृति' शीर्षकको लेख वि.सं. २०४५ चैत्रको **मधुपर्क**मा प्रकाशित भएको थियो । उनले यस लेखमा हरिदास र उनका दुई कृति **प्रल्हाद चरित भाषाश्लोक** र **सत्यनारायण कथाहा** को चर्चा गरेका छन् । 'शिवदत्तलाई चिन्न खोज्दा' शीर्षकको लेख वि.सं. २०४४ चैत्रको **प्रज्ञा** पत्रिकाको ५९ औँ अङ्कमा प्रकाशित भएको थियो । उनले यस लेखमा वीरसिक्कामा जनाइने शिवदत्त शर्मानुवादितलाई खोज गरेर शिवदत्त सिग्द्याल भएको पुष्टि गर्दै उनका श्लोकबद्ध **सत्यनारायण कथा** र **सत्यशिक्षा**को खोज गरी प्रस्तुत गरेका छन् । 'कवि वीरेन्द्रकेशरी अर्ज्याल र उनका कविता' शीर्षकको लेख वि.सं. २०४८ चैत्रको **नेपाल** पत्रिकाको २२ औँ अङ्कमा प्रकाशित भएको थियो । उनले यस लेखमा कवि वीरेन्द्रकेशरी अर्ज्याल (१९०९-१९८८) को

जीवनी र उनका कविताहरूको विश्लेषणसहित प्रस्तुत गरेका छन् । 'छविलाल सूरि : एक परिचय' शीर्षकको लेख वि.सं. २०४५ वैशाखको **नेपाल** पत्रिकाको अङ्क १ वर्ष २२ मा प्रकाशित भएको थियो । उनले यस लेखमा बिहान ऋषि, दिउँसो कर्मयोगी र राती मुनि देखिने चौमुखी व्यक्तित्वका धनी छविलाल सूरि (ढुङ्ग्याल) को जीवनी र कृतित्वका सम्बन्धमा प्रकाश पारेका छन् ।

'गोरखापत्रका प्रथम सम्पादक : साधुराम देवकोटा' शीर्षकको लेख वि.सं. २०५१ भदौ २५ को **गोरखापत्र**मा प्रकाशित भएको थियो । शरद्चन्द्र शर्मा भट्टराईले यस लेखमा गोरखापत्रका प्रथम सम्पादक नरदेव पाण्डे हुन् भन्ने भ्रमपूर्ण कुरालाई विभिन्न प्रमाणसहित उनी नभएर साधुराम देवकोटा भएको तथ्यलाई स्पष्ट पारेका छन् । 'विस्मृत हुन लागेका डमरुवल्लभ पोखरेल' शीर्षकको लेख वि.सं. २०५२ असोजको **गरिमा**को १५४ औँ अङ्कमा प्रकाशित भएको थियो । उनले यस लेखमा नेपाली भाषाको उद्धारमा जीवनभर नै समर्पित रहेर काम गरेका डमरुवल्लभ पोखरेल समयको अन्तरालसँग बिर्सन थालिएको तथ्यलाई प्रष्ट्याउँदै उनले नेपाली भाषा र साहित्यलाई दिएको योगदानका सम्बन्धमा प्रकाश पारेका छन् । 'गङ्गाप्रसाद प्रधानलाई बिर्सिएकोबारे' शीर्षकको लेख वि.सं. २०५१ पौष २ को **कान्तिपुर**मा प्रकाशित भएको थियो । उनले यस लेखमा डेनमार्क नेपाल सोसाइटीको अध्यक्ष विर्गिट निल्सको सक्रियतामा निकालिएको एच.सी.आन्डर्सनका कथा बहुश्रुत र लोकप्रिय भएर पनि नेपाली भाषामा तिनको अनुवाद अघि नभएको भन्ने भ्रमपूर्ण तर्कलाई खण्डन गर्दै यसभन्दा अगाडि पादरी गङ्गाप्रसाद प्रधानले आन्डर्सनका थुप्रै कथाहरूको नेपालीमा अनुवाद गरेको तथ्यलाई प्रष्ट्याएका छन् । 'मोतीमित्र तेजबहादुर राना' शीर्षकको लेख वि.सं. २०५२ असारको **नेपाली**को अङ्क १४३ मा प्रकाशित भएको थियो । उनले यस लेखमा मोतीराम भट्टको वनारसकालीन एकमित्र

सहयोगी, सहकर्मीका रूपमा रहेका तेजबहादुर रानाको व्यक्तित्व र कृतित्वका बारेमा प्रकाश पारेका छन् ।

'दुई अचर्चित गजलकार' शीर्षकको लेख वि.सं. २०५१ जेठको **प्रज्ञा**को अङ्क ८१ मा प्रकाशित भएको थियो । शरद्चन्द्र शर्मा भट्टराईले यस लेखमा माध्यमिक कालमा थुप्रै गजल लेखेका भएर पनि चर्चामा आउन नसकेका गजलकार भुवनप्रसाद ढुङ्ग्याल र श्यामजीप्रसाद अर्ज्यालका गजलकारिताका सम्बन्धमा प्रकाश पार्दै उनीहरूका गजललाई साभार प्रस्तुत गरेका छन् । 'नेपालीका दुई नेवार कवि : सिद्धिदास र जोगवीर' शीर्षकको लेख वि.सं. २०४७ चैत्रको **प्रज्ञा** पत्रिकाको अङ्क ७२ मा प्रकाशित भएको थियो । उनले यस लेखमा मातृभाषा नेवारी भएर पनि माध्यमिक कालमा सिद्धिदास अमात्य र जोगवीर सिंह कंसकारले नेपाली भाषा र साहित्यप्रति दिएको योगदानका सम्बन्धमा प्रकाश पारेका छन् । 'प्रेमसागर दवाडी : एक चिनारी' शीर्षकको लेख वि.सं. २०४४ फागुनको **समष्टि**को वर्ष १२ अङ्क १३ मा प्रकाशित भएको थियो । उनले यस लेखमा प्रेमसागर दवाडीलाई शिक्षक, पौराणिक-तान्त्रिक, ज्योतिषी र कविका रूपमा चिनाउँदै उनको ३९६ श्लोके **विज्ञानदर्पण**को चर्चा गरेका छन् । 'अल्पज्ञात दामोदर प्याकुर्‍याल' शीर्षकको लेख वि.सं. २०४४ माघको **मधुपर्क**मा प्रकाशित भएको थियो । उनले यस लेखमा दामोदर प्याकुर्‍यालको जीवनीलाई केलाउँदै उनका अपूर्णरूपमा रहेका पद्मावती परिणय, काव्य **करुणातरङ्गिणी** र **शशिमुखी लोहजोडो**को चिनारी दिएका छन् । 'साहित्यसेवी भैरवप्रसाद अर्ज्याल' शीर्षकको लेख वि.सं. २०५० चैत्र २७ को गोरखापत्रमा प्रकाशित भएको थियो । उनले यस लेखमा माध्यमिक कालका साहित्यसेवी भैरवप्रसाद अर्ज्यालको परिचय दिँदै अहिलेसम्म चर्चामा नआएका उनका कृति **द्रोण पर्व** (१९६५), **भीष्म पर्व** ( १९६६) र **सुन्ने कथा** (१९७१) को चर्चा गरेका छन् ।

'भोजराज पाण्डेलाई नबिसौँ' शीर्षकको लेख वि.सं. २०५२ असार १० को **कान्तिपुर**मा प्रकाशित भएको थियो । शरद्चन्द्र शर्मा भट्टराईले यस लेखमा मोतीराम भट्टका अभिन्न मित्र एवम् मोतीमण्डलीका सक्रिय सदस्य भएर पनि अचर्चित हुन गएर विस्मृतिको गर्भमा विलुप्त हुने सङ्घारमा पुगेका भोजराज पाण्डेको जीवनी र उनका समस्यापूर्तिका बारेमा प्रकाश पारेका छन् । 'कवि तीर्थराज पाण्डेको नालीबेली' शीर्षकको लेख वि.सं. २०५२ कार्तिक १८ को **कान्तिपुर**मा प्रकाशित भएको थियो । उनले यस लेखमा १९४४ सालको अन्त्यतिर काठमाडौँमा बस्नेगरी फर्केपछि थपिन आएका मोतीमित्र मध्येका तीर्थराज पाण्डेको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा प्रकाश पारेका छन् । 'कपिलमुनि सिवाकोटी र उनको मनीषाकर नीति' शीर्षकको लेख वि.सं. २०५१ असोज १ को **कान्तिपुर**मा प्रकाशित भएको थियो । उनले यस लेखमा माध्यमिक कालमा छापिएर पनि लुप्तझैँ हुन गएको र अचर्चित रहेको **मनीसा (षा) कर नीति**लाई चर्चामा ल्याउने र ओझेलमा परेका त्यसका रचयिता कपिलमुनि सिवाकोटीको सङ्क्षिप्त चिनारी प्रस्तुत गरेका छन् । 'ओझेलमा परेका विष्णुचरण श्रेष्ठ' शीर्षकको लेख वि.सं. २०५० चैत्र ६ को **कान्तिपुर**मा प्रकाशित भएको थियो । उनले यस लेखमा पहिलो नेपाली सामाजिक मौलिक उपन्यासका स्रष्टाका रूपमा चिनिनुपर्ने विष्णुचरण श्रेष्ठ आफ्नै सुकार्यका आधारमा नेपाली साहित्य संसारमा प्रख्यात हुनुपर्ने व्यक्ति हुँदाहुँदै पनि समयको अन्तरालसँगै ओझेलमा पर्न गएको तथ्यलाई स्पष्ट पार्दै उनको चिनारी दिएका छन् ।

'पुण्यनाथ लोहनीलाई पनि सम्झौँ' शीर्षकको लेख वि.सं. २०५१ वैशाख २४ को **कान्तिपुर**मा प्रकाशित भएको थियो । उनले यस लेखमा श्यामजी अर्ज्यालको सङ्ग्रह किताबमा रहेका पुण्यनाथ लोहनीका कविताका सङ्ख्याको प्रचुरताले उनी आफ्ना अग्रज लेखनाथ, चक्रपाणि, शम्भुप्रसाद, बाबुराम आचार्य, श्यामजी अर्ज्याल आदिसँग कुम जोरेर कविताकामिनीको उपासनामा प्रतिस्पर्धाका साथ लागेको कुरा प्रष्ट्याएका छन् । 'रेवतीप्रसादको

अधूरो चिनारी' शीर्षकको लेख वि.सं. २०५१ असार ४ को **कान्तिपुर**मा प्रकाशित भएको थियो । उनले यस लेखमा शम्भुप्रसादको भनिएको **विवाहलीला** उनको नभएर रेवतीप्रसाद शर्माको भएको कुरालाई विभिन्न आधारमा पुष्टि गरेका छन् । 'वैजनाथ सेढाइँलाई नबिसौँ' शीर्षकको लेख वि.सं. २०५० आश्विन २३ को **कान्तिपुर**मा प्रकशित भएको थियो । उनले यस लेखमा माध्यमिक कालका कवि, प्रबन्धकार र आख्यानकारका रूपमा सुपरिचित वैजनाथ सेढाइँको जीवनी, व्यक्तित्व र उनका कृतित्वका सम्बन्धमा प्रकाश पारेका छन् । 'एक अल्पचर्चित साहित्यसेवी : शिवप्रतापशमशेर थापा' शीर्षकको लेख वि.सं. २०५० भाद्र १२ को **कान्तिपुर**मा प्रकाशित भएको थियो । उनले यस लेखमा अनुवादक शिवप्रसादशमशेर थापाका भनिएका **दुर्गेशनन्दिनी** (१९९०), **शकुन्तला** ( १९९०), **शैध्याहरिशचन्द्र** (१९९१) र **श्रीकृष्ण चरित्रामृत** (१९९८) उनका नभएको तथ्यलाई प्रष्ट्याउँदै धनाढ्य व्यक्तिहरूले अरूका कृतिलाई आफ्ना नाममा छाप्ने चलनकै शृङ्खलामा शिवप्रतापशमशेर थापाको नाममा उल्लिखित कृतिहरू देखिएको चर्चा गरेका छन् । जे भए पनि आख्यानहरूको एकदमै खाँचो रहेको अवस्थामा शिवप्रतापशमशेर थापाले आफ्नो गाँठको धन खर्च गरेर ती पुस्तकहरूलाई प्रकाशित गरिदिएको गुन भने बिर्सन नहुने धारणा राखिएको छ ।

'शालिग्राम गौतम : एक विस्मृत व्यक्तित्व' शीर्षकको लेख वि.सं. २०५० मंसिर १२ को **कान्तिपुर**मा प्रकाशित भएको थियो । शरद्चन्द्र शर्मा भट्टराईले यस लेखमा **रामाश्वमेध काण्ड**का रचयिता दाङ नीवासी शालिग्राम गौतमको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा प्रकाश पारेका छन् । 'मोतीदेवी प्रसङ्गको लहरो' शीर्षकको लेख वि.सं. २०५० साउन २ को **कान्तिपुर**मा प्रकाशित भएको थियो । उनले यस लेखमा मोतीदेवी सञ्चालिका भएर निकालिएको सर्वहितैषी पत्रिकाका सम्बन्धमा प्रकाश पारेका छन् । 'आचार्य बन्धुवारे केही कुरा' शीर्षकको लेख वि.सं. २०५२

फागुन १२ को **गोरखापत्र**मा प्रकाशित भएको थियो । उनले यस लेखमा डिल्लीबजारका कृष्णप्रसाद, मोदनाथ आचार्य चुरा, पेट्रोल र मोबिलका विक्रेता मात्रै नभएर उनीहरूले शारदा पुस्तक भवन खोलेर नेपाली भाषा साहित्यलाई दिएको योगदानको गुणगान गाएका छन् । 'कवि बाबुराम आचार्य र उनका कविता' शीर्षकको लेख वि.सं. २०४७ को **बाबुराम आचार्य शतबार्षिकी पुस्तिका**मा प्रकाशित भएको थियो । उनले यस लेखमा इतिहासकार र समालोचकका रूपमा मात्र चिनिएका बाबुराम आचार्यका कविताको खोज गरेर उनको कवि व्यक्तित्वको स्थापना गरेका छन् । 'नेपाली वाङ्मयको विकासमा लामिछाने वन्धुहरूको योगदान' शीर्षकको लेख वि.सं. २०५१ को **उन्नयन** पत्रिकाको अङ्क १३ मा प्रकाशित भएको थियो । उनले यस लेखमा केशवराज पिंडाली (लामिछाने) का पूर्वजहरू दानराज लामिछाने, विश्वराज शर्मा, हरिहर शर्मा, देवराज शर्माले नेपाली साहित्यमा दिएको योगदानको चर्चा गरेका छन् ।

'गोर्खासंसारका कवि कविता' शीर्षकको लेख वि.सं. २०४५ पौषको **प्रज्ञा** पत्रिकाको ६४ औं अङ्कमा प्रकाशित भएको थियो । उनले यस लेखमा १९८३ सालदेखि देहरादूनबाट निस्कन थालेको साहित्यिक पत्रिका **गोर्खासंसार** (१९८३-८५) ले नेपाली कविता विधाको विकासमा दिएको योगदानको चर्चा गर्दै यसभित्रका ५३ जना चर्चित र अचर्चित कविका १४४ ओटा कविताहरूको उल्लेख गरेका छन् । 'बिर्सिएका पुराना कवि र कविता' शीर्षकको लेख वि.सं. २०४८ भाद्रको **मधुपर्क**मा प्रकाशित भएको थियो । उनले यस लेखमा बिर्सिएका पुराना अचर्चित कविहरूलाई प्राप्ति स्रोतका आधारमा पाण्डुलिपिहरू र स्मृतिमा सीमित, कविता सङ्कलनहरूमा सीमित, पत्रपत्रिकाहरूमा सीमित, पद्येत्तर रचनामा सीमित र पुस्तकाकारमा रचना रहेका कवि गरी पाँच भागमा वर्गीकरण गरेर प्रस्तुत गरेका छन् ।

### ३.५.२.२ निष्कर्ष

शरद्चन्द्र शर्मा भट्टराईको **ओझेलमा परेकाहरू** (२०५६) नामक अनुसन्धानमूलक समालोचकीय पुस्तकाकार कृतिमा कुनै बेला प्रसिद्धिको शिखरमा पुगेका र समयको अन्तरालमा ओझेलमा परेका, प्रतिभा एवम् सिर्जन सौष्ठव सम्पन्न भएर पनि सधैँ ओझेलमा परेका स्रष्टा-साधकहरूका बारे शोधखोज चलाएर उनीहरूका कृति र व्यक्तित्वलाई पुनर्जीवित गराउने प्रयासमा आएको प्रस्तुत कृति नेपाली भाषा-साहित्यको इतिहासमा महत्त्वपूर्ण स्वीकृति हो । यस कृतिको प्रकाशनले नेपाली साहित्यमा नयाँ सूचना थप गर्नुका साथ नेपाली साहित्यलाई नयाँ प्रकाशमा राख्ने काम गरेको छ । यस खोजपरक पुस्तकको प्रस्तुतिले उनीहरूका कृतिको परिचय दिँदै उनीहरका स्रष्टा व्यक्तित्वलाई चिनाउने र साहित्यिक इतिहासमा स्थापित गर्ने साँचो प्रयास गरेको छ । कुनै पनि स्रष्टालाई ज्ञात-अज्ञात रूपमा विस्मृतिमा राख्नु राम्रो काम होइन । यसै सत्यलाई आत्मसात् गरी खोजीको आलोकमा साहित्यकर्मीहरूलाई हेरी छायाबाट झिक्ने काम यहाँ भएको छ । ओझेलमा परेका योग्य साहित्यसेवीहरूको व्यक्तित्व र महत्त्वमाथि प्रकाश पार्ने अनुसन्धानात्मक लेखहरूको प्रस्तुत सङ्ग्रह नेपाली वाङ्मयको फाँटमा उल्लेख्य कृति सावित भएको छ ।

## ३.५.३ *सानो चिनारी नरदेव पाण्डेको* (२०६०) को विश्लेषण

### ३.५.३.१ कृतिगत विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराईको **सानो चिनारी नरदेव पाण्डेको** (२०६०) नामक साहित्यिक स्रष्टापरक अनुसन्धानात्मक समालोचकीय कृति साझा प्रकाशनबाट प्रकाशित भएको हो । ८८ पृष्ठमा संरचित यस कृतिमा उनले मोतीराम भट्टका जीवनी लेखक नरदेव पाण्डेको जीवनी, व्यक्तित्व र कृतित्वको जानकारी दिँदै उनले नेपाली साहित्यको विकासमा दिएको योगदानका बारेमा प्रकाश पारेका छन् ।

सानो चिनारी नरदेव पाण्डेमा 'परिचय खण्ड', 'रचना खण्ड' र 'परिशिष्ट खण्ड' गरी तीन भाग रहेका छन् । शरद्चन्द्र शर्मा भट्टराईले परिचय खण्डको 'प्राक्कथन' शीर्षकमा आफ्नो समयमा योगदानको पहाडै उभ्याए पनि पछिको छिमलले बिर्सिएका व्यक्तित्व नरदेव पाण्डेले नेपाली साहित्यको विकासमा दिएको योगदानको बारेमा चर्चा गरेका छन् । उनले यसै खण्डको 'वंशपरिचय' शीर्षकमा नरदेव पाण्डेको वंशवृत्त देखाएका छन् । 'वंशानुगत विद्वतपरम्परा' शीर्षकमा उनले नरदेव पाण्डेको वंशमा तेस्रो पुस्तादेखिका प्राप्त रचनाहरूको चर्चा गर्दै नवौँ पुस्तामा परेका नरदेव पाण्डेमा पनि वंशानुगतरूपमा विद्वत्परम्पराले निरन्तरता पाएको चर्चा गरेका छन् । 'व्यक्तित्व विकासको पृष्ठभूमि' शीर्षकमा नरदेवको व्यक्तित्व विकासमा शिक्षा प्राप्तिको अवसर, पारिवारिक परिवेश र सङ्गतसाहचर्यले महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरिएको छ । 'नरदेव पाण्डे : लेखकको रूपमा' शीर्षकमा नरदेव पाण्डेलाई कविता सर्जक र गद्यकारको रूपमा चिनाउँदै उनका पद्यात्मक रचना **श्री गणेश सरस्वती स्तोत्र** (१९५०), **शङ्खमूल यात्रा** (१९५९), **चन्द्रभक्ति प्रकाश** (१९६२) को परिचयात्मक टिप्पणी गरिएको छ । यस्तै, उनका गद्याख्यान रचना **वीरबल चातुरी** (१९५६), **अद्भूत मिलाप** (१९५४), **मेरिनाचरित्र** (१९५९) र **कविवर मोतीराम भट्टको सचित्र जीवनचरित्र** (१९९५) को पनि परिचयात्मक टिप्पणी गरिएको छ । 'नरदेव र ढहिँटी आढत' शीर्षकमा माध्यमिक कालको सुरुआतमा धेरै जनाको साझेदारीमा खोलिएको 'मोतीकृष्ण धीरेन्द्र कम्पनी' पछि ठहिँटी आढतको रूपमा परिणत भएको र यसका सञ्चालक मोतीरामले आफ्ना मामा नरदेव पाण्डेलाई सहभागी गराएको तथ्यको रहस्योद्घाटन गरिएको छ । 'नरदेव र पाशुपत छापाखाना' शीर्षकमा १९५० सालमा स्थापना गरिएको पाशुपत छापाखाना र यससँग सम्बन्धित रहेर नरदेवले प्रकाशन गरेका नेपाली साहित्यिक कृतिहरूको विवरण दिइएको छ । 'नरदेव र सुधासागर' शीर्षकमा पाशुपत छापाखानाबाट वि.सं. १९५५ मा निकालिएको पहिलो मासिक

साहित्यिक पत्रिका सुधासागरसँग नरदेव पाण्डे जोडिएको उल्लेख गरिएको छ । 'नरदेव पाण्डे र गोरखापत्र' शीर्षकमा गोरखापत्रको प्रकाशनमा व्यवस्थापक भएर रहेका नरदेव पाण्डेको योगदानलाई स्पष्ट्याइएको छ । यस खण्डको 'उपसंहार' खण्डमा आफ्नो समयमा योगदान भएर पनि समयको अन्तरालमा बिर्सन थालिएका नरदेव पाण्डेले नेपाली साहित्यलाई विर्सन नसकिने गुन लगाएको तथ्यलाई स्पष्ट्याउँदै समयको गतिसँगै उनको योगदानलाई सप्रमाण खोजगर्न आव्हान गरिएको छ ।

यस ग्रन्थको 'रचना खण्ड'मा नरदेव पाण्डेले विभिन्न समयमा लेखेका कविताहरूलाई साभार प्रस्तुत गरिएको छ । जसमा श्यामजी अर्ज्यालको **सङ्ग्रह किताब**मा रहेका नरदेव पाण्डेका फुटकर श्लोक र केही कवितालाई साभार प्रस्तुत गरिएको छ । यस्तै, कविवर मोतीराम भट्टको सचित्र जीवन चरित्रमा रहेका पद्य, सङ्गीत चन्द्रोदयमा रहेका पद्य, श्री विज्ञापनपत्रम् १९५० मा रहेका पद्य, श्लोक सङ्ग्रह (१९५६) मा रहेका पद्य, 'श्री यूरोपयात्राको विज्ञापन श्लोक' **नेपाली-५१** मा रहेका पद्यहरूलाई साभार प्रस्तुत गरिएको छ ।

यस ग्रन्थको परिशिष्ट खण्ड 'अ' को 'केही अभिलेख' शीर्षकमा ठहिँटी आढतको सूचीपत्र, विज्ञापन, नरदेवको वंशावलीको वंशवृक्ष, नरदेवले रसिदमा गरेका हस्ताक्षर र पाशुपत पाञ्चाङ्गलाई जस्ताको तस्तै कपि गरेर प्रस्तुत गरिएको छ । परिशिष्ट खण्ड 'आ' को 'केही अभिव्यक्ति' शीर्षकमा नरदेव पाण्डेका सम्बन्धमा लेखिएका लेखहरू मध्येका कमल दीक्षितको **बुइँगल** (२०१८-पृ.३३३-३४), ताना शर्माको **नेपाली साहित्यको इतिहास** ( २०२७ पृ. ८०-८१), प्रा.डा. मङ्गलराज जोशीका लेखहरूलाई साभार गरिएको छ । पुस्तकको अन्त्यमा बालमुकुन्ददेव पाण्डेले नरदेव पाण्डेका बारेमा प्रकाशन गरेको लेखलाई जस्ताको तस्तै साभार प्रस्तुत गरिएको छ ।

### ३.५.३.२ निष्कर्ष

शरद्‌चन्द्र शर्मा भट्टराईको **सानो चिनारीः नरदेव पाण्डेको** (२०६०) मा 'परिचय खण्ड', 'रचना खण्ड' र 'परिशिष्ट खण्ड' गरी तीन भाग रहेका छन् । एघार उपशीर्षकमा विभाजित परिचय खण्डमा नरदेव पाण्डेको विविध पक्षीय परिचय र योगदानको आँकलन गरिएको छ । रचना खण्डमा नरदेव पाण्डेका पुस्तकाकारमा प्रकाशित रचना बाहेकका सङ्कलनहरूमा छरिएका, फुटकर रूपमा अन्यत्र प्रकाशित भएका र अप्रचारित-अप्रकाशित रूपमा पाइएका पद्यात्मक रचनालाई मात्र समावेश गरिएको छ । परिशिष्ट खण्डमा नरदेव पाण्डे र उनका कार्यलाई चिनाउन सहायक हुन सक्ने ऐतिहासिक अभिलेख सामग्री राखिएका छन् । यसरी माध्यमिक कालका एक उल्लेखनीय प्रतिभाको व्यक्तित्व र कृतित्वबारे लेखिएको स्तरीय अनुसन्धानात्मक कृतिले नेपाली वाङ्मयको विकासमा थप योगदान पुऱ्याएको छ ।

## ३.५.४ समग्र कृतिगत मूल्याङ्कन

शरद्‌चन्द्र शर्मा भट्टराईका साहित्यिक स्रष्टापरक खोजअनुसन्धानमूलक सबै कृतिमा प्राथमिक काल र विशेषतः माध्यमिक कालमा आफ्नो समयमा योगदान भएर पनि बिर्सन थालिएका स्रष्टाहरूलाई चिनाउने प्रयास भएको छ । कुनैबेला प्रसिद्धिको शिखरमा पुगेका प्रतिभा एवम् सिर्जन सौष्ठव सम्पन्न भएर पनि सधैँ ओझेलमा परेका स्रष्टा-साधकहरूका बारे शोधखोज चलाएर उनीहरूका कृति र व्यक्तित्वलाई पुनर्जीवित गराउने प्रयासमा आएका उनका सबै कृति  नेपाली भाषासाहित्यको इतिहासमा महत्त्वपूर्ण स्वीकृति हुन् । यी कृतिको प्रकाशनले नेपाली साहित्यमा नयाँ सूचना थप गर्नुका साथ नेपाली साहित्यलाई नयाँ प्रकाशमा राख्ने काम गरेका छन् । यिनका खोजपरक पुस्तकको प्रस्तुतिले प्राचीन तथा माध्यमिक कालका कृतिको परिचय दिँदै स्रष्टा व्यक्तित्वलाई चिनाउने र साहित्यिक इतिहासमा स्थापित गर्ने साँचो प्रयास गरेका छन् । कुनै पनि स्रष्टालाई ज्ञात-अज्ञात

रूपमा विस्मृतिमा राख्नु राम्रो काम होइन । यसै सत्यलाई आत्मसात् गरी खोजीको आलोकमा साहित्यकर्मीहरूलाई हेरी छायाबाट झिक्ने काम यिनका कृतिमा भएको छ । ओझेलमा परेका योग्य साहित्यसेवीहरूको व्यक्तित्व र महत्त्वमाथि प्रकाश पार्ने अनुसन्धानात्मक लेखहरूका यस्ता सङ्ग्रह नेपाली वाङ्मयमै उल्लेख्य छन् ।

### ३.५.५ शरद्चन्द्र शर्मा भट्टराईका फुटकर समालोचनाको विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराईले विभिन्न समयमा लेखेर प्रकाशन गरेका धेरै जसो फुटकर समालोचनालाई तीनओटा सङ्ग्रहहरू **नेपाली वाङ्मय केही खोजी केही व्याख्या** (२०४४), **खोजी अनि व्याख्या** (२०५६) र **ओझेलमा परेकाहरू** (२०५६) मा सङ्गृहीत गरेका छन् । जसमा साहित्य इतिहाससँग सम्बन्धित लेखहरूका सङ्ग्रह **नेपाली वाङ्मय केही खोजी केही व्याख्या** ( २०४४) र **खोजी अनि व्याख्या** (२०५६) हुन् भने साहित्यिक स्रष्टापरक लेखहरूको सङ्ग्रह **ओझेलमा परेकाहरू** (२०५६) हो । यी तीनओटा सङ्ग्रहमा नपरेका उनका फुटकर लेखहरूमा 'मेघदूत एक परिचय' (२०१९), 'कवि नेपाली एक परिचय' (२०२०), 'नेपाली भाषा र भानुभक्त' (२०२०), 'नाटकमा आधुनिकता इब्सन र रिमाल' (२०२८), 'सवाई परम्पराः जर्मनीका लडाइँको सवाई' (२०५८) र 'मेरो लण्डन राजतिलक यात्रा : यात्रा साहित्यको कोसेढुङ्गा' (२०५८) पर्दछन् ।

### ३.४.५.१ फुटकर समालोचनात्मक लेखहरूको विश्लेषण

शरद्चन्द्र शर्मा भट्टराईको मेघदुत एक परिचय' नामक शीर्षकको लेख पहिलो प्रकाशित फुटकर समालोचकीय लेख हो । यो लेख वि.सं. २०१९ आषाढ २४ को **गोरखापत्र**मा प्रकाशित भएको थियो । उनले यस लेखमा संस्कृतका महाकवि कालिदासको खण्डकाव्य मेघदुतको नेपाली भाषामा विभिन्न कोणले विश्लेषण गरेका छन् । यस्तै, उनको दोस्रो प्रकाशित फुटकर लेख 'कवि नेपाली एक परिचय' हो । यो लेख वि.सं. २०२० असोज २६ को

**गोरखापत्र**मा प्रकाशित भएको थियो । उनले यस लेखमा माध्यमिक कालदेखिका चर्चित कविहरूको परिचय दिँदै आधुनिक कालका लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, भीमनिधि तिवारी र बालकृष्ण समका कविताकारिताका बारेमा व्यापक विश्लेषण गरेका छन् । 'नेपाली भाषा र भानुभक्त' शीर्षकको लेख पनि वि.सं. २०२० कार्तिक १६ को **गोरखापत्र**मा नै प्रकाशित भएको थियो । उनको यो लेख आदिकवि भानुभक्त आचार्य र उनले नेपाली भाषालाई दिएको योगदानसँग सम्बन्धित छ । 'नाटकमा आधुनिकता इब्सन र रिमाल' शीर्षकको लेख वि.सं. २०२८ को **सरस्वती** पत्रिकाको अङ्क ६ मा प्रकाशित भएको थियो । उनले यस लेखमा नर्वेली साहित्यकार हेनरिक इब्सनबाट नाटकमा आधुनिकता आएको र नेपाली नाट्यजगतमा यसको पहिलो प्रयोग गोपालप्रसाद रिमालले गरेको स्पष्ट पार्दै यी दुवैका नाटकको तुलनात्मक मूल्याङ्कन गरेका छन् । 'सवाई परम्पराः जर्मनीका लडाइँको सवाई' शीर्षकको लेख वि.सं.२०५८ सालको **प्रज्ञा** पत्रिकाको वर्ष ३२ मा प्रकाशित भएको थियो । उनले यस लेखमा नेपाली साहित्यमा उल्लेख्य विधाका रूपमा रहेको सवाई काव्यको विकासक्रमको चर्चा गर्दै जर्मनीका लडाइँको सवाईका लेखक नवलसिं घर्तिको परिचयात्मक टिप्पणी गर्दै उनले लेखेको उक्त सवाईको विश्लेषणसहित प्रस्तुत गरेका छन् । 'मेरो लण्डन राजतिलका यात्रा : यात्रासाहित्यको कोसेढुङ्गा' शीर्षकको लेख वि.सं. २०५८ **समकालीन** साहित्यको वर्ष ११ अङ्क ३, पूर्णाङ्क ४१ मा प्रकाशित भएको थियो । पृष्ठ २१८ - २२२ सम्म फैलिएको यस लेखमा उनले जङ्गबहादुरको बेलायत यात्रापछि लेखिएको मेरो लण्डन : राजतिलक यात्राका लेखक सुबेदार मेजर श्रीशेरसिंह रानाका बारेमा परिचय दिएका छन् । उनले यस लेखमा यात्रा साहित्यमा यो नै प्रथम साधारण नेपालीले लेखेको तथ्यलाई औँल्याएका छन् । उनले यसलाई अझ डायरीका रूपमा राखेर नेपाली डायरी साहित्यमा यो नै प्रथम मान्दै अन्त्यमा शेरसिंहद्वारा लेखिएको डायरीका पृष्ठ १३५-३७ सम्मको पाठलाई साभार प्रस्तुत गरेका छन् ।

### ३.४.५.२ फुटकर समालोचनात्मक लेखहरूको समग्र मूल्याङ्कन

शरद्चन्द्र शर्मा भट्टराईले विभिन्न समयमा लेखेर प्रकाशन गरेका सबैजसो फुटकर समालोचनात्मक लेखहरूलाई विभिन्न सङ्ग्रहमा सङ्गृहीत गरेका छन् । सङ्ग्रहमा नपरेका उनका पूर्वार्द्धका चारओटा लेखहरू 'मेघदुत एक परिचय' (२०१९) 'कवि नेपाली एक परिचय' (२०२०), 'नेपाली भाषा र भानुभक्त' (२०२०) र 'नाटकमा आधुनिकता इब्सन र रिमाल' (२०२८) हुन् । यी चारओटा लेखहरू पाठ्यवस्तुमा समावेश भएका र तत्कालीन विद्यार्थीहरूको मागलाई मध्यनजर गरेर लेखिएका हुन् । 'मेघदुत एक परिचय' शीर्षकको लेख कृतिपरक समालोचनामा आधारित छ भने 'कवि नेपाली एक परिचय' र 'नेपाली भाषा र भानुभक्त' शीर्षकका लेख स्रष्टापरक छन् । यी दुईओटा लेखमा थोरै भए पनि नेपाली साहित्यका साधकहरूलाई चिनाउने काम भएकोले महत्त्वपूर्ण नै छन् । 'नाटकमा आधुनिकता इब्सन र रिमाल' शीर्षकको लेख तुलनात्मक समालोचनाको उदाहरण हो ।

यस्तै उनका सङ्ग्रहमा नपरेका उत्तरार्द्धका दुईओटा फुटकर लेखहरू 'सवाई परम्परा: जर्मनीका लडाइँको सवाई' (२०५८) र 'मेरो लण्डन राजतिलक यात्रा: यात्रा साहित्यको कोसेढुङ्गा' (२०५८) हुन् । यी दुईओटा लेखहरू खोज अन्वेषणपरक छन् । यिनका धेरैजसो लेखहरू सङ्ग्रहमा पर्न नसकेका हुन् । विशेषत : प्राध्यापन क्षेत्रसँग सम्बन्धित रहेर जीवनयापन गरेका शर्माले प्राध्यापन सेवाबाट अवकास लिएपछि लेखनमा शिथिलता आएको देखिन्छ, त्यसैले गर्दा जीवनको उत्तरार्द्धमा न्यूनमात्रामा समालोचना लेखेका छन् ।

# चौथो परिच्छेद

## शरद्चन्द्र शर्मा भट्टराईका समालोचनात्मक प्रवृत्तिहरू

### ४.१ कृतिपरक समालोचनाबाट समालोचना क्षेत्रमा प्रवेश

शरद्चन्द्र शर्मा भट्टराईले सुरुमा कृतिपरक समालोचना लेखन गरेका छन् । **बसाइँ परिचय** (२०१९) बाट समालोचनायात्रा आरम्भ गरेका शर्माले वि.सं. २०३३ सम्म निकै धेरै कृतिहरूको समालोचना लेखेका छन् । तत्कालीन विद्यार्थीहरूको मागलाई पूर्ति गर्ने उद्देश्यले विभिन्न तहका नेपाली विषयका पाठ्यपुस्तकका सहायक सामग्रीका रूपमा समालोचना लेखेका भए तापनि उनले लेखेका कृतिपरक समालोचना नेपाली साहित्यका सबैजसो विधासँग सम्बन्धित छन् । जसले गर्दा उनका यस्ता समालोचना पाठ्यसामग्रीका सहायक सामग्री हुँदाहुँदै पनि कृतिपरक समालोचनाको इतिहासमा उच्च छन् । कृतिको समालोचना गर्दा विवेच्य कृतिलाई निकै मसिनो गरी चिरफार गरेर समालोचना गर्न रमाउने शर्माले यस किसिमका समालोचनामा कृतिको व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्न कम्मर कसेर लागेका छन् । उनले कुनैपनि विधाको कृतिलाई विश्लेषण गर्नुभन्दा अगाडि उक्त विधाका सिद्धान्तहरूलाई प्रस्तुत गरेका छन् । जसले गर्दा उनका समालोचना आधिकारिक र प्रामाणिक बन्न पुगेका छन् ।

### ४.२ इतिहासपरक समालोचना लेखन गर्नु

शरद्चन्द्र शर्मा भट्टराईको समालोचनाकारिताको एक मुख्य प्रवृत्ति साहित्यको इतिहासलाई समालोचनामा उतार्नु हो । आफ्ना अधिकांश समालोचनाहरूमा उनले साहित्यको इतिहासलाई कतै न कतैबाट छोएका छन् । साहित्य इतिहासपरक खोजअनुसन्धानमूलक समालोचना लेखनको थालनी **नेपाली साहित्यको इतिहास** ( माध्यमिक काल २०३७) बाट आरम्भ गरेका शर्माका साहित्यिक इतिहाससँग

सम्बन्धित पुस्तकहरूमा **प्राचीन गद्याख्यान** (२०४२), **नेपाली वाङ्मय केही खोजी केही व्याख्या** (२०४४), **माध्यमिक नेपाली गद्याख्यान** (२०५०), **खोजी अनी व्याख्या** (२०५६) पर्दछन् । उनका यी साहित्य इतिहाससँग सम्बन्धित ग्रन्थहरूमा प्राचीन तथा माध्यमिक कालका साहित्यिक सामग्रीहरूलाई समेटिएको छ । उनका साहित्य इतिहासपरक समालोचकीय कृतिहरूमा प्राचीन तथा माध्यमिक कालका विभिन्न विधाहरूको विशद् चर्चा गरिएको छ । उनले समग्र नेपाली साहित्यको कालविभाजनका पूर्व प्रयासहरूलाई आधार मानेर साहित्येतिहासको कालविभाजन गरेका छन् । उनको यस किसिमको कालविभाजन आधिकारिक र प्रामाणिक छ । उनका धेरैजसो फुटकर लेखहरूमा पनि यस किसिमको प्रवृत्ति भेटिन्छ ।

## ४.३ दिवङ्गत प्रतिभालाई लेखनको विषय बनाउनु

शरद्चन्द्र शर्मा भट्टराईले प्रायजसो लेखहरूका विषय दिवङ्गत स्रष्टाहरूलाई बनाएका छन् । जीवित प्रतिभाहरूको गुणगान गाउनमा भन्दा उनको कलम मृतक प्रतिभाहरूको सम्बन्धमा प्रकाश पार्न बढी रमाएको छ । आफ्नो समयमा योगदान भएर पनि समयको अन्तरालसँगै बिर्सन थालिएका नेपाली साहित्यका स्रष्टा-साधकहरूको चिनारी दिनु उनको मुख्य प्रवृत्ति हो । कुनै पनि स्रष्टालाई ज्ञात-अज्ञात रूपमा विस्मृतिमा राख्नु राम्रो काम नभएको धारणा राख्दै उनले खोजीको आलोकमा साहित्यकर्मीहरूलाई हेरी छायाबाट झिक्ने काम गरेका छन् । ओझेलमा परेका योग्य साहित्यसेवीहरूको व्यक्तित्व र महत्त्वमाथि प्रकाश पार्ने उनका सबै लेखहरू यस किसिमको प्रवृत्तिले गर्दा नेपाली वाङ्मयको फाँटमा उल्लेख्य कृति सावित भएका छन् ।

## ४.४ समालोचनाबाट साहित्यमा देखिएका कतिपय भ्रमहरूको निवारण गर्नु

शरद्चन्द्र शर्मा भट्टराईका कतिपय समालोचनात्मक लेखहरू यस्ता छन् जसमा न्यायधिशले झैं न्यायोचित व्याख्या गरिएको छ । नेपाली साहित्य इतिहासको कालविभाजनमा देखिएका विभिन्न विभेदहरूलाई उनले तर्क र प्रमाणका आधारमा

खण्डन गर्दै समन्वयवादी धारणा राखेका छन् । उनको यस किसिमको धारणा सर्बमान्य नै छ । यस्तै उनले प्राचीन तथा माध्यमिक कालका कतिपय स्रष्टाका रचनाहरू अर्कैको नाममा पर्न गएको तथ्यलाई सप्रमाण स्पष्ट्याउँदै त्यस्ता स्रष्टाहरूलाई छिमलबाट झिक्ने काम गरेका छन् ।

## ४.५ शोधखोजमूलक प्रवृत्तिबाट प्रभावित हुनु

शरद्चन्द्र शर्मा भट्टराईबाट नेपाली भाषामा रचित प्राचीन तथा माध्यमिक कालका सामग्रीहरूलाई शोधखोज गरेर पाठक समक्ष ल्याउने, सम्पादन र समीक्षण गर्ने, विश्लेषण र मूल्याङ्कन गर्ने जस्ता कार्यहरू भएका छन् । प्राचीन समयका स्रष्टाका विशेष गरी अचर्चित र लोपोन्मुख सामग्रीलाई खोजेर पाठकसमक्ष ल्याउने प्रयत्नमा जुटेका शर्मा नेपाली समालोचनाको शोधखोजमूलक प्रवृत्तिबाट बढी प्रभावित रहेका छन् । सूर्यविक्रम ज्ञवाली, बाबुराम आचार्य, कमल दीक्षित, ईश्वर बराललगायतका अन्वेषकहरूकै पक्षमा सार्थक छन् । तर्क र तथ्यका आधारमा वस्तुको प्राप्तिलाई ठम्याउने र निष्कर्षसम्म पुग्ने शर्मा नेपाली साहित्यको ऐतिहासिक सामग्रीको विवेचनापूर्ण अन्वेषण कार्यमा अत्यन्त सवल देखिन्छन् ।

## ४.६ तिथिमिति र तथ्यहरूका आडमा अडेर साहित्यको अन्वेषण र समीक्षण गर्नु

शरद्चन्द्र शर्मा भट्टराईले सुनेका भरमा मात्र कुनै पनि विषयमा कलम चलाउँदैनन् । उनले समालोचना लेखन गर्दा विवेच्य विषयको विभिन्न तथ्यहरूका आधारमा यथार्थ तिथिमितिसम्म पुगेर अन्वेषण र समीक्षण गर्दछन् । तिथिमिति र तथ्यहरूका आधारमा विवेच्य विषयको निक्यौंल गर्ने भएकाले उनका लेखहरू आधिकारिक र प्रामाणिक बनेका छन् ।

## ४.७ समालोचनामा व्याख्यात्मकता, तुलनात्मकता र निर्णयात्मकता पाइनु

शरद्चन्द्र शर्मा भट्टराईका प्रायजसो समालोचनामा विषयवस्तुको बढी मात्रामा व्याख्या गरिएको छ । झिना विषयवस्तु पनि उनको व्याख्यात्मक पद्धतिले

गर्दा निकै रोचक र गहकिला बन्न पुगेका छन् । उनी कुनै पनि विवेच्य विषयवस्तुलाई सतहीरूपमा मात्र विश्लेषण नगरेर निकै गहिराइसम्म पुग्ने गर्दछन् । जसले गर्दा उनका समालोचना स्पष्ट बुझिने खालका बन्न पुगेका छन् । उनी आफ्ना कतिपय समालोचनामा तुलनालाई पनि महत्त्व दिएका छन् । जसको उदाहरणका रूपमा **खोजी अनि व्याख्या** (२०५६) खण्ड 'घ' को पृष्ठ १४८-१५२ मा 'रहेको एक कृति : तीन अनुकृति'लाई लिन सकिन्छ । जसमा उनले एउटै विषयवस्तुको कृतिलाई तीनजनाले अनुवाद गर्दा देखिएको भिन्नतालाई तुलनात्मक रूपले विश्लेषण गरेका छन् । उनका यस्ता तुलनात्मक लेखहरू अरू पनि थुप्रै छन् ।

शरद्चन्द्र शर्मा भट्टराईको समालोचनाकारिताको अर्को विशेषता निर्णयात्मकता पनि हो । उनले सुरुमा विवेच्य विषयवस्तुको प्रभावलाई ग्रहण गरे तापनि अन्त्यमा आइपुग्दा आफ्नो मनमा लागेका कुराहरूलाई निर्भिक रूपमा प्रस्तुत गरेका छन् । जसले गर्दा उनको निर्णयात्मक क्षमता प्रदर्शित भएको छ ।

## ४.८ अनुमान गर्न सकिने समालोचनाको शीर्षक चयन गर्नु

शरद्चन्द्र शर्मा भट्टराईका समालोचनाका शीर्षकबाटै पाठक वर्गले यो यही विषयको हो भनेर अड्कल गर्न सकिन्छ । साहित्य इतिहाससँग सम्बन्धित लेखहरूका शीर्षक एउटा ढाँचाका छन् । जस्तो, **नेपाली साहित्यको इतिहास** ( माध्यमिक काल २०३७)), प्राचीन गद्याख्यान (२०४२), माध्यमिक गद्याख्यान ( २०५०) । त्यस्तै स्रष्टासँग सम्बन्धित सबै लेखहरूका शीर्षक अर्को ढाँचाका छन् जस्तो , 'कवि बाबुराम आचार्य र उनका कविता' (२०४७), 'ओझेलमा परेकाहरू' ( २०५६) 'शिवदत्तलाई चिन्न खोज्दा' (२०४४), 'गङ्गाप्रसाद प्रधानलाई विर्सिएको बारे' (२०५१), 'कवि तीर्थराज पाण्डेको नालीबेली' (२०५२) । यसरी उनका यी शीर्षकका लेखबाटै पाठकले विषयवस्तु सजिलै छुट्याउन सकिन्छ ।

## ४.९ कतिपय समालोचनामा दोषतर्फ आँखा नपुऱ्याउनु

शरद्चन्द्र शर्मा भट्टराईका कतिपय समालोचनामा प्राचीन तथा माध्यमिक कालका स्रष्टाका गुणगान गाइएका छन् । माध्यमिक कालमा अर्काका कृति चोरेर आफ्नो नाममा प्रकाशन गर्ने व्यक्ति शिवप्रतापशमशेर थापालाई साहित्यिक चोरको आरोप लगाउनुको साटो प्रकाशन नभएका वा हुन नसकेका सामग्रीलाई उनले आफ्नो नाममा भए पनि प्रकाशन गरेर पाठक समक्ष त ल्याए भन्दै साहित्यसेवीको पगरी गुथाइदिएका छन् । यो प्रवृत्ति 'विदाई कविता झपटको होइन' भन्ने शीर्षकको लेखमा पाइन्छ ।

## ४.१० प्राचीन तथा विशेषतः माध्यमिक कालखण्डसँग सम्बन्धित रहनु

शरद्चन्द्र शर्मा भट्टराईको समालोचनाकारिताको अर्को मुख्य विशेषता प्राचीन तथा माध्यमिक कालका साहित्य सामग्रीहरूको खोज अन्वेषण गर्नु हो । उनका धेरैजसो समालोचना प्राचीन तथा विशेषत : माध्यमिक कालीन साहित्यसँग सम्बन्धित छन् । उनले प्राचीन तथा माध्यमिक कालका लुप्तप्राय भइसकेका साहित्यिक सामग्रीहरूको खोज गर्ने, अन्वेषण र विश्लेषण गर्ने र प्रकाशनसमेत गर्ने गरेका छन् । उनका खोजबाट नेपाली साहित्यको इतिहास केही हदसम्म लम्बिन पुगेको छ ।

## ४.११ समालोचनालाई सरल र वर्णनात्मक किसिमले प्रस्तुत गर्नु

शरद्चन्द्र शर्मा भट्टराईका समालेचनाको भाषा निकै सरल किसिमको छ । उनले आफ्ना सबै समालोचनामा चलन चल्तीकै भाषाको प्रयोग गरेका छन् । जसले गर्दा उनका समालोचना सजिलै बुझिन्छन् । उनले प्रस्तुत गर्ने विषयमा निकै गहिराई सम्म पुगेर विश्लेषण गरेका छन् । यसले गर्दा उनका समालोचना वर्णनात्मक बनेका छन् । उनका समालोचना पढेपछि पाठकले मूल कृति पढ्नु पर्दैन ।

# पाँचौँ परिच्छेद

# नेपाली समालोचना परम्परामा शरद्‌चन्द्र शर्मा भट्टराईको स्थान र योगदानको तुलनात्मक मूल्याङ्कन

## ५.१ नेपाली समालोचना परम्परा

### ५.१.१ पृष्ठभूमि

समालोचना सिर्जनात्मक साहित्यको अनुवर्ती हो र सिर्जनात्मक साहित्यका विकासको कुनै चरणमा प्रवेश गरिसकेपछि मात्र त्यसको कसीका रूपमा समालोचना लेखिन्छ । नेपाली साहित्यको वास्तविक समालोचनाको सुरुवात मोतीरामले भानुभक्तलाई नायक बनाई उनको जीवनी र विशेषतालाई लिएर गरेका हुन् (प्रधान; २०५८:८) । यिनले वि.सं. १९४८ मा **भानुभक्तको जीवन चरित्र** शीर्षकमा समालोचनासम्बन्धी सानो तर महत्त्वपूर्ण ग्रन्थ नेपाली समालोचनालाई दिए (कँडेल; २०५५:घ) । उनको यही कृति नै नेपाली समालोचनाको आरम्भ विन्दु हो । यस कृतिलाई नेपाली समालोचनाको आरम्भ विन्दु मान्ने विद्वान समालोचकहरू बाबुराम आचार्य, यदुनाथ खनाल, हृदयचन्द्रसिंह प्रधान, रत्नध्वज जोशी, रामकृष्ण शर्मा, ईश्वर बराल, कृष्णचन्द्रसिंह प्रधान, डी.पी. अधिकारी, इन्द्रबहादुर राई, शरद्‌चन्द्र शर्मा भट्टराई, डा. केशव भट्टराई, वासुदेव त्रिपाठी र दयाराम श्रेष्ठ हुन् । यहाँ पनि यसैलाई आरम्भ बिन्दु मानेर नेपाली समालोचनाको विकासक्रमलाई विभिन्न पाँच चरणमा विभाजन गरिएको छ ।

## ५.१.२ नेपाली समालोचनाको विकासक्रम

### ५.१.२.१ पहिलो चरण (वि.सं. १९४८-१९९८)

मोतीराम भट्ट (१९२३-१९५३) ले **भानुभक्तको जीवन चरित्र** (१९४८) लेखेर नेपाली साहित्यमा समालोचना विधाको आरम्भ गरेका हुन् । उनी नेपाली समालोचनाको प्रथम चरणका प्रमुख हस्ती भएकाले उनका योगदान र सीमाहरूको ऐतिहासिक मूल्य छ । भानुभक्तको जीवन चरित्र एउटा जीवनी मात्र नभएर भानुभक्तको काव्यगुण र काव्यरचना प्रक्रियाको सङ्क्षिप्त परिचय दिने कृति पनि हो । यसमा भानुभक्तका भाषागत विशेषता, कला-सौन्दर्य, अभिव्यक्ति सामर्थ्य तथा वैचारिक गुणजस्ता कुराहरू पर्गेल्नेमा मोतीरामले आफ्नो आलोचकीय दृष्टि खर्चेका छन्, जसलाई उनको योगदान मानिन्छ ।

नेपाली समालोचनाको यस चरणमा वि.सं. १९६४ को गोरखापत्रमा देवीप्रसाद उपाध्यायको 'सुन्दर सरोजिनी' उपन्यास र नानकप्रसाद मिश्रको 'श्री आद्यस्तुति' को समालोचनात्मक लेख छापिएको थियो । यसपछि कविताबारे समालोचना गर्ने समीक्षात्मक लेखहरूमा 'माधवी' (१९६५) मा धारावाहिक रूपमा प्रकाशित नीतिवादी समालोचक राममणि आ.दी.को 'कविता रीति' र वि.सं. १९७६ मा **गोरखापत्र** मा प्रकाशित आशुकवि शम्भुप्रसाद ढुङ्गेलको 'कविताको फल' को नाम लिन सकिन्छ (शर्मा भट्टराई; २०४९:१८) । ढुङ्गेलद्वारा लिखित **कवि भानुभक्तको जीवनी** (१९६९) समालोचना हो ।

**गोरखापत्र**मा नै पुस्तक समीक्षकको नाम उल्लेख नगरी वि.सं. १९७९ मा **गोर्खे खबर कागत** र वि.सं. १९७२ मा 'दुर्गाभक्त तरङ्गिणी' बारे छापिएका समीक्षात्मक लेखहरूलाई पनि यस चरणका समालोचनात्मक लेखका रूपमा लिइन्छ । समालोचना प्रकाशित गराउने कार्यमा **शारदा र नेबुला**जस्ता पत्रिकाहरूले पनि यस चरणमा विशेष योगदान दिएका छन् ।

यस चरणका समालोचकहरूमध्ये सूर्यविक्रम ज्ञवाली (वि.सं. १९५५-२०४२) विशेष उल्लेख्य छन् । मूलत : इतिहासकार भए पनि नेपाली समालोचनामा उनको योगदान महत्त्वपूर्ण नै छ । यिनले धरणीधर कोइरालाको 'नैवेद्य' कविता सङ्ग्रहको समालोचना गरेर नेपाली समालोचनामा विशुद्ध समालोचना लेखनको सुत्रपात नै गरे (प्रधान; २०५६:१०) । उनका समालोचनासम्बन्धी कार्यहरू धेरै सवल, सार्थक र मूल्यवान छन् । त्यसैगरी नवीन सिर्जनशीलताको पहिचान आउन लागेको नयाँ प्रवृत्ति र मोडप्रति सहानुभूतिपूर्ण दृष्टि दिँदै सचेत र प्रबुद्ध प्रतिक्रियाको स्वस्थ थालनी गर्ने उनका कार्यहरू अविस्मरणीय छन् । उनले तत्कालीन समयमा प्रचलित शृङ्गारिक धाराको विपरीत रूपमा प्रस्फुटित कविताको समालोचना गरेर उपलब्धि व्यक्त गर्न खोजेको मात्र नभई यसबाट समाजोन्मुखताको दायित्व र प्रक्रियाबोध गराउन उनी उत्प्रेरित भएका देखिन्छन् । उनको यस समालोचनामा पूर्वीय र केही पाश्चात्य समालोचनाको पनि प्रभाव पाइन्छ । उनका अन्य समालोचनात्मक लेख, प्रबन्ध, जीवनी, भूमिका, सम्पादकीय आदिमा पनि उनको व्यक्तित्वको छाप पाइन्छ । उनका यस्ता लेखहरूमा 'भानुभक्तको जीवन चरित्र' (१९८४), 'नेपाली साहित्याकाशका दुई नयाँ तारा' (१९९३), 'लक्ष्मीपूजा नाटकको पुस्तक समीक्षा' (१९९४), 'भानुभक्तीय रामायणको भूमिका (१९९०), 'कथा कुसुमको सम्पादकीय' (१९९४) उल्लेखनीय छन् ।

उपर्युक्त लेख, भूमिका आदिका आधारमा ज्ञवाली गुणग्राही परम्पराको दह्रो जग बसाल्ने समालोचकका रूपमा देखिन्छन् । वास्तवमा उनलाई प्रभाववादी, नीतिसचेत, आदर्शोन्मुख एवम् गुणदोषलाई लिएर समालोचना गर्ने समालोचक भनिन्छ ।

समालोचनासम्बन्धी फुटकर समीक्षा वा लेखहरूको प्रसङ्ग छोडेर सिङ्गो पुस्तकाकार कृतिको कुरा गर्दा मोतीराम भट्टपछि कुलचन्द्र गौतम (

१९३२-२०१५) को **अलङ्कार चन्द्रोदय** (१९७८) को नाम लिन सकिन्छ । अलङ्कारका लक्षण र उदाहरणद्वारा चन्द्रशमशेरको गुणगान गरेर पूर्वीय साहित्यशास्त्रीय समालोचनाको सङ्केत दिइएको भए पनि अरू समालोचकहरूले यस कृतिलाई स्तुतिकाव्य भनेका छन् । यही कृति **राघवालङ्कार** का नामबाट केही थपघट गरी वि.सं. २०१६ मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान पुन : प्रकाशित भएको छ ।

यसैगरी दीनानाथ सापकोटा र रघुनाथ भट्टका **रामायण सुन्दरकाण्ड**को समालोचकीय 'भूमिका' (१९७२), ब्रम्हशमशेर राणाको **कवि भानुभक्त** (१९९५), नरेन्द्रमणि दीक्षितको **युरोपेली साहित्यको नमूना** (१९९५) र नरदेव पाण्डेको **कविवर मोतीराम भट्टको जीवनी** (१९९५) पनि यस चरणका समालोचनात्मक कृतिहरू हुन् ।

यस चरणमा कतिपय समालोचनात्मक लेखहरू प्रकाशित गरेर **नेपाली साहित्य सम्मेलन पत्रिका**, **गोरखापत्र** र **माधवी**जस्ता पत्रिकाहरूले पनि समालोचनाको विकासमा थप योगदान पुऱ्याएका छन् । फुटकर र पुस्तकाकार रूपमा पनि समालोचना लेखिएको यस चरणमा सैद्धान्तिक र व्यवहारिक दुवै प्रकारका समालोचनाहरू लेखिएको पाइन्छ । प्रशंसापरक, प्रभावपरक र जीवनीपरक जस्ता विशेषतालाई अङ्गिकार गर्दै लेखिएका यस अवधिका समालोचनामा पाश्चात्य समालोचनाको सौन्दर्यशास्त्रीय आधारमा निर्णय, मूल्याङ्कन तथा गुणदोषको सन्तुलित विवेचना गर्ने कार्य भने त्यति भएको पाइँदैन ।

### ५.१.२.२ दोस्रो चरण (वि.सं.१९९९-२००६)

यस चरणको सुरुवात रामकृष्ण शर्मा (वि.सं. १९७८-२०४३) को 'अङ्ग्रेजी भाषाको प्रभाव' (१९९९) शीर्षकको समालोचनात्मक लेखबाट भएको हो । उनले तत्कालीन देवकोटा तथा सम जस्ता ख्यातिप्राप्त

लेखकहरूले अङ्ग्रेजी साहित्यका रचनाहरूको प्रत्यक्ष प्रभावमा आएर कलम चलाएका कुराको स-प्रमाण आलोचना गरी नेपाली समालोचना परम्परामा दोष, खोट, त्रुटी र कमजोरीहरू पहिल्याई समालोचना गर्ने पहिलो प्रयास गरे । नेपाली समालोचनामा पाश्चात्य प्रभावलाई भित्राउने, आफ्ना विचारहरू बौद्धिक र तार्किक रूपमा प्रस्तुत गर्ने, कृति र कृतिकारका गुण-दोषहरूमा खासगरी दोषलाई देखाउने एवम् निडर भई निर्णय दिनसक्ने स्पष्टवादी समालोचकका रूपमा उनी प्रसिद्ध छन् । नीतिपरक दृष्टिलाई उपेक्षा गरी सौन्दर्यपरक दृष्टिले कृति र कृतिकारको विवेचना गर्नु उनको प्रमुख विशेषता हो ।

यस चरणका अर्का चर्चित समालोचक यदुनाथ खनाल (१९७०-२०६१) खासगरी पाश्चात्य समालोचना अन्तर्गतको अङ्ग्रेजी रोमाण्टिक साहित्य समालोचना सिद्धान्तलाई अघि सारेर त्यसैका आधारमा नेपालीमा समालोचना गर्ने समालोचक हुन् (जोशी; २०५१:२४) । उनका समालोचनामा व्याख्या, विश्लेषण, तुलना, ठोस निर्णय र मूल्याङ्कनका साथै समाजमा गलत प्रभाव पार्नु हुँदैन भन्ने प्रवल नैतिक सचेतता पाइन्छ । ( कँडेल; २०५५:ज) । यसैगरी मूलतः इतिहासकार भएर पनि नेपाली समालोचनामा विशेष योगदान दिने बाबुराम आचार्य (वि.सं.१९४४-२०२९) पनि यस चरणका उल्लेख्य समालोचक हुन् । उनले नेपाली समालोचनामा **तुलनात्मक सुन्दरकाण्ड** (२००२) र **पुराना कवि र कविता** (२००३) जस्ता समालोचनाका उल्लेखनीय ग्रन्थहरू अर्पण गरेका छन् । समालोचक आचार्यले पहिलोपटक नेपाली साहित्यको कालविभाजन र विधागत समालोचनाको थालनी गरी ऐतिहासिक सचेतताका साथ नेपाली कवि र कविताको अन्वेषण एवम् विश्लेषण गरे (कँडेल; २०५५:ज) ।

हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६) र रत्नध्वज जोशी (१९७३-२०४६) पनि यस चरणका प्रसिद्ध समालोचक हुन् । नेपाली समालोचनाको

तेस्रो चरणमा पनि यी समालोचकद्वयको उल्लेख्य योगदान रहेको छ । प्रधानका समालोचनाहरू कालक्रमिक, तुलनात्मक, वर्णनात्मक र व्याख्यात्मक छन् । उनका समालोचना यथार्थपरकभन्दा बढी प्रभावपरक भएकाले उनलाई मूलतः प्रभाववादी समालोचक भन्न सकिन्छ (कँडेल; २०५५:ज) । जोशी भने 'छिद्रान्वेषक' उपनामबाट 'साहित्यको पथमा' (१९९९) लेखमार्फत समालोचनाका क्षेत्रमा उदाएका हुन् । उनको पूर्वीय साहित्य सिद्धान्तमा आधारित अलङ्कारसम्बन्धी लक्षणग्रन्थ **मानसालङ्कार** (२००२) लाई पनि यस चरणको उपलब्धि नै मानिन्छ । यिनी मूलत : नीतिवादी, आदर्शवादी र प्रभावपरक समालोचक हुन् । जगदीशशमशेर राणाले पनि **मुनामदन भ्रमण** (२००३) लेखेर यही दोस्रो चरणदेखि समालोचनामा प्रवेश गरेका हुन् ।

यस चरणका समालोचनामा वर्णनात्मकता, व्याख्यात्मकता, विश्लेषणात्मकता एवम् बौद्धिक ढङ्गले कृतिको विश्लेष गरी कुनै निचोडमा पुग्ने परिपाटिको सुरुवात भएको पाइन्छ । यसका साथै फुटकर, पुस्तकाकार र सैद्धान्तिक एवम् व्यवहारिक दुवै प्रकारका समालोचनाहरू यस चरणमा लेखिएका छन् ।

### ५.१.२.३ तेस्रो चरण (वि.सं. २००७-२०२४)

ईश्वर बराल (१९८०-२०५४) को गहकिलो भूमिका सहित उनकै सम्पादनमा **झ्यालबाट** (२००६) कथासङ्ग्रह प्रकाशित भएपछि नेपाली समालोचनाको तेस्रो चरण आरम्भ भएको मानिन्छ । हुन त **झ्यालबाट** को प्रकाशन समय अनुसार उनको उल्लेख दोस्रो चरणकै समालोचकका रूपमा हुनुपर्ने हो तर उनका समालोचनात्मक विशेषताहरूको स्पष्ट पहिचान तेस्रो चरणमा आएर नै भएकोले उनलाई तेस्रो चरणमा राखिएको हो । यसैगरी प्रजातन्त्रको अभ्युदय (२००७) पश्चात साहित्यका अन्य विधामा जस्तै समालोचनाका फाँटमा पनि नयाँपन देखिएकाले प्रजातन्त्रको अभ्युदयको

समयलाई सीमा मानेर त्यसपछिको समयलाई तेस्रो चरण मान्नुपर्ने समालोचकहरूको तर्क देखिन्छ (कँडेल; २०५५:ठ) ।

ईश्वर बरालले साहित्यको वास्तविक ऐतिहासिक स्थितिबाट पाठकहरूलाई परिचित गराउन अन्वेषणात्मक र विवेचनात्मक समालोचनाको परिपाटिलाई अङ्गिकार गरेको देखिन्छ (प्रधान; २०५८:१५) । यसैगरी सैद्धान्तिक र व्यवहारिक दुवै प्रकारका समालोचनामा सिद्धहस्त समालोचक बरालले प्रभाववादलाई समालोचनाको आधार मान्न अस्वीकार गर्दै समालोचनामा बौद्धिकता, विश्लेषणात्मकता र तार्किकतालाई महत्त्व दिएका छन् ।

कृष्णचन्द्रसिंह प्रधान (१९८२) र तारानाथ शर्मा (१९९१) पनि यस चरणका बहुचर्चित समालोचक हुन् । चौथो चरणमा पनि यी समालोचकहरूको प्रसिद्धि कायमै रहेको छ । यी दुवै समालोचकहरू देशको राजनीतिक र आर्थिक पृष्ठभूमिमा मार्क्सवादी सिद्धान्तको मापदण्डले कृतिको व्याख्या, आलोचना र मूल्याङ्कन गर्दछन् । सैद्धान्तिक रूपमा सचेत भई प्रगतिवादी समालोचनाको सुरुवात प्रधानले नै गरेका हुन् तर पछि आएर उनले प्रगतिवादी मान्यतालाई त्याग्दै स्वतन्त्र रूपमा कृतिको समालोचना गर्न थालेपछि उनका समालोचनामा बौद्धिकता र विश्लेषणात्मकताले पूर्ण रूपमा प्रवेश पाएको देखिन्छ । प्रधानद्वारा चर्चित समालोचकहरूका समालोचनाको सम्पादन गरी तयार पारिएको **साझा समालोचना** (२०२५) नेपाली समालोचनाको फाँटमा कोसेढुङ्गो सावित भएको छ । (कँडेल; २०५५:८) ।

तारानाथ शर्मा पनि रामकृष्ण शर्मा झैँ निडर र निर्भीक समालोचकका रूपमा चिनिन्छन् । पाश्चात्य साहित्यको स्पष्ट छाप देखिने उनका समालोचनामा कृतिको व्याख्याका साथै निर्भिक भई मूल्याङ्कन गर्ने र निर्णय दिने कार्य भएको हुन्छ । उनको भाषाशैली नरम र प्रभावकारी हुन्छ

भने मूल्याङ्कन र निर्णय कहिले काहीँ प्रभावपरक एवम् भावना प्रेरित हुने गर्दछन् ।

यसैगरी सोमनाथ सिग्द्याल (१९४१-२०२९), बालचन्द्र शर्मा (१९७६-२०३२), चुडानाथ भट्टराय (१९७८-२०५४), डिल्लीराम तिम्सिना (१९८०) माधवलाल कर्माचार्य (१९८६) माधव भण्डारी (१९९३) आनन्ददेव भट्ट (१९९३) आदि समालोचकहरू यस चरणका उल्लेख्य समालोचक हुन् ।

यी समालोचकहरूमध्ये संस्कृतका ख्यातिप्राप्त विद्वान सोमनाथ सिग्द्यालको लक्षणग्रन्थ **साहित्य प्रदीप** (२०१६) उल्लेखनीय ग्रन्थ हो । समालोचनमा ऐतिहासिक सचेतताको निर्वाह गर्ने अन्वेषणात्मक समालोचकका रूपमा बालचन्द्र शर्मा चर्चित छन् । उनका **भानुभक्त** (२०१४), **नेपाली साहित्यको इतिहास** (२०३९) जस्ता समालोचनाहरू पुस्तकाकार रूपमा छापिएका छन् । चुडानाथ भट्टराय मूलत : पूर्वीय साहित्यशास्त्र अनुसार सैद्धान्तिक र व्यवहारिक दुवै प्रकृतिका समालोचना गर्ने समालोचक हुन् । उनका **तरुण तपसी मीमांसा** (२०१८) र **कवि, कविता र कविताको सिद्धान्त** (२०१९) प्रकाशित छन् । डिल्लीराम तिम्सिनाले **हाम्रो साहित्य र साहित्यकारहरू** (२०१८) नामक समालोचनात्मक ग्रन्थ दिएका छन् । व्याख्यात्मक विधि र प्रभाववादी पद्धति अङ्गाली समालोचना गर्ने समालोचक माधवलाल कर्माचार्यका **सौगात** (२००८) **तीन कविका केही कविता** (२०१९) र **आलोचना र साहित्य** (२०२२) प्रकाशित छन् । प्रगतिवादी समालोचनाको विकासमा योगदान दिने यस चरणका समालोचकहरूमा डी.पी. अधिकारी पनि उल्लेखनीय छन् । श्यामप्रसाद शर्मा प्रगतिवादी लेखक र समालोचक दुवै हुन् । उनका **लेखक कसरी बन्ने ?** (ई १९५३) **साहित्यसम्बन्धी दुई चार कुरा** (२०२२), **साहित्यका पात्र पात्रीहरू** (२०३९) जस्ता संग्रहहरूमा सङ्कलित लेखहरू प्रगतिशील दृष्टिले महत्त्वपूर्ण छन् । समालोचक कमल दीक्षितका **यस्तो पनि** (२०१४), **कालो अक्षर** (२०१७),

**पर्खंदै बित्ला कि ?** (२०२६) र **बुकी सुन** (२०३७) जस्ता समालोचना सङग्रहहरू उल्लेख्य छन् । सरिता ढकालको **प्रगतिवादी दृष्टिमा केही समालोचना** (२०२२) प्रकाशित छ । यज्ञराज सत्यालको **नेपाली साहित्यको भूमिका** (२०१७), प्रगतिशील समालोचक आनन्ददेव भट्टको **समालोचनाको बाटोतिर** (२०१९) र **हाम्रा प्रतिभाहरू** (२०१९), राजनारायण प्रधानका **पन्ध्र प्रसिद्ध पुरुषहरू** (२०१५) र **केही कृति : केही स्मृति** (२०३०) प्रकाशित छन् । त्यसैगरी नित्यराज पाण्डेको **महाकवि देवकोटा** (२०१७), जनकलाल शर्माको **जोसमनी परम्परा र साहित्य** (२०२०) तथा कृष्णप्रसाद पराजुलीको **पन्ध्रतारा र नेपाली साहित्य** (२०२४) पनि यसै चरणमा प्रकाशित भएका हुन् ।

यस चरणमा अत्याधिक मात्रामा प्रगतिवादी समालोचनाको विकास हुनुका साथै मनोविश्लेषणात्मक समालोचना पनि फष्टाउँदै आएको पाइन्छ । यतिखेर केही प्रभावपरक र मूलतः गुणदोष विवेचनात्मक विश्लेषणात्मक र मूल्याङ्कनपरक समालोचनाहरू बढी देखापरे । त्यसैगरी विधापरक, तुलनात्मक र अन्वेषणात्मक समालोचना पनि पूर्ववर्ती चरणमा भन्दा निकै विकसित भएको देखिन्छ । यस चरणका थुप्रै समालोचकहरूको कलम यसका अन्य उत्तरवर्ती चरणहरूमा पनि उत्तिकै सक्रिय रहेको पाउन सकिन्छ ।

### ५.१.२.४ चौथो चरण (वि.सं. २०२५-२०४६)

यस चरणका प्रतिष्ठित समालोचकहरूमा सर्वप्रथम इन्द्रबहादुर राई (१९८४) को नाम लिन सकिन्छ । हुन त उनको **टिपेका टिप्पणीहरू** (२०२३) नामक समालोचनात्मक लेखहरूको सङ्ग्रह तेस्रो चरणमा नै प्रकाशित भइसकेको पाइन्छ तर उनका चौथो चरणमा प्रकाशित भएका समालोचनाहरूका महत्त्वपूर्ण सङ्कलनहरू सैद्धान्तिक, वैचारिक एवम् स्तरीयताका दृष्टिले समेत पूर्ववर्ती सङ्कलन भन्दा उत्कृष्ट मानिएकाले राईलाई चौथो चरणमा राखिएको हो । पाश्चात्य साहित्य सिद्धान्तका गम्भीर अध्येता राईका समालोचनाहरू तथ्यपरक र विश्लेषणात्मक छन् । उनका

समालोचनामा यदाकदा तुलनात्मक विधिको प्रयोग पाइए पनि मूलतः उनी कृतिकेन्द्री समालोचक हुन् ।

यसैगरी यस चरणका अर्का उल्लेखनीय साहित्य इतिहासपरक खोजअनुसन्धानमूलक समालोचनामा ख्याति प्राप्त गरेका शरद्चन्द्र शर्मा भट्टराई (१९८७-२०६०) हुन् । हुन त यिनले तेस्रो चरण मैँ कृतिपरक समालोचना गरेका भए पनि आधुनिक कालभन्दा पूर्वका नेपाली साहित्य सम्बन्धि सत्यतथ्यको खोज गरी सरल भाषामा वर्णनात्मक किसिमले तिनको प्रकटीकरण यसे चरणमा गरेका छन् । यिनी यसै चरणका साहित्यिक सामाग्रीको खोज गर्ने व्यक्तिमध्येका प्रमुख धरोहर हुन् ।

पूर्वीय एवम् पाश्चात्य साहित्यिक मान्यतासित पूर्ण परिचित समालोचक ठाकुरप्रसाद पराजुली (१९९७) बैद्धिक एवम् विश्लेषणात्मक रूपमा कृतिको व्याख्या, विवेचना र मूल्याङ्कन गरी कृतिका वस्तुगत एवम् रूपगत विशेषतालाई केलाउँदै, कृतिका वैशिष्ट्यको निरूपण गर्दै त्यसमा निहित कलात्मक सौन्दर्यको उदघाटन गर्नु यिनको विशेषता हो (कँडेल; २०५५:त) । मोहनराज शर्मा (१९९७) यस चरणका प्रसिद्ध शैलीवैज्ञानिक समालोचक हुन् । साहित्यलाई भाषिककला र साहित्यिक कृतिलाई कलात्मक भाषिक प्रतीक मानेर त्यसको बौद्धिक विश्लेषण-मूल्याङ्कन गर्ने उनका समालोचना वस्तुवादी र अभिव्यक्तिगत दृष्टिले खँदिला हुन्छन् ।

पूर्वीय एवम् पाश्चात्य साहित्यशास्त्रका मर्मज्ञ विद्वान् केशवप्रसाद उपाध्याय (१९९०) ले सैद्धान्तिक एवम् व्यवहारिक दुवै प्रकारका समालोचना लेखेका छन् । केही प्रभाववादी भए पनि उनी मूलत : व्याख्या र विश्लेषणमा जोड दिने समालोचक हुन् । प्रगतिवादी समालोचक गोविन्द भट्ट (१९९४) ले मार्क्सवादी सौन्दर्यशास्त्रका कसीमा राखेर कृति र कृतिकारको परीक्षण गर्न रूचाउँछन् । यिनका समालोचनाको विशेषता गहन बौद्धिकता र विश्लेषणात्मकता हो ।

वासुदेव त्रिपाठी (१९९९) यस चरणका सर्वाधिक चर्चित समालोचकका रूपमा प्रतिष्ठित छन् । पूर्वीय र पाश्चात्य दुवै साहित्य सिद्धान्तका विश्लेषक त्रिपाठीका समालोचनाहरू सैद्धान्तिक र व्यवहारिक दुवै प्रकारका देखिए पनि उनी मूलतः व्यवहारिक समालोचक हुन् । केही गम्भीर प्रकृतिका समालोचना लेख्न रुचाउने त्रिपाठीका समालोचनामा पूर्व र पश्चिमका विविध सिद्धान्त र पद्धतिको प्रयोग पाइनाले उनलाई बहुलवादी समालोचक पनि भनिन्छ (कँडेल; २०५५:त) । बौद्धिकता र विश्लेषणात्मकता त्रिपाठीका समालोचनामा पाइने अन्य विशेषता हुन् ।

यस चरणका अर्का समालोचक दयाराम श्रेष्ठ (२००२) कृति र कृतिकारलाई बौद्धिक र वस्तुवादी किसिमले प्रस्तुत गर्दछन् । विश्लेषण र मूल्याङ्कनको पद्धतिलाई समालोचनामा प्रयोग गर्दै कृतिकेन्द्री समालोचना गर्नु उनको विशेषता हो । उनले अन्वेषणात्मक र साहित्येतिहासपरक दुवै प्रकारका समालोचना लेख्दै मूलतः रूपरचनालाई आधार बनाएर कृतिको विश्लेषण र मूल्याङ्कन गरेका छन् ।

चौथो चरणमा अन्य उल्लेख्य समालोचकहरूमा भानुभक्त पोखरेल ( १९९३), मोहनहिमांशु थापा (१९९३), चन्द्रेश्वर दुवे (१९९५), चूडामणि वन्धु (१९९५), वासु रिमाल (१९९७), गोपीकृष्ण शर्मा (१९९७), मुरारीप्रसाद रेग्मी (१९९८), कुमारबहादुर जोशी (१९९८), रामलाल अधिकारी (१९९८), अभि सुवेदी (२०००), घनश्याम कँडेल (२००२), घटराज भट्टराई (२००२), राजेन्द्र सुवेदी (२००२), नरेन्द्र चापागाइँ (२००३), हीरामणि शर्मा पौड्याल (२००३), कृष्ण गौतम (२००५), रविलाल अधिकारी (२००७), ऋषिराज बराल ( २००९) इत्यादिको नाम लिन सकिन्छ ।

मोहन हिमांशु थापाले **साहित्य परिचय** शीर्षकमा सैद्धान्तिक समालोचनाको पुस्तक प्रकाशित गरेका छन् । उनका नाटक विषयका समालोचनाहरू उत्कृष्ट छन् । व्याख्यात्मक र वर्णनात्मक समालोचनामा

विशेष जोड दिने भानुभक्त पोखेलका **साहित्यिक अनुशीलन** (२०३५) र कवि **माधव घिमिरे र उनको काव्य चिन्तन** (२०३९) प्रकाशित छन् । आफू भारतीय भएर पनि नेपालीमा लेख्न रूचाउने चन्द्रेश्वर दुवेका **नेपाली साहित्यः एक सर्वेक्षण** (२०३९), **तेस्रो आयामको शव परीक्षा** (२०२८) र **उर्वशीः महाभारतको पृष्ठभूमिमा** (२०३८) जस्ता समालोचनाहरू प्रकाशित छन् र प्रसिद्ध भाषाशास्त्री चूडामणि वन्धुले **महाकवि लक्ष्मीप्रसाद देवकोटा** (२०१८) र **देवकोटा** (२०३१) जस्ता अनुसन्धानमूलक वस्तुतथ्यले पूर्ण र विश्लेषणात्मक ग्रन्थका साथै **साझा कविता** (२०२४) र **साझा एकाङ्की** (२०२४) मा सम्पादकीय भूमिका लेखेर आफ्नो समालोचक व्यक्तित्वको परिचय दिएका छन् । वासु रिमाल 'यात्री' ले **केही साहित्यिक चिन्तन** (२०३२) नामक विवरणात्मक समालोचनाको पुस्तकका साथै अनेकौं फुटकर समालोचनाहरू प्रकाशित गराएका छन् ।

यसैगरी पूर्वीय एवम् पाश्चात्य साहित्यशास्त्रका अर्का विद्वान् गोपीकृष्ण शर्माले प्रायः सबै विधाका साहित्यिक कृतिमा समालोचना लेखेका छन् । यस चरणमा उनका **नेपाली निबन्ध परिचय** (२०४०), **अवलोकन र विवेचन** (२०४४), **संस्कृत काव्यशास्त्र** (२०६०) जस्ता समालोचनाहरू पुस्तकाकार रूपमा प्रकाशित भएका छन् । कुमारबहादुर जोशीका पाश्चात्य समालोचनासम्बन्धी सैद्धान्तिक ग्रन्थ **पाश्चात्य साहित्यका केही वाद** (२०३८), **चार अमर कविका पाँच काव्यकृति** (२०२९), **महाकवि देवकोटा र उनका महाकाव्य** (२०३१), **विकीर्ण चिन्तन** (२०३३) **कविता चर्चा** (२०४०) जस्ता समालोचनाहरू प्रकाशित भएका छन् । यसैगरी रामलाल अधिकारीले **नेपाली निबन्ध यात्रा** (२०३२) र **नेपाली एकाङ्की यात्रा** (२०३४) जस्ता दुई पुस्तकहरू प्रकाशित गराएका छन् । मनोवैज्ञानिक अनुसन्धानात्मक समालोचकहरूमा चूडामणि रेग्मी, गणेश भण्डारी, शिव रेग्मी, मोदनाथ प्रश्रित, ऋषिराज बराल, गङ्गाप्रसाद उप्रेती, रघु घिमिरे, मोहन सिटौला, रामदयाल राकेश, माधव पोखेल, देवी गौतम, खगेन्द्रप्रसाद लुइटेल, महादेव

अवस्थी, केशव सुवेदी, कृष्णहरि बराल, भरत भट्टराई, रमेश भट्टराई, सुधा त्रिपाठी, रामहरी पौड्याल, ईश्वरीप्रसाद गैरे आदिको नाम लिन सकिन्छ ।

यस चरणमा धेरैजसो समालोचकहरूले पाँचौं चरणमा पनि कतै उही शैली र उही बान्की एवम् कतै केही परिवर्तित परिपाटीलाई आत्मसात् गर्दै समालोचना प्रकाशित गरिरहेका छन् । यस चरणमा प्रगतिवादी समालोचनाको निकै विकास भएको छ । साथै मनोविज्ञानपरक समालोचनाको स्थिति पनि सन्तोषजनक नै रहेको छ । यस चरणको अर्को उपलब्धि भनेको शोधपरक वा अन्वेषणात्मक समालोचनाको सुरुवात हुनु हो ।

### **५.१.२.५ पाँचौ चरण (वि.सं. २०४७ - हालसम्म)**

धेरैजसो समालोचकहरूले २०२५ देखि हालसम्मको अवधिलाई नेपाली समालोचनाको चौथो चरण मान्ने गरेको देखिन्छ तापनि यो समय निकै लामो भएको र प्रजातन्त्रको पुर्नस्थापनाकाल (२०४६) को केही अघिपछिदेखि भाषा विज्ञान र शैलीविज्ञानमा आधारित एवम् पाठालोचनपरक, कृतिकेन्द्री आभ्यान्तरिक किसिमको समालोचना पनि प्रमुखरूपमा देखापरेकाले वि.सं. २०२५ देखि २०४६ सम्मको समयावधिलाई चौथो र २०४७ देखि हालसम्मको समयावधिलाई पाँचौं चरण मानिएको छ ।

यस चरणको कोसेढुङ्गाको रूपमा मोहनराज शर्माको **शैलीविज्ञान** ( २०४८) समालोचना ग्रन्थ उभिएको छ । नेपाली समालोचनामा नवीन मान्यता लिएर उदाएको प्रस्तुत ग्रन्थले शैलीवैज्ञानिक समालोचना गर्ने परम्पराको ढोका उघारिदिएको छ (अधिकारी; २०६१:६६) । विशेषत: २०४७ सालदेखि सैद्धान्तिक समालोचना धारा र अर्कोतिर शैलीविज्ञानले नेतृत्व गरेको भाषा शैलीपरक समालोचना, पाठालोचनपरक समालोचना, नारीवादी समालोचनाजस्ता नयाँनयाँ मान्यताका अधुनातन समालोचना (कथाखण्ड

२०३८ र उपन्यास खण्ड २०४०) प्रकाशित छन् । अभि सुवेदीको **पाश्चात्य काव्य सिद्धान्त** (२०३०) **सिर्जना र मूल्याङ्कन** (२०२८) जस्ता सैद्धान्तिक र समालोचनात्मक लेखहरूका सङ्कलन प्रकाशित भएका छन् । मूलतः जीवनीपरक र अन्वेषणमूलक समालोचक घटराज भट्टराईका समालोचना सङ्कलनका धेरै पुस्तकहरू प्रकाशित छन् । पूर्व र पश्चिमका साहित्यिक मान्यतासित पूर्ण परिचित समालोचक घनश्याम कँडेलका **केही अन्वेषण : केही विश्लेषण** (२०४०) **पाश्चात्य यथार्थवादी नाटक** (२०४६) र **नेपाली समालोचना** (२०५५) जस्ता समालोचनात्मक कृतिहरू प्रकाशित छन् । समालोचनामा द्रुतवेगी र परिश्रमी राजेन्द्र सुवेदीले विश्लेषणात्मकता, प्रभावपरकता र प्रगतिवादीतालाई एकै ठाउँमा मिसाई विभिन्न कृतिहरूको समालोचना गरेका छन् । उनका यस चरणमा प्रकाशित समालोचनात्मक कृतिहरू **विषय गहन, सतह चिन्तन** (२०३८) **स्रष्टा सृष्टि, द्रष्टा दृष्टि** (२०४३), **समवर्ती साहित्यकार झपटबहादुर राणा** (२०४८) **केही समीक्षण केही विश्लेषण** (२०४९), **सृजन विधाका परिधिमा पारिजात (२०५३), सृजन विधाका परिधिमा ध्रुवचन्द्र गौतम** (२०५३), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०५३), **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण** (२०५७), **नेपाली समालोचना परम्परा र प्रवृत्ति** (२०६१) हुन् । नरेन्द्र चापागाईं कृतिको बौद्धिक व्याख्या विश्लेषण गर्दै प्रभाववादलाई आत्मसात गर्ने समालोचक हुन् । उनका **उपन्यास शिल्प** (२०३३), **केही कृति : केही प्रकृति** (२०३८) र **केही सृष्टि केही दृष्टि** जस्ता समालोचनाका पुस्तकहरू प्रकाशित छन् ।

हीरामणि शर्मा पौड्याल प्रगतिवादी समालोचक हुन् । उनका **सामलोचनाको बाटोमा** (२०४१), **परिक्रमा** (२०४४), **रचना विवेचना** (२०४६) जस्ता समालोचना सङ्ग्रहहरू प्रकाशित छन् । कृष्ण गौतमको यस चरणमा प्रकाशित समालोचनाको पुस्तक **देवकोटाका प्रबन्ध काव्य** (२०३८) हो । प्रगतिवादी अर्का समालोचक रविलाल अधिकारीका समालोचनाहरू

**प्रगतीवादी नेपाली कविता** (२०४४) र **अनुभव र आँखाहरू** (२०४६) जस्ता पुस्तकमा सङ्कलित छन् ।

माथि उल्लिखित समालोचकहरूका अतिरिक्त केही अन्य समालोचकहरूले पनि यस चरणमा आफ्नो लेखनलाई निरन्तरता दिएका छन् । यस्ता समालोचना प्रवृत्तिको विकास भएको हुनाले २०४७ सालदेखि नेपाली समालोचनाको विकासकालाको पाँचौं चरण मान्न सकिने आधारहरू स्पष्ट रूपमा देखिएको छ ।

## ५.२ नेपाली समालोचना परम्परामा शरद्चन्द्र शर्मा भट्टराईको स्थाननिर्धारण

नेपाली समालोचना परम्परामा शरद्चन्द्र शर्मा भट्टराईले आफ्ना उत्कृष्ट समालोचना कृतिहरूमार्फत प्राप्त गरेको स्थानको मूल्याङ्कन गर्ने क्रममा उनका पूर्ववर्ती वा अग्रज (वि.सं. २०१९ भन्दा अगाडि नै स्थापित भएका) समालोचक, समयुगीन वा समवर्ती (२०१९ देखि २०६० सालसम्म स्थापित भएका) समालोचकहरूका उच्च समालोचना कृतिहरूका प्रदानकै तुलनात्मक अध्ययन अपेक्षित छ ।

उपर्युक्त परिप्रेक्ष्यमा शरद्चन्द्र शर्मा भट्टराईको प्रथम समालोचनात्मक कृति **बसाइँ परिचय** को प्रकाशन (सं. २०१९) भन्दा अगाडि नै प्रसिद्धि प्राप्त गरिसकेका अग्रज प्रमुख समालोचकहरू हुन् मोतीराम भट्ट (१९२३-१९५३), वीरेन्द्रकेशरी अर्ज्याल (१९०८-१९८८), राममणि आ.दी. (१९३९-२०२८ƒ कुलचन्द्र गौतम (१९३२-२०१५), सोमनाथ सिग्द्याल (१९४१-२०२९), पारसमणि प्रधान (१९५५-२०४२), सत्यमोहन जोशी (१९७०), यदुनाथ खनाल (१९७०-२०६१), हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६), रामकृष्ण शर्मा (१९७७-२०४३), डिल्लीराम तिमसिना (१९८०-२०४९), ईश्वर बराल ( १९८०-२०५४), जनकलाल शर्मा (१९८२-२०५६), कृष्णचन्द्रसिंह प्रधान ( १९८२), डी.पी. अधिकारी (१९८३), इन्द्रबहादुर राई (१९८४), यज्ञराज

सत्याल (१९८८),, बालकृष्ण पोखेल (१९९०) आदि । नेपाली समालोचना परम्परामा शरद्चन्द्र शर्मा भट्टराईका समयुगीन समयावधिमा विशिष्ट समालोचना कृति प्रदान गरी साहित्यको ऐतिहासिक सामग्रीको अन्वेषण गर्नेहरूमा तारानाथ शर्मा (१९९१), केशवप्रसाद उपाध्याय (१९९१), मोहनराज शर्मा (१९९४), ठाकुर पराजुली (१९९७), दयाराम श्रेष्ठ (२०००), राजेन्द्र सुवेदी (२००२), आदि अनि प्रमुख प्रगतिवादी समालोचकहरूमा श्यामप्रसाद शर्मा (१९८६), तारानाथ शर्मा (१९९१), आनन्ददेव भट्ट (१९९३), गोविन्द भट्ट (१९९४), राजेन्द्र सुवेदी (२००२), नरेन्द्र चापागाइँ (२००३-२०६१) कृष्ण गौतम (२००५) एवम् रविलाल अधिकारी (२००७) आदि रहेका छन् । यसैसगरी सैद्धान्तिक समालोचकका रूपमा निकै नै ख्याति प्राप्त गरेका समवर्ती समालोचकहरू हुन् केशवप्रसाद उपाध्याय (१९९१), मोहनराज शर्मा (१९९४), वासुदेव त्रिपाठी (१९९९), अभि सुवेदी (२००२), घनश्याम कँडेल (२००२), कृष्ण गौतम (२००५), आदि । त्यस्तै भाषा व्याकरण अन्वेषणात्मक समालोचकहरूमा चूडामणि वन्धु (१९९५), कृष्णप्रसाद पराजुली (१९९२), वल्लभमणि दाहाल (१९९९-२०६०), मोहनराज शर्मा (१९९४), माधवप्रसाद पोखरेल (२००५), ब्रतराज आचार्य (२०१०), देवी गौतम (२०१३), आदि पर्दछन् । यसैगरी प्रभावपरक समवर्ती समालोचकहरूमा भानुभक्त पोखरेल (१९९३), कुमारबहादुर जोशी (१९९८), घटराज भट्टराई (१९९९), राममणि रिसाल (२००१), एवम् कृष्णहरि बराल ( २०१०) आदि पर्दछन् ।

उपर्युल्लिखित विभिन्न धारामा विभिन्न समालोचकले आ-आफ्नो प्रवृत्ति वैशिष्टयसहित उत्कृष्ट नवसमालोचना कृतिहरू दिई नेपाली समालोचना परम्परालाई नवसिर्जनशीलता तर्फ डोऱ्याइरहेको परिप्रेक्ष्यमा शरद्चन्द्र शर्मा भट्टराईको स्थान चौथो चरणको साहित्यिक सामग्रीको खोज अन्वेषण गर्ने धारमा उल्लेख्य देखिन्छ । उनी विशेषगरी चौथो र पाँचौ चरणका यस धारका केन्द्रीय प्रतिभा हुन् ।

शरद्‌चन्द्र शर्मा भट्टराईले प्रारम्भमा प्रायोगिक समालोचना (वसाइँ परिचय २०१९, रसिकको लगन एक अध्ययन २०२२, भिखारी सहायक २०२४, बाह्र फूल एक गुच्छा २०२८, नाटकः एकाङ्की विचरण २०३३) मा कलम चलाएका थिए । **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल २०३७) मूलतः माध्यमिक कालीन साहित्यिक इतिहास भए पनि यसैबाट उनको खोजअनुसन्धानमूलक ऐतिहासिक समालोचनात्मक प्रवृत्तिको प्रारम्भ भएको हो । यसपछि भने उनी ऐतिहासिक अनुसन्धानमूलक समालोचनामा नै पूर्ण रूपमा समर्पित भएको पाइन्छ । कुनै पनि स्रष्टा वा कृतिमा युग र प्रवृत्तिको प्रभाव पर्ने हुँदा ऐतिहासिक समालोचनामा युग, परिवेश र परिस्थितिका आधारमा स्रष्ट तथा कृतिको विश्लेषण गरिन्छ । त्यसका लागि समालोचकले समकालीन इतिहास युग र प्रवृत्तिको विस्तृत अध्ययन गर्नुपर्छ (थापा; २०४२:२१४-२१५) । यस दृष्टिकोणले हेर्दा शरद्‌चन्द्र शर्मा भट्टराई वि.सं. २०३३ सालदेखि नै प्राथमिक तथा माध्यमिक कालीन नेपाली साहित्यको अध्ययन तथा अन्वेषणमा लागिपरेका देखिन्छन् । उक्त समयदेखि आजसम्म उनका जति पनि लेख तथा पुस्तकाकार समालोचनात्मक कृतिहरू आएका छन् ती सबै प्राथमिक तथा माध्यमिक कालीन नेपाली साहित्यको इतिहाससँग सम्बन्धित छन् । यिनका समालोचनामा कृतिको विस्तृत व्याख्यासहित कृति वा कृतिकारलाई समकालीन अन्य कृति वा कृतिकारसँग तुलना गरी निर्णयात्मक टिप्पणी गरिएको हुन्छ । शर्माले कतिपय साहित्यकारहरूको जीवनी, व्यक्तित्व र कृतित्वलाई केलाएर स्थान निर्धारण गरी जीवनीपरक समालोचनामासमेत कलम चलाएका छन् । उनी समालोचक मात्र नभएर साहित्यिक इतिहासका शोध अनुसन्धानकर्तासमेत हुन् । उनले विशेषतः पुराना कवि लेखकहरू र तिनका कृतिहरूको खोजसहित प्रामाणिक तथ्यका आधारमा जानकारी दिएका छन् । उनले प्राथमिक तथा माध्यमिक कालीन साहित्यिक विधा पत्र-पत्रिका र पुस्तक प्रकाशनसम्बन्धी तथ्यको व्यापक अध्ययनसहित प्रस्तुत गरेका छन् । यिनै

तथ्यका आधारमा निष्कर्षसम्म पुग्ने शर्मा नेपाली समालोचनाको यस पछिल्लो चरणका विभिन्न धारका प्रतिनिधि समालोचक र अग्रज प्रमुख समालोचकहरू कै तुलनामा प्रमुख व्यक्ति मध्येका एक बनेर देखापरेका छन् । अन्वेषणमूलक समालोचनाका फाँटमा उनको स्थान चुनौतिरहित र स्थिर बन्न पुगेको छ ।

## ५.३ नेपाली समालोचना परम्परामा शरद्चन्द्र शर्मा भट्टराईको योगदानको तुलनात्मक मूल्याङ्कन

### ५.३.१ पृष्ठभूमि

समालोचना एक कठिन, अप्रिय तर अपरिहार्य वस्तु हो । समालोचकको सही धर्म निर्वाह गर्नु सरल कार्य होइन किनभने मानव प्रवृत्ति प्रशंसाप्रवृत्त छ र सही आलोचनालाई सहर्ष पचाउने र सही बाटो लिने संस्कारको अझै गम्भीर अभाव छ । लेखकलाई आफ्ना रचनाको मोहले यति धेरै अन्धो बनाइदिएको हुन्छ कि कसैले उसका तुच्छ रचनालाई पनि शेक्सपियरका रचनाका समकक्षी भनिदिए ऊ त्यसैमा मख्ख पर्दछ, तर कसैले उसका वास्तविक कमजोरी देखाइदिएमा ऊ समालोचकमाथि आक्रामक बन्न सक्दछ । त्यसैले एक समालोचकको गर्धनमाथि र मुनि सधैँ नै धारिलो तरवार रहन्छ । उसले लेखकको प्रशंसा गरे ऊ जनता र पाठकवाट टाढिन्छ र लेखकको कमजोरी देखाइदिए उसले आक्रमणको निशानी बनाउन सक्छ, त्यसैले पनि होला शरद्चन्द्र शर्मा भट्टराई जीवित रचनाकार भन्दा मृत रचनाकारका रचनाको, प्राथमिक र माध्यमिक कालीन साहित्यको मूल्याङ्कनमा लहसिएका छन् । यसै प्रवृत्तिका आधारमा उनको समालोचकीय योगदानको निर्धारण गर्नु वाञ्छनीय होला ।

आधुनिक नेपाली समालोचनाको इतिहासमा साहित्यका ऐतिहासिक साग्रीहरूको अन्वेषण समीक्षण गर्नेहरूमा बाबुराम आचार्य, सुर्यविक्रम ज्ञवाली, रामकृष्ण शर्मा, बालचन्द्र शर्मा, कमल दीक्षित, ईश्वर बराल पछि

देखापरेका प्रतिभा शरद्चन्द्र शर्मा भट्टराई हुन्, जो सबभन्दा अघिका रचनाकारहरूको मूल्याङ्कन गर्न तम्सिएर लागेका छन् । इतिहासकार बाबुराम आचार्य, सूर्यविक्रम ज्ञवाली, रामकृष्ण शर्मा, बालचन्द्र शर्मा, कमल दीक्षित, ईश्वर बरालले बसालेको ऐतिहासिक परम्परालाई उनले राम्ररी फलाउने फुलाउने काम गरेका छन् । उल्लिखित समालोचकहरूका समालोचनात्मक कृति सार्वजनिक भइसकेको परिप्रेक्ष्यमा उनले प्राचीन तथा माध्यमिक कालीन कवि लेखकहरूको बारेमा व्यापक अध्ययन र अन्वेषण गरी आफ्नो समालोचनाको छुट्टै संसार निर्माण गरेका छन् ।

शरद्चन्द्र शर्मा भट्टराईले वि.सं. २०३७ देखि अघि नै साहित्य इतिहास र खोज अनुसन्धानमा केन्द्रित रहेर समालोचना लेखेका छन् । ऐतिहासिकता र खोजअनुसन्धानमूलक लेखन उनको जीवन भर नै कायम रहेको छ । उनको यस प्रवृत्तिका सहयात्रीका रूपमा नेपाली समालोचनाको यस पछिल्लो फाँटमा डा. तारानाथ शर्मा, घटराज भट्टराई र डा. दयाराम श्रेष्ठ रहेका छन् । यी चारजना समालोचकले प्राचीन तथा माध्यमिक कालीन साहित्यिक सामग्रीको खोज अन्वेषणमा विशेष योगदान दिएका छन् । यसर्थले शरद्चन्द्र शर्मा भट्टराईको समालोचनाकारीताको योगदानलाई निर्धारण गर्न यी तीनजना व्यक्तिसँग तुलनात्मक मूल्याङ्कन गर्नु उपयुक्त हुन्छ ।

### ५.३.२ शरद्चन्द्र शर्मा भट्टराई र डा. तारानाथ शर्माको समालोचकीय योगदानको तुलनात्मक मूल्याङ्कन

डा. तारानाथ शर्मा जीवनको आरम्भमा प्रगतिशील देखिए पनि यिनको अर्को लेखन परम्परा भनेको शोधखोजमूलक लेखनको परम्परा पनि हो । यस पङ्क्तिमा पर्ने उनका कृति हुन्- **पश्चिमका केही महान् साहित्यकार** (२०२६), **नेपाली साहित्यको इतिहास** (२०२७), **भानुभक्तदेखि तेस्रो आयामसम्म** (२०२७) र **नेपाली साहित्यको ऐतिहासिक परिचय** (२०२९) । यिनले फुटकर रूपमा एकहजार भन्दा बढी लेख रचनाहरू

प्रकाशित गरेका भएतापनि शरद्चन्द्र शर्मा भट्टराईका भन्दा खोजअन्वेषणमूलक समालोचनाको सङ्ख्या कम नै छ । यिनका यस्ता लेखहरू समालोचना भन्दा बढी सिर्जनामूलक छन् । कृतिगत रूपमा जुनसुकै विषय र प्रकृतिको कृति आफ्नो ठाउँमा विशिष्ट नै हुन्छ तर पनि पाठकवर्गले उक्त कृतिको अध्ययन गरेर सही मूल्याङ्कन गर्नुपर्ने अवस्था भने आउँछ ।

नेपाली साहित्यको ऐतिहासिक अध्ययनलाई समग्र रूपमा आफ्नै ढङ्गले समायोजन गरेर लेखन कार्य गर्ने ताना शर्माले **नेपाली साहित्यको इतिहास** (२०२७) लेख्ने क्रममा कालविभाजनको व्यवस्था गर्ने काम त गरेका छन् तर कालविभाजनका आधारहरूमा व्यक्तिप्रतिभा र ऐतिहासिक घटनाजस्ता दुवै पक्षलाई आवस्यक तत्त्व ठानेर खण्डीकरण गर्ने काम गरेका छन् र विवादास्पद पनि बनाइदिएका छन् । यसको निरूपण पछि गएर वि.सं. २०३७ मा शरद्चन्द्र शर्मा भट्टराईले गरेका छन् । यिनले नेपाली सात्यिको इतिहास (माध्यमिक काल, २०३७) मा सिङ्गो नेपाली साहित्यको इतिहासको सर्बमान्य विवादरहित कालविभाजन गरेर साहित्य इतिहासपरक समालोचनामा महत्त्वपूर्ण योगदान दिएका छन् ।

शरद्चन्द्र शर्मा भट्टराईको समालोचनाको क्षेत्र नेपाली सात्यिको प्राथमिक तथा माध्यमिक कालमा नै विशेष रूपमा केन्द्रित भएको छ । उनको लेखन जीवित प्रतिभाहरूको काव्यगत र कृतिगत विवेचनाभन्दा दिवङ्गत प्रतिभाहरूको योगदान केलाउनमा नैं बढी केन्द्रित भएको पाइन्छ । हुन त उनले जीवित प्रतिभाहरूलाई पटक्कै छोएका छैनन् भन्न सकिने अवस्था भने छैन । उनले केही नगन्य जीवित साहित्यकारहरूको बारेमा पनि आफ्नो कलम चलाएका छन् तर त्यसमा उनको लेखन रमाएको छैन, धक फुकाएर समालोचनाको सागरमा दौडेको छैन, जसरी मृतक प्रतिभाहरूका बारेमा लेखन फुर्तिसाथ तम्सिएको छ ।

नेपाली समालोचना इतिहासको सरल रेखाले सरक्क छुन धेरै नै हम्मे-हम्मे पर्ने प्राचीन तथा माध्यमिक कालका साहित्यकार र साहित्यिक सामग्रीहरूका बारेमा विशद् अध्ययन र खोजपूर्ण टिप्पणी गर्नु शरद्चन्द्र शर्मा भट्टराईको इतिहास र अन्वेषणप्रियताको एक ज्वलन्त प्रमाण हो । उनका समालोचना नाति चिनाएर हजुरबा सम्म जाने होइन बरु हजुरबा चिनाएर नातिसम्म आई नातिसँग मित्रता गर्दछ भन्ने कुरा उनका **प्राचीन गद्याख्यान** (२०४२) र **माध्यमिक कालीन गद्याख्यान** (२०५०) नामक कृतिहरूलाई हेरेर पनि स्पष्ट हुन्छ, जसमा प्राचीन कालका गद्याख्यानहरूको क्रमशः चर्चा गर्दै माध्यमिक कालसम्मको विवेचना कालक्रमिक रूपमा उल्लेख गरेका छन् । यही नै उनले नेपाली समालोचनालाई दिएको विशिष्ट योगदान हो । उनका समालोचनाका क्षेत्रभित्र हाम्रो साहित्यको इतिहास र दिवङ्गत प्रतिभाहरू पर्दछन् । उनका अधिकांश समालोचनाहरूमा प्रथमिक तथा माध्यमिक कालीन साहित्यकारहरूको मुल्याङ्कनमा खर्चिएको छ ।

डा. तारानाथ शर्माले खोज अन्वेषणलाई केही मात्रामा छोएका छन् भने शरद्चन्द्र शर्मा भट्टराईले आफ्नो सिङ्गो जीवन नै खोजअन्वेषणमा सुम्पेका छन्, जसले गर्दा ताना शर्माको भन्दा यस क्षेत्रमा यिनकै योगदान बढी रहेको पाइन्छ ।

### ५.३.३ शरद्चन्द्र शर्मा भट्टराई र घटराज भट्टराईको समालोचकीय योगदानको तुलनात्मक मूल्याङ्कन

नेपाली समालोचनाको तेस्रो, चौथो र पाँचौं चरणसम्म नै यी समालोचकद्वयको साहित्यिक सामग्रीको खोजअन्वेषणमा उत्तिकै विशिष्ट योगदान रहेको छ । दुवै समालोचकले छुट्टाछुट्टै र संयुक्त रूपमा निकै धेरै समालोचनाहरू लेखेका छन् । समालोचनामा भन्दा यिनीहरूको संलग्नता बढी मात्रामा प्राचीन तथा माध्यमिक कालमा लेखिएका पुस्तक संरक्षण र सम्पादनमा रहेको छ । कशघको संयुक्त प्रयासमा निकै धेरै पुस्तकहरू

संरक्षित र सम्पादित भएका छन् । जुन नेपाली साहित्यलाई प्रदान गरेको नर्बिसिने गुन हो ।

घटराज भट्टराइले हालसम्म लेखेका र सम्पादन गरेका बयालीसओटा पुस्तकहरू नेपाली साहित्य मन्दिरमा चाङ लागेर बसेका छन् । लोहहितका लागि साहित्यको सिर्जना हुनुपर्छ भन्दै यिनले जुनसुकै कृतिको समालोचना गर्दा अध्ययन, अनुसन्धान र विश्लेषणका प्रक्रिया अपनाउनु पर्नेमा जोड दिन्छन् । उनको समालोचकीय धारणा पनि बहुआयामिक देखिन्छ । तदनुरूप उनी जीवनीपरक, व्यक्तिपरक र कृतिपरक समीक्षा पनि गर्दछन् । हालसम्म यिनले दुईसयजति कृतिको समीक्षा गरिसकेका छन् (प्रसाई; २०५७:१५६) । यिनका हालसम्म लेखेका अनुसन्धानात्मक, समालोचनात्मक र जीवनीका ग्रन्थहरूमध्ये **भीमनिधि व्यक्ति र कृति** (२०३२), **गुणराज व्यक्ति र कृति** (२०३१), **संस्कृतका अमर साहित्यकार** (२०३४), **अमर प्राज्ञ** (२०३९), **प्रतिभै प्रतिभा र नेपाली साहित्य** (२०४०), **बालचन्द्र शर्मा व्यक्तित्व र साधना** (२०४४), **नेपाली साहित्य परिचय कोश** (२०५१), **खोजखाज** (२०५४), **नेपाली साहित्यको ऐतिहासिक रूपरेखा** (२०५५), **नेपाली लेखक कोश** (२०५६) आदि पर्दछन् । परिणात्मक र गुणात्मकताका दृष्टिले यी दुवैजना समालोचकका कृतिले समान किसिमको महत्त्व राख्दछन् । यसर्थले नेपाली समालोचनाको साहित्यिक सामग्रीको खोज अन्वेषण गर्ने परम्परामा यी दुवैजनाको योगदान उत्तिकै महत्त्वपूर्ण रहेको छ ।

### ५.३.४ शरद्चन्द्र शर्मा भट्टराई र डा. दयाराम श्रेष्ठको समालोचकीय योगदानको तुलनात्मक मूल्याङ्कन

कथाको संरचनात्मक अध्ययनको नवीनद्वार उद्घाटन गर्ने प्रयत्न गरेका शरद्चन्द्र शर्मा भट्टराईका अर्का सहयात्री डा. दयाराम श्रेष्ठका अन्वेषणात्मक समालोचकीय कृति हुन् **-सन्दर्भ र मूल्याङ्कन** (२०२५), **नेपाली साहित्यका केही पृष्ठ** (२०३२), **गोरखापत्रको विवरणात्मक सूची** (२०३२),

**वीरकालीन कविता** (२०३४), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०३४), **प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा** (२०३८), **शाहवंश र नेपाली भाषा साहित्य** (२०३९), **पच्चीस वर्षका नेपाली कथा** (२०३९), **भारतीय नेपाली कथा** (२०३९), **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ** ( २०५९) लगायतका सम्पादित र सिर्जित कृतिका माध्यमबाट समालोचक श्रेष्ठले विशिष्ट योगदान दिएका छन् ।

नेपाली समालोचनाको यस पछिल्लो चरणमा शोधखोजमूलक प्रवृत्तिलाई अध्ययनको केन्द्र बनाउने समालोचक दयाराम श्रेष्ठले प्राथमिक कालका साहित्य र सर्जकहरूका वीरता र भक्तिका भावनाहरूको स्रोत, प्रभाव र परम्पराका मूल्यहरूलाई आफ्ना ठाउँमा यथार्थ ढङ्गले पहिचान गर्ने काम गरे झैँ शरद्चन्द्र शर्मा भट्टराईले पनि प्राचीन तथा माध्यमिक कालका लुप्तप्रायः भएका साहित्यिक सामग्रीहरूको खोजअन्वेषण गरी नेपाली साहित्य इतिहासलाई केही हदसम्म लम्व्याएका छन् : जुन श्रेष्ठका योगदानसँग तुलनीय नै छ । श्रेष्ठका अन्वेषणात्मक कृतिले जति महत्त्व राख्दछन् त्यति नै मात्रामा शरद्चन्द्र शर्मा भट्टराईका कृतिले पनि राखेका छन् ।

केही छिटफुट जीवित रचनाकारहरूभन्दा बाहेकका साधकहरूमा शरद्चन्द्र शर्मा भट्टराईको ध्यान केन्द्रित भएको छैन । उनको विचारमा दिवङ्गत भएपछि नै स्रष्टाको सही मूल्याङ्कन हुनसक्छ । यसरी शर्माको समालोचनाको विशिष्ट क्षेत्र इतिहास, विशेषतः प्राचीन र माध्यमिक इतिहास र त्यसमा पनि कालक्रमिक इतिहास हो । उनी अध्ययन, खोज अनुसन्धान र अन्वेषणसमेत गरी आफ्नो धारणा स्पष्ट रूपमा राख्दछन् जसले उनलाई ऐतिहासिक पद्धतिका निर्भिक वक्ता बनाएको छ । आधुनिक नेपाली समालोचनाको परम्परामा उनको योगदानलाई परिमाणात्मक एवम् गुणात्मक दुवै दृष्टिले हेर्नु उपयुक्त हुन्छ ।

### ५.३.५ परिमाणात्मक दृष्टिले समालोचकीय योगदान

आधुनिक नेपाली समालोचना परम्पराको अभिवृद्धिमा परिमाणका दृष्टिले शरद्चन्द्र शर्मा भट्टराईका समालोचनात्मक कृतिहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । समग्र समालोचकीय लेखहरूकै आधारमा पनि आधुनिक नेपाली समालोचना परम्परामा उनको योगदानलाई स्पष्ट देखाउन सकिन्छ । उनका प्रायोगिक समालोचना **बसाइँ परिचय** (२०१९), **रसिकको लगन एक अध्ययन** (२०२२), **भीखारी सहायक** (२०२३), **बाह्र फूल एक गुच्छा** (२०२५) **नाटक; एकाङ्की विचरण** (२०३३) हुन् । साहित्यक इतिहासपरक खोजअनुसन्धानमूलक पुस्तकाकार कृतिहरूमा **नेपाली साहित्यको इतिहास** ( माध्यमिककाल २०३७), **प्राचीन गद्याख्यान** (२०४२), **नेपाली वाङ्मय केही खोजी केही व्याख्या** (२०४४) र **माध्यमिक नेपाली गद्याख्यान** (२०५०) पर्दछन् । साहित्यिक स्रष्टापरक खोजअनुसन्धानमूलक समालोचकीय पुस्तकाकार कृतिहरूमा **कवि बाबुराम आचार्य र उनका कविता** (२०४७), **ओझेलमा परेकाहरू** (२०५६), **खोजी अनि व्याख्या** (२०५६), **सानो चिनारी नरदेव पाण्डेको**, (२०६०) हुन् । परिमाणकै दृष्टिले उनको समालोचकीय योगदानलाई हेर्दा उनका करिब १५० जति फुटकर लेखहरूबाट पनि उच्च नै रहेको छ । उनका फुटकर अनुसन्धानमूलक खोजपरक समालोचनात्मक लेखहरूमा 'नाटकमा आधुनिकता इब्सन र रिमाल' (२०२८), 'अभिशप्त साहित्यसेवी शम्भुप्रसाद ढुङ्‌ग्याल' (२०३६), 'व्यक्तिस्तुति धारा माध्यमिक कालको सन्दर्भमा' (२०३६), 'रोचक संस्मरणको प्रतिविम्बमा पारसमणि प्रधान' (२०३९), 'जीवनाथ कविबारे केही कुरा' (२०३९), 'कलम दीक्षित प्रशंसा र टिप्पणी' (२०३९), 'गोर्खा भाषा प्रकाश समिति बारेको पूर्जी' ( २०४१), 'मोतीकृष्ण कम्पनी र पाशुपत छापाखाना : केही जानकारी' ( २०४१), 'कवि उमाकान्त त्रिपाठी' (२०४१), 'गिरीशवल्लभ र प्ररब्धदर्पण' ( २०४२) '१९९१ अघिका गोरखापत्रका केही सेवीहरू' (२०४२), 'सन्त शशीधर र वीरशाली पन्त' (२०४३), 'प्राचीन दुई अचर्चित नेपाली नाटक' (

२०४३), 'इण्डिया अफिस लाइब्रेरीका केही नेपाली पुस्तक' (२०४३), 'शिवदत्तलाई चिन्न खोज्दा' (२०४४), 'विदाई कविता झपटको होइन' (२०४४), 'गोर्खा भारत जीवनको रहस्य' (२०४४), 'गोरखापत्र अघिका नेपाली पत्रपत्रिका' (२०४४), 'अल्पज्ञात दामोदर प्याकुऱ्याल' (२०४४), 'प्रेमसागर दवाडी एक परिचय' (२०४४), 'गोर्खा संसारका कवि र कविता' (२०४५), 'तीर्थप्रसाद आचार्यबारे थप कुरा' (२०४५), 'एक कृति तीन अनुकृति' (२०४५), 'नेपाली भूकम्प काव्य एक सर्वेक्षण' (२०४५), 'हरिदासका दुईकृति' (२०४५), 'नेपाली बालशिक्षा र साहित्यको प्रारम्भिक प्रचेष्ठा' (२०४६), 'प्रल्हाद भक्तिकथाको प्रकाशन साल' (२०४६), 'शम्भुप्रसादको आख्यानकारिता' (२०४१), 'मोतीराम भट्टको बालाजी वर्णन' (२०४७), 'नेपालीमा वङ्गला स्रोतका आख्यान' (२०४७), 'नेपालीका दुई नेवार कवि सिद्धिदास र जोगवीर' (२०४७), 'विज्ञापन मोतीराम भट्ट' (२०४७), 'शम्भुका दृष्टिमा मोती' (२०४८), 'उषाचरित्रको समर्पण र देवीप्रसाद' (२०४८), 'कवि वीरेन्द्रकेशरी अर्याल र उनका कविता' (२०४८), 'बिर्सिएका पुराना कवि र कविता' (२०४८), 'आत्मपरिचयको आलोकमा चक्रपाणिका कृतिहरू' (२०४८), 'श्रीरङ्ग शर्मा भट्टराई' (२०४९), 'स्वर्गीय कवि लेखकहरूको सङ्क्षिप्त परिचय' (२०४९), 'मोतीराम भट्टका थप समस्यापूर्ति' (२०४९), 'गिरीशवल्लभ जोशीको सत्यनाग चरित्र नाटक' (२०४९), 'मोतीदेवी प्रसङ्गको लहरो' (२०५०), 'एक अचर्चित साहित्यसेवी शिवप्रताप थापा' (२०५०), 'साहित्यानुसन्धान विकासक्रम, समस्या र समाधान' (२०५०), 'बैजनाथ सेढाइँलाई नर्बिसौँ' (२०५०), 'नेपाली वाङ्मयको विकासमा लामिछाने बन्धुहरूको योगदान' (२०५०), 'शालीग्राम गौतम : एक विस्मृत व्यक्तित्व' (२०५०), 'ओझेलमा परेका विष्णुचरण श्रेष्ठ' (२०५०), 'साहित्यसेवी भैरवप्रसाद' (२०५०), 'अशोक सुन्दरीको अप्रकाशित भूमिका' (२०५०), 'भारत जीवनका नेपाल सामग्रीहरू' (२०५०), 'पुण्यनाथलाई पनि सम्झौँ' (२०५१), 'नेपालीमा अरवी फारसी स्रोतका

आख्यान' (२०५१), 'रेवतीप्रसादको अधुरो चिनारी' (२०५१), 'गोरखापत्रका प्रथम सम्पादक : साधुराम देवकोटा' (२०५१), 'चानक भाषा श्लोकको अपहरण' (२०५१), 'कपिलमुनि शिवाकोटी र उनको मनिषाकर नीति' (२०५१), 'गजल लेखन परम्परा र दुई अचर्चित गजलकार' (२०५१), 'सूक्तिसिन्धु अघिका कविता सङ्ग्रहहरू' (२०५१), 'आण्डर्सनका कथानुवादबारेको भ्रम निवारण' (२०५१), 'गद्याख्यानको विकासमा गोरखापत्रको योगदान' (२०५२), 'आचार्य बन्धुबारे केही कुरा' (२०५२), 'भोजराज पाण्डेलाई नबिर्सौं' २०५२) 'मोतीमित्र तेजबहादुर राना' (२०५२), 'विस्मृत हुन लागेका डमरुबल्लभ' (२०५२), 'छविलाल सुरि : एक परिचय' (२०५२), 'काशी र उदय' (२०५३), 'मोतीरामको एउटा प्रतिबन्धित रचना' (२०५३), 'काशीका नेपालीका प्रेस' (२०५३), 'केवलानन्द र उनका कृतिबारे' (२०५६), 'एकेडेमी स्थापनाबारे ओझेलमा परेका तथ्य' (२०५६), 'सवाई परम्परा : जर्मनीका लडाइँको सवाई' (२०५८), 'मेरो लण्डन यात्रा : यात्रा साहित्यको कोसेढुङ्गा' (२०५८) आदि पर्दछन् ।

### ५.३.६ गुणात्मक दृष्टिले समालोचकीय योगदान

आधुनिक नेपाली समालोचना परम्परामा गुणस्तरका दृष्टिले शरद्चन्द्रका समालोचकीय कृतिको महत्त्वपूर्ण भूमिका रहेको छ । उनका प्रारम्भिक कालका प्रायोगिक कृतिपरक समालोचनाले तत्कालीन विद्यार्थी वर्गको पाठ्यपुस्तकीय समस्यालाई निराकरण गरिदिएका छन्, जुन विद्यार्थी वर्गका लागि मात्र नभई समग्र कृतिहरूको अध्ययन गर्न चाहनेहरूलाई समेत उत्तिकै उपयोगी देखिएबाट पनि उनको कृतिपरक समालोचकीय योगदान उच्च नै देखिन्छ । तत्कालीन समयमा विभिन्न विधाका साहित्यिक कृतिहरूको समीक्षा कम हुने गरेको स्थितिमा यति धेरै कृतिहरूको समीक्षा गर्दै कतिपय भ्रमहरूको समेत निराकरण गरेर समस्त पाठकवर्गलाई

पाठ्यपुस्तक प्रकाशन गरेर सर्बसुलभ बनाइदिनुबाट पनि उनको योगदान विशिष्ट नै देखिन्छ ।

गुणस्तरका दृष्टिबाटै हेर्दा शरद्चन्द्र शर्मा भट्टराईका साहित्यिक इतिहासपरक खोजअनुसन्धानमूलक सबै कृतिहरू उत्कृष्ट छन् । नेपाली साहित्यको इतिहास लेखनमा माध्यमिक कालका सामग्रीहरूलाई व्यापक रूपमा समेटेर लेखिएको **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल २०३७) पहिलो पुस्तकाकार कृति हो । जसमा उनको विषयवस्तुसम्वन्धि विस्तृत ज्ञान र अध्ययनशीलता सपष्ट देख्न सकिन्छ । उनले माध्यमिक कालको नामाङ्कन र सीमाङ्कन, सामाजिक परिवेश, त्यस कालमा प्रयुक्त विधा र प्रवृत्तिहरूमाथि विस्तृत रूपमा प्रकाश पारेका छन् । त्यस्तै माध्यमिक कालीन प्रमुख प्रवृत्तिहरू र प्रतिभाहरूबारे पनि तथ्यपूर्ण अध्ययन प्रस्तुत गरेका छन् । यसरी प्रस्तुत कृति तयार गर्दा लेखकको गहन अध्ययन र विश्लेषणात्मक क्षमता प्रदर्शित भएको छ । विषयवस्तुको व्यापकता र प्रामाणिक तथ्यले कृतिलाई निकै गहकिलो बनाएको छ । प्राज्ञदेखि लिएर विद्यार्थीहरूसमेतलाई उत्तिकै उपयोगी यस पुस्तकले नेपाली साहित्यको इतिहास लेखन परम्परामा विशिष्ट स्थान राख्न सफल भएको छ । उनको **प्राचीन गद्याख्यान** (२०४२) नेपाली साहित्यको इतिहासमा प्राचीन गद्यआख्यानहरूको विशद् तथा प्रमाणिक विवेचना प्रस्तुत गरिएको पहिलो पुस्तकाकार कृति हो । त्यसकारण नेपाली साहित्यका थुप्रै साहित्यिक इतिहासकारहरूले उक्त कृतिलाई नै आधार ग्रन्थको रूपमा प्रयोग गर्दै आएका हुनाले यस ग्रन्थको महत्त्वपूर्ण स्थान रहेको छ । **नेपाली वाङ्मय केही खोजी केही व्याख्या** (२०४४) नामक ग्रन्थमा उनका २०३८ देखि २०४२ सालभित्र विभिन्न पत्रपत्रिकामा प्रकाशित अनुसन्धानमूलक २८ ओटा लेखहरूलाई सङ्कलन गरिएको छ । नेपाली साहित्यको इतिहाससँग सम्बन्धित ऐतिहासिक सामग्रीहरूको खोजअनुसन्धान गरेर प्रामाणिक तथ्यसहित कतिपय भ्रमहरूको खण्डनसहित उनले यस पुस्तकमा आफ्नो अनुसन्धाता

व्यक्तित्वको परिचय दिएका छन् । **माध्यमिक नेपाली गद्याख्यान**' (२०५०) नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानवाट उनलाई विद्वदवृत्तिका निम्ति लेख्न लगाइएको खोज अनुसन्धानमूलक समालोचकीय कृति हो । नेपाली साहित्यको माध्यमिक कालमा विकसित तथा संवृद्ध विधा गद्याख्यानका बारेमा ज्यादै कम अध्ययन र अनुसन्धान भइरहेको परिप्रेक्ष्यमा उनले प्राथमिक तथा माध्यमिक कालीन गद्याख्यानसम्बन्धी विभिन्न सामग्रीहरूलाई देश, विदेशबाट खोजेर व्यवस्थित र प्रामाणिक रूपमा प्रस्तुत गरेका छन् । विभिन्न कालखण्ड वा समग्रमा नेपाली साहित्यको प्रामाणिक इतिहास लेखनसमेत नभएको स्थितिमा एउटा विधा, त्यो पनि माध्यमिक कालखण्डलाई मात्र समेटेर लेखिएको विधागत इतिहाससँग सम्बन्धित तीनसय छ पृष्ठको यो पुस्तक नेपाली साहित्यको इतिहासमा प्रथम तथ्यपूर्ण पुस्तकाकार कृति हो । यसै कृतिबाट उनको समालोचकीय योगदानलाई मध्यनजर गर्दै वि.सं. २०५० सालको मदन पुरस्कारबाट सम्मान गरिएको हो । समालोचकीय गुणवत्ताका दृष्टिले हेर्दा साहित्यिक अनुसन्धानका लागि उनको यो कृति नेपाली समालोचना जगत्मा एउटा कोशेढुङ्गा साबित भएको छ । **खोजी अनि व्याख्या** (२०५६) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाटै प्रकाशित भएको साहित्यिक अनुसन्धानमूलक कृति हो । यसमा उनले वि.सं. २०३६ देखि लिएर २०५३ सम्ममा विभिन्न समयमा लेखेका र विभिन्न समयमा **मधुपर्क**, **गोरखापत्र, समकालीन, साहित्य, गरिमा, उन्नयन, कान्तिपुर**जस्ता उच्च स्तरका राष्ट्रिय पत्रिकामा प्रकाशित पनि भइसकेका विभिन्न विषय र प्रकृतिका साहित्यिक इतिहाससँग सम्बन्धित ३८ ओटा लेखहरू उनी आफै जाँगर चलाएर खोजमेल गरी सङ्कलित पारेर केही आवश्यक संशोधन र परिमार्जन साथ ग्रन्थ रूपमा प्रस्तुत गरेका हुन् । उनका उल्लिखित सबै कृतिहरू साहित्यिक इतिहाससँग सम्बन्धित छन् । उनका यी सबै कृतिहरू गुणात्मकताका दृष्टिले निकै नै उच्च सावित भएको

तथ्यले नेपाली साहित्येतिहासको खोजपरक समालोचनामा उनको योगदान विशिष्ट रहेको प्रमाण मिल्दछ ।

गुणात्मकताका दृष्टिले शरद्‌चन्द्रले आधुनिक नेपाली समालोचना परम्परामा प्रदान गरेको योगदानलाई हेर्दा उनका साहित्यिक स्रष्टापरक खोजअनुसन्धानमूलक सबै कृतिहरू उत्कृष्ट देखिन्छन् । **कवि बाबुराम आचार्य र उनका कविता** (२०४७) उनको प्रथम पुस्तकाकार रूपमा प्रकाशित भएको साहित्यिक स्रष्टापरक समालोचकीय कृति हो । बीस पृष्ठमा संरचित यस पुस्तकमा उनले बाबुराम आचार्य इतिहासकार र समालोचक मात्र नभएर कवि पनि भएको ऐतिहासिक तथ्यमाथि प्रामाणिक रूपमा प्रकाश पारेका छन् । उनले बाबुराम आचार्यका कविताहरूको खोजी गरेर उनको कवि व्यक्तित्वको परिचय दिएका छन् । यस्तै उनको साहित्यिक स्रष्टापरक **ओझेलमा परेकाहरू** (२०५६) नामका कृतिमा प्राथमिक काल र विशेषतः माध्यमिक कालमा आफ्नो समयमा विशिष्ट साहित्यिक योगदान भएर पनि बिर्सन थालिएका स्रष्टाहरूलाई चिनाउने प्रयास भएको छ । कुनै बेला प्रसिद्धिको शिखरमा पुगेका र समयको अन्तरालमा ओझेलमा पर्न आएकाहरू र प्रतिभा एवम् सिर्जन सौष्ठव सम्पन्न भएर पनि सधैं ओझेलमा परेका स्रष्टा साधकहरूका बारे शोधखोज चलाएर उनीहरूका साहित्यिक कृति र व्यक्तित्वलाई पुनर्जीवित गराउने प्रयासमा आएको प्रस्तुत कृति नेपाली भाषा साहित्यको उत्थानको इतिहास मै महत्त्वपूर्ण स्वीकृति हो । यस कृतिको प्रस्तुततिले उनीहरूका कृतिको परिचय दिँदै उनीहरूका स्रष्टा व्यक्तित्वलाई चिनाउने  र साहित्यिक इतिहासमा स्थापित गर्ने साँचो प्रयास गरेको छ, जसबाट उनको समालोचकीय योगदान विशिष्ट बन्न पुगेको छ । **सानो परिचय नरदेव पाण्डेको** (२०६०) नामक स्रष्टापरक कृति नरदेव पाण्डेका बारेमा तयार पारेको सानो पुस्तिका हो । यस कृतिमा उनले मोतीराम भट्टका जीवनीलेखक नरदेव पाण्डेलाई चिनाउने प्रयास गरेका छन् । उनका साहित्यिक स्रष्टापरक खोजअनुसन्धानमूलक सबै कृतिहरू

गुणात्मकताका दृष्टिले निकै उच्च सावित भएका तथ्यले नेपाली साहित्यको साहित्यिक स्रष्टापरक खोजअनुसन्धानमूलक समालोचनामा समेत उनको योगदान विशिष्ट रहेको छ ।

गुणस्तरीयताकै दृष्टिवाट हेर्दा शरद्चन्द्र शर्मा भट्टराईको समालोचकीय योगदानमा उनका करिव १५० जति फुटकर समालोचनात्मक लेखहरूबाट पनि उच्च रहेको छ । उनका फुटकर समालोचकीय लेखहरू मध्ये कतिपयमा साहित्यिक इतिहासका बारेमा चर्चा गरिएको छ भने कतिपय साहित्यिक स्रष्टाहरुका बारेमा चर्चा गरिउको छ । उनका सबै फुटकर लेखहरू अनुसन्धानमूलक र खोजपरक नै छन् । उनले आफ्ना फुटकर लेखहरूमा आधुनिक साहित्यमा आइसक्दा पनि नामै नसुनिएका कतिपय स्रष्टाहरूको जुन चिनारी दिएका छन्, त्यो नेपाली साहित्यको विकासमा निकै उल्लेखनीय काम हो ।

# छैटौँ परिच्छेद

# निष्कर्ष र उपसंहार

## ६.१ निष्कर्ष

प्रस्तुत शोधपत्रको बुँदागत निष्कर्ष यसप्रकार छ :

- शरद्चन्द्र शर्मा भट्टराईलाई समालोचना लेखनमा प्रभाव र प्रेरणा प्रदान गर्ने प्रमुख तत्त्वहरूमा घरपरिवार, शिक्षा, पेशा, उच्च स्तरका प्राज्ञिक संस्था, प्रकाशन संस्था र विभिन्न पत्रपत्रिकाहरू पर्दछन् ।
- शरद्चन्द्र शर्मा भट्टराईका समालोचनालाई तीन भागमा वर्गीकरण गर्न सकिन्छ, जसअन्तर्गत कृतिपरक समालोचना, साहित्येतिहासपरक समालोचना र साहित्यिक स्रष्टापरक समालोचना पर्दछन् ।
- शरद्चन्द्र शर्मा भट्टराईले सुरुमा प्रायोगिक समालोचनामा कलम चलाएका भए तापनि पछि उनी साहित्येतिहासबाट प्रसिद्ध भएका हुन् ।
- शरद्चन्द्र शर्मा भट्टराईका समालोचना बढी मात्रामा प्राचीन तथा माध्यमिक कालखण्डका प्रायः लुप्त भइसकेका सामग्रीहरूको खोज- अन्वेषणमूलक छन् ।
- शरद्चन्द्र शर्मा भट्टराई नेपाली समालोचना परम्पराको चौथो (२०२४-२०४६) र पाँचौँ चरण (२०४७ - हालसम्म) का साहित्यिक सामग्रीको खोजअन्वेषण गर्ने धारका केन्द्रीय प्रतिभा हुन् ।
- शरद्चन्द्र शर्मा भट्टराईका समालोचना कालक्रमिक छन् । ऐतिहासिक समालोचनाको फाँटमा उनका समालोचना आधिकारिक र प्रामाणिक बनेका छन् ।
- शरद्चन्द्र शर्मा भट्टराईको समाालोचकीय मुख्य प्रवृत्ति प्राचीन तथा माध्यमिक कालीन साहित्यको चिनारी दिनु हो ।

- शरद्‌चन्द्र शर्मा भट्टराई प्रभावपरक समालोचक हुँदाहुँदै पनि समालोचनालाई सरल र वर्णनात्मक किसिमले प्रस्तुत गर्न सक्षम भएका छन् ।
- शरद्‌चन्द्र शर्मा भट्टराईका समालोचनाका अतिरिक्त विभिन्न सम्पादित पुस्तकहरूका भूमिका पनि स्तरीय समालोचनात्मक लेखकै रूपमा बिस्तारित भएका छन्, जसले उनको समालोचकीय गरिमालाई उच्च बनाएका छन् ।
- शरद्‌चन्द्र शर्मा भट्टराईका समालोचनात्मक पुस्तकहरूमा **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल २०३७), **प्राचीन गद्याख्यान** (२०४२), **नेपाली वाङ्मय केही खोजी केही व्याख्या** (२०४४), **माध्यमिक नेपाली गद्याख्यान** ( २०५०), **ओझेलमा परेकाहरू** (२०५६) र **खोजी अनि व्याख्या** (२०५६) बढी महत्त्वपूर्ण छन् । यी कृतिको प्रकाशनबाटै उनले प्रसिद्धि पाएका हुन् ।
- शरद्‌चन्द्र शर्मा भट्टराईले दिवङ्‌गत प्रतिभालाई लेखनको विषय बनाएकाले उनका समालोचना खोजपरक छन् ।

## ६.२ उपसंहार

आधुनिक नेपाली समालोचनाको तेस्रो चरणको उत्तरार्द्ध (२०१९) देखि समालोचना लेखनमा गहन भूमिका खेल्ने समीक्षक शरद्‌चन्द्र शर्मा भट्टराई (१९८७-२०६०) नेपाली समालोचनाको इतिहासमा साहित्यिक सामग्रीको खोज अन्वेषण गर्ने परम्पराका केन्द्रीय प्रतिभाका रूपमा स्थापित व्यक्तित्व हुन् । नेपाली समालोचना परम्पराको चौथो (२०५४-२०४६) र पाँचौं चरण (२०४७ - हालसम्म) को साहित्यिक सामग्रीको खोजअन्वेषण गर्ने धारका प्रमुख समालोचकहरू ताना शर्मा, दायाराम श्रेष्ठ र घटराज भट्टराईको स्थान र योगदानसँग यिनी तुलनीय छन् । उनले प्राचीन तथा माध्यमिक कालका प्रायः लुप्त भइसकेका साहित्यिक सामग्रीहरूको खोजअन्वेषण गरेर नेपाली साहित्यको इतिहासलाई केही हदसम्म लम्ब्याएका छन् । यस्ता लुप्त भएका साहित्यिक सामग्रीको खोज गरेर तयार पारेका उनका समालोचना नेपाली भाषा र साहित्यका महत्त्वपूर्ण स्वीकृति हुन् । जसले गर्दा उनी यस क्षेत्रमा बढी परिचित बनेका छन् ।

## ६.३ शोधका सीमा

यस शोधपत्रमा शरद्चन्द्र शर्मा भट्टराईका अप्रकाशित सामग्रीहरूलाई ल्याउन सकिएको छैन । शरद्चन्द्र शर्मा भट्टराईको समालोचनायात्राको प्रथम चरणका पाठ्यवस्तुका सहायक सामग्रीका रूपमा रहेका कतिपय पुस्तकहरू कुनै पनि पुस्तकालयमा नरहेकाले ती पनि अध्ययनका सीमा बनेका छन् । यस शोधपत्रको मुख्य उद्देश्य शरद्चन्द्र शर्मा भट्टराईका मौलिक समालोचनाको अध्ययन गर्नु रहेकाले उनका सम्पादित र सह-सम्पादित पुस्तकहरूको पनि विश्लेषण गरिएको छैन ।

## ६.४ सम्भावित शोधशीर्षकहरू

१) शरद्चन्द्र शर्मा भट्टराईका समालोचनात्मक प्रवृत्तिहरू ।

२) साहित्यिक सामग्रीको खोजअन्वेषणमा शरद्चन्द्र शर्मा भट्टराई ।

३) **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल २०३७) को कृतिपरक अध्ययन ।

४) **प्राचीन गद्याख्यान** (२०४२) को कृतिपरक अध्ययन ।

५) **माध्यमिक नेपाली गद्याख्यान** (२०५०) को कृतिपरक अध्ययन ।

# सन्दर्भसामग्रीसूची


अधिकारी, रविलाल (२०५१), **नेपाली समालोचनाको रूपरेखा**, पोखरा : लेकाली प्रकाशन ।

_________(२०५६), **प्रगतिवादी नेपाली समालोचना**, पोखरा : लेकाली प्रकाशन ।

_________बाबुराम (२०६१), **समालोचना सिद्धान्त र नेपाली समालोचना**, काठमाडौँ: भुडीपुराण प्रकाशन ।

अधिकारी, हेमाङ्गराज र वद्रीविशाल भट्टराई (२०६०), सम्पा. **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

आचार्य, ऋषिराम (२०५३), **शरद्‌चन्द्र शर्मा भट्टराईको जीवनी व्यक्तित्व र कृतित्व**, काठमाडौँ : त्रि. वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

एटम, नेत्र (२०६१), **समालोचनाको स्वरूप**, ललितपुर : साझा प्रकाशन ।

कँडेल, घनश्याम (२०५५), सम्पा. **नेपाली समालोचना,** ललितपुर : साझा प्रकाशन ।

खनाल, यदुनाथ (२०४९), **समालोचनाको सिद्धान्त,** पाँचौँ सं., ललितपुर : साझा प्रकाशन ।

घिमिरे, कपिल (२०५१), 'सङ्क्षेपमा' **मधुपर्क,** वर्ष २७, अङ्क ७, मङ्सिर, पृ.७ र ५१ ।

जोशी, कुमारबहादुर (२०५१), 'नेपाली समालोचनाको विकासक्रम', मधुपर्क, वर्ष २७, अङ्क ६, कार्तिक, पृ.४ ।

तिवारी, भीमनिधि (२०२४), **चौतारा लक्ष्मीनारायण,** ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५८), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (भाग १ र २), पाँचौं सं., ललितपुर : साझा प्रकाशन ।

थापा, हिमांशु (२०४२), **साहित्य परिचय,** दो.सं., ललितपुर : साझा प्रकाशन ।

दीक्षित, कमलमणि (२०३८), 'शुभलक्षण', **जुही,** वर्ष १, अङ्क २, असोज-मङ्सिर पृ. ३६-४२ ।

पराजुली, ठाकुरप्रसाद (२०५६), **नेपाली साहित्यको परिक्रमा**, दो.सं., ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५८), सम्पा. **साझा समालोचना,** पाँचौं सं., ललितपुर : साझा प्रकाशन ।

प्रसाई, नरेन्द्रराज (२०५७), **नेपाली साहित्यका समालोचक र समालोचना,** काठमाडौं : एकता प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८), **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास**, दोस्रो सं., काठमाडौं : साझा प्रकाशन ।

भट्ट, गोविन्द (२०५४), **गोविन्द भट्टका समालोचनाहरू**, काठमाडौं : बगर प्रकाशन ।

भट्टराई, घटराज (२०४०), सम्पा. **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, काठमाडौं : नेशनल रिसर्च एशोसियट्स् ।

_________(२०५१), 'शरद्चन्द्र शर्मा भट्टराई र माध्यमिक नेपाली गद्याख्यान', **कान्तिपुर,** भदौ ११, पृ.४ ।

_________(२०५३), 'जोगमण्डलीका कवि र कविता', **गरिमा,** वर्ष २४, अङ्क ८, पृ.१०७-१०८ ।

भट्टराई, जयदेव (२०५१), 'अनुसन्धान भनेको थाङ्ना बटुल्ने काम हो त ?', **गोरखापत्र**, असोज १, पृ.ख ।

भण्डारी, खगेन्द्र (२०५२), 'अनुभव र विचार', **युगसम्वाद साप्ताहिक**, भदौ २७, पृ.४ ।

मल्ल, विजय (२०४८), **कोही किन बर्बाद होस्**, नवौँ सं., ललितपुर : साझा प्रकाशन ।

राई रसिक, अच्छा (२०३९), **लगन**, चौ.सं., सुनसरी : चन्द्र राई नेपाली ।

लुइटेल, खगेन्द्रप्रसाद (२०५३), 'माध्यमिक कालीन कविता सङ्गालोः जोगमण्डलीका कवि र कविता', **समकालीन साहित्य**, वर्ष ६, अङ्क ४ असोज-मङ्सिर, पृ.३६-४२ ।

विवश, ज्ञानेन्द्र (२०५१), 'अनुसन्धान विधानमा समर्पित सर्जक', **साप्ताहिक सुरुचि**, असोज १६, पृ. ४ ।

शर्मा, ताना (२०२७), **नेपाली साहित्यको इतिहास**, दो.सं., काठमाडौँ : सङ्कल्प प्रकाशन ।

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ (२०४६), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०४०), **नेपालीका केही आधुनिक साहित्यकार**, दो.सं., काठमाडौँ : सहयोगी प्रकाशन ।

________ (२०५५), **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौँ : ने.रा.प्र.प्र. ।

_________ र खगेन्द्रप्रसाद लुइटेल (२०५५), **शोधविधि**, दो.सं., ललितपुर : साझा प्रकाशन ।

शर्मा भट्टराई, शरद्चन्द्र (२०१९), **बसाइँ परिचय**, काठमाडौँ : एडुकेशनल इन्टरप्राइजेज ।

_________र चूडामणि रेग्मी (२०२२), **रसिकको लगन एक अध्ययन**, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

_________र तीर्थराम झा (२०२५), **बाह्र फूल एक गुच्छा,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

_________(२०३३), **नाटक; एकाङ्की विचरण**, काठमाडौँ : एडुकेशनल इन्टरप्राइजेज ।

_________(२०३७), **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल), काठमाडौँ : त्रि.वि.पा.वि.के. ।

_________(२०४२), **प्राचीन गद्याख्यान**, ललितपुर : साझा प्रकाशन ।

_________(२०४२), **नेपाली वाङ्मय केही खोजी केही व्याख्या**, काठमाडौँ : ने.रा.प्र.प्र.।

_________(२०४८), **कवि बाबुराम आचार्य र उनका कविता**, काठमाडौँ : बाबुराम आचार्य शतवार्षिकी मूल समारोह समिति ।

_________(२०५०), **माध्यमिक नेपाली गद्याख्यान**, काठमाडौँ : ने.रा.प्र.प्र. ।

_________(२०५६), **खोजी अनि व्याख्या**, काठमाडौँ : ने.रा.प्र.प्र. ।

_________(२०५६क), **ओझेलमा परेकाहरू**, ललितपुर : साझा प्रकाशन ।

_________(२०६०), **सानो चिनारी नरदेव पाण्डेको**, ललितपुर : साझा प्रकाशन ।

_________(२०१९), 'मेघदूत एक परिचय', **गोरखापत्र**, आषाढ २४, पृ.घ ।

_________(२०२०), 'कवि नेपाली एक परिचय', **गोरखापत्र,** असोज २६, पृ.८ ।

_________(२०२०), 'नेपाली भाषा र भानुभक्त', **गोरखापत्र**, कार्तिक १६, पृ. ८ ।

_________(२०२८), 'नाटकमा आधुनिकता इब्सन र रिमाल', **सरस्वती**, अङ्क ६, पृ. ३८ ।

_________(२०५८), 'सवाई परम्परा जर्मनीका लडाइँको सवाई', **प्रज्ञा,** वर्ष ३२, पृ.३५ ।

_________(२०५८), 'मेरो लंदन राजतिलक यात्रा यात्रासाहित्यको कोसेढुङ्गा', **समकालीन साहित्य**, वर्ष ११ अङ्क ३, पूर्णाङ्क ४१, पृ.२१८-२२२ ।

श्रेष्ठ, दयाराम (२०३४), सम्पा. **वीरकालीन कविता**, ललितपुर : साझा प्रकाशन ।

_________(२०६१), **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ**, काठमाडौँ : त्रिकोण प्रकाशन ।

सुवेदी, अभि (२०५४), **पाश्चात्य काव्यसिद्धान्त**, दो.सं., ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६१), **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, वाराणसी : भूमिका प्रकाशन ।

क्षेत्री, लीलबहादुर (२०१४), **बसाइँ**, ललितपुर : साझा प्रकाशन ।